मन्त्र-विज्ञान

भाग-१



डा. मिलनकुमार थापा

मन्त्र-विज्ञान

भाग-१

डा मिलनकुमार थापा

ARAP
2074-4

पिता : लोकबहादुर थापा

जन्म : १९९२ साउन १७ गते

स्वर्गारोहण : २०६८ कात्तिक २३ गते



माता : सानुमैया थापा

जन्म : २००५ भाद्र १९ गते

स्वर्गारोहण : २०६८ भाद्र ७ गते

मन्त्र-विज्ञान

डा. मिलनकुमार थापा

प्रकाशक

श्रीहनूमान् तन्त्र शिवशक्ति साधना तथा रिसर्च सेन्टर

ललितपुर

फोन : ५५४४३९४

कृति : मन्त्र विज्ञान

© : लेखकमा

लेखक : डा. मिलनकुमार थापा

सम्पादक : हरिप्रसाद सोडारी

प्रकाशक : श्रीहनूमान् तन्त्र शिवशक्ति साधना तथा रिसर्च सेन्टर

प्रकाशन प्रति : पाँच हजार

प्रकाशन वर्ष : वि. सं. २०७४ श्रीपञ्चमी

आवरण/सज्जा : अग्निराज पौडेल 'अराप'

साधारण मूल्य : २५७५।- (नेरु) १०० (US $)

ISBN : 978-9937-0-2304-7

मुद्रक : नमस्ते नेपाल प्रेस, बागबजार, काठमाडौं

सूचना

यस पुस्तकका कुनै पनि अंश लेखकको स्वीकृतिविना व्यावसायिक पुनरुत्पादन गर्न पाइने छैन ।

भक्तिदर्शन शैलीआगार

समर्पण

देवभूमि, तपोभूमि नेपाललाई जन्मभूमि,
साधनाभूमि बनाएका वैदिक सनातनधर्मको
सर्वाङ्गीण विकासमा जीवन आहुति गर्ने
मन्त्रद्रष्टा ऋषिमुनिका चरणकमलमा
सभक्ति, सहर्ष, सगौरव
समर्पित गर्दछु ।

'Mantra Bigyan' Book is Commenced
by
Dr. Shri I Gusti Nguraharya Wedakarna
Mws III, SE (M.TRU) M.SI
Senator DPD-MPR Republik Indonesia

Swastiastu

Senator Indonesia
Dr. Arya Wedakarna
2017.

पशुपति क्षेत्र विकास कोष

संचालक परिषद्

देवपत्तन, काठमाडौं ।

फोन नं.: ४४७१८२८
फ्याक्स : ४४७२९६२
प्यान नं.: ३०४०१६१३४
अडियो नोटिस बोर्ड : १६१८०१४४७०५७५

प. सं. :- २०७४/७५
च नं. :- ६६५
मिति :-

शुभकामना

डा. मिलनकुमार थापासँग मेरो पहिलो भेट पाशुपत क्षेत्रमा हुन पुग्यो । मैले पशुपति क्षेत्र विकास कोषको सदस्य-सचिवको कार्यभार सम्हालेको दुईहप्तापछि उहाँ कोषको कोषाध्यक्षको कार्यभार सम्हाल्न आइपुग्नुभयो । एकै रथका दुई पाङ्ग्राका रूपमा रहँदै आराध्यदेव भगवान् पशुपतिनाथ विराजित पावनभूमिमा रहेर कर्म गर्दै सेवामा लाग्ने क्रममा अझ परिचित हुन पुग्यौं ।

उहाँले लेख्नुभएको मन्त्रविज्ञान नामक कृति अध्ययन गर्दा मैले ज्ञानको सागरमा डुबुल्की मारेको अनुभूति गरेको छु । तन्त्रका प्रणेता शिव नै हुन । शैवसम्प्रदायको बीजारोपण पनि यही शैवभूमि नेपालमा भएको हो । डा. थापाले तन्त्रलाई विज्ञानसम्मत् रूपमा व्याख्या गरेर सन्तोष लिनु भएन वरु मन्त्रलाई पनि जीवनोपयोगी एवम् विज्ञानसम्मत् देखाउने कार्य मन्त्रविज्ञानमा गर्नुभएको छ । डा. थापाको विद्यावारिधिको शोधकै एउटा पाटो भएकोले यो ग्रन्थ पठनीय एवम् संग्रहणीय वनेको छ ।

मन्त्रद्रष्टालाई मात्र ऋषि भन्ने परम्परा हाम्रा शास्त्रमा छन् । ८८ हजार ऋषि भएको चर्चा पुराणहरूमा पनि वर्णित छ । ती ऋषिहरूको साधना र तपस्याको प्रतिफल नै वेद हो । वेद वास्तवमा मन्त्रको मात्र होइन विज्ञानको पनि जननी हो । मन्त्रविज्ञान पुस्तकमा यी विषयलाई डा. थापाले राम्रोसँग प्रस्तुत गर्नुभएको छ । उहाँले मन्त्रका बहुआयामिक पक्षलाई यहाँ संकलन र विश्लेषण गर्नुभएको छ । वर्तमान समयलाई मध्यनजर गरेर डा. थापाले वैदिक ग्रन्थहरूको सारलाई यहाँ उतार्नु भएको छ । मेरा सहयात्री एवम् अनन्य मित्र डा. थापाले यस्तै कृतिहरू रचना गरी कीर्ति फैलाउँदै जानुहुनेछ भन्ने अपेक्षा गर्दै उहाँको जीवनमा उत्तरोत्तर प्रगति र सफलताका लागि भगवान् श्रीपशुपतिनाथसँग प्रार्थना गर्दछु ।

डा. प्रदीप ढकाल
सदस्य-सचिव
पशुपति क्षेत्र विकास कोष

वि.सं २०७४ माघ ७ गते आइतवार
देवपत्तन, गौशाला, काठमाडौं ।

सदस्य सचिव

शुभकामना

संसारैकनिमित्ताय संसारनिधनाय च ।
नमः संसाररूपाय निःसंसाराय शंभवे ॥

संसारका प्रत्येक मनुष्य आआफ्नो रुचिअनुसार कर्म गरी जीवनयापन गरिरहेका हुन्छन् । कतिपय ती कर्महरुबाट सफल हुन्छन् त कतिपय असफल हुन्छन् । जो सफल हुन्छन् ती खुसीले गद्गद् हुन्छन्, जो असफल हुन्छन् तिनीहरु दुःखको भवसागरमा तैरिरहन्छन् । आफ्नो कर्मबाट असफल व्यक्ति दुःखको समुद्रबाट पार पाउन कसैको शरणमा जाने प्रयत्न गर्दछ । अन्ततः भवसागरबाट पार गराउने ईश्वरको शरणमा परेर आफूलाई सफलताको सिढीँतर्फ उन्मुख गराउन प्रयासरत रहन्छ । यो परम्परा अनादिकालदेखि चल्दै आएको छ र चलिरहनेछ ।

अतः ईश्वरको शरणमा पर्न सनातन महर्षिहरुले अनेकौँ मार्गको खोजअनुसन्धान गरेका छन् । यही क्रममा मन्त्र, तन्त्र, योग र यसको रहस्य (विज्ञान) ग्रन्थको रुपमा प्रणयन गरेका छन् । त्यो हामीलाई प्राप्त भइरहेको छ । भोलि पनि कतै न कतै, कुनै न कुनै रुपमा प्राप्त भइरहने नै छ । यसैको सानो उदाहरणको रुपमा मैले यस 'मन्त्र-विज्ञान' पुस्तकलाई लिएको छु ।

दैवाधीनं जगत् सर्वं मन्त्राधीनन्तु दैवतं, तन्मन्त्रं साधकाधीनम् ।

यसै गरी निराकार परब्रह्मको उपासनाका लागि यन्त्रको पनि परिकल्पना भएको यथार्थता हामी समक्ष रही आएको छ । यसको चर्चा पनि डा. मिलनजीले यस पुस्तकमा गर्नुभएको छ ।

चिन्मयस्याद्वितीयस्य निष्कलस्याशरीरिणः ।
साधकानां हितार्थाय ब्रह्मणो रूपकल्पना ॥

यी विषयहरु आगमशास्त्रमा समेत उल्लेख गरिएका छन् । आगमशास्त्रका चिन्तन र मनन गर्नुपर्ने विषयलाई पनि यहाँ समाविष्ट गर्नुभएको छ । हालसालै डा. मिलनकुमार थापाज्यूले लेख्नुभएको यस 'मन्त्रविज्ञान' नामक पुस्तक सबै साधकवर्ग, जिज्ञासु तथा विद्यार्थीहरुका लागि सानो शब्दकोश (Dictionery)

भएको मैले अनुभव गरेँ । श्रीथापाज्यूले वेद, आगम, पुराण आदि शास्त्र र ग्रन्थहरूको सारभूत अध्ययनपश्चात् यो पुस्तक तयार गर्नुभएको रहेछ । उपर्युक्त शास्त्रहरुको रहस्य समेत यस पुस्तकमा राखिदिनुभएकाले यस पुस्तकको महिमा अझ महनीय भएको मैले अनुभव गरेँ । यस पुस्तकलाई हनूमान् तन्त्र शिवशक्ति साधना रिसर्च सेन्टर नामक संस्थाले प्रकाशित गर्न लागेको थाहा पाएर खुसी लागेको छ । आउँदा दिनहरुमा यस्तै पठनीय, महनीय पुस्तकहरु हामीमाझ ल्याइ प्रशंसनीय कार्य गरिदिनुहुनेछ भन्ने अपेक्षा लिएको छु ।

शिवः शक्त्यायुक्तः

श्रीसहितको श्रीपशुपतिले थापाज्यूलाई अझ धेरै उत्साह, शक्ति र ज्ञान दिएर आगामी दिनहरुमा यस पुस्तकको भन्दा अझ थप महत्वपूर्ण, लोकोपकारी ग्रन्थहरु प्रकाशित गर्दै जानुहुनेछ । जिज्ञासु र साधकलाई मार्गप्रशस्त गर्नुहुनेछ । डा. मिलनजीलाई पौरस्त्य ज्ञानको भण्डारलाई उजागर गर्दै जाने शक्ति प्राप्त होस् भनी आराध्यदेव श्रीपशुपतिसँग प्रार्थना गर्दछु ।

सोत्साहानां नास्त्यसिद्धिर्नराणाम् ।
मार्गारब्धाः सर्वयत्नाः फलन्ति ॥

उहाँको उत्साह, उमंगलाई अविरल बग्ने गंगाजस्तै रहिरहन शुभकामना व्यक्त गर्दछु । यस ग्रन्थले सम्पूर्ण मन्त्र, तन्त्र र यन्त्रका साधक, विद्यार्थीवर्गका जिज्ञासालाई समाधान गर्ने मैले विश्वास लिएको छु । उहाँको उत्साह र उमंग सधैं मन्त्र, तन्त्र र आगमको मूलभूत सारको अन्वेषणमा लागोस् । उहाँको उत्साह र उमंग अझ बढी तीव्ररुपमा जीवनपथमा अगाडि बढी रहोस् यही मेरो शुभकामना ॥

जय श्रीपशुपति ।
जय श्रीगुह्यकालीमाता ॥

गिरीश भट्ट
श्रीका उत्तरसुहरका पूजारी

हार्दिक मङ्गलाभिनन्दन

वेद समस्त वाङ्मयको मूलस्रोत हो । वेदलाई अर्को शब्दमा निगम भनिन्छ । पौरस्त्य ज्ञान भण्डारलाई निगम र आगम शब्दले आफूभित्र समेट्ने प्रयत्न गरेको छ । विभिन्न शाखा र तत्सम्बद्ध सूत्र साहित्यले समृद्ध निगमशास्त्र ज्ञानविज्ञानको आदि स्रोत हो भने आगमभित्र पनि संस्कृतवाङ्मयको विशाल भण्डार अटेको छ । वेदको स्वरूप निर्णय गर्दा तपःपूत महर्षिहरूले मन्त्र र ब्राह्मणको संयुक्तरूपलाई वेद संज्ञा दिएका छन् । वस्तुतः वेद भनेको मन्त्र र ब्राह्मणको नै विशाल संग्रह हो ।

आगम शब्दले विशेषतः तन्त्रवाङ्मयलाई बुझाउँछ । विस्तार गर्नु अर्थमा रहेको तनु धातुदेखि औणादिक् ष्ट्रन् प्रत्यय लागेर तन्त्र शब्द बन्दछ । **तन्यते विस्तार्यते इति तन्त्रम्** अर्थात् जो विस्तार गरिन्छ त्यसलाई तन्त्र भनिन्छ । वैदिकवाङ्मयमा विस्तारपूर्वक चर्चा नगरिएका मन्त्रहरूको विशेष चर्चा तन्त्रशास्त्रमा गरिएको हुन्छ । जसमा मन्त्रहरूको ऋषि, छन्द, देवता, यन्त्र, पूजा-प्रयोग विधि जस्ता महत्त्वपूर्ण विषयको साङ्ग वर्णन गरिएको हुन्छ । तन्त्रशास्त्रले उपासना (अनुष्ठान) को प्रयोगात्मकपक्ष र सैद्धान्तिकपक्षलाई आफ्नो वर्ण्य विषय बनाएकोले उपासनामा मन्त्रको गरिमा उच्च रहन्छ । मन्त्रको स्वरूप र प्रयोग सम्बन्धमा निगम र आगमको विवेचना केही फरक देखिन्छ । निरुक्तकारका अनुसार मन्त्रशब्द मननार्थक मन् धातुबाट निष्पन्न हुन्छ । मन्त्राः मननात् । पाञ्चरात्रसंहिताको मतमा विचार गर्दा जसले त्राण (रक्षण) र अभिमत पदार्थको प्राप्ति गराउँछ त्यसलाई मन्त्र भनिन्छ । **मननान्मनुशार्दूल त्राणं कुर्वन्ति वै यतः । ददते पदमात्मीयं तस्मान्मन्त्राः प्रकीर्तिताः ।** महर्षि जैमिनिले मन्त्रको परिभाषा गर्ने क्रममा **तच्चोदकेषु मन्त्राख्या** भनी परिभाषा

गरेका छन् । यसै सूत्रको व्याख्यान रूप जैमिनीयन्यायमालामा याज्ञिकहरूले मन्त्र भनी नाम निर्देश गरेको शब्दसमूहलाई नै मन्त्र भनिन्छ । **याज्ञिकानां समाख्यानं लक्षणं दोषवर्जितम् । तेऽनुष्ठानस्मारकादौ मन्त्र शब्दं प्रयुञ्जते । इति** । याज्ञिकहरू अनुष्ठानको क्रममा पदार्थ स्मरण गराउने वाक्यहरूका लागि मन्त्रशब्दको प्रयोग गर्दछन् । प्रयोग सम्बद्ध द्रव्य-देवता-अर्थ आदिको स्मरण गराउने शब्दसमूहलाई मन्त्र भनिन्छ । **प्रयोगसमवेतार्थस्मारकाः मन्त्राः** । यी मन्त्रहरू वेदमा नै रहेका छन् । निरुक्तकारको अनुसार मनुष्यमा रहने विद्या अनित्य भएकोले अविगुण कर्मद्वारा फलप्राप्तिको लागि वेदमा मन्त्रको व्यवस्था गरिएको हो । **पुरुषविद्याऽनित्यत्वात् कर्मसम्पत्तिर्मन्त्रो वेदे** ।

यही श्रुतिसम्प्रदायको सुदीर्घपरम्परामा विभिन्न मन्त्र प्रयोग गरी उपासना-आराधना गर्ने प्रणाली विकास भयो । तन्त्रपरम्परामा रहस्यात्मक सूक्ष्मशक्तिहरूले भरिएको वाक्य, बीजाक्षर, शब्दखण्ड वा अक्षरहरूको प्रयोगलाई मन्त्र पदले व्यवहार गरेको पाइन्छ । मन्त्रको परम्परालाई विचार गर्दा यो एउटा रहस्यात्मक र अनादि अपौरुषेय श्रुतिपरम्परासम्म पुगेर जोडिएको पाइन्छ । मन्त्र अत्यन्त शक्ति सम्पन्न सत् तत्त्व हो । मन्त्रले व्यक्तिभित्र रहेको आन्तरिक चेतनालाई उद्दीप्त बनाउने काम गर्दछ । मन्त्रको चित्रात्मक रूप यन्त्र र क्रियात्मक रूप नै तन्त्र हो भन्दा अत्युक्ति नहोला । मन्त्रहरूको प्रभावकारिता जपमा रहेको छ । मनमा उठ्ने विभिन्न विचार, तरङ्ग, विक्षिप्तताजस्ता अव्यवस्थित अवस्थालाई सही दिशा दिन, व्यवस्थित विचारहरूद्वारा जीवनलाई सुखमय बनाउन, ऐहिक र पारलौकिक दुवै साध्य सिद्ध गर्न जपको महत्त्व रहेको हुन्छ । विचारहरूलाई एकीकरण गर्ने र पवित्र बनाउने उत्तम साधन पनि जप हो । अनालस्य एवं तन्मयताका साथ मन्त्रार्थको चिन्तन गर्दै जप गर्ने साधक चाँडै ध्येयलाई पाउन सक्छ ।

शास्त्रहरूले पनि जपयज्ञको ठूलो महत्त्व गाएका छन् । स्वाध्यायोऽध्येतव्य, स्वाध्यायप्रवचनाभ्यां न प्रमदितव्यम् जस्ता विधिवाक्यहरूले वेदनिर्दिष्ट जपको स्वरूपलाई बुझाउँछन् । यो स्वाध्यायरूप जप द्विजहरूको लागि नित्य हो । गुरुमुखबाट वेदाध्ययन गरी गुरुप्राप्त वेदको नित्यपारायण गर्नु नै मुख्य जपरूप

तप थियो । पछि शाखा-प्रशाखामा विभक्त वेदमध्ये आफ्नो शाखाको अध्ययन परम्परालाई नै स्वाध्याय मानियो । स्वाध्यायरूप जप-तप चल्दै रह्यो । शौनक प्रोक्त ऋग्विधानजस्ता कतिपय ग्रन्थले यसको नियमको प्रतिपादन पनि गरेका छन् । रामायणकालमा पनि स्वाध्यायको महनीय परम्परा थियो भन्ने कुरा तपःस्वाध्यायनिरतम् भन्ने वाल्मीकिरामायणको प्रथम वाक्यबाट बुझ्न सकिन्छ । पछि समयको अन्तरालमा वैदिक परिपाटी क्षीण हुँदै गयो र पौराणिक, तान्त्रिकपद्धतिहरूको विकास विस्तार हुँदै गयो । बाह्य साधनहरू बदलिन पुगे भने साध्यमा कुनै पनि प्रकारको फेरबदल भएन ।

वास्तवमा सच्चिदानन्द स्वरूप परब्रह्म परमात्मामा ऐकान्तिक प्रीति गर्नु नै उपासना हो । तथापि सम्पूर्ण संसारलाई मोहजालमा खसाल्ने परमात्माको मलिन सत्त्वप्रधान मायाशक्तिको वशीभूत जीवले रजोभाव एवं तमोभावलाई नष्ट गर्न उपासनाको आश्रय लिनु नितान्त आवश्यक हुन्छ । वेद र तदनुमोदित शास्त्रसमूहले मानवहरूको कल्याणका लागि उपासनाका विभिन्न मार्गहरू देखाएका छन् । अविद्याको नाश र आत्मतत्त्वको साक्षात्कार सम्बन्धमा उपनिषद् र तत्सम्बद्ध शास्त्रले जबसम्म आत्मसाक्षात्कारको क्षमता हुँदैन तबसम्म चित्तशुद्धि र मनस्थिरताको निमत्ति कर्म, उपासना आवश्यक हुने बताएका छन् । यस्तो उपासनाको मुख्य दुई भेद देखिन्छन् । पहिलो निर्गुण र दोस्रो सगुण । सगुणमा पनि साकार र निराकार गरी दुई भेद देखिन्छन् । निर्गुण निराकार तत्त्व एउटै छ र त्यसैको उपासनाविना निरतिशय आनन्दको प्राप्ति अथवा दुःखको आत्यन्तिक निवृत्ति हुँदैन ।

तमेव विदित्वा तिमृत्यु मे तिनान्यः पन्था विद्यतेऽयनाय ।

• *(शु.य. ३१-१८)*

सगुण निराकारको उपासना भन्नाले हिरण्यगर्भतत्त्वदेखि सम्पूर्ण कारण र कार्य ब्रह्मको विस्तारको उपासना हो । सगुण साकार भन्नाले ब्रह्मा, विष्णु, रुद्र, देवी, गणेश, सूर्यलगायत सम्पूर्ण आकारयुक्त देवतत्त्वको उपासना भन्ने बुझिन्छ । यसरी पृथ्वीको परमाणुदेखि लिएर महाकाशपर्यन्त कुनै न कुनै रूपमा

उही एक निर्गुण, निष्कल, निरञ्जन तत्त्वको नै उपासना हुने देखिन्छ । वैदिक, स्मार्त, पौराणिक र तान्त्रिकपरम्पराको उपासनापद्धतिमा उपास्य देवताको व्यापकताका अरण प्रामुख्येन ब्रह्मतत्त्वको नै उपासना हुने ठहर्छ ।

उपासनाको यही उच्चतम सारलाई आत्मसात् गरेका पौरस्त्य ज्ञानधाराका समुपासक ज्ञानी महर्षिहरूले उपासनालाई कदापि भौतिक सुख-सुविधाका लागि प्रयोग गरेनन् । आध्यात्मिक उन्नति र तत्त्वचिन्तनमा नै उपासनाको लक्ष्य रहेको प्रमाणित गरे । तर सांसारिक जीवन केवल आध्यात्मिकमात्र छैन दैहिक पनि छ । यसकारण मन्त्र-साधना (उपासना) को क्रममा केही साधनाहरू भौतिक सिद्धि र सुविधाका लागि पनि गर्न थालियो र यसको परम्परा पनि विस्तृत हुँदै गयो । तथापि ज्ञानी साधक-सन्तहरूले भौतिक सिद्धिहरूलाई दैहिक सुखभोगका निमित्त प्रयोग गर्दै गरेनन् । यदाकदा अध्यात्मको उत्कर्ष र धर्मवृद्धिका निमित्त भने प्रयोग गर्दथे ।

वर्तमानयुगमा आध्यात्मिक उन्नतिभन्दा पनि भौतिक सम्पन्नताको निमित्त सकाम उपासना, अनुष्ठान गर्ने प्रवृत्ति तीव्र बनेको छ । सकाम भावनाले तन्त्रपरक उपासना गर्दा साधकले पालना गर्नुपर्ने विधि निशेधको साङ्ग विवेचन नै डा.मिलनकुमारज्यूको महनीय कृति मन्त्र-विज्ञान हो ।

प्रस्तुत ग्रन्थका रचनाकार आदरणीय विद्वान् मित्रवर डा. थापाज्यू तन्त्रशास्त्रका ज्ञाता, अनुसन्धाता एवं तान्त्रिक आराधना-उपासनामा नित्य संलग्न हुनुहुन्छ । केवल पूजा अनुष्ठानका माध्यमले मात्र नभएर ग्रन्थ लेखनको माध्यमले पनि भगवती जगदम्बाको सपर्या गरी राख्नुभएको छ । तन्त्रको गम्भीर विषयलाई सरलभाषाको माध्यमले जनसामान्य संवेद्य बनाउनु उहाँको लेखकीय वैशिष्ट्य हो । तन्त्रशास्त्रमा प्रतिपादन गरिएका व्यावहारिक र शास्त्रीय जीवनोपयोगी साधनाको रहस्यलाई युग सुहाउँदो प्रयोगात्मक दृष्टिले मन्त्र-विज्ञानमा प्रस्तुत गरिएकोले यो ग्रन्थ जिज्ञासुहरूका लागि उपादेय बनेको छ । मन्त्रविज्ञानभित्र समेटिएका साधनाका विविध आयामहरू पठनीय छन् । जस्तै वैदिक चिन्तनधाराका विभिन्न विषयहरू, मन्त्र र मन्त्रसाधनाका मार्गहरू,

महाविद्याको उपादेयता र उपास्यभाव, ग्रह र ग्रहशान्तिका उपायहरू, रत्न र रत्नधारणको वैज्ञानिक विवेचनाजस्ता विषयहरू यसको महत्त्वपूर्ण क्षेत्र हुन् ।

शालीन व्यक्तित्व डा.थापाज्यूद्वारा निर्मित उच्चस्तरीय रचनाको रूपमा रहेको यो मन्त्रविज्ञानले पाठकहरूलाई अन्धकारबाट उज्ज्यालोतर्फ लगी लक्ष्य प्राप्तिमा उन्मुख गराउन सहयोग गर्ने विषयमा म विश्वस्त छु । उहाँबाट यस्ता अरू पनि मूल्यवान् ग्रन्थरत्नहरू समाजले प्राप्त गर्न सकोस् र सिर्जनशीलताको गतिशील व्यक्तित्व सधैं चम्किरहोस् । अनेक प्रकारका तापहरूबाट सन्तप्त समाजलाई सांसारिक कष्टबाट मुक्त पार्न यो ग्रन्थ सेतु बन्ने विश्वासका साथ भगवती राजराजेश्वरीको अनुकम्पाले लेखकबाट यस्तै अन्य प्राचीन उपासनापद्धतिको महत्त्व प्रकाशित गर्ने ग्रन्थहरू पनि सिर्जना भैरहून् भन्ने कामना गर्दै यस्तो महनीय कृतिका निमित्त डा. थापाज्यूलाई हार्दिक मङ्गलाभिनन्दन गर्दछु ।

शं तनोतु शङ्करः ।

डा. ध्रुव श्रीः
पाशुपत क्षेत्र, राममन्दिर परिसर ।
मकर संक्रान्ति २०७४ ।



शुभकामना

"निषेकाश्मशानान्तो मन्त्रैर्यस्योदितो विधिः ।
तस्य शास्त्रेऽधिकारोऽस्मिन् ज्ञेयो नान्यस्य कस्यचित् ॥"

अस्माकं आध्यात्मिकपरम्परायां मन्त्रस्य नितान्तं महत्त्वपूर्णं स्थानं वर्तते । मन्त्र्यते गुप्तं परिभाष्यत इति मननात् मन्त्रः इति तन्त्राद्युक्तमन्त्रभागश्च ऋचो यजूंषि सामानि निगदाः मन्त्राः । मन्त्रः पूजार्थं यज्ञ- यागादिकं सम्पादनार्थं वा उच्चार्यन्ते वेदस्य द्वौ भागौ स्तः १) मन्त्रभागः २) ब्राह्मणभागः ।

मन्त्राणां वा मन्त्रस्य विज्ञानं मन्त्रविज्ञानम् । वेदेषु संहितासु मन्त्राः निगदिताः विद्यन्ते ते विज्ञानमया इति विषयमाश्रित्य मन्त्राणां वैज्ञानिकं पक्षं गृहीत्वा च महत्त्वपूर्णरूपेण प्रतिपादितं अस्ति अस्मिन् पुस्तके । "देवाधीनं जगत्सर्वं मन्त्राधीनाः च देवताः" । इति विचार्य मन्त्राणां वैज्ञानिकत्वं विषयवस्तुं संकलितं उपस्थापितं विश्लेषितं वर्ततेऽस्मिन् "मन्त्रविज्ञानम्" नामके ग्रन्थे । ग्रन्थस्यास्य उपादेयत्वं प्रतिपाद्यविषयेनानेन ज्ञायते अवबोध्यते च विद्वद्वर्यैः पण्डितप्रवरैः । मन्त्रेषु ब्रह्माण्डीया ऊर्जाः विद्यमानाः वर्तन्ते । तद् गूढंरहस्यं उद्घाटितं वर्तते खलु महता परिश्रमेण अत्र अनुसन्धानपूर्वकेन नेपालसर्वकारस्य प्रतिष्ठितस्य न्यासस्य पशुपतिविकासकोषस्य कोषध्यक्षेण डा. मिलनकुमारथापामहोदयेन । वर्तमानकालिके आधुनिकयुगे मन्त्राणां विधि-प्रयोग-कर्मकाण्डादिषु कार्येषु उपयोगः तेषां ऊर्जाविज्ञानस्य ज्ञातारः विद्वांसः प्रायः विरला एव सन्ति । तस्याः आवश्यकतायाः पूर्तये स्वकीयानुभवेन मन्त्राणां प्रयोगबलेन साधनाद्वारा च सम्यक् संसाधितं सिद्धीकृत्य च विवर्णितं वर्तते ग्रन्थकर्तृणा । अस्य ग्रन्थस्य लोककल्याणकारित्वं प्रतियते अस्मद्धिया इति शुभकामनया कामयाम्यहम् । इति शुभम् ॥

Ramkrishna Sastri

प्रा. डा. रामकृष्ण शास्त्री
अध्यक्षः
इन्डियन इन्स्टिच्युट अफ ओरियन्टल हेरिटेज
लेकटाउन, कोलकाता, भारतम् ।

शुभकामना

चित्तप्रसादो मनसश्च तुष्टिरल्पाशिता स्वप्नपराङ्मुखत्वम् ।
स्वप्ने प्रपापक्वफलं भवन्ति सिद्धस्य चिह्नानि भवन्ति सद्य ॥

मन्त्रको प्रयोगात्मक तरिकाबाट समाजलाई जानकारी दिने उद्देश्यले *डा. मिलनकुमार थापाले* तयार पारेको **मन्त्रविज्ञान** नामक कृति प्रकाशित हुन लागेको थाहा पाउँदा म अत्यन्त हर्षित भएको छु । मन्त्र, तन्त्र र ज्योतिषको सम्वन्ध नङ र मासुको जस्तै अन्योन्याश्रित छ । मन्त्र, तन्त्रको प्रयोगमा मुहूर्तको चयन गरेर सिद्धमुहूर्तमा साधना गर्दा मन्त्रको फल अनैकौँ गुणा वृद्धि हुन्छ यसमा दुईमत छैन । अनुभवले पनि यसलाई पुष्टि गरेको छ । हाम्रो धर्मसंस्कृति, परम्परा र रीतिरिवाज सनातन हो, त्यही सनातनपद्धतिको अनुसरण गरेर मन्त्रको साधना गरिन्छ । मन्त्रलाई आफूमा समाहित गरेर शास्त्र एवं गुरुपरम्परा अनुसार साधना गर्दा मन्त्र सिद्ध हुन्छ । भारतवर्षमा मन्त्र साधना गुरुपरम्परा वा कूलपरम्पराको रुपमा चल्दै आएको छ । कतिपय मन्त्रको साधना विधि पुस्तकको रुपमा सार्वजनिक भएका छन् भने अझै हजारौं मन्त्रका साधना विधिहरु ओझेलमा परेका छन् । गुप्तरहेका मन्त्रहरुको संकलन प्रकाशित गर्दै जानुपर्ने दायित्व हामीमा छ ।

साधना गर्दा मन्त्र साधनाको रहस्य थाहा नपाई गरिएको साधनाले सिद्धि पाउन सकिन्न । मन्त्र साधना गर्दा साधकको पवित्रता, कामना अनुसारको मन्त्रचयन, मन्त्रको देवता, देवताअनुसारको दिशा, मन्त्रका ऋषि, साधनाको समय र मुहूर्त, साधनास्थलको शुद्धता, आसन र आहारको शुद्धि, मानसिक स्थिरता, शारीरिक स्वस्थता, दृढसंकल्प, न्यास, आदिमाथि ध्यान र विवेक पुऱ्याउनुपर्छ । पुरश्चरण गरी सिद्ध भएका मन्त्रको प्रयोगले इच्छाअनुसारका काम्यकर्म सफल गर्न सकिन्छ । यी अनुभवले पनि धेरैकुरा सिक्ने अवसर प्राप्त हुन्छ । मन्त्रको सिद्धिका लागि सधाकमा मन्त्रका विधिविधान एवं छन्दलगायतको ज्ञान हुनुपर्दछ । यसलाई निर्देशन गर्दै भनिएको छ – **अविदित्वा ऋषिं छन्दो**

दैवतं योगमेव च । योऽध्यापयेज्जपेद्वापि पापीयाञ्जायते तु सः ॥ वर्तमान समयमा मन्त्रसाधनाको नाममा प्रचारप्रसारका साथ आडम्वर वढेको देखिन्छ । वैदिक विधि, पद्धति आदिलाई ख्यालै नगरी गरेको जपले ग्रहशान्ति होला त ? प्रश्न एकातिर छ । यस्ता प्रश्नको समाधानार्थ सरलीकृत पुस्तकको प्रकाशन हुँदै जानुपर्छ । सुभाषितभण्डागारमा भनिएको छ –

अमन्त्रमक्षरं नास्ति नास्ति मूलमनौषधम् ।
अयोग्यः पुरुषो नास्ति योजकस्तत्र दुर्लभः ।

सवै अक्षर मन्त्र हुन्, सवै वृक्ष औषधि हुन् तर अक्षर होस् वा वृक्ष त्यसको सही प्रयोग गर्ने कर्ता अर्थात् योजक दुर्लभ हुन्छ । मन्त्रयोजकले अक्षररुपी मन्त्रको भावअनुसारको कामना सिद्ध गर्न सक्छ । तसर्थ मन्त्रसाधकले शुद्ध उच्चारण नगरी जपिएको मन्त्रले विपरीत फल दिन्छ । वैदिक ज्ञान र विज्ञानले भरिपूर्ण मन्त्रको जप गर्दा विषेश सावधानीको आवश्यकता पर्दछ ।

मन्त्र, तन्त्र र यन्त्रको वैज्ञानिक पक्षलाई समाजमा जानकारी गराउन प्रयत्नशील रहनु भएका तन्त्रसाधक डा. मिलनकुमार थापाले **तन्त्रविज्ञान** नामक पुस्तक गतवर्ष प्रकाशन गर्नुभएको थियो । सो पुस्तक तन्त्रक्षेत्रका पुस्तकको फाँटमा अत्यन्त लोकप्रिय भएको तन्त्रका जिज्ञासुहरुबाट गरिएका चर्चा परिचर्चाले पुष्टि गरेको छ । प्रकाशोन्मुख **मन्त्रविज्ञान** पुस्तक पनि मन्त्रका पुस्तकहरुमाझ उहाँलाई स्थापित गराउन सक्ने विषयमा म विस्वस्त छु । आगामी दिनमा यस्तै पौरस्त्य ज्ञान, विज्ञानले परिपूर्ण, प्राचिन वैभवले भरिपूर्ण गहकिला पुस्तक प्रकाशन गर्न सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

पञ्चाङ्गकार डा. लोकराज पौडेल
अध्यक्ष
विश्व ज्योतिष महासंघ

शुभकामना

डा. थापाजी पछिल्लोकालमा समाज, संस्कृति र सरस्वतीको सेवामा जुट्नुभएको देख्दा निकै खुसी लाग्छ । हाम्रो पौरस्त्य परम्पराभित्रको वैज्ञानिक रहस्यलाई प्रकाशमा ल्याउन उहाँको ठूलो योगदान छ । समाज र संस्कृतिभित्रको ऐजेरुलाई उखल्नु र त्यहाँ सनातन परम्पराको विजारोपण गर्नुमा उहाँको महनीय योगदान देखिँदै गएको छ । सबै सम्प्रदाय र परम्परामा आस्थावान् हुँदै मन्त्र, तन्त्र र यन्त्रलाई आधुनिकयुगमा कसरी प्रयोग गर्ने भन्ने सम्बन्धमा डा. मिलनजीको प्रयास स्तुत्य भएकोमा दुईमत नहोला । आराध्यदेव पशुपतिको सेवामा जुट्नुभएका थापाजीबाट खुल्ला हृदयले हाम्रो संस्कृति र संस्कारको श्रीवृद्धिमा दिनुभएको योगदान वास्तवमै सबैका लागि अनुकरणीय र अनुसरणीय छन् । प्रज्ञानं ब्रह्म (ऋग्वेद), तत्त्वमसि (सामवेद), अहं ब्रह्मास्मि (यजुर्वेद), अयमात्मा ब्रह्म (अथर्ववेद) भित्रको गूढरहस्यमा रमाउँदै उहाँले पशुपति क्षेत्र विकास कोषको कोषाध्यक्षको जिम्मेवारीलाई बहन गर्दै हुनुहुन्छ । व्यस्त समयलाई व्यवस्थापन गर्ने कला भएकै कारण उहाँका बहुमुखी प्रतिभाबाट विद्या उपासनाले महत्वपूर्ण स्थान पाएको छ । यही क्रममा उहाँको प्रकासोन्मुख पुस्तक मन्त्रविज्ञानलाई दर्शन गर्न पाएँ । यसमा पछिल्ला पुस्तालाई मन्त्रप्रति आकर्षण गराउने कडी प्रस्तुत गर्नुभएको छ । मन्त्र हाम्रो विज्ञान हो, पुर्खाको सम्पत्ति हो, पछिल्ला पुस्तालाई अर्पण गर्नुपर्ने पैतृक वैभव हो । यी विषयलाई उजागर गर्न

थापाजी सफल हुनुभएको छ । आफ्नो लेखनी र बौद्धिक क्षमतालाई वैदिकधर्म, संस्कृति, परम्परा र विज्ञानमा उहाँले राम्रोसँग दौडाउनुभएको प्रष्ट देखेँ । पश्चिमतर्फ फर्किएर विज्ञानको गन्ध सुँध्नेहरुलाई यसले राम्रो होश खुलाएको छ । हाम्रो वैदिक ज्ञानविज्ञानप्रति विदेशीहरु मन्त्रमुग्ध भएको तथ्यलाई उजागर गरेर यस पुस्तकमार्फत् मन्त्रको सुगन्धलाई ग्रहण गर्न अभिप्रेरित गर्नुभएको छ । हामीलाई वामन देख्नेप्रति यसले सचेत गराएको देख्दा मलाई खुसी लाग्यो । यो पुस्तकले मन्त्र, वैदिक परम्परा, रत्न आदि पक्षलाई जीवनसंगत तरिकाले प्रयोग गर्ने विधिहरुलाई प्रकाश पारेर ठूलो गुन लगाउनुभएको छ । यसले पौरस्त्य ज्ञानका बारेमा यथेष्ट जानकारी दिएको छ । वैदिकधर्म, संस्कृतिप्रतिको उहाँको मोह बढ्दै जाओस् र यस ग्रन्थले पछिल्ला पुस्तामा पथप्रदर्शकको काम गरोस् भन्दै शुभकामना अर्पण गर्न चाहन्छु ।

बालकृष्ण शिवाकोटी
गौशाला

सम्पादकको लेखनीबाट

सम्पादन कार्य आफैँमा जटिल र चुनौतिपूर्ण हुँदै गएको छ । विषयगत दक्षता भएर मात्र पुग्दैन भाषागत अन्योलताले गर्दा सम्पादन कर्म कठीन भएको छ । नेपालीभाषामा संस्कृतभाषाको जस्तो व्याकरण अभावले गर्दा ह्रस्व, दीर्घ र समस्तपदमा केही उल्झन्हरु अगाडि आएर अटेस्मटेस् नहुने गरी उभिन्छन् । प्रत्येक विद्वान्, संस्था, संगठनपिच्छे सम्पादनशैली अलग हुनाले सम्पादकको पगरी गुँथ्दा लेखनीमा कम्पन आउने संभावना पनि उत्तिकै हुन्छ । सम्पादनमा हात हाल्नु भनेको विद्वान्को खण्डन गर्ने ओखलमा पर्नु हो । जीभ्रो बच्ला सम्पादक जोगिदैन । लोकतन्त्रपछि नेपालीभाषालाई लथालिङ्ग बनाइएको छ । भाषाको संक्रमण अवस्थामा यस कार्ममा लाग्नु चुनौतिपूर्ण होइन कसरी भन्नु ? सम्पादन गर्दा गुरुपरम्परा, शिष्टजनका निर्देशन र उहाँहरुका सम्पादनपद्धतिलाई आधार बनाउनु राम्रो लाग्छ । यी मर्यादाभन्दा बाहिर गएर म काम गर्न सक्दिनँ जसको प्रभाव यस ग्रन्थमा पनि छ ।

डा. थापा केही न केही कार्यमा आफूलाई व्यस्त गराइरहनुहुन्छ । उहाँ न त आफू चूप बस्नुहुन्छ, न त साथमा रहेनेलाई समयको दुरुपयोग गर्न दिनुहुन्छ । हाम्रा शास्त्रले यसैलाई 'चरैवेति चरैवेति' भनेका होलान् । पितापुर्खाको इतिहास खोतल्न चाहने, पौरस्त्य ज्ञानविज्ञानको गोताखोर बन्न रुचाउने थापाजीले यसअगाडि दुईवटा पुस्तकको न्वारन गरिसक्नुभएको छ । तिनीहरुले साहित्य, संस्कृति, सभ्यता, परम्परामा मलजल गर्न थालिसकेका छन् । सामाजिक र सांस्कृतिक क्षेत्रमा मात्र होइन लेखन कार्यमा पनि आफूलाई परिचित गराउन उहाँ सफल हुनुहुन्छ । निर्णय क्षमता प्रशासनलाई काम लाग्ने, लेखनीले वैदिक परम्परालाई कोट्याउने, हात समाजसेवामा लम्कने, मन राष्ट्रसेवामा डुबाउने,

बुद्धि संस्कृतिको श्रीवृद्धिमा लगाउने, हृदयमा मन्त्र र तन्त्रलाई स्थान दिने साधक हुनुहुन्छ डा. थापा । जुम्ल्याहाका रुपमा उहाँको पहिलो पुस्तकले अवतरण गरे पनि दोस्रो र तेस्रो पुस्तक विद्यावारिधिको शोधग्रन्थबाट उपयुक्त शीर्षकलाई छनौट गरी लेख्दा एकलरुपमा देखिनुभएको छ । उहाँले आफ्नो विद्यावारिधिको शोधग्रन्थका विषयवस्तुलाई तीन भागमा विभाजन गरी चारखण्डमा प्रकाशन गर्न तयार गर्नुभएको थियो । तन्त्रविज्ञान प्रकाशित भएपछि अहिले मन्त्र विज्ञान भाग १ को प्रसवपीडा सकिनै लागेको छ भने यन्त्रविज्ञानको अंकुरण भइसकेको छ । विद्यावारिधिको शोधग्रन्थबाट मन्त्रसँग सम्बन्धित शीर्षकहरुलाई यहाँ समाविष्ट गरिएको छ । केही विषयहरु सर्वसाधारणलाई बुझ्न गाह्रो पर्ने देखिएपछि त्यसलाई मन्त्रविज्ञान भाग २ नामकरण गरी थाती राखियो । सामान्य सम्पादन पछि सो विषयले पनि पुस्ताकाकार ग्रहण गर्नेछ ।

मेरा प्रातः स्मरणीय गुरुदेव डा. स्वामी प्रपन्नाचार्य (महाविद्यावारिधि)का महती अनुकम्पाले जेजति मन्त्रको बारेमा श्रवण गर्न पाएको थिएँ, यस ग्रन्थको सम्पादनको क्रममा त्यसको पुनरावृत्ति गर्ने मौका थापाजीले मलाई दिनुभएको छ । म मन्त्रको विशेषज्ञ र ज्ञाता होइन तथापि डा. थापाजीको अनुरोध र स्नेहलाई नकार्न पनि उचित होइन । भाषागत गल्ती मेरो कमजोरी हो, यसमा विवेकशील र क्षमावान् विद्वान्हरुबाट मलाई छुट मिल्ने तथ्यमा ढुक्क छु ।

हाम्रो जीवनशैली र दैनिकी मन्त्रमय छ । हामी मन्त्रबाट चाहेर वा नचाहेर अलग रहन सक्दैनौँ । केही गर्छु भन्ने, हिँड्न खोज्ने, बोल्न खोज्ने, चिन्तन गर्न प्रयास गर्नेहरु मन्त्रविहीन हुनै सक्दैनन् । ब्रह्माण्ड नै मन्त्रबाट अछुत छैन भने मन्त्रको अन्वेषण, चिन्तन, परीक्षण भएको पावनभूमिका हामी ऋषिका सन्ततिहरू मन्त्रबाट अलग कसरी हुन सक्छौँ र ?

मन्त्रार्थाः सफलाः सन्तु पूर्णाः सन्तु मनोरथाः ।
शत्रूणां बुद्धिनाशोऽस्तु मित्राणामुदयस्तव ॥

जन्मदेखि मृत्युपर्यन्तका कर्म एवं गतिविधिमा मन्त्रको प्रभाव र निर्देशन हुन्छ । प्रातःस्मरणदेखि शयन गर्दासम्म मन्त्रलाई नै पुकार्ने चलन छ । गायत्रीमन्त्र ग्रहण गरेपछि मात्र अध्ययन र कर्म गर्ने अधिकार प्राप्त हुन्छ ।

मन्त्रहीन न त कर्म हुन्छ, न त मन्त्र नजान्नेको जीवन मनुष्यको जस्तो हुन्छ । यसैलाई लक्ष्य गरेर श्रीकृष्णले गीतामा भन्नुभएको छ 'यथेच्छसि तथा कुरु' । वेदशास्त्र वास्तवमा मन्त्रको संग्रह हो, भण्डार हो, पुञ्ज हो, अजस्रस्रोत हो । यसै विषयमा यो पुस्तक केन्द्रित छ । यसका तीन खण्ड छन् । पहिलो खण्डमा ५५ शीर्षकहरुलाई उनिएको छ । यस खण्डले मन्त्रका सम्बन्धमा सर्वसाधारणलाई लाग्न सक्ने जिज्ञासाको निवारण गरेको छ । मन्त्रको उत्पत्ति, वेद, वेदाङ्ग, उपाङ्ग, पुराण, नीतिग्रन्थ, महाकाव्य आदिको संक्षिप्त परिचय एवं प्रकारको जानकारी उपलब्ध छ । हाम्रा शास्त्र र ग्रन्थबाट विमुख वा जिज्ञासासम्म राख्नेलाई यो खण्ड पठनीय र मननीय छ ।

दोस्रो खण्डमा मन्त्रका प्रकार, प्रकृति, शोधन आदिले स्थान पाएका छन् । मन्त्रलाई शब्द वा वाक्यगत रुपमा सुनेरमात्र हुँदैन त्यसको दोष निवारणको आवश्यकता पर्छ । ११ शीर्षकमा विभक्त यस खण्डमा मन्त्र साधनाका आधारभूत विषयलाई प्रकाश पारिएको छ । मन्त्रप्रतिको अन्धविश्वास घटाउन र हटाउन यस खण्डमा भगीरथी प्रयास भएको छ ।

दश शीर्षकमा विभक्त तृतीय खण्डले बाह्र राशि, रत्नका प्रयोग एवं नवग्रह शान्तिको सैद्धान्तिक विषयलाई प्रकाश पारेको छ । कर्मकाण्डका दृष्टिले तृतीय खण्ड उपयोगी भएको छ । ग्रहदशाबाट प्रतिकुल अवस्थालाई निराकरण गर्न आवश्यक पर्ने ज्ञानलाई यस खण्डले समेटेको छ । गुरु नहुँदा यो पुस्तक मार्गनिर्देशक हुने अपेक्षा गरेको छु । यो पुस्तक कर्मकाण्ड, उपासनाकाण्ड र ज्ञानकाण्डको त्रिवेणी हो । जसले जे अपेक्षा गर्दछ सोही प्राप्त गर्ने पठनीय, मननीय, चिन्तनीय, संग्रहणीय ग्रन्थ हुन पुगेको छ मन्त्रविज्ञान । मन्त्र र विज्ञानलाई छुट्ट्याएर हेर्न हुँदैन भन्ने विचारलाई यस पुस्तकले पुष्टि गरेको छ । वैदिक हुन् वा तान्त्रिक कुनै पनि अनुष्ठानमा मन्त्रले नै स्थान पाएको हुन्छ भन्ने भाव सबैतिर बगेको छ । मन्त्रको सूक्ष्मता बुझाउने बाटो यसले संकेत गरेको छ । पुर्खाको विरासदलाई बताउन यसले खुट्टा कमाएको छैन । डा. मिलनजीको परिश्रम सार्थक भएको अनुभूत गरेको छु ।

संस्कृतभाषाको ज्ञान नभएका जिज्ञासुहरुलाई मन्त्रको बारेमा बुझ्न यस पुस्तकले सेतुका काम गर्नेछ । नेपालीभाषामा मन्त्रका बहुआयामिक

पक्षलाई संकलन गरेका पुस्तक यथेष्ट उपलब्ध नभएको समयमा यसले अवश्य तिर्खा मार्ने काम गर्नेछ । विद्वान्‌लाई लक्ष्य गरेर होइन जिज्ञासुलाई केन्द्रविन्दुमा राखी तयार गरिएको हुनाले यसमा दार्शनिक र कठीन पक्षहरु मौन छन् । यसको दोस्रो भागमा विद्वत्ताले परिपूर्ण, गम्भीर रहस्य, जटिल पक्ष समाविष्ट हुनेछन् । मन्त्रका विषयमा अध्ययन गर्न खोज्नेलाई यो सन्दर्भसामग्री हुने विषयमा अवश्य विवाद नरहला ।

डा. थापाजीको शोधपत्रलाई जस्ताका तस्तै राख्दा विद्वत्ता र पाण्डित्य अवश्य झल्कने थियो तर सर्वसाधारण त्यसबाट ओझेलमा पर्ने थिए । महत्त्वलाई भन्दा पनि मनोभावलाई बुझ्ने उहाँको स्वभावले गर्दा यो पुस्तक सरल र सहज विषयवस्तु लिएर प्रकाशमा आयो । यसमा समाविष्ट तस्विरहरुले प्रत्येक विषयवस्तुलाई चित्रबाटै बुझ्न सजिलो पारेको छ । नेपाल संस्कृत विश्वविद्यालयले गर्नुपर्ने काम डा. थापा एक्लैले गर्नु आफैंमा प्रशंसनीय कार्य हो । धर्म, संस्कृति, विद्यापरम्परा संरक्षण गर्न स्थापित संघसंस्थालाई यो पुस्तक मार्गदर्शन गर्ने ग्रन्थ हुनेछ । हुन्छबहादुर, भोलिबहादुर र अवसरवादीहरुलाई आँखा खोल्न अनुरोध गर्दै विदेशीले हामीमाथि लगाएका लाञ्छनालाई हटाउनका लागि स्तुत्य कार्य गर्नुभएको छ डा. थापाले यस पुस्तकमार्फत् । पशुपति क्षेत्र विकास कोषको कोषाध्यक्षजस्तो महत्वपूर्ण जिम्मेवारी संहाल्दै, समाजसेवा र भक्तिदर्शन टेलिभिजनको तन्त्रविज्ञान कार्यक्रम सञ्चालनमा समेत समय छुट्‌टयाउने थापा एक सक्रिय र कर्मनिष्ठ साधक हुनुहुन्छ । उहाँको यो उत्साहमा राष्ट्रदेव पशुपतिको कृपा वर्षा भइरहोस् । सन्मार्गमा मन लागोस् भन्ने मंगलमय कामना गर्दै सम्पादनको अवसर दिनुभएकोमा डा. मिलनकुमार थापाज्यूप्रति कृतज्ञता अर्पण पनि गर्दछु ।

हरिप्रसाद सोडारी

लेखकीय

मन्त्र, तन्त्र, यन्त्र, आयुर्वेद, वास्तुशास्त्र र योग आदि पौरस्त्य विद्या एवं साधनाकलाहरु जीवन अनि विज्ञानसम्मत् रहेको अहिलेको पाश्चात्य ज्ञानविज्ञानले पनि पुष्टि गरिसकेको छ । हाम्रा पूर्वजहरूले कठोर तप, अध्ययन, खोज र अनुसन्धानबाट यी ज्ञानराशिहरु प्राप्त गरेका हुन् । यसले आदिमकालदेखि मानवसमाजलाई मार्ग देखाइरहेको छ, सभ्यताको विगुल फुकिरहेको छ, असल जीवन जिउन प्रेरित गरिरहेको छ । यो वैदिक वैभवलाई शिक्षा, दीक्षा र प्रयोगविधिद्वारा ऋषि, महर्षिहरूले गुरुकुलमार्फत् सन्ततिहरुलाई प्रशिक्षित गर्दै आएका थिए । यो ज्ञानश्रृंखलालाई द्वापरयुगको अन्त्य र कलियुगको प्रारम्भसँगै केही स्वनामधारी पण्डित, पुरोहित, तान्त्रिक, धामी, झाँक्री, माता, बाबाहरूले आफ्नो हित अनुरुप प्रयोग गरे । परिणामस्वरुप विज्ञानमय हाम्रो विद्या विस्तारै सर्वसाधारणको पहुँचदेखि टाढा हुन पुग्यो । रामायण र महाभारतकालमा मात्रै होइन मुगल र अङ्ग्रेजसँगको ठूलाठूला युद्धमा सीमा, धर्म, संस्कार र संस्कृतिको रक्षार्थ तन्त्र, मन्त्र, यन्त्रको प्रयोग भएको इतिहास हामीबीच ताजा नै छ ।

'अल्पविद्या भयङ्करी' अर्थात् अल्पज्ञान हानिकारक हुन्छ । मन्त्रजस्तो गहनविधालाई चिन्तन, मनन नै नगरी बदनामको पगरी गुथाइएको छ । केही मन्त्र प्रयोग गर्ने हूँ भन्नेहरुले नै यसलाई मागीखाने, चमात्कार गर्ने, ठगी खाने विद्या बनाएको देख्दा हृदय छियाछिया हुन्छ । विद्याको प्रयोग गर्नुभन्दा पहिले त्यसको मर्मलाई बुझेको भए, परम्परालाई अवलम्बन गरेको भए आज यो दुर्दशा देख्नुपर्ने थिएन । मन्त्रको सही सदुपयोग भइदिए न त समाजको अवस्था कारुणिक हुन्थ्यो, न त राष्ट्रको अवस्था दयनीय हुन्थ्यो, न त वैदिक संस्कृतिले परिसमाप्तिको सन्निकटमा उभिनुपर्दथ्यो । मन्त्रको यथार्थतालाई

अनुसरण नगर्ने अल्पज्ञ एवं भेषधारीबाट नै हाम्रो विज्ञानमाथि प्रहार भइरहेको छ । जीविकोपार्जनका लागि विद्या र विज्ञानलाई दुरुपयोग गर्नु कतिसम्म न्यायोचित होला ? कोही अन्ध आस्थाका कारण 'श्राद्धमा विरालो बाध्नै पर्ने' मान्यतामा अडिग रहेर मन्त्रमाथि नै बन्चरो चलाइरहेका छन् । यसले पेट भरिएला, गर्जो टर्ला, प्रतिष्ठा र चर्चा पाइएला तर ऋषि, महर्षिहरूको अनुसन्धान र तपमाथि अवस्य बज्रपात हुन्छ ।

प्राचीनकालदेखि हाम्रो समाजका बहुआयामिक पक्षमा मन्त्र, तन्त्र, यन्त्रविद्याले जरा गाड्दै आएका छन् । यसले रोग, शोक, भोगलाई निराकरण गर्न सहयोग गर्ने हुनाले सबैका आकर्षणको केन्द्र थियो । विभिन्न कालखण्डमा हाम्रा ज्ञान र विज्ञानमाथि बाह्य शक्तिबाट पनि घातप्रतिघात भएको छ । कुनै बेला मुगलबाट त कुनै समयमा अङ्ग्रेजहरूले यसलाई नामेट पार्ने प्रयास गरे । यसले पनि सर्वसाधारणको पहुँचभन्दा टाढा हुन पुगे हाम्रा मन्त्रहरु । केही वर्षयता विदेशीले डलरका बलले हस्तलिखित र दुर्लभ मानिएका ग्रन्थहरुलाई कौडीको मोलमा लगेको देख्दा दुःख लाग्छ । पुर्खाको चिनो सन्ततिको हातमा नदिनु कत्रो अन्याय ? भावी सन्ततिप्रति अलिकति पनि प्रेम नहुनु अनि आफ्ना पुर्खाको ज्ञानमा अलिकति पनि आत्मगौरव नरहनु कस्तो मानिस ? यसैले त मन्त्र, तन्त्र, यन्त्र, ध्यान, योगलाई पुरातन कुसंस्कार, बुढेसकालमा गर्ने कार्य, फुर्सदका धन्दा भन्नेको लर्को पनि उत्तिकै छ । यही मौका पाएर विधर्मीहरुले पनि सर्वसाधारणमा भ्रम फैलाउन सफल भएका छन । यस्तो परिस्थिति हुँदाहुँदै पनि चुनावको समय, आफूलाई आपत् परेको बेला तिनै कपुतहरु 'जदो' भन्दै शरणागत भएको उदाहरण हेर्न टाढा जानुपर्दैन ।

मन्त्रबाट हामी टाढा हुनै सक्दैनौँ । हाम्रो राजनीति पनि यसबाट अगल छैन । मन्त्रलाई जहाँ बसेर परिचालन गरिन्छ त्यसलाई मन्त्रालय भनिन्छ । मन्त्रालयमा मन्त्रीले मन्त्रको साधना गरेर राष्ट्रलाई वैभावशाली बनाउँछ । मन्त्रालयको मन्त्री गतिलो भएन भने जनाताको भलो पनि हुँदैन र राष्ट्रले शान्तिको श्वास फेर्न पनि पाउँदैन । यस्तो विषयलाई विचारै नगरी कानुनबाटै मन्त्रलाई गैह्रकानुनी बनाउने प्रयास भएको देख्दा तिनीहरुमाथि दया लागेर आउँछ ।

मन्त्रबाट पालिएका पीसिएकाले मन्त्रकै बीज र जरा डढाउनुहुँदैन ।

आमादेखि रिस उठ्यो भन्दैमा घरमा आगो लगाएर बदला लिन हुँदैन । विदेशी पनि शरणागत भएको मन्त्रलाई नेपालकै कानुनले नपचाउनु कस्तो विडम्वना ? कस्तो विचित्रता ? मन्त्र, तन्त्र, यन्त्रभित्र पछिल्लोकालमा पलाएका ऐजेरुलाई पो फाल्नुपर्छ त ? आफ्नो विज्ञानमाथि होली खेल्ने प्रयास गर्नु कति बुद्धिमत्तापूर्ण कार्य होला ? हामी यो धर्तीमा पाउने अमृत छोडेर विषको खोजीमा विदेश जान्छौं तर आन्ताराष्ट्रिय ख्यातिप्राप्त महानुभावहरू नेपालमा अमृतरुपी मन्त्रको खोजीमा आउँछन् । हाम्रा राष्ट्र चलाउनेले वेदलाई विष सम्झेर डढाउने प्रयास गर्दागर्दै **'युरोप र अमेरिका'**ले विश्वविद्यालय नै स्थापना गरेर अध्ययन, अनुसन्धान प्रारम्भ गरेका छन् । आज हामी डमरु बजाउनेलाई जोगी, ढ्याङ्ग्रो बजाउनेलाई ढ्याङ्ग्रे भनी सम्बोधन गर्दछौं । त्यही डमरुको आवाज, त्यही ढ्याङ्ग्रोबाट निष्कने ध्वनीलाई अनुसन्धान गरी विदेशमा रोगीहरुलाई उपचार गराउँदैछन् । वेदका श्लोक र ऋचाहरूको गहन अध्ययन, अनुसन्धान र विश्लेशण गरी नयाँनयाँ आविस्कार गरिरहेका छन् ।

नेपाल, भारत र अन्य पौरस्त्यदर्शनले प्रभावमा पारेको भूमिमा अहिले हाम्रो विद्या र विज्ञानमाथि अध्ययन, अनुसन्धान गर्ने महानुभावहरु बढ्दै गएका छन् । विदेशीहरु यी विधालाई सर्वतोलाभका लागि समाजमा फैलाउने कार्यमा लागिरहेका छन् । मन्त्र, तन्त्र, यन्त्र, ध्यान, योग आदिलाई बुझ्न जटिल र साधना गर्न झन् कठीन छ । जसले जे सोचोस् मलाई हाम्रै ज्ञान र विज्ञानले विमोहित बनाउँदै लगेका छन् । प्रतिवर्ष म यसमा यति अकर्षित हुँदै गएको छु कि यसको रसास्वादनले मलाई खिचिरहेको छ । यसबाट अन्यत्र लाग्ने सोच पनि मेरो मानस्पटलमा उब्जदैन । आरम्भ गरेपछि सफल पार्नै पर्ने मेरो हठले पनि म यसबाट अलग हुन सक्दिनँ । धर्म, संस्कृतिभित्रको खोज अनुसन्धानका क्रममा कैयौं कष्टकर क्षणको सामना गर्नुपर्‍यो । त्यो समस्याले अझ गहिराइमा पुग्न मद्दत गर्‍यो । पछिसम्म पनि धेरै बुझ्न र सिक्न प्रेरित गराइरह्यो । मन्त्रभाव नबुझी धामी, झाक्री, माता, बाबाहरूले हाम्रो समाजमा सिर्जना गरेका विकृति, विभेद पनि मेरो खोज र अनुसन्धानको एउटा पाटो रहेको छ । यिनै विषयमा अध्ययन अनुसन्धान गर्दै तन्त्रविधामा विद्यावारिधी गरेँ । विद्यावारिधी गर्नका लागि गरिएको खोज र अनुसन्धानलाई सबैले जानकारी राखून् भनी पस्कने कोसिस गरेको छु । यसैक्रममा **'ज्ञानशाला'** (संयुक्त लेखन) २०७१, **'तन्त्र विज्ञान'** २०७३

नामक कृति प्रकाशन भइसकेका छन् । केही असहज अवस्थाका वीच **'मन्त्र विज्ञान'** २०७४ प्रकाशन गरी तपाईंहरूका बीच पस्कने जमर्को गरेको छु । अगामी दिनमा हाम्रा शास्त्र र ग्रन्थहरुका गहन विषयलाई समेट्दै समयानुकुल, जनापेक्षा आदिलाई ध्यान दिइ प्रकाशमा ल्याउने प्रतिवद्धता जाहेर गर्दछु ।

मातापिताको शुभआशीर्वाद, गुरुदेवहरुको मार्गदर्शन, शास्त्र अध्ययनबाट प्राप्त ज्ञानराशिलाई आफ्नो विवेकले भ्याएसम्म चिन्तन, मनन र प्रयोगबाट प्राप्त अनुभवलाई यहाँ समाविष्ट गरेको छु । साधनाका क्रममा आएका अल्झन्, उल्झन्लाई पनि मैले विधाताको महती कृपा नै मानेको छु । जहाँ जगंल त्यहीँ मंगल भन्ने सिद्धान्तलाई पनि अनुभूत गरेको छु । कहिलेकाहीँ त एक्ला चलो एक्ला चलोलाई पनि नमन गरेको छु । जे भयो राम्रै भयो र राम्रैका लागि भयो भन्ने उखानलाई पनि आत्मसाथ गरेको छु ।

मेरो साधनालाई प्रेरणा दिन र वैदिक क्षेत्रमा केही गर्न नै होला विश्वसम्पदा सूचीभित्र परेको पशुपति क्षेत्र विकास कोषको कोषाध्यक्षको रुपमा रहेर सेवा गर्ने सौभाग्य जुरेको छ । विश्वभरि छरिएर रहेका सनातन धर्मवालम्वीहरूको आस्थाको केन्द्रमा प्रत्यक्ष संलग्न भइ केही गर्न पाउनुलाई आरध्यदेव श्रीपशुपतिकै अनुकम्पा सम्झेको छु । राष्ट्रदेवका चरणमा रहेर यहाँका भौतिक सम्पदा एवं साधना क्षेत्रलाई उजागर गर्नु मेरो कर्तव्य हुनेछ । भूतेश्वर, वैद्यनाथ, तन्त्रद्रष्टाको पाउधुलीमा रही यो पुस्तक तयार गर्न पाएकोमा गौरवको अनुभूति गरेको छु । उहाँकै अमृतमय आशीर्वाद प्राप्त गरी भविष्यमा अझ मन्त्रका बहुआयामिक पक्षको बारेमा खोज्ने मेरो ध्येय हुनेछ ।

यो पुस्तक सम्पादन गरिदिनु हुने धर्म-संस्कृतिका ज्ञाता एवं लेखक हरिप्रसाद सोडारीज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु । वैदिकधर्म, संस्कृतिप्रति भक्तिभाव देखाउँदै इण्डोनेसियास्थित बालीका राजा (सिनेटर)ज्यूले मलाई दिनुभएको शुभकामनाले यस कर्मप्रति नवीन कार्य गर्न अझ प्रेरित गरेको छ । पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव प्रदीप ढकालज्यूले मप्रति सद्भाव देखाइ प्रदान गर्नुभएको शुभकामनाप्रति धन्यवाद ज्ञापन गर्दछु । पशुपतिका उत्तरमुहरका पूजारी आदरणीय गुरुवर गिरीश भट्टगुरुज्यूको आशीर्वचनका साथै समयसमयमा प्राप्त भएको मार्गदर्शनलाई म नमन गर्न चाहन्छु । पौरस्त्य ज्ञानविज्ञानका ज्ञाता एवं स्वर्गद्वारी आश्रमका गुरुवर डा. ध्रुव श्रीज्यूबाट प्राप्त

शुभकामनाप्रति कृतज्ञता अर्पण गर्दछु । उहाँबाट भविष्यमा पनि यस्तै प्रेरणा प्राप्त भइरहने अपेक्षासमेत गर्दछु । गुरुवर प्रा.डा. रामकृष्ण शास्त्रीज्यूको सद्भाव, सहयोग र मार्गदर्शनलाई म विशेष धन्यवाद अर्पण गर्न चाहन्छु । विश्वज्योतिष महासंघका अध्यक्ष एवं मेरा मार्गदर्शक गुरुवर डा. लोकराज पौडेलज्यूबाट प्राप्त शुभकामनाले मलाई केही गर्न ऊर्जा प्रदान गरेको संझन्छु । यस पुस्तकलाई शुभकामना दिएर मलाई ऊर्जा प्रदान गर्ने समाजसेवी एवं उद्यमी बालकृष्ण शिवाकोटीज्यूमा कृतज्ञता अर्पण गर्दछु ।

प्रकाशनका लागि सल्लाह सुझाव दिनु हुने सीआईएनका कार्यक्रम प्रमुख दीपक आचार्यज्यू, प्रशिक्षक ताराप्रसाद नेपालज्यू, आदरणीय दाइ उत्तमकुमार थापाज्यू, गुराँसे कल्याणकारी विकास प्रतिष्ठानका उपाध्यक्ष प्रल्हाद न्यौपानेज्यू, आदरणिय दाइ प्रहरी उपरीक्षक ईश्वर कार्कीज्यू, एवं मित्रवर सुनील कटुवालज्यू, पशुपति क्षेत्र विकास कोषका सदस्य रमेशराज शिवाकोटीज्यूप्रति आभार व्यक्त गर्दछु । कडा मेहनतका साथ यस पुस्तकलाई डिजाइन गरिदिने आदरणीय दाइ अग्निराज पौडेलज्यू, तन्त्रसम्बन्धी कार्यक्रम सञ्चालनमा सहयोग गर्ने धर्मानुरागी कृष्णमुरारी पुडासैनीज्यू, मेरो भाव र व्यवस्ततालाई बुझिदिएर सधैँ हार्दिकताका साथ सहयोग गर्ने जीवनसाथी एवं स्नेही छोरीहरु, श्रीहनूमान् तन्त्र शिवशक्ति साधना तथा रिसर्च सेन्टरका सम्पूर्ण सहयात्री बन्धुहरू पनि धन्यवादका पात्र हुनुहुन्छ । यो पुस्तक तयार गर्दा सहयोग लिएका पुस्तकका रचनाकारहरू, हाम्रा ऋषिमुनि, मन्त्रमा जीवनसमर्पण गरेका सम्पूर्ण अग्रजका श्रीचरणमा सभक्ति नमन टक्र्याउँछु । यो मेरो सानो प्रयास हो । यसलाई निरन्तरता दिनेछु र 'नेति नेति' महावाक्यको स्मरण गर्दछु । विद्वान्विदुषीहरुले यस पुस्तकमा भएका कमीकमजोरीलाई औंल्याइदिनु हुनेछ भन्ने अपेक्षा गर्दै यस पटकलाई विट् मार्दछु ।

डा. मिलन कुमार थापा
अध्यक्ष

- *श्रीहनूमान् तन्त्र शिवसक्ति साधना तथा रिसर्च सेन्टर,*
- *तन्त्रविज्ञान नेपाल।*

विषयक्रम

० खण्ड - क (१-१३५)

१. विभिन्न देवी-देवताहरूका गायत्री	१
२. वेदको उत्पत्ति कहिले भयो ?	३
३. वेदको अर्थ, परम्परा र विषय	६
४. वेदमा विदेशी किन ?	१०
५. वेद कतिवटा छन् ?	१४
६. मन्त्रले ईश्वर चिनाउँछ	१८
७. मन्त्रको प्रभाव	२३
८. मन्त्रमा ॐ नै पहिले किन आउँछ	२५
९. वेदका आधारहरू	२७
१०. उपवेद र वेदाङ्गहरू	३३
११. स्मृति	३५
१२. पुराण	३७
१३. दर्शन र महाकाव्य	३९
१४. आगम	४१
१५. नीतिका ग्रन्थहरू	४४
१६. नेपालमा शाक्तसम्प्रदायको स्थान	४५
१७. मन्त्र	४९
१८. श्रद्धा र धैर्य	५१
१९. गुरुभक्ति	५३
२०. साधनामा शुद्धिको आवश्यकता	५६
२१. मन्त्र र गुरुको वैभव	५८
२२. मन्त्र साधना र सिद्धान्त	६२
२३. साधनाको सुगमपद्धतिः मन्त्रयोग	६४
२४. भक्ति	६६
२५. शुद्धिको महत्त्व	६९

२६. आसन ७१
२७. पञ्चाङ्ग सेवन ७३
२८. आचार ७४
२९. धारणा ७५
३०. दिव्यदेश सेवन र प्राणक्रिया ७६
३१. मुद्रा ७७
३२. तर्पण ८०
३३. हवन ८१
३४. वलि ८२
३५. याग ८३
३६. जप ८५
३७. ध्यान ८८
३८. समाधि ९०
३९. मन्त्र साधना ९१
४०. सिद्धादि शोधन ९२
४१. मन्त्रदोष ९९
४२. दीक्षा र गुरुकृपा १०१
४३. पुरश्चरण एवं अनुष्ठान १०४
४४. पुरश्चरणका नियमहरू १०६
४५. मन्त्रका स्वरूप १०९
४६. योगशास्त्र एवं मन्त्रशास्त्र ११२
४७. ॐ को अर्थ ११४
४८. गायत्री मन्त्र ११६
४९. ह्रीं श्रीं क्रीं को अर्थ ११८
५०. मन्त्र उपासनाका रहस्य १२०
५१. वैज्ञानिकयुगमा उपासनाको आवश्यकता १२२
५२. मन्त्रका जातिभेद १२५
५३. मन्त्र पाठमा ध्यान दिनुपर्ने तथ्यहरू १२७

५४. मन्त्र ग्रहण गर्दा विचार गर्नुपर्ने विषय १३०
५५. मन्त्रशक्तिको वैज्ञानिक चिन्तन १३३

○ खण्ड – ख (१३९-१९२)

५६. मन्त्र जप गर्ने विधि १३९
५७. साधनामा गोप्यता एवं मन्त्राक्षरमा भेद १४८
५८. दश महाविद्या साधना १५०
५९. महाविद्या स्तोत्र १५१
६०. महाविद्याकवच १५४
६१. अष्ट नायिका साधना १६१
६२. नवग्रहदोष शान्तिको यन्त्र-मन्त्र १६३
६३. नवग्रह यन्त्र, मन्त्र र स्तोत्र १७५
६४. ग्रहका रत्न र धातु १७८
६५. रत्न धारण विधि १८१
६६. बाह्र राशिका मन्त्र र यन्त्र १८९

○ खण्ड – ग (१९५-२७८)

६७. सूर्य पूजाविधि १९५
६८. चन्द्रमा पूजाविधि २०५
६९. मङ्गल पूजाविधि २१४
७०. बुध पूजाविधि २२३
७१. बृहस्पति पूजाविधि २३२
७२. शुक्र पूजाविधि २४१
७३. शनि पूजाविधि २५०
७४. राहु पूजाविधि २५९
७५. केतु पूजाविधि २६७
७६. देवताबलि २७५

○ सन्दर्भ ग्रन्थ (२७९-२८०)

खण्ड - क





विभिन्न देवी-देवताहरुका गायत्री

॥ दुर्गा-गायत्री ॥

ॐ कात्यायन्यै विद्महे कन्याकुमारी धीमहि तन्नो दुर्गाः प्रचोदयात् ।

॥ लक्ष्मी-गायत्री ॥

ॐ महालक्ष्म्यै च विद्महे विष्णुपत्न्यै च धीमहि तन्नो लक्ष्मीः प्रचोदयात् ।

॥ सरस्वती-गायत्री ॥

ॐ महासरस्वत्यै च विद्महे सर्वशक्त्यै च धीमहि तन्नो वाणी प्रचोदयात् ।

॥ राधा-गायत्री ॥

ॐ ह्रीं राधिकायै विद्महे गान्धर्विकायै धीमहि तन्नो राधा प्रचोदयात् ।

॥ सीता-गायत्री ॥

ॐ जनकात्मजायै विद्महे रामपत्न्यै च धीमहि तन्नः सीता प्रचोदयात् ।

॥ गङ्गा-गायत्री ॥

ॐ भागीरथ्यै च विद्महे विष्णुपत्न्यै च धीमहि तन्नो गङ्गा प्रचोदयात् ।

॥ तुलसी-गायत्री ॥

ॐ तुलसीपत्राय विद्महे विष्णुप्रियाय धीमहि तन्नो वृन्दा प्रचोदयात् ।

॥ बगलामुखी-गायत्री ॥

ॐ बगलामुख्यै विद्महे स्तम्भिन्यै धीमहि तन्नो देवी प्रचोदयात् ।

॥ ब्रह्मा-गायत्री ॥

ॐ वेदात्मनाय विद्महे हिरण्यगर्भाय धीमहि तन्नो ब्रह्मा प्रचोदयात् ।

॥ विष्णु-गायत्री ॥

ॐ नारायणाय विद्महे वासुदेवाय धीमहि तन्नो विष्णुः प्रचोदयात् ।

॥ कृष्ण-गायत्री ॥

ॐ दामोदराय विद्महे वासुदेवाय धीमहि तन्नः कृष्णः प्रचोदयात्।

॥ शिव-गायत्री ॥

ॐ तत्पुरुषाय विद्महे महादेवाय धीमहि तन्नो रुद्रः प्रचोदयात्।

॥ राम-गायत्री ॥

ॐ दाशरथाय विद्महे सीतावल्लभाय धीमहि तन्नो रामः प्रचोदयात्।

॥ हनुमद्-गायत्री ॥

ॐ रामदूताय विद्महे वायुपुत्राय धीमहि तन्नो हनुमत्प्रचोदयात्।

॥ गणेश-गायत्री ॥

ॐ लम्बोदराय विद्महे महोदराय धीमहि तन्नो दन्ती प्रचोदयात्।

॥ कार्तिकेय (स्कन्द/षण्मुख) गायत्री ॥

ॐ तत्पुरुषाय विद्महे महासेनाय धीमहि तन्नः षण्मुखः प्रचोदयात्।

॥ परशुराम-गायत्री ॥

ॐ जामदग्न्याय विद्महे महावीराय धीमहि तन्नः परशुरामः प्रचोदयात्।

॥ रुद्र-गायत्री ॥

ॐ तत्पुरुषाय विद्महे महादेवाय धीमहि तन्नो रुद्रः प्रचोदयात्

॥ अग्नि-गायत्री ॥

ॐ वैश्वानराय विद्महे लालीलाय धीमहि तन्नो अग्निः प्रचोदयात्।

॥ वायु-गायत्री ॥

ॐपवनपुरुषाय विद्महे सहस्रमूर्तये धीमहि तन्नो वायुः प्रचोदयात्।

॥ गुरु-गायत्री ॥

ॐ परब्रह्मणे विद्महे गुरुदेवाय धीमहि तन्नो गुरुः प्रचोदयात्।

॥ विश्वकर्मा-गायत्री ॥

ॐ विश्वकर्मणे विद्महे ब्रह्मपुत्राय धीमहि तन्नः शिल्पी प्रचोदयात्।

॥ सूर्य-गायत्री ॥

ॐ आदित्याय विद्महे सहस्रकिरणाय धीमहि तन्नः सूर्यः प्रचोदयात्।

॥ चन्द्र-गायत्री ॥

ॐ अत्रिपुत्राय विद्महे सागरोद्भवाय धीमहि तन्नश्चन्द्रः प्रचोदयात्।



वेदको उत्पत्ति कहिले भयो ?

आर्यवर्तका ऋषिमुनिहरूको ज्ञानको उच्चतम चिन्तनको उपज नै वेद हो । कैयौँ तत्त्ववेत्ताहरूले सम्पूर्ण जीवन खर्चिएर प्राप्त ज्ञानराशि वेद हो । यसभित्र ज्ञान, विज्ञान, खगोल, भूगोल आदि जुनसुकै विषयका यथेष्ठ सामग्री समाविष्ट भएको छ । वेद धर्मको मूलस्रोत हो[१] । वेदमा मन्त्रको भण्डार, यन्त्रको खजना, तन्त्रको सङ्कलन भएको जतातत्तै देख्न सकिन्छ । विभिन्न कालखण्डमा परमात्माको स्वास रूपमा हाम्रा ऋषिमुनिहरूले जे देखे त्यसको सङ्कलन नै वेद

१ गौतमधर्मसूत्र १।१।१

हो । वेदबाट नै धर्मको उत्पत्ति भयो ।[२] ब्रह्माण्डका रहस्य, जीवको महिमा र परमात्मा चिन्तनको रहस्य र यथार्थ तत्त्व प्राप्त गरेर यो धरा पवित्रतम बन्यो । वेदकै कारण ऋषि जन्मिए, विज्ञानको उत्पत्ति भयो । त्यसैले सबै ज्ञानहरूको जननी नै वेद हो ।

वेद पौरुषेय वा अपौरुषेय के हो भन्ने विषयमा विवाद रहेको पनि देखिन्छ । वेदका मन्त्र कसैले निर्माण गरेको होइन । त्यसैले ऋषिहरूको तपोबलबाट प्राप्त भएको शब्दराशि नै वेद हो ।[३] अनादिबाट प्राप्त भएको हुनाले मन्त्र उत्पत्तिको मिति छैन । विभिन्न कालखण्डमा हाम्रा पुर्खाहरूले अथक मिहिनेत, अनवरत साधना, अविरल परिश्रम गरेर प्राप्त गरेको महौषधि नै वेद हो । विज्ञानका आँखामा यो महाविज्ञान हो, मन्त्रका दृष्टिले महामन्त्र हो, ज्ञानपक्षलाई विचार गर्ने हो भने महाज्ञान हो अनि सबै दर्शनको आश्रयस्थल हो । योभन्दा ठूलो उपलब्धी न हिजो भयो, न आज, न भोलि होला भनेर कल्पना नै गर्न सकिन्छ ।

उद् गा आजदङ्गिरोभ्य आविष्कृण्वन् गुहा सतीः ।
अवञ्चितं नुनुदे वलम् ॥

• ऋग्वेद ८।१४।८

ऋग्वेदको यस मन्त्रले नै बताएको छ किः प्रत्येक कल्पको सुरुवातमा परमात्माले आफूमा अन्तर्निहित वेदज्ञानलाई ऋषिहरूको हृदयमा प्रकासित गरिदिनुहुन्छ । जसरी सूर्योदयपछि अन्धकारको नाश हुन्छ उसै प्रकार वेदको उदयपछि सबै प्रकारका अज्ञानहरूको नष्ट हुन्छ । परमात्मा सबैका पिता, सबैका आश्रयदाता, सबैका अभिभावक हुनुहुन्छ । उहाँबाट वेद प्राप्त भएको हुनाले ब्राह्मण, क्षत्रि, वैश्य, शूद्र सबैलाई वेदको अध्ययन, मनन, चिन्तन गर्ने अधिकार रहेको छ ।[४] सम्पूर्ण जीव र जातीहरू परमात्माका साझा सन्तान

२ वेदाद् धर्मो हि निर्बभौ -मनुस्मृति २।१३

३ साक्षात्कृधर्माण ऋषयो बभूवुः -निरुक्त १।२०।२

४ यथेमां वाचं कल्याणीमावदानि जनेभ्यः । ब्रह्मराजन्याभ्यां शूद्राय चार्याय च स्वाय चारणाय च ॥
प्रियो देवनां दक्षिणायै दातुरिह भूयासमयं मे कामः समृध्यतामुप मादो नमतु ॥ शुक्लयुजर्वेद २६।२

भएकाले वेदमा सबैको हक छ तर त्यसको लागि संस्कार भने चाहिन्छ नै ।

वेदको उत्पत्तिको सम्बन्धमा ठोस तिथि, मिति उपलब्ध हुँदैन । पौरस्त्य ग्रन्थहरूमा वेदका मन्त्रहरू परमात्माका स्वास भएको एवं अनादिकालमा उत्पत्ति भएको तर्कमात्र भेटिन्छन् । वेद कुनै ऋषिविशेषको रचना होइन भन्ने तथ्यहरू वैदिक ग्रन्थहरूमा पनि पाइन्छन् । "निरपेक्षरवः श्रुतिः" अर्थात् जसलाई प्रमाणित गर्न अरु शास्त्रको सहयोग लिनुपर्दैन त्यही वेद हो । यसकारण वेद कुनै व्यक्तिविशेषले लेखेको काव्य होइन र यसको उत्पत्तिको मिति पनि पाइँदैन । बृहन्नीलतन्त्रम्मा शिवजीले पार्वतीलाई उपदेशका क्रममा भन्नुभएको छः-

स्वयं प्रवर्तते वेदस्तत्कर्ता नास्ति सुन्दरि ।
स्वयंभूरीशो भगवान् वेदो गीतज्ञत पुरा ॥
शिवाद्या ऋषिपर्यन्ताः स्मर्तारो ऽस्य न कारकाः ।
प्रकाशका भवन्त्येते कृष्णाद्यास्त्रिदिवौकसः ॥

• *बृहन्नीलतन्त्रम् ४।१०१ -१०२*

अर्थात् "हे सुन्दरी ! वेदका रचनाकार कोही होइन, अनादि निर्गुण ब्रह्म स्वयं नै सगुणरूपमा भएर परमात्माको मुखबाट स्वाभाविक रूपमा निःश्वासवत् आदिमकालमा वेदको प्रकट भयो । शिवदेखि लिएर ऋषिपर्यन्त सबे यसको केवल स्मरण गर्दछन्, यसका रचनाकार उनीहरू होइनन् । कृष्णद्वैपायन(वेदव्यास) तथा अन्य देवगणहरूले वेदलाई प्रकास पारेका मात्र हुन् ।" वेदव्यासले वेदलाई विभाजन गरेका हुन्, वेद लेखेका होइनन् । यसकारण वेदको निर्माण कुनै जीवात्माले गर्न सक्ने कुरै होइन । हामी नेपाली सौभाग्यशाली छौँ । हाम्रा नदी, हिमाल, पहाड, गुफा आदिमा अनेकौँ मन्त्रलाई ऋषिहरूले साधनाका प्रभावले साक्षात्कार गरेका थिए । परमात्माले जीवात्मालाई दिएको प्राचीन र सर्वशक्तिमान सम्पत्ति नै वेद हो । जसले वेदलाई मार्गदर्शन मान्छ उही नै वैज्ञानिक बन्छ, मुक्तिको भागीदार हुन्छ । किनकि यो परमात्माबाट अनादिकालमा प्राप्त भएको अमृत हो ।



वेदको अर्थ, परम्परा र विषय

वेदशब्द सामान्यतः "विद् ज्ञाने, विद् विचारणे, विद्लृ लाभे, विद् सत्तायाम्" यी चार धातुहरूबाट निष्पन्न हुन्छ । क्रमशः ज्ञान, विचार, लाभ र सत्ता यी चार धाातुहरूको चारवटै अर्थ हुन्छन् । विद् धातुमा घञ् प्रत्ययको संयोजन भएपछि वेदशब्द निर्माण हुन पुग्छ । हरेक शब्दको अर्थले दिएको ज्ञान र लक्ष्यमा पुग्न वेदबाट सम्भव छ । शब्दको महिमा र अर्थ बुझेपछि मात्र त्यसको ज्ञान बढ्छ । वेद यस्तो ज्ञान हो जसको पूर्ण ज्ञान परमात्माबाहेक अरुलाई हुँदैन । वेद पाठ गर्ने पनि आफ्नै विधान छन् । यसलाई संस्कृतभाषाका कथा र कविता पढेजस्तो वाचन गर्न हुँदैन ।

जटा माला शिखा रेखा ध्वजो दण्डो रथो घनः ।
अष्टौ विकृतयः प्रोक्ताः क्रमपूर्वा महर्षिभिः ॥

अर्थात् "जटा, माला, शिखा, रेखा, ध्वज, दण्ड, रथ, घन गरी वेदका पाठ गर्ने आठ प्रकारका विकृतिहरू रहेका छन् ।" वेदमा सूत्र रूपमा विज्ञान, भूगोल, खगोल, अर्थशास्त्र, पुरातत्त्व, नृतत्त्व आदिका समग्र ज्ञान छन् । यिनै

समग्र ज्ञानराशिको नाम हो वेद[५] । आदिदैविक, आदिभौतिक, अध्यात्मिक ज्ञानराशिको नामले पुकारिने वेद नै विश्वको सबैभन्दा प्राचीन ग्रन्थ हो । विश्वको सबैभन्दा प्राचीन भाषामा सङ्कलित अर्थात् शब्दराशिको धनी संस्कृतभाषामा लेखिएको छ वेद । पहिले एकमात्र ऋग्वेद थियो । यजुष्, साम, अथर्ववेदको मूल ऋग्वेदभित्र अन्तरनिहित थियो । अठ्ठाइसौ व्यास अर्थात् नेपाल भूमिका महानिधिबाट वेदको व्यास भएको इतिहासमा पढ्न पाइन्छ । उनको नाम द्वैपायन हो । जसलाई मत्स्यगन्ध एवं पराशर ऋषिका सुपुत्र भन्दछौँ । वेदव्यासले नै ऋग्, यजुष, सामन्, अथर्वन्मा विभाग गर्नुभयो । वेद राशिको वेदको प्रचार प्रसारमा पनि वेदव्यासको महत्त्वपूर्ण भूमिका छ । नेपाल आमाका सुपुत्र ड.स्वामी प्रपन्नचार्य एवं योगीराज नरहरिनाथले वेदव्यासको जन्मभूमि दमौलीको व्यासगुफालाई मान्नुभएको छ । उनै वेदव्यासले चीरकालसम्म यो विद्यातन्तु रही रहोस् भनेर आफू निकट चार शिष्यलाई फरकफरक वेद अध्यापन गराउनुभयो ।

(क) ऋग्वेदः- पैल नामक शिष्यलाई अध्यापन गराउनुभएको थियो ।

(ख) यजुर्वेदः- वैशम्पायन नामक शिष्यालाई अध्यापन गराउनुभएको थियो ।

(ग) सामवेदः- जैमिनि नामक शिष्यलाई अध्यापन गराउनुभएको थियो ।

(घ) अथर्ववेदः- सुमन्तु नामक शिष्यलाई अध्यान गराउनुभएको थियो ।

उनीहरूले पनि आफ्ना शिष्यहरूलाई पढाउँदै गए ।[६] यसरी वेदव्यासबाट विस्तार हुँदै गएको परम्परा आजसम्म आइपुगेको छ । वेद चारै भए पनि कतिपय शास्त्रहरूमा त्रयी भनेको र लेखेको पाइन्छ । वेदलाई मुख्यतः अध्ययनका दृष्टिले महर्षि वेदव्यासले कर्मकाण्ड, उपासनाकाण्ड र ज्ञानकाण्डमा विभाजन गरिदिएका हुन् । हाम्रा केही अग्रजहरूका भनाइ अनुसार वेदमा एक लाख मन्त्र रहेका छन् जसमध्ये कर्मकाण्डमा मात्र असी हजार मन्त्रहरू छन् । ती सबै गार्हस्थ जीवनपद्धतिका लागि विभाग गरेका हुन् । सोह्र हजार मन्त्रहरू

---

५ इष्टानिष्टाप्राप्ति परिहारयोरलौकिकोपायबोधकत्वे सति शब्दराशित्वंवेदस्य लक्षणम् ।

• *ऋग्वेद भाष्यभूमिका*

६ त एत ऋषयो वेदं स्वं स्वं व्यस्यन्ननेकधा । शिष्यैः प्रशिष्यैस्तच्छिष्यैर्वेदास्ते शाखिनोऽभवन् ।

उपासना काण्डमा छुट्याइएका छन् । यी सोह्र हजार मन्त्रहरूको उपयोग वानप्रस्थ जीवनचर्याका लागि अलग गरिएका हुन् । वानप्रस्थ भनेको वनमा बस्ने मात्र होइन परमात्माको भक्ति र उपासना गर्ने आश्रम पनि हो । वेदका केवल चारहजार मन्त्रमात्र ज्ञान काण्डमा परेका छन् । वेदमा सम्मिलित तीनकाण्डको दृष्टिकोणले ध्यानमा राखेर वेदलाई त्रयी भन्ने, लेख्ने गर्छन् । मूल वेदमा एक लाख सूक्तानुवाक् रहेको पाइन्छ । सूक्तानुवाक् ऋक्परम्परा हो, यजुष्परम्परामा यसलाई कण्डिका, साममा आर्चिक र अर्थववेदमा मन्त्र भन्ने गर्दछन् ।

वेदको अध्ययन गुरूपरम्पराअनुसार गर्न जरुरी छ । यसको अध्ययन सार, स्वर एवं उच्चारण गुरु विना सम्भव हु'दैन । नेपालमा शुक्लयजुर्वेदी र दक्षिण भारतमा कृष्णयजुर्वेदीको संख्या अधिक पाइन्छन् । वेदका आफ्नै उपनिषद्, व्याकरण भएकोले पनि अर्थ पूर्णरूपले ज्ञान गर्न गुरूपरम्पराको आवश्यकता छ वा गुरुमुख हुन जरुरी छ ।

वैदिकसनातन हिन्दूधर्मको सर्वस्व भनेको वेद नै हो । वेद अध्ययन हुँदासम्म भारतवर्ष सम्मन्न, संभ्रान्त र विश्वभरको ज्ञानपूञ्ज थियो । विद्वान्, समाजसेवी, राष्ट्रवादीहरूको वौद्धिक तागतले राष्ट्र गौरवान्वित थियो । यसैले अब वेदमा फर्कने दिन फेरि आएको छ । वेदका बहुआयामिक ज्ञानलाई सामान्य व्यक्तिले जान्न वा बुझ्न निकै गाह्रो पर्छ । यसमा परमात्माको चिन्तनदेखि जीवनयापनका नियमहरूसमेतलाई वर्णन गरिएको छ । कसले कति बुझ्ने भन्ने सम्बन्धमा गुरुश्रद्धाका साथै विद्याको साधना र अभ्यासमा निर्भर गर्छ । शास्त्र आशीर्वाद र गुरु आशीर्वादविना वेदमा गति पाउन सकिदैन । साकारविना निराकारको अस्तित्त्व बुझ्न र बुझाउन गाह्रो पर्छ भने साकारको अस्तित्त्व नै निराकार हो भन्नु युक्तियुक्त सिद्धान्त हो ।

कलियुगको प्रभावले गर्दा मानिसको बुद्धि सूक्ष्मतिर आकर्षित हुन सकेको छैन । ठोस र प्रत्यक्षलाई मात्र पत्याउने चलन छ । वेदले निराकारको बोध गराउँछ । जस्तै अनेक खाद्यपदार्थहरू साकार छन् तर त्यसको स्वाद, आनन्द भने निराकार छ । स्वाद वा आनन्द कसैलाई बाहिर निकालेर सामानजस्तै

देखाउन सकिँदैन । स्वाद भनेको अनुभव गम्य हो । साकार नभएसम्म अनुभव हुन सक्दैन । "भोक्ता भोग्य प्रेरितारञ्च मत्वा जुष्टस्तस्तेनामृतत्त्वमेति" श्वेताश्वेतरश्रुतिले भनेको छ "भोग गर्ने व्यक्ति वा चेत नभई भोग्य पदार्थहरूको भोग कसले गर्ने ? फेरि प्रेरियिता नभएसम्म भोक्ताले पनि भोग गर्न सक्दैन ।" ऋग्वेदको प्रथममण्डलको प्रथम अध्यायको प्रथम सूक्तको पहिलो मन्त्र मा भनिएको छः-

अग्निमीले पुरोहितं ...(अ. १।१।१।१)

अर्थात्, "उपासकको अगाडि उपस्थित अग्निवेदको म प्रार्थना गर्छु ।" यसरी ऋग्वेदमा मूर्तिपूजा र परमात्मा चिन्तनको वर्णन छ । "रूपं रूपं मघवा वोभवीति" (ऋ. ३।४।५६।८) श्रद्धाले भक्तहरू जुन रूपमा मूर्तिको उपासना गर्न चाहन्थे इन्द्रले भक्तको मनोवाञ्छा पूरा गर्नलाई उही रूप धारण गर्थे । वेदले यसरी निराकार परमात्मालाई साकार रूपमा बुझाउन खोजेको छ । यसको अर्थ वैदिककालमा मूर्तिपूजा थियो भन्न खोजिएको होइन । वेदले अर्मूतलाई मूर्तरूपमा बुझाउँछ मात्र भन्ने सङ्केत गरिएको हो । यसले आत्माको अनुसन्धानमा ठूलो सहयोग गरेको छ । मन्त्रहरूमा आएका अर्थ बदल्ने वा परिवर्तन गर्ने सामर्थ्य कसैको छैन । पहिले त मन्त्रमा आएका विषयलाई सङ्गतीकरण गराउन सक्नुपर्छ । त्यसपछि मण्डल, अष्टक, अध्याय, सूक्त, सूक्तानुवाक्, ऋचा, अर्धर्च आदिबाट शब्दहरूका अर्थमा प्रवेश गर्नुपर्ने हुन्छ । मन्त्रहरूमा धेरैजसो लौकिक शब्दहरू भए पनि वैदिक व्याकरण प्रातिशाख्य, निरुक्त, ब्राह्मण, निघण्टु तथा पूर्वमीमांसा दर्शन आदि माथि विवेक पुऱ्याउनुपर्छ । वेदसँग सम्बन्ध राख्ने ग्रन्थहरूको पनि अध्ययन गर्ने सामर्थ्य भए मात्र मन्त्रार्थ बुझ्ने क्षमता आउँछ । यसैले वेदको वास्तविकता बुझ्न् विभिन्न महानुभावहरूले लेखेका भाष्य पढेर, कसैको प्रवचन वा कथा सुनेर पार लाग्ने विषय होइन । यसका लागि गुरुको आवश्यकता पर्दछ र नियमबद्ध हुनुपर्छ । यसैले त हाम्रो शिक्षापद्धतिमा गुरुकुलको जरुरत थियो । गुरुको आवश्यकता यहीकारण परेको थियो । जसरी कुलपरम्परविना परिवारको अस्तित्त्व रहँदैन, त्यसैगरी गुरूपरम्परा पनि विद्याको ओजमा कमी आउँछ । यहीकारण वेदमा गुरूपरम्परा आवश्यक छ ।



वेदमा विदेशी किन ?

वर्तमान समयमा वेदमाथि विभिन्न देश, क्षेत्र, अवस्था, दृष्टिकोण, चिन्तन, दर्शन आदिबाट परीक्षा हुन थालेका छन् । श्रद्धा राखेर वा प्रतिशोधको भावनाले पनि तौलिने क्रम बढ्दोछ । नेपालमा जन्मिएका, साधना गरेका विभिन्न ऋषिमुनिहरूको वेदमा ठूलो योगदान छ । पछिल्ला केही शतकयता यसको चर्चा एक वर्गबाट अन्यमा पनि बढ्दै गएको छ । केही विषयमा पाश्चात्यजगत् र हाम्रा चिन्तनबीच मतभिन्नता देखिन्छन् । हामी मानवको उत्पत्ति मानवबाटै अर्थात् मनुदेखि प्रारम्भ भएको विश्वास गर्दछौँ । पश्चिमाहरू अमिवाबाट विकास भएको मान्दछन् । हाम्रा शास्त्रहरूले हाम्रा पितापुर्खा ज्ञानविज्ञानका ज्ञाता मान्दछ । वेद, उपनिषद्, आरण्यक, पुराण आदि ग्रन्थले पनि हाम्रा अग्रज ऋषि, महर्षि भएको पुष्टि गर्दछ तर पाश्चात्यहरू चेम्पाञ्जी र वानरलाई पुर्खा मान्दछन् । हामी गर्व र गौरवका साथ भन्न सक्छौँ हाम्रा पुर्खाले ज्ञान, विज्ञानको विगुल फुके अनि खगोल, भूगोलदेखि प्राणीहरूको सूक्ष्म अध्ययन र अनुसन्धान गरे । यसैले हाम्रा पुर्खा ऋषि थिए, वेद आदि शास्त्रका सर्जक र ज्ञाता भयो ।

वेद विश्वको सर्वश्रेष्ठ र सर्वप्राचीन ज्ञानको भण्डार हो । यो शास्त्र हो ग्रन्थ र कथा होइन । प्राचीनकालदेखि वेद विश्वको एकमात्र अमूल्य निधि

हो । यसलाई संस्कृतभाषामा लिपिबद्ध गरिएको छ । यसलाई अन्य भाषामा अनुवाद गरे पनि समग्र पक्षलाई उतार्न निकै गाह्रो छ । १५औं शताब्दीदेखि २० औं शताब्दीसम्म पाश्चात्य र पौरस्त्य दुवैतिरका विद्वान्हरूले वेदमाथि प्रशस्त सोधखोज गरेका छन् । पश्चिमाहरूले निकै पछि धेरै कुराहरू खोजेर सङ्कलन गरेका छन् । हाम्रो पहिले नै भण्डारन गरेर ऋषिहरूले राखिदिएका छन् । हाम्रा पुर्खाले पहिले नै तयारी गरेर राखेका तथ्यलाई पाश्चात्यहरूले आश्चर्यमय मानेका छन् । अहिले पनि पश्चिमाहरू हाम्रा पितापुर्खाको ज्ञानवैभव र श्रृङ्खला देखेर आश्चर्यचकित भएको पाइन्छ । संस्कृतवाङ्मयमा लागेका पाश्चात्य विद्वान्हरूले वेदको स्तुति र निन्दा दुवै गरेका छन् । जसले संस्कृत पढेका थिए, यथार्थ बुझेका थिए, तिनीहरूले खुलेर प्रशंशा गरेका छन् । अन्यथा प्रो. विलसनले किन यो श्लोकको रचना गर्ने थिए र ?

यावद् भारतदेशः स्याद् यावद्विन्ध्यहिमालयौ ।
यावद् गङ्गा च गोदा च तावद् स्थास्यति संस्कृतम् ॥
न जाने विद्यते किं तन्माधुर्यमत्र संस्कृते ।
सर्वदैव समुन्मत्ता येन वैदेशिका वयम् ॥

अर्थात्, "जबसम्म भारतभूमिलाई विन्ध्याचल र हिमालयले शोभायमान् बनाइ राख्छ, गङ्गा र गोदावरीले यो भूमिलाई पवित्र बनाइ राख्छ, तबसम्म संस्कृतभाषाको यो सरलता, वास्तविकता, मिठास र माधुर्यपनको नशामा हामी विदेशीहरू झुमी रहने छौँ ।" आधुनिकयुगमा संस्कृत पढ्ने पाश्चात्य विद्वान् अब्राहम रोजर्सले भर्तृहरिको शतकत्रयको अनुवाद गरेका थिए । उनले पाश्चात्य जगत्लाई संस्कृतभाषा र यसबाट जन्मिएको ज्ञानलाई चिनाएका थिए । यिनले ऋग्वेद र यजुर्वेदको केही मन्त्रहरूको अनुवाद पनि गरेका थिए । सन् १७५० मा पादरी डेनिशले यजुर्वेद र सर चार्ल्स विलक्सले १७४९ तिर ऋग्वेदका केही सूक्तहरूको अनुवाद गरेका थिए । ए. मैकडानल पीटर पीटर्स र उ.वी. कीथको पनि ठूलो देन छ । १९९६तिर वेद विषयमा निबन्ध लेख्ने ई. डब्लु. फ्रेलेलाई पनि भुल्नुहुँदैन ।

जर्मनका मोक्षमूलर (मैक्समूलर) ले ३००० पृष्ठको ऋग्वेद सायणभाष्यलाई पाँच भागमा प्रकाशित गरेर स्तुत्य योगदान दिए । राथको वैदिक कोष पनि पठनीय छ । थ्यूडोर आफ्रेटले १८५२मा सायणभाष्यसहित ऐतरेयब्राह्मणको प्रकाशन गरे । यहीक्रममा विशेष गरी पश्चिमा मुलुकका विद्वान्हरूले वैदिक साहित्यमा शतपथब्राह्मण, यजुर्वेदका संहिता, तैतिरीयसंहिता, मैत्रायणीसंहिता, यजुर्वेदीय महीधरभाष्य, कात्यायन श्रौतसूत्र, वाजसनेयी प्रातिशाख्य, वैदिकछन्द, वैदिकज्योतिष, वैदिक नक्षत्र इत्यादि महत्त्वपूर्ण वैदिक ग्रन्थहरू सम्पादन गरेको पाइन्छ । हालेण्डबासी वैदिक विद्वान्हरूमा डी. ग्राष्ट्रा डा. कैलेण्ड, डा. सैयद्र रजा जलाली, पारसी विद्वान् दादाचन तथा दादायनको योगदान पनि वेद र संस्कृतवाङ्मयमा निकै राम्रो थियो । रुस, चीन, इटली, स्कटलेण्ड, पोलेण्ड आदि देशहरूमा पनि वेदको अध्ययन भएको थियो र यो क्रम अहिले पनि चलिरहेको छ । अहिले यस्ता विद्वान्हरू कति होलान् शोधखोजको विषय छ । डा. स्वामी प्रपन्नाचार्यले यसका बारेमा किम् संस्कृतस्य अन्ताराष्ट्रिय महत्त्वं वर्तते ? नामक ग्रन्थमा निकै मार्मिक तरिकाले प्रस्तुत गर्नुभएको छ ।

हामीले हामीभित्रकै सम्पत्तिलाई, विद्यालाई, वैभावलाई पहिचान गर्न सकेनौँ । कागले कान लग्यो भन्दा विचारै नगरी त्यसको पछिपछि दौडने काम गरेका छौँ । पाश्चात्यहरू मूर्ख थिएनन् र उनीहरूले खिल्ली गर्नका लागि मात्र वेद आदि शास्त्रको अध्ययन गरेका थिएनन् । कतिपयले यसलाई विनाश गर्न पसे पनि निस्कँदा यसका प्रशंसक भएका उदाहरणहरू प्रशस्त छन् । यसैको परिणामस्वरूप विश्वका सानाठूला देशहरूमा वेदको ज्ञानराशि पुगिसकेको छ । त्यसो भएको हुनाले त "कृण्वन्तो विश्वमार्यम्" (ऋ. वे. ९।६३।५) यो वचन सार्थक हुन्छ । वैदिक साहित्यका प्रकाण्ड विद्वान् पं. भगवद्दत्त वी. ए. को ग्रन्थ (Western Indologist a study In Motiver) हेर्न आवश्यक छ । आर्यवर्तमा जुन तहमा वेदको खोज, अनुसन्धान, प्रचार, वैभव थियो दुर्भाग्य अहिले शिथिल जस्तै छ । यसतर्फ न त राज्यको ध्यान नै आकर्षण भएको छ, न त तत् क्षेत्रका महानुभावहरूको नै ।

भारतमा अङ्ग्रेजहरूको लामो शासन चल्दा वेदलगायतका पौरस्त्य ज्ञानविज्ञानमा नकारात्मकरूपमा ठूलो असर परेको छ। भारतवर्षमा पाश्चत्यहरूको राजनीति सेलायो र व्यवसायी पनि उनीहरूसँगै गए। दुर्भाग्य नै भनौँ हाम्रो धर्म, संस्कृति र इतिहासमा चाहिँ गहिरो रङ्ग जमाएर बसेको छ। पाश्चात्यहरूले बुद्धिको जादू देखाएका छन्। त्यसो हुँदा शरीर जेको भए पनि मस्तिष्क विदेशीको हुनाले सोच्ने तरिका उसैको हुन्छ। विद्यालय, युनिभर्सिटीदेखि सम्पूर्णमा शरीर नेपालीको भए पनि सोच्ने क्षमता र विवेकचाहिँ पाश्चात्य नै छ। यी घातक कर्मले हामीलाई हामीभित्रै विरानो बनाउने काम भयो। यसले दीर्घकालसम्म हामीलाई उठ्न नसक्ने बनाइदिए। विदेशीहरूले हाम्रा हरेक विषयमा विष हालिदिएर बडो चतुरताका साथ बुद्धि खियाएर इतिहासको पाना बिगारिदिए। कसैलाई खतम गर्नुपर्छ भने सबैभन्दा पहिले उसको इतिहासलाई खतम पार्नुपर्छ। अहिले हाम्रा गोत्र, पर्वर, सामे, पाछा आदि अलपत्रमा परेका छन्।

विदेशी शिक्षाको प्रभावले वेदमाथि जति प्रहार भए पनि विदेशीहरू योग, आयुर्वेद, तन्त्र, ज्योतिष र वेदप्रति आकर्षित हुँदै गएका छन्। डा. जकालियर, शोपेनहावर आदि जस्ता निष्ठावानलाई छोडेर धेरै यस्ता पाश्चात्य विद्वान् छन् जसले वेद पढे। रावर्ट नोविलीले एउटा अलग्गै यजुर्वेद बनाए तापनि मैक्समूलरले त्यसको यथार्थ उजागर गरिदिए। आश्चर्यको कुरा के छ भने हामी भन्छौं "अङ्ग्रेजी नपढी हुँदैन।"

आफ्नो विज्ञानबाट विमुख भएर विदेशी बन्नु कस्तो दुर्भाग्य, कस्तो बिडम्बना। पाश्चात्यहरूले भन्छन् "वेद र संस्कृत नपढी हुँदैन।"

त्यसैले विभिन्न विद्वान्सँग वा कलेजहरूमा पाश्चात्यहरू वेद पढ्न भारतमा आएको निकै देखिन्छ। वेदको रस जीवन र जीवनशेषपछि पनि अमृतमय भएकाले उनीहरू यसमा झुमेका छन्।



वेद कतिवटा छन् ?

खोज र अनुसन्धानको अभावमा हामीभित्रकै कैयौँ विषय विवादमा छन्, ओझेलमा परेका छन् । उपनिषद् र पुराणहरूको संख्यामा मात्रै होइन वेदकै बारेमा पनि केही मानिसहरू अनावश्यक प्रश्न उठाइरहेका छन् । यो विषयलाई लिएर पौरस्त्य विद्वान्हरूले आफ्नो आफ्नो प्रमाण र तर्कहरू उठाएर आफू विजयी हुने प्रयास गरेको पनि देखिन्छ । जति नै तथ्य पेश गरे पनि दुवै पक्षको उत्तिकै सोचनीय प्रमाणहरू देखिन्छन् । कुन आधारमा वेदलाई विभाजन गरिएको हो त्यसमाथि विवेक प्रयोग गर्न आवश्यक छ । उदाहरणका लागि यज्ञको विधान गर्दा "सत्रिभिर्वेदैविधीयते" (सत्या. सू १।१) अर्थात् यज्ञ गर्दा ऋग्वेद, यजुर्वेद, सामवेद ती तीनै वेदले गर्नुपर्छ ।

ऋग्वेदमा पनि तीनै वेदको वर्णन भएको देखिन्छ । "ऋषयस्त्रयीविदो विदु ऋचः सामानि यजूंषि" (तै. ब्रा. १।२।१) तीनै वेदलाई जान्ने ऋषिहरूले ऋग्वेद, यजुर्वेद, सामवेदलाई जानेका छन् । यहाँ अथर्ववेदको चर्चा छैन,

ऐतरेयब्राह्मणले पनि "त्रयो वेदा अजायन्त" ऐ. ब्रा. ५।३२ भनेर तीनै वेद बताएको छ । यो कुन अर्थ र सन्दर्भमा भनेको हो विचार गर्न आवश्यक छ ।

शतपथब्राह्मणमा "त्रयी वै विद्या" (श. ब्रा. ४।६।७।१) विद्या अर्थात् वेद तीनवटा मात्रै छन् ।

छान्दोग्य उपनिषद्मा पनि "एतां त्रयीं विद्याम्" (छा. उ. ४।१७।२) यी तीनै विद्या हुन् भनेर तीन वेदको मात्र वर्णन गरिएको छ ।

डा. स्वामी प्रपन्नाचार्यजीले पनि वेदमा के छ ?, चौसठ्ठी शिवलिङ्गको अनुसन्धानात्मक विश्लेषणलगायतका पुस्तकहरूमा यसको बारेमा राम्रो व्याख्या गर्दै उहाँले विभिन्न शास्त्र र शास्त्रज्ञहरूको चर्चालाई उपस्थापन गरेर निष्कर्ष निकाल्नुभएको छ । भारतीय वैदिक विद्वान्हरूले पनि यसतर्फ निकै कलम चलाएको पाइन्छ ।

हाम्रो भरपर्दो प्रमाण भनेको वेद, उपनिषद्, आरण्यक, स्मृति, महाभारत, रामायण आदि ग्रन्थ र शास्त्र हुन् । गीतामा "त्रैविद्या मां सोमपाः" (गीता ९।२०) तीनै विद्या अमृतको खानी हो भनिएको छ ।

विनियोगको भेदले मात्रै वेदको सन्दर्भमा "त्रयी" शब्द प्रयोग भएको देखिन्छ । पतञ्जलिले महाभाष्यमा "चत्वारि शृङ्गा त्रयोऽस्य पादा" (ऋ. ४।५८।६), (य. १७।९१), (तै. आ. १०।१०।२), (नि.१३।७) यस मन्त्रको केही व्याख्या गरेका छन् ।

वृहदारण्यक उपनिषद्मा "ऋग्वेदो यजुर्वेदस्सामवेदोऽथर्वाङ्गिरसः" (वृ. उ. ४।५।११) त्यो महान् परमात्माको निश्श्वासभूत ऋग्वेद, यजुर्वेद, सामवेद र चौथो अथर्व अङ्गिरसवेद हुन् भनिएको छ ।

मुण्डकोपनिषद्मा "ऋग्वेद, यजुर्वेद, सामवेदोऽथर्ववेदो (मु. उ।१।१।५) यसमा पराविद्या र अपराविद्याको चर्चा गर्दा चार वेदको नाम लिइएको छ ।

वेदका निगम, आगम, छन्दस्, स्वाध्याय, ब्रह्म, अनुश्रव, आम्नाय, त्रयीविद्या, श्रुति इत्यादि अनेक नाम छन् । वेदका अनेक शाखा, उपशाखा, ब्राह्मण, आरण्यक, उपनिषद्, सूत्र, कल्पसूत्र, प्रातिशाख्य, निरुक्त, स्मृति, पुराण, उपपुराण, तन्त्र, ज्योतिष, आयुर्वेद विज्ञान आदि अनेक विभाग छन् ।

वेद वास्तवमा आर्य हिन्दू वाङ्मयको मूल भएको हुनाले सर्वत्र उल्लेख भएको पाइन्छ । यस वेदराशिले विश्वलाई ज्ञान दिएको छ । "निरपेक्षरवः श्रुतिः" अर्थात् अरु कुनै प्रमाणको सहायता विनै जो स्वतः सिद्धस्वरूप छ, त्यसलाई श्रुति भनिन्छ । त्यसैले वेदलाई श्रुति पनि भनिएको हो । विस्तृत जानकारीका लागि लागि मीमांसा, न्यायसुधा, शास्त्रद्वीपिका, शावर भाष्यादि ग्रन्थहरूको श्रुति विवेचन गर्ने स्थल या प्रकरण मनन गर्नु आवश्यक छ ।

वेदहरूमा ऋग्वेद मूल शास्त्र हो । यसैबाट अरु वेद बाँडिएका हुन् । ऋग्वेदका दश मण्डल छन् । त्यसमा पनि प्रत्येक अष्टक छन् । यजुर्वेदको चाहिँ अध्याय र मन्त्र संख्यामात्रै हुन्छन् । सामवेदमा पूर्वाचिक र उत्तरार्चिक दुई भाग छन्, अथर्ववेदचाहिँ काण्डात्मक छ ।

वेदहरूका आफ्ना-आफ्ना ब्राह्मण, आरण्यक, उपनिष्द्, प्रातिशाख्य, निरुक्त, चरणव्यूह, देवता, सूत्र हुन्छन् । वेदको शाखा बनाउने चरणव्यूह आदि ग्रन्थ छन् । एक सय शाखा यजुर्वेदका छन् । नौ शाखा अथर्ववेदका छन् । एक्काइस शाखा ऋग्वेदका छन् । वेदहरूको संहिता दुई प्रकारका हुन्छन् । यसै क्रमलाई लिएर जटा, माला, शिखा, रेखा (लेखा), ध्वज, दण्ड, रथ, धन यी आठ प्रकारका विकृति भएको छन् । यी पाठ गर्ने भेदले वेदको सत्यतथ्यलाई वुझ्न सजिलो बनाउँछ । यजुर्वेदका पनि शुक्ल र कृष्ण गरी दुई प्रकार छन् ।

ऋग्वेदबाट व्यासले कर्मकाण्डका लागि यजुर्वेद अलग गरे बुझिन्छ । स्तुति, प्रार्थना, गायनलाई समाविष्ट गर्दै सामेवद तयार गरे । शान्ति, पुष्टि, औषधि, राज्यभिषेक आदिको सङ्कलन गरी अथर्ववेद अलग बनाए । यी चार वेदको पढाई गराउँदा चाहिँ व्यासले चार शिष्यहरूलाई क्रमैले बाँडे । मीमांसा दर्शनले वेदको मन्त्रहरूलाई समेटेर त्यसको शाखा, उपशाखा, ब्राह्मण, सूत्र आदिका आधारमा अग्निष्टोम, वाजपेय, विश्वजित, सोमयाग, अनुपज, प्रमाज, अश्वमेध, गोमेध, पितृमेध, नरमेध आदि यागहरूका विधान गरेका थिए । फरकफरक दृष्टिले हेर्दा वेदको संख्यामा समनता पाइँदैन । पुस्तकीय आकारमा ऋक्, यजु, साम, अथर्व गरी चार छन् ।

ऋचं वाचं प्रपद्ये मनो यजुः प्रपद्ये साम प्राणं प्रपद्ये चक्षुः श्रोत्रं प्रपद्ये ।
वागोजः सहौजो मयि प्राणपानौ ॥

• *शुक्लयजुर्वेद ३६/१*

यस मन्त्रमा आएको वाणीरूप ऋचा, यजुरूप मन, सामरूप प्राण र अथर्वरूप आँखा प्राप्त गर्ने विषयका आधारमा पनि वेद चारवटा हुन् भन्ने आधार जुट्दछ । ज्ञानका आधारमा महाभारतलाई पनि वेदस्वरूप मान्दछन् । यसलाई आधार मानेर हेर्दा वेद पाँचवटा छन् भन्न पनि सकिन्छ । वर्तमान समयमा उपलब्ध भएका वेदलाई कर्मकाण्ड, ज्ञानकाण्ड, उपासनाकाण्डका आधारमा तीनवटा नै देखिन्छन् । बृहन्नीलतन्त्रम् (४।१००)मा शिवजीले पार्वतीलाई उपदेशका क्रममा भन्नुभएको छः एको वेदश्चतुर्धाभूद् यजुःसाम ऋगादयः । अर्थात् वेद एक हो तर त्यसलाई यजुर्वेद, सामवेद, ऋग्वेद, अथर्ववेद गरी चार भागमा विभाजन गरिएको छ । पातञ्जल व्याकरण महाभाष्यमा भनिएको छः

चत्वारो वेदाः साङ्गाः सरहस्या बहुधाभिन्नाः एकशतमध्वर्युशाखाः ।
सहस्रवर्त्मा सामवेदाः एकविंशविशतिधा बाह्वृच्यं नवधा आथर्वणो वेदः ॥

अर्थात् वेद चार हुन् । रहस्यले युक्त चार वेद धेरै शाखामा विभक्त छन् । यजुर्वेदका १०१ शाखा, सामवेदका एक हजार शाखा, ऋग्वेदको २१ साखा अथर्ववेदको ९ शाखा छन् । वेदं तावदेकं सन्तमतिमहत्त्वाद् दुरध्येयमनेकशाखाभेदेन समाम्नासिषुः । सुखग्रहणाय व्यासेन समाम्नातवन्तः ॥[७] यस दृष्टिले हेर्दा पनि सृष्टिको प्रारम्भमा भएको एउटै वेदलाई वेदव्यासले विभिन्न भागमा विभाजन गरेको सजिलै बुझ्न सकिन्छ । शास्त्रले कुन दृष्टिका आधारमा वेदको संख्याबारेमा व्याख्या गरेका छन् त्यसलाई बुझ्न आवश्यक छ । तथापि संख्याको आधारमा वेद चारै हो । यसलाई कुन विषयमा केन्द्रित गरी कसरी हेर्ने ? त्यसका आधारमा वेदको संख्यामा तलमाथि हुन पनि सक्छन् ।

---

७ निरुक्त (१।२०।२)





मन्त्रले ईश्वर चिनाउँछ

परमात्मालाई चिन्ने, बुझ्ने, अनुभूत गर्ने सहज माध्यम भनेकै मन्त्र हो । मन्त्र वास्तवमा परमात्माको श्वास हो । त्यसैले ईश्वरको अनुभव, पहिचान र चिन्तन मन्त्रबाटै हुन्छ । हाम्रा ऋषिमुनिहरूले मन्त्रशक्तिबाटै ईश्वरको अस्तित्त्वलाई स्वीकार गरेका थिए । यस संसारमा अनेक प्रकारका मानिस हुन्छन् । अन्नदोष र थरीथरीका कुसङ्गतले गर्दा मन दुषित हुनु स्वाभाविकै हो । अन्नबाट कुत्सित विचारहरू उत्पन्न हुन्छन् । ती विचारहरू कसैका लागि अनुकूल र कसैका लागि प्रतिकूल हुन्छन् । स्थूल र सूक्ष्म गरी दुई प्रकारका विचार हुन्छन् । स्थूल विचारवालाहरूले अदृश्य, अस्पृश्य र अचिन्त्य शक्तिमाथि प्रश्न उठाउने गर्छन् ।

कर्तरि ज्ञातरि स्वात्मन्यादिसिद्धे महेश्वरे ।
अजडात्मा निषेधं वा सिद्धिं वा विदधितकः ॥
किन्तु मोहवशादस्मिन् दृष्टेऽप्नुउपलक्षिते ।
शक्त्याविष्करणेनेयं प्रत्यभिज्ञोपदर्यते ॥

• *ईश्वरप्रत्यभिज्ञा १।१।२,३*

ईश्वर कर्ता हुन्, ईश्वर कर्तृक नै मानिन्छ, विश्वस्थकर्ता भुवनश्च गोप्ता भनेर वेदले पनि ईश्वरको कर्तृत्व र गोप्तृत्व प्रतिपादन गरेको छ । कर्तृत्व,

ज्ञातृत्व विना हुन सक्दैन । अदृश्य विषयलाई वुझ्ने आधार वेद हो । वेद वास्तवमा मन्त्रहरूको सङ्गालो हो । यसैले मन्त्रबाट ईश्वर चिन्न सहज हुन्छ । मन्त्रको अनुशीलन गर्नु ईश्वर चिन्तनको आधार हो ।

आजको मानवले केवल भौतिकवादलाई मात्र जानेको हुन्छन् । त्यसैले भन्ने गर्छन्:- "वैज्ञानिकहरू चन्द्रमामा पुगिसके, तिम्रो ईश्वरले के गऱ्यो ?"

मूर्खलाई मूर्खतापूर्ण र साधुलाई शास्त्रसम्मत उत्तर दिनुपर्छ । यस्ता प्रश्न आज होइन परापूर्वकालदेखि उठाउने गरेको देखिन्छ । जसलाई शास्त्रको बारेमा थाहा छैन, मन्त्रको ज्ञान छैन उसले ईश्वर जान्ने कुरै भएन त्यसलाई मूर्खता र व्यवहारिक कुन उत्तरले काम गर्छ विचारपूर्वक बताउनुपर्छ । नवौँ शताब्दीका उदयनाचार्यले यसबारेमा प्रष्ट पार्नु भएको थियो ।

यदि नो जगतां कर्ता कुलालेन विना घटम् ।
चित्रकारेण विना चित्रं स्वतः एव तदा भवेत् ॥

• *किरणवलि, ११६*

यदि यो जगत्को कर्ता नै छैन भने कुमालेविना नै घडा आफैं बन्यो त ? चित्रकार नभई चित्र आफैं बन्यो ? कुनै पनि काम सम्पन्न गर्न कर्ता आवश्यक पर्दछ । कारणविना कार्य हुन सक्दैन । एउटा परिवार, समाज वा देश चलाउन त मानिस चाहिन्छ भने विश्वब्रह्माण्ड सञ्चालन गर्न अवश्य कर्ता त चाहिन्छ नै । जहाँबाट यी सम्पूर्ण प्राणीहरू उत्पन्न हुन्छन्, जसबाट पालनपोषण हुन्छ, प्रलयकालमा जसमा प्रवेश गरेर विलीन हुन्छन् त्यो नै ईश्वर हो । परमात्मा हो । त्यही नै ब्रह्म हो । यसको मर्म बुझ्ने आधार नै मन्त्र ज्ञान हो ।

योगदर्शनमा भनिएको छ "क्लेशकर्मविपाकाशयैरपरामृष्टः पुरुषविशेष ईश्वरः" अर्थात् क्लेश, काम, विपाक र आशयले असंस्पृष्ट पुरुषविशेष नै ईश्वर हो । पुरुषविषेशको परिचय मन्त्रबाट मन्त्र सम्भब छ ।

गीतामा भनिएको छः "ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति, भ्रामयन् सर्वभूतानि यन्त्रारुढानि मायया" हे अर्जुन् ईश्वर सम्पूर्ण प्राणीहरूको हृदयमा

व्याप्त भएर बस्नुहुन्छ । जब मन्त्रको शुक्ष्म चिन्तन गर्न सक्छ अनि मात्र सबैका हृदयमा निवास गर्ने ईश्वरलाई चिन्न सक्छन् ।

"चन्द्रसूर्यतारकाः तस्याभासा विभाति" चन्द्र, सूर्य, तारा आदि जसका तेजले प्रकाशित हुन्छन् त्यही नै ईश्वर हो । यसलाई बुझ्नका लागि शास्त्र र ग्रन्थको आवश्यकता पर्दछ । श्रद्धा भावविना ईश्वर बुझ्न सकिदैन ।

वेद एवं त्यसभित्रको ज्ञानराशिले ईश्वरसत्ता दृढतर रूपले प्रतिपादित गरेको छ । विना परिश्रम केही प्राप्त गर्न सकिँदैन । ईश्वरको अनुभूति गर्न मन्त्रमाथि विचार गर्न आवश्यक छ । मन्त्र कहिल्यै झुटो र काल्पनिक हुँदैन । "सत्यमेव जायते नानृताम्" वास्तवमा सत्यले नै जित्छ । असत्यले एकक्षण विजयी भए पनि अवश्य नै हार्छ । मुढेबलले सत्यलाई जित्न सक्दैन । अज्ञानको निद्रामा परेका सर्टिफिकेटधारीले श्रुतिस्मृतिहरूमा लेखिएका ऋषिमुनि, आचार्यजनका वाक्यहरूलाई पनि मान्दैन भने त्यसको कानलाई पनि ईश्वरले छुँदैन । यसका लागि गुरुबाट मन्त्र सुन्नुपर्छ, शास्त्र पढ्नुपर्छ र साधना गर्नुपर्छ ।

यो संसार त पाँच भूत मिलेर बनेको छ । यसको संयोजन कसले गरिदियो ? के घर बनाउने मिस्त्रि नभईकन घर आफैं बन्न सक्छ ? कुनै न कुनै कर्ताको आवश्यकता पर्छ । कर्ताविना कार्य हुँदैन । जब कार्य देखिन्छ तब कर्ता छ भन्ने बुझ्नुपर्छ । त्यसो भएको हुनाले कुनै न कुनै कर्तालाई मान्नै पर्ने हुन्छ । जसले यस संसारलाई बनायो, जसले यसको उपभोग गर्ने बुद्धिजीवी मानिसहरूलाई बनायो, त्यही ईश्वर हो । यसलाई साक्षात्कार गर्ने, अनुभूत गर्ने हो भने मन्त्रको सहयोग लिनुपर्छ, वेदको चरणमा पर्नुपर्छ । त्यसैले मन्त्रबाट (आत्मा) ईश्वर भन्ने कुनै एक अलौकिक शक्ति छ भन्ने कुरा सिद्ध हुन्छ । त्यसकारण ईश्वरलाई मन्त्रले चिनाउँछ, वेदले बताउँछ ।

मन्त्रमाथिको श्रद्धा र भक्तिले उसलाई ईश्वरसम्म पुग्ने मार्ग देखाइदिन्छ । श्रवण, मनन, निदिध्यासनमा रत श्रद्धालुहरूलाई ईश्वर प्राप्त हुन्छ । ईश्वरलाई प्रत्यक्ष गरेर देखाउने कुरा त मिस्रीको स्वाद अर्कालाई देखाउनु बराबरै हो ।

"यावज्जीवमहं मौनी ब्रह्मचारी च मे पिता ।
माता तु मया बन्ध्यैव पुत्रहीनः पितामहः" ॥

अर्थात् जीवनभरी म मौनी छु भन्छौ भने किन बोल्छौ ? बुबा व्रह्मचारी, आमा वन्ध्या भए तिमी कसरी जन्मियौ ? तिम्रा हजुरबुबा पुत्रहीन थिए भने तिम्रो बुबा कसरी जनिमए ? यसलाई भनिन्छ वदतो व्याधात दोष हो । अर्थात् बोलीमा भएको दोष मान्छेको चिन्तन शक्ति हराएपछि सर्वशक्तिमान् ईश्वर छैन भन्ने बारेमा खोस्टे, बोक्रे कुतर्कले जित्न खोज्छन् । ईश्वरको साक्षात्कार गर्ने प्रयत्न गरेको छैन भने साक्षत्कार कसरी हुन सक्छ ? गुरुदीक्षाबाट ध्यान, पाठ, सत्सङ्ग आदि गरी ईश्वरको अस्तित्त्वलाई सरल रीतिले जान्न, बुझ्न सकिन्छ । यी सबै तथ्यको जानकारी मन्त्रबाट पाउन सकिन्छ । मन्त्रले मन र साधनालाई ठीक बनाएर आत्मा साक्षात्कार गराउँछ ।

मन्त्रमाथिको चिन्तन हराउन थालेपछि ईश्वर प्राप्तिका लागि मूर्तिपूजाको परम्परा विकास भएको देखिन्छ । मानिसको मनलाई केन्द्रीकृत गर्न एवं भावलाई शुद्ध गर्न मूर्तिले महत्त्वपूर्ण भूमिका खेल्दछ । श्रद्धा र विश्वासले ईश्वरको मूर्ति बन्छ र ईश्वरको अखण्डतामा केही विकार आउँदैन । ईश्वर सबैलाई नियमन गर्ने शक्तिको नाम हो । जसलाई मन्त्रद्धारा बुझ्न सकिन्छ ।

मूर्तिहरूमा पनि ईश्वरको भावना साँचो सत्य हुन्छ । एकलव्यले माटोको मूर्तिबाट धनुर्विद्या सिके, मार्कण्डले शिवलिङ्गको उपासनाबाट चिरञ्जीवी भए । देवविग्रहहरूमा ईश्वरको भावना गरेर साधकहरूले आ-आफ्ना इष्टलाई प्राप्त गरेका इतिहास पाइन्छ । कतिपय अवस्थामा मूर्तिबाट नै ईश्वर साकाररूपमा आउनुहुन्छ । जस्तै रामकृष्ण परमहंशले कालीको मूर्तिमा साक्षात्कार गरेका थिए ।

परित्राणाय साधूनां विनाशाय च दुष्कृताम्
धर्मसंस्थापनार्थाय सम्भवामि युगे युगे ॥

• *गीता ४/८*

अर्थात्, "दुष्टहरूको विनाश गरेर महापुरुषहरू र धर्मको रक्षा गर्नका

लागि युग-युगमा अवतार लिन्छु ।" ईश्वरलाई सबैले जान्दैनन् किनकि यसलाई बुझ्नका लागि मन्त्रको आवश्यकता पर्दछ । जस्तै उखुमा रहने गुलियो रसलाई थाहा पाउन खानुपर्छ । त्यस्तै प्रकारले एक रस ईश्वरको अवतार हुन्छ । त्यसो हुँदा ईश्वरीसत्ता अपरिहार्य सत्ता हो ।

अतिदूरात्, अतिसामीप्यात्, मनोनवस्थानात् ।
सौक्षयात् व्यवधानात्, अभिभवात्, समानाभिहाराच्च ॥

धेरै टाढा भएको वस्तुको साक्षात्कार हुन सक्दैन । अतिसामीप्यात्- अत्यन्त नजीक भएको वस्तु पनि देखिँदैन । मनोनवस्थानात् मन एकाग्र भएन भने पनि इष्टवस्तुलाई प्राप्त गर्न सकिदैन । सौक्ष्म्यात्- अत्यन्त सानो वस्तुलाई पनि देख्न सकिदैन ।

व्यवधानात्-कतै एउटा वस्तुले अर्को वस्तुलाई ओझेल पाऱ्यो अथवा छेक्यो भने पनि त्यो वस्तु देखिदैन ।

अभिभावत्- एक शक्तिले अर्कालाई दबायो भने पनि वस्तु देख्नमा आउँदैन ।

समान अभिहाराच्च- सबैले एकैसाथ बोले अथवा एकै स्वरले उच्चारण गरे भने जुन कुरालाई सुन्नु छ त्यो सुनिदैन । यस्तो ईश्वरको बारेमा बुझ्न सजिलो पर्ने एकमात्र साधन भनेको मन्त्र हो । मन्त्र यस्तो साधन हो, जसबाट साध्यरूपी ईश्वर पाउन सकिन्छ ।

मनलाई शुद्धि र एकाग्र पार्न सकेन भने ईश्वर साक्षात्कार गर्न सकिदैन । मन वास्तवमा विकार अथवा काम, क्रोध, लोभ, मोह आदिमा फसेर दबिएको हुन्छ । संसारमा हावा छ भनेर मान्ने प्रमाण के छ ? केवल यति हो कि रुख, झार, पात आदिमा कम्पन हुन्छ । त्यसरी नै ईश्वरलाई अनुभूत गर्ने साधन मन्त्र हो । मन्त्रबाट नै ईश्वरको अनुभूत हुन्छ । ईश्वरीय सत्ताको ज्ञात हुन्छ ।

मन्त्रको प्रभाव

यो ब्रह्माण्ड रहस्यमय छ । यो पृथ्वी पनि आश्चर्यले भरिएको छ । गहिरो गरेर हेर्ने हो भने कैयौँ कुराहरू आफैँमा अनुत्तरीत छन् । परमात्माले सूत्रात्मकरूपमा सबैलाई अन्तरसम्बन्धित गराइदिएका छन् । दैवाधीनं जगत्सर्वं मन्त्राधीनाश्च देवताः अर्थात् परमात्माको अधीनमा जगत् छ, देवताहरू मन्त्रका अधीनमा छन् । मन्त्रले सबैलाई अधीनमा राखेको छ, मन्त्रबाट नै देवीदेवतालाई आह्वान, स्तुति र प्रशन्न गरिन्छ । असल कर्म, नियमित परिश्रम, शुद्ध मन्त्र उच्चारणद्वारा देवतालाई आफ्नो अनुकूल बनाउन सकिन्छ । मन्त्र वेदको अंश हो । वेदमा भेद छैन, यो मानव जातिको साझा ग्रन्थ हो । त्यसैले वेदलाई ज्ञानको भण्डार, परमपूजनीय, परमपावन ग्रन्थ भनिन्छ । मननात् त्रायते यस्मात्तस्मान्मन्त्रः प्रकीर्तितः अर्थात् जसको चिन्तन मनन र निदिध्यासनले मुक्ति मिल्छ त्यसलाई मन्त्र भनिन्छ । आध्यात्मिक र व्यावहारिक कार्यको प्रारम्भ मन्त्रबाटै शुरु हुन्छ । मन्त्रोक्तं कर्म कुर्यात् अर्थात् मन्त्रले जे भनेको छ, त्यही कार्य गर्नु ।

हिमवत्खण्ड क्षेत्रमा प्राचीनकालदेखि मन्त्रबाट सबै कार्यको प्रारम्भ हुन्थ्यो । जन्म, विवाह, मृत्युलगायतका सोह्र संस्कारमा मन्त्रकै प्रयोग गरिन्छ । मन्त्रभित्र कार्य गर्ने शैली, समय, स्थानका बारेमा बताइएको हुन्छ । मन्त्र साधन हो जसबाट साध्य प्राप्त गर्न सकिन्छ । १८ पुराण पढेको स्थान नैमिषारण्य बनेजस्तै

मन्त्र पढेको ठाउँ तीर्थस्थल बन्छ । वेद पढ्ने व्यक्तिमात्र पुरोहित वा ब्राह्मण हुन्छ । त्यसैले ब्राह्मण जातिविशेष होइन ज्ञानविशेषबाट प्राप्त गर्ने पद हो ।

वेदका मन्त्रले चेतना, चिन्तनको अभिवृद्धि गर्दछ, त्यसैले मन्त्र अमृत हो । मन्तारं त्रायते अर्थात् जसले पढ्छ, मनन गर्दछ त्यसलाई मन्त्रले उद्धार गर्दछ । विश्वामित्रले गायत्रीमन्त्र प्राप्त गरी ब्रह्मर्षि बने । साधना सम्पन्न विद्वान्हरूले मन्त्र पढेर यज्ञमा आगो उत्पन्न गर्दथे, पानी पार्दथे, रोगको उपचार गर्दथे, अन्न फलाउँथे, राक्षसी स्वभाव र तामसी शक्तिलाई विनष्ट गर्दथे । मन्त्रबाट जहाज, हातहतियारलगायतका भौतिक संरचनाको निर्माण गरिन्थ्यो । लक्ष्मणले मन्त्रद्वारा सीतालाई सुरक्षित ठाउँमा राखेका थिए । रावणले मन्त्र प्रभावबाहिर बोलाएर सीताको अपहरण गरेको थियो । पाश्चात्यहरूले मन्त्रको ज्ञान र शक्तिलाई बुझेर वेदलगायतका ग्रन्थहरूमा झुमेका छन् । मन्त्रलाई नीजि प्रयोजनमा होइन राष्ट्रिय हित, सामाजिक वैभव र संस्कृति संरक्षणमा खर्च गर्नुपर्छ । मन्त्रको प्रयोजन र अर्थै नबुझी ठूला साइनबोर्ड र ब्यानर झुण्डाएर मानिस झुक्याउने क्रम बढ्दै गएको छ । ती सबै जीवन निर्वाहका धन्दा हुन् ।

मन्त्र दिनेलाई गुरु र प्राप्त गर्नेलाई शिष्य भनिन्छ । उचित स्थान, समय र गुरुबाट मात्र मन्त्र लिनुपर्छ । ग्रहण लागेको समयमा तीर्थस्थलमा लिएको मन्त्र प्रभावकारी हुने विश्वास छ । मन्त्रबाट लाभ प्राप्त गर्नका लागि मन्त्रको अर्थ, प्रयोजन, उपयोगीता बुझ्न आवश्यक छ । मन्त्रब्राह्मणयोर्वेदनामधेयम् अर्थात् मन्त्र र ब्राह्मण दुईको नाम वेद हो । ब्राह्मणको अर्थ बाहुन वा पुरोहितमात्र होइन ग्रन्थको नाम पनि हो । जस्तै शतपथब्राह्मण, ऐतरेयब्राह्मण आदि । लोकव्यवहारमा आचार, विचार, विधिविधान र योग्यताले परिपूर्ण व्यक्तिलाई ब्राह्मण भनिन्छ । ब्राह्मणको अर्थ जाति, विद्वत्ता, पुरोहित आदि हुन्छ । उनीहरूलाई मन्त्रको प्रयोजन, अर्थ, उपयोगीता आदिको राम्रो ज्ञान हुन्छ । त्रेतायुगमा मन्त्रकै प्रभावबाट राम, लक्ष्मण, भरत, शत्रुघ्नको जन्म भएको थियो । अहिले पनि सन्तान विहीनहरूले हरिवंशको पाठपारायण एवं मन्त्र प्रयोग गरेर बुबाआमा बनेको उदाहरण समाजमा प्रशस्त देख्न पाइन्छ । 'मन्त्रान्तैः कर्म सान्निपात्याभिधानात् अर्थात् मन्त्रको अन्तमा कर्म गर्नु । मन्त्र विना कार्य सफल र प्रतिफलमुखी बन्न सक्दैनन् ।

मन्त्रमा ॐ नै पहिले किन आउँछ

नित्य, नैमित्तिक कार्यमा प्रयोग गरिने हरेक मन्त्रमको प्रारम्ममा ॐ नै आउँछ । ग्रन्थले प्रारम्म जसरी 'अर्थ' बाट शुरु हुन्छ त्यसरी नै ॐ नै मन्त्रको ढोका हो । ॐ परमात्माको वोधक हो । यसरी उच्चारणबाट साधकलाई ऊर्जा मिल्छ, मन एकाग्र हुन्छ, हृदय प्रफुल्ल हुन्छ । ॐ आफैँमा एक पूर्णमन्त्र पनि हो । तयसैले वेदमन्त्रको प्रारम्ममा ॐ राखिएको हो । मेरो यो सानो पुस्तकमा ॐ को व्यापक व्याख्या राख्न सकिनँ अर्को पुस्तक वा कुनै स्थानमा गर्नेछु । धेरै देवी-देवता भएका हिन्दूधर्ममा पूजापाठ, उपासना आदिको विधान बडो विचित्रको छ । बिहान जागेदेखि बेलुका नसुत्दासम्म हरेक कार्यमा मन्त्र वा मन्त्रले निर्दिष्ट गतिविधि गरिन्छ । जीवन वा दैनिकी नै ॐ बाट शुरु हुने हुनाले ॐ को महत्त्व महनीय छ ।

मन्त्रलाई द्रूत, मध्यम र विलम्बी गरी तीन प्रकारले पढ्ने चलन छ । छिटो-छिटो गरी पढ्नुलाई द्रुत, नछिटो न त ढिलो गरी पढ्नु मध्यम र ढिलो गरी पाठ गर्नुलाई विलम्बी भनिन्छ । यी तीनै अवस्थामा ह्रस्व, दीर्घ र प्लुत उच्चारणलाई ध्यानमा राखिन्छ । उच्चारण गलत भयो भने मन्त्रको फल उल्टो हुन्छ । मन्त्रहीन, वर्णहीन, स्वरहीन र मिथ्याशब्दको प्रयोग वाणीका बज्र हुन् । अशुद्ध उच्चारण भएमा यजमानलाई भय हुन्छ जस्तै इन्द्रलाई मार्न उत्पन्न भएका इन्द्रशत्रु वृत्रासुर उच्चारण भेदले आफैँ मारिए ।' मन्त्रलाई शुद्ध उच्चारण गर्नका लागि गुरुको मार्गनिर्देशन, साधकको अभ्यास, शान्त-पवित्रस्थानको आवश्यकता पर्दछ । मन्त्र दृढसङ्कल्प हो त्यसैले हिन्दूहरू जन्मदेखि मृत्युपर्यन्तका अनुष्ठानमा मन्त्रको प्रयोग गर्दछन् । यी मन्त्रका परिपोषक ॐ भएकाले यसलाई मन्त्रको

प्ररम्ममा राखिएको हो ।

गीतामा भगवान् श्रीकृष्णले भन्नुभएको छः 'ओङ्कार नै ब्रह्म हो' । भूत, भविष्य आदि सम्पूर्ण ओङ्कारभित्रै पर्ने भएको हुनाले जुन मन्त्र वा वेदमन्त्रको उच्चारण गर्दा सर्वप्रथम ओङ्ककारकै उच्चारण गरेरमात्रै अरु शब्दहरूको उच्चारण गर्ने, गुरुले दीक्षा दिने गर्छन् । सनातन वैदिक हिन्दूधर्म र दर्शनभित्र ओङ्कार नै सर्वस्व हो । त्यसैले ओङ्कारबाट नै चतुर्मुख ब्रह्माको उत्पत्ति भएर चारै वेदको व्याख्यान गरे । सृष्टिकर्ता ब्रह्मा र पालनकर्ता विष्णु तथा संहारकर्ता रुद्रहरू पनि ओङ्कारबाट नै स्वरूपमा उद्‌भव भएर ओङ्कारैमा स्वरूपतः विलय भए । ओङ्कारबाट प्रादुर्भाव[८] भएर ओङ्कारैमा स्वरूपलीन भएको इतिहास सृष्टितन्त्र अध्यय दुईको अठ्ठार पटलमा स्पष्ट लेखिएको छ । यसकारण वेद र वेदनिर्दृष्ट ग्रन्थहरूमा ओङ्कारको ठूलो र व्यापक महत्त्व रहेको हो । प्रत्येक ओङ्कार परिवारले उच्चारण गर्ने तथा जप गर्ने मूलमन्त्र नै ओम् हो । यसैले मन्त्रको अगाडि ओम् जोडिएको हुन्छ ।



८ ओङ्कारप्रभवो ब्रह्मा ओङ्कारप्रभवाः स्वराः ।
ओङ्कारप्रभवं सर्वं त्रैलोक्यं सचराचरम् ॥
(क) अकारे लीयते ब्रह्मा ह्युकारे लीयते हरिः ।
मकारे लीयते रुद्रः प्रणवो हि प्रकाशते ॥

• सृष्टितन्त्र अ. २।१८

वेदका आधारहरू

वेदका अनेका अनेकौँ जरा, हाँगा, पातहरू रहेका छन् । यही वेदवृक्षमा ज्ञान, विज्ञान र जीवनको निवास रहेको छ । कालक्रमले गर्दा वेदका कैयौँ शाखा, मन्त्र आदि लुप्त प्रायः भएको बुझिन्छ । वेदलाई अर्थात् मन्त्रलाई सजिलै अर्थ गर्न सकिँदैन । यसका आधार ग्रन्थहरूबाट मात्र यसका बारेमा केही अनुमान लगाउन सकिन्छ । वेदका मुख्यत ६ अङ्गहरू रहेका छन् ।

मुखं व्याकरणं प्रोक्तं ज्योतिषं नेत्रमुच्यते ।
निरुक्तं श्रोत्रमुछिष्टं छन्दसां विचितः पदे ।
शिक्षां घ्राणं तु वेदस्य हस्तौ कल्पान् प्रचक्षते ॥

अर्थात् "वेदको मुख व्याकरण हो, ज्योतिष आँखा हो, निरुक्त कान हो, छन्द खुट्टा हो, शिक्षा नाक हो अनि कल्पचाहिँ हात हुन् ।" वेदका आफ्नै उपवेद, उपनिषद् आदि रहेका छन् । एउटै वेदलाई वेदव्यासले निम्न चार भागमा विभाजन गरेका थिए । ती वेदभित्र पनि अनेक शाखा र प्रशाखाहरू रहेका छन् ।

(क) ऋग्वेद

वैदिकक्षेत्रका आधारमा पादविभाग गरी हरेक पादमा निश्चित अक्षरसंख्या भएका मन्त्रलाई ऋक् भनिन्छ ।[९] वेदव्यासले वेदलाई विभाजन गर्नुभन्दा पहिले यही मात्र एक वेद थियो । त्यसैले ऋग्वेद नै सबैभन्दा प्राचीन शास्त्र हो ।

ऋग्वेदका शाखाहरू

१. शाकलशाखा २. शांखायनीय शाखा ३. कौषीतकिशाखा ४. आश्वलायनीयशाखा

यसका दुई ब्राह्मण ग्रन्थहरू रहेका छन् :

१. ऐतरेयब्राह्मण २. कौषीताङ्कब्राह्मण ।

ऋग्वेदका १. ऐतरेयआरण्यक र २. कौषीतकिआरण्यक ग्रन्थमात्र उपलब्ध रहेका छन् ।

ऋग्वेदका उपनिषद्ग्रन्थहरू यसप्रकार रहेका छन् ।

१. ऐतरेय उपनिषद्
२. आत्मबोध उपनिषद्
३. कौषीतकि उपनिषद्
४. निर्वाण उपनिषद्
५. सौभाग्यलक्ष्मी उपनिषद्
६. अक्षमालिक उपनिषद्
७. भवऋचा उपनिषद्
८. मुदगल उपनिषद्
९. त्रिपुरा उपनिषद्

ऋग्वेदका सूत्रग्रन्थहरू यसप्रकार रहेका छन्

१. आश्वलायन श्रौतसूत्र
२. शांखायन श्रौतसूत्र
३. आश्वलायन गृह्यसूत्र
४. शांखायन गृहसूत्र
५. वसिष्ठ धर्मसूत्र

ऋग्वेदका प्रातिशाख्य ग्रन्थहरू

१. शांखायन प्रातिशाख्य
२. बृहद् प्रातिशाख्य
३. आर्षानुक्रमणिका
४. आश्वलायन प्रातिशाख्य
५. छन्दोनुक्रमणिका
६. ऋग्प्रातिशाख्य
७. देवतानुक्रमणिका
८. सर्वानुक्रमिणका
९. अनुवाकानुक्रमणिका
१०. बृहदवातानुक्रमणिका
११. ऋग् विज्ञान

---

९ नियताक्षरपादावसाना ऋक् -कात्यायनश्रौतसूत्र १।३।१

(ख) यजुर्वेद

यजुर्वेदका दुई भाग छन् पहिलो शुक्लयजुर्वेद र दोस्रो कृष्णयजुर्वेद । नेपालमा शुक्लयजुर्वेद र दक्षिणभारतमा कृष्णयजुर्वेदको प्रचलन अधिक छ ।

(अ) शुक्लयजुर्वेद

शुक्लयजुर्वेदका शाखा : १. काण्व २. माध्यन्दिन ३. कात्यायन

शुक्लयजुर्वेदका ब्राह्मणग्रन्थहरू

१. शतपथब्राह्मण वा काण्वब्राह्मण २. शतपथ (मध्यन्दिन) ब्राह्मण

शुक्लयजुर्वेदका उपनिषद्

१. अध्यात्म उपनिषद्
२. आद्यैतारक उपनिषद्
३. भिक्षु उपनिषद्
४. बृहदारण्यक उपनिषद्
५. ईशावास्य उपनिषद्
६. हंस उपनिषद्
७. जाबाल उपनिषद्
८. मंडलब्राह्मण उपनिषद्
९ मंत्रिका उपनिषद्
१०. मुक्तिका उपनिषद्
११ निरालम्बा उपनिषद्
१२. पैङ्गल उपनिषद्
१३ परमहंस उपनिषद्
१४ सत्यायनी उपनिषद्
१५ सुबाला उपनिषद्
१६. तारासार उपनिषद्
१७. त्रिशिखिब्राह्मण उपनिषद्
१८. तूरीयातीत उपनिषद्
१९ याज्ञवल्क्य उपनिषद्

शुक्लयजुर्वेदका सूत्रग्रन्थहरू

१. कात्यायन श्रौतसूत्र
२. विष्णुधर्मसूत्र
३. कात्यायनधर्मसूत्र
४. पारस्कर गृह्यसूत्र

शुक्लयजुर्वेदका प्रातिसाख्य

१. कात्यायन शुल्वसूत्र २. कात्यायनुक्रमणिका ३. वाजसनेयी प्रातिशाख्य

(आ) कृष्णयजुर्वेदका शाखाहरू

१. तैत्तिरीय २. मैत्रायणी ३. कठ ४. कपिष्ठल ५. श्वेताश्वतर

६. बौधायन ७. वाधूल ८. वैखानस ९. हिरण्यकेशि १०. आग्निवेश्य
११. भारद्वाज १२. मानव १३. वाराह १४. श्वेताश्वतर

कृष्णयजुर्वेदका ब्राह्मणग्रन्थहरू

१. तैत्तिरीय ब्राह्मण २. मध्यवर्ती ब्राह्मण

कृष्णयजुर्वेदका आरण्यकग्रन्थहरू

१. तैत्तिरीय आरण्यक २. कठ आरण्यक ३. मैत्रायणीय आरण्यक

कृष्णयजुर्वेदका उपनिषद्

१. अक्षि उपनिषद्
२. अमृतबिन्दु उपनिषद्
३. अमृतनाद उपनिषद्
४. अवधूत उपनिषद्
५. ब्रह्म उपनिषद्
६. ब्रह्मविद्या उपनिषद्
७. दक्षिणामूर्ति उपनिषद्
८. ध्यानबिन्दूउपनिषद्
९. एकाक्षर उपनिषद्
१०. गर्भ उपनिषद्
११. कैवल्य उपनिषद्
१२. कालाग्निरुद्र उपनिषद्
१३. कर उपनिषद्
१४. कठ उपनिषद्
१५. क्षुरिकोपनिषद्
१६. नारायणो उपनिषद्
१७. पंचब्रह्म उपनिषद्
१८. प्राणाग्निहोत्र उपनिषद्
१९. रुद्रहृदय उपनिषद्
२०. सरस्वतीरहस्य उपनिषद्
२१. सर्वासार उपनिषद्
२२. शारीरिकोपनिषद्
२३. स्कन्द उपनिषद्
२४. शुकरहस्य उपनिषद्
२५. श्वेताश्वतरोपनिषद्
२६. तैत्तिरीयोपनिषद्
२७. तेजोबिन्दू उपनिषद्
२८. वराहोपनिषद्
२९. योगकुण्डलिनी उपनिषद्
३०. योगशिखा उपनिषद्
३१. योगतत्त्व उपनिषद्
३२. कलिसंतरणोपनिषद् उपनिषद्

कृष्णयजुर्वेदका सूत्रग्रन्थहरू

१. आपस्तम्ब श्रौतसूत्र २. आपस्तम्बगृह्यसूत्र ३. हिरण्यकेशीय श्रौतसूत्र
४. बौधायन गृह्यसूत्र ५. बौधायन श्रौतसूत्र ६. वैखानस गृह्यसूत्र
७. भरद्धाज श्रौतसूत्र ८. हिरण्यकेशीय गृह्यसूत्र ९. वैखानस श्रौतसूत्र

१०. मानव धर्म-सूत्र ११. वाधूल श्रौतसूत्र १२. काठक धर्मसूत्र
१३. आपस्तम्व धर्मसूत्र १४. वराह श्रौतसूत्र १५. बौधायन धर्मसूत्र
१६. मानव गृहयसूत्र १७. वैखानस धर्मसूत्र १८. काठक गृह्यसूत्र
१९. हिरण्यकेशीय धर्मसूत्र

कृष्णयजुर्वेदको प्रातिसाख्यग्रन्थ

१. तैत्तिरीय प्रातिशाख्य

(ग) सामवेद

सामवेदका शाखाहरू

१. कौथुमी २. जैमिनीय ३. राणायनीय

सामवेदका ब्राह्मणग्रन्थहरू

१. ताण्ड्य ब्राह्मण २. षड्विंश ब्राह्मण ३. सामविधान ब्राह्मण
४. आर्षेय ब्राह्मण ५. मंत्र ब्राह्मण ६. देवताध्यानम् ब्राह्मण
७. वंश ब्राह्मण ८. संहितोपनिषद् ब्राह्मण ९. जैमिनीय ब्राह्मण
१०. जैमिनीय उपनिषद् ब्राह्मण

सामवेदका आरण्यकग्रन्थ

१. तलवकार आरण्यक

सामवेदका उपनिषद्ग्रन्थहरू

१. आरुणि उपनिषद् २. दर्शनोपनिषद् ३. जाबालदर्शनोपनिषद्
४. जाबालि उपनिषद् ५. केनोपनिषद् ६. महात्संन्यासोपनिषद्
७. मैत्रेयी उपनिषद् ८. मैत्रांयणी उपनिषद् ९. अव्यक्तोपनिषद्
१०. छान्दोग्योपनिषद् ११. रुद्राक्षजाबालोपनिषद् १२. सावित्र्योपनिषद्
१३. वज्रसूचिकोपनिषद् १४. वासुदवोपनिषद् १५. चूडामणि उपनिषद्

सामवेदका सूत्रग्रन्थहरू

१. मसकसूत्र २. लाट्यायन सूत्र ३. खदिर श्रौतसूत्र
४. जैमिनीय गृह्यसूत्र ५. गोभिल गृहसूत्र ६. खदिर गृह्यसूत्र
७. गौतम धर्मसूत्र ८. द्राह्यायण गृह्यसूत्र ९. द्राह्यायण धर्मसूत्र

(घ) अथर्ववेद

अथर्ववेदका शाखाहरू

१. पैप्पलाद

२. शौनिकीय

अथर्ववेदको ब्राह्मणग्रन्थ

१. गोपथ ब्राह्मण

अथर्ववेदका उपनिषद्हरू

१. अन्नपूर्णा उपनिषद्
२. अथर्वशिरा उपनिषद्
३. अथर्वशिखा उपनिषद्
४. आत्मोपनिषद्
५. भावनोपनिषद्
६. भस्मोपनिषद्
७. बृहज्जाबालोपनिषद्
८. देवी उपनिषद्
९. दत्तात्रेय उपनिषद्
१०. गणपति उपनिषद्
११. गरुडोपनिषद्
१२.गोपालतापनी उपनिषद्
१३. ह्यग्रीव उपनिषद्
१४. कृष्ण उपनिषद्
१५. महानारायण उपनिषद्
१६. माण्डुक्य उपनिषद्
१७. महावाक्य उपनिषद्
१८. मुण्डकोपनिषद्
१९. नारद्परिव्रजक उपनिषद्
२०. नृसिंहतापनी उपनिषद्
२१. परब्रह्म उपनिषद्
२२. परमहंस परिव्राजक उपनिषद्
२३. पशुपत उपनिषद्
२४. रामतापनीय उपनिषद्
२५. शाण्डिल्य उपनिषद्
२६. शरभ उपनिषद्
२७. सूर्य उपनिषद्
२८. सीता उपनिषद्
२९. राम-रहस्य उपनिषद्
३०. त्रिपुरातापिन्युपनिषद्

अथर्ववेदका सूत्रग्रन्थहरू

१. वैतान श्रौतसूत्र
२. कौशिक गृह्ययसूत्र
३. वराह गृह्यसूत्र
४. वैखानस गृहसूत्र

अथर्ववेदको प्रातिसाख्य

१. शौनकीया चतुरध्यायिका

उपवेद र वेदाङ्गहरू

हाम्रा प्राचीनग्रन्थहरू सबै वेदमा नै आधारित छन् । त्यतिबेलाको समाज, संस्कृति, परम्परा सबै वेदसँग कतै न कतै जोडिएको एवं वेदबाट निर्देशित भएको पाइन्छ । ४ वेदका आआफ्नै उपदेवहरू पनि रहेका छन् ।

जस्तै ऋग्वेदको उपवेद स्थापत्य वा अर्थवेद हो । स्थापत्यवेदमा शिल्पकला, वास्तुकला, अर्थतन्त्रलगायतका विषयहरूको विस्तृत वर्णन पाइन्छ । यसलाई नै केन्द्रबिन्दु बनाएर लेखिएका पुस्तकहरूमा बृहस्पतेय अर्थोधिकारकम्, कौटिल्य अर्थशास्त्र, नीतिवाक्यमृतसूत्र, चाणक्यसूत्र, कामन्दकसूत्र, शुक्रनीति आदिलाई लिन सकिन्छ ।

यजुर्वेदको उपवेद धनुर्वेद हो । यसमा आत्मरक्षा, देशको सुरक्षा आदिका बारेमा विशद व्याख्या गरेको पाइन्छ । दीक्षा, सङ्ग्रह, सिद्ध र प्रयोग नै यसका चार चरण हुन् । वैशम्पायन नीति-प्रकाशिका, बुद्ध शारङ्गधर, मुक्तिकल्पतरु, समराङ्गणसूत्रधारलगायतका ग्रन्थहरूमा धनुर्वेदको सुगन्ध आउँछ ।

सामवेदको उपदेवलाई गान्धर्ववेद भनिन्छ । यसमा गायन र सङ्गीतसम्बन्धी मन्त्रहरू रहेका छन् । भरतनाट्यशास्त्र, सङ्गीतरत्नाकर, सङ्गीतदर्पण, मल्लिनाथरत्नाकर, दत्तिलममा सामवेदको सुगन्ध आउँछ ।

अथर्ववेदको उपवेदको नाम आयुर्वेद हो । यसमा चिकित्सा, औषधिविज्ञान,

नाडीपरीक्षा, रोगनिदानलगायतका मन्त्रहरू समेटिएका छन् । अश्विनीकुमारसंहिता, ब्रह्मनसंहिता, भेलसंहिता, अग्निग्रहसूत्रराज, सुश्रुतसंहिता, धातुवेद, मानसूत्र, धन्वन्तरिसूत्र, सूपसूत्र, सौवारिसूत्र, जाबालिसूत्र, दाल्भ्यसूत्र, इन्द्रसूत्र, शब्द कौतुहल, देवलसूत्र, चरकसंहिता, अष्टाङ्गहृदयलगायतका ग्रन्थहरू सबै आयुर्वेदमा नै आधारित रहेर पछिल्लो कालखण्डमा लेखिएका ग्रन्थहरू हुन् ।

वेदका मुख्यतः ६ अङ्ग रहेका छन्, जसलाई संक्षिप्तमा यहाँ चर्चा गरिएको छ :

कल्प

१. औतसूत्र (यज्ञ हेतु) २. गृह्यसूत्र (रीति-रिवाज, प्रथा) ३. धर्मसूत्र (शासक हेतु)

शिक्षा

१. पाणिनीय शिक्षा (ऋग्वेद) २. बाहा शिक्षा (कृष्णयजुर्वेद)
३. याज्ञवल्क्य शिक्षा (शुक्लयजुर्वेद) ४. गौतमी शिक्षा (सामवेद)
५. लोमशीय शिक्षा ६. नारदीय शिक्षा ७. माण्ड्की शिक्षा (अथर्ववेद)

व्याकरण

१. पाणिनी व्याकरण २. सारस्वत व्याकरण ३. हेमचन्द्र व्याकरण
४. प्रकृति व्याकरण ५. मुग्धबोध व्याकरण ६. शाक्टायन व्याकरण
७. कामधेनु व्याकरण ८. प्रकृति प्रकाश ९. कल्प व्याकरण

निरुक्त

१. यास्काचार्य निरुक्त २. काश्यप निरुक्त ३. शाकपूणि निरुक्त

छन्द

१. गार्ग्यप्रोक्त उपनिदान सूत्र २. छन्दोविचित छन्द सूत्र ३. छन्दोऽनुक्रमणी
४. छन्दसूत्र ५. हलायुधवृत्ति ६. छन्दोमंजरी
७. वृत्तरत्नाकर ८ जानाश्रमां छन्दोविचित ९ जयदेव छन्द
१०. वैङ्कटमाधव छन्दोऽनुक्रमणी

ज्योतिष

१. वेदाङ्ग ज्योतिष २. नारदीय ज्योतिष ३. पराशर ज्योतिष
४. वासिष्ठ ज्योतिष ५. वराहमिहिर ज्योतिष ६. आर्यभट्टीय ज्योतिष
७. भास्कराचार्य ज्योतिष ८. ब्रह्मगुप्त ज्योतिष



स्मृति

स्मृतिको मुख्यः विषय वेदार्थको प्रतिपादन हो। स्मृतिमा आचार, व्यवहार र प्रायश्चित गरी तीन विषयले महत्त्वपूर्ण स्थान राखेका छन् । स्मृति वास्तवमा मानवधर्मको व्यायायित गर्ने ग्रन्थ हो । वेदमा उद्‌गमित मानवीय मूल्यको अन्तर्दृष्टि, आचार-संहिता, धार्मिक विचार, सिद्धान्त वा शिक्षणको आधिकारिक अभिपूर्ति गर्ने काम स्मृतिले गर्दछ । यो हाम्रो जीवनको आधार हो । स्मृतिग्रन्थ

कति छन् त्यसको खोज हुन आवश्यक छ । विभिन्न राजामहाराजा, मनिषिहरूले समाज र देशलाई मर्यादित तरिकाले चलाउन स्मृतिहरूको रचना भएको देखिन्छ ।

धर्मं जिज्ञासमानानां प्रमाणं परमं श्रुतिः ।
द्वितीयं धर्मशास्त्रं तु तृतीयं लोकसङ्ग्रहः ॥

धर्मज्ञानका निमित्त पहिलो प्रमाण वेद हो, दोस्रो प्रमाण धर्मशास्त्र अर्थात् स्मृति हो भने तेस्रो परम्पराबाट प्राप्त भएको चलन हो । वर्तमान समयमा उपलब्ध स्मृतिग्रन्थहरू निम्नानुसार रहेका छन् ।

१. मनुस्मृति	२. याज्ञवल्क्यस्मृति	३. ऐतरेयस्मृति	४. विष्णुस्मृति
५. हारीतिस्मृति	६. मार्कण्डेयस्मृति	७. अंगिरसस्मृति	८. यमस्मृति
९. आपस्तम्बस्मृति	१०. सामवर्तस्मृति	११. कात्यायनस्मृति	१२. बृहस्पतिस्मृति
१३. पाराशरस्मृति	१४. व्यासस्मृति	१५. शंखस्मृति	१६. लिखितस्मृति
१७. दक्षस्मृति	१८. शातातपस्मृति	१९. वसिष्ठस्मृति	२०. प्रज्ञापतिस्मृति

स्मृतिग्रन्थहरूमा महाराज मनु प्रणीत मनुस्मृतिको महत्त्वपूर्ण स्थान रहेको छ । मनुबाट नै सम्पूर्ण जगत्मा मानवजातिको सृष्टि भएको विश्वास गरिन्छ । मुख्यतः सृष्टिको क्रममा १४ मनुले जन्म लिने र उनीहरूकै नामबाट मन्वन्तर चल्ने विश्वास गरिन्छ । अहिले वैवस्वत नाम गरेका सातौँ मनुका अवधि छ ।



अष्टदश पुराणेषु व्यासस्य वचनं द्वयम् ।
परोपकार पुण्याय पापाय परपीडनम् ।।

पुराण

पुराण हाम्रो इतिहास हो । विभिन्न कालखण्डमा भएका घटना, परिघटनाको विवरण यसमा पाइन्छन् । पुराणले पितापुर्खाको मात्र याद गराउँदैन यसलाई सुन्दा पाप पनि नाश हुन्छ । भनिएको पनि छः

अष्टदश पुराणेषु व्यासस्य वचनं द्वयम् ।
परोपकार पुण्याय पापाय परपीडनम् ॥

अर्थात् वेदव्यासले अठार पुराणको रचना गरेर दुई तथ्यलाई प्रकाश पार्नुभएको छः अरुको हित गरेमा पुण्य प्राप्त हुन्छ र अरुलाई पीडा दियो भने पाप लाग्छ । पुराणहरूलाई पुराण र उपपुराण गरी दुईभागमा विभाजन गरिएको छ । पुराणका बारेमा विभिन्न विद्वान्हरूबीच मतमतान्त पाइए पनि मुख्य पुराणमा निम्न १८ वटा पुराणहरू पर्दछन् ।

मद्वयं भद्वयं चैव ब्रत्रयं वचतुष्टयम् ।
अनापलिङ्गकूस्कानि पुराणानि पृथक्पृथक् ॥

• देवीभागवत १/३/२

१. ब्रह्मपुराण
२. पद्मपुराण
३. विष्णुपुराण
४. वायुपुराण
५. भागवतपुराण
६. नारदपुराण
७. मार्कण्डेयपुराण
८. अग्निपुराण
९. भविष्यपुराण
१०. ब्रह्मवैवर्तपुराण
११. लिङ्गपुराण
१२. बराहपुराण
१३. स्कन्दपुराण
१४. वामनपुराण
१५. कर्मपुराण
१६. मत्स्यपुराण
१७. गरुडपुराण
१८. ब्रह्माण्डपुराण

यसै गरी वेदव्यासले नै १८ उपपुराणको रचना गर्नुभएको वयान ग्रन्थहरूमा पाइन्छ । कतिपय उपपुराणहरू अहिले पाउन गाह्रो भइसकेको छ । कतिपयमा केही थपघट भएको शङ्का पनि गरिएको छ । हाल उपलब्ध १८ उपपुराण निम्नानुसार रहेका छन् । पछिल्लो कालमा केही नयाँ पुराणहरूको चर्चा आए पनि तिनीहरूमा पुराणमा हुनुपर्ने विशेषता देखिदैन ।

सनत्कुमारं प्रथमं नारसिंहं ततः परम् ।
नारदीयं शिवं चैव दौर्वासमनुत्तमम् ।
कापिलं मानवं चैव तथा चौशनसं स्मृतम् ।
वारुणं कालिकाख्यं च साम्बं नन्दिकृतं शुभम् ॥
सौरं पाराशरप्रोक्तमादित्यं चातिविस्तरम् ।
माहेश्वरं भागवतं वासिष्ठं च स विस्तरम् ।
एतान्युपपुराणानि कथितानि महात्मभिः ॥

• *देवीभागवत १ ।३।१३-१६*

सनत्कुमारपुराण, नृसिंहपुराण, नारदपुराण, दौर्वासपुराण, शिवपुराण, उशनपुराण, वरुणपुराण, कापिलपुराण, मानवपुराण, कालिकापुराण, साम्बपुराण, नन्दीपुराण, सौरपुराण, पाराशरपुराण, आदित्यपुराण, माहेश्वरपुराण, भागवतपुराण र वासिष्ठपुराण गरी अठार पुराणहरू रहेका छन् ।



दर्शन र महाकाव्य

दर्शन शब्द संस्कृतभाषाको दृश धातुमा ल्यूट प्रत्यय लागेर बनेको हो । दृश्यते अनेन इति दर्शनम् अर्थात् जसद्वारा देख्न सकिन्छ, त्यो दर्शन हो । दर्शनबाट नै सत्यको यथार्थलाई बुझ्न सकिन्छ । सम्प्रदायअनुसार फरक फरक दर्शन छन् । यिनीहरूका विषयवस्तु र धारणामा भिन्नता छ । दृश्यते चिदचित्सूक्ष्म तत्त्वमनेन् इति दर्शनम् अर्थात् जड चेतनको सूक्ष्माति सूक्ष्म तत्त्वलाई केलाएर साक्षात्कार एवं पारदर्शिता हुनु नै दर्शन हो । यस आर्यभूमिमा अनेकौँ दर्शनहरूको विकास भएको देखिन्छ । मुख्यतः आस्तिक र नास्तिक दर्शनले आआफ्नै तरिकाले जीव, जगत्लाई व्याख्या गरेको पाइन्छ । सगुणमा वस्तु पदार्थको अन्वेषण गरी सोको पूर्ण ज्ञान हुनु नै दर्शन हो । यस्तो दर्शनलाई जान्न, बुझ्न वास्तवमा दिव्यचक्षु, ज्ञान चक्षुको सहारा चाहिन्छ ।

दर्शन शब्दलाई अङ्ग्रेजीमा फिलोसफी भनिन्छ । ग्रीकभाषाको फिलो र सोफिया मिलेर फिलोसफी शब्द बनेको हो । कुनै पनि विधाप्रति अनुराग,

ज्ञानप्रति माया नै दर्शन हुन्छ । ग्रीसका प्राचीन फिलोसफर अरस्तु पाइथागोरस आदिले दर्शनबारे निकै खोज गरेका छन् भने पौरस्त्य दर्शनमा वेदव्यास, जैमिनी, शङ्कराचार्य, रामानुजाचार्य, चार्वक आदिको महत्त्वपूर्ण भूमिका छ । मुख्यरूपमा यस आर्यभूमिमा प्रचलित दर्शनहरू यसप्रकार रहेका छन् ।

१. महर्षि कणाद्को वैशेषिक दर्शन ।

२. महर्षि कपिलको सांख्य दर्शन ।

३. महर्षि पतञ्जलिको योग दर्शन ।

४. महर्षि गौतमको न्याय दर्शन ।

५. महर्षि जैमिनिको मीमांसा (पूर्व-मीमांसा) दर्शन ।

६. महर्षि वेदव्यासको वेदान्त (उत्तरमीमांसा) ।

पछिल्लो समयमा दर्शनमाथि विदेशीहरूको चासो र जिज्ञासा बढ्दै गएको छ । यसलाई बहुआयामिक तरिकाले हेर्ने परम्पराको विकास हुँदै गएको छ ।

पौरस्त्य ग्रन्थहरूमा महाभारत र रामायणको महत्त्वपूर्ण स्थान छ । महाभारतमा १८ पर्व रहेका छन् । भीष्मपर्वभित्र गीता रहेको छ । ज्ञान र विज्ञानले भरिएको महाभारत अहिले सम्मकै सबैभन्दा ठूलो पद्यमहाकाव्य हो । राजनीतिले प्रमुख स्थान पाए पनि यसभित्र धर्म, अर्थनीति, अनुशासन, प्रशासन, कर्तव्य, जीव, जगत्, हात हतियार तात्कालिक समाज आदिको चित्रण पाइन्छ ।

रामायणमा ७ काण्ड रहेका छन् । महाभारत वेदव्यासको रचना हो भने रामायण वाल्मीकिको रचना हो । हनूमान्, वसिष्ठ, तुलसीदास आदिले लेखेको रामायण भन्दा वाल्मीकिरामायणले निकै लोकप्रियता पाएको छ । यसमा अनेकौँ छन्दको प्रयोग गरिएको छ । यो महाकाव्यमा पनि मन्त्रको सार, जीवन जीउने कला, राजनीति, अर्थनीति, कुलमर्यादा, राजाको कर्तव्य, जनताको दायित्वलगायतका विषयहरूलाई राम्रोसँग चित्रण गरिएको छ ।



आगम

स्वयं शिवबाट पर्वतकी पुत्री पार्वतीले श्रवण गरेको तन्त्रलाई परमपावन शास्त्र भनिन्छ । आगमशब्दमा रहेका अक्षरहरूमध्ये 'आ' अक्षरले पाश (पाशो) 'ग' ले पशु र 'म'ले पति अर्थात् पाश, पशु र पति यी तीन तात्विक पदार्थहरूको प्रतिपादन गर्ने शास्त्र नै आगम हो । शिवविज्ञानको साङ्गोपाङ्ग चर्चा, मोक्ष र साधनाको उपाय, पतिस्वरूपको विमर्श वा विचार आगमशास्त्रमा पाइन्छ ।

आगतं शिववक्त्रेभ्यो गतं च गिरिजामुखम् ।
मतं च वासुदेवस्य तस्मादागममुच्यते ॥

अर्थात् 'भगवान् शिवका सद्योजात, वामदेव, तत्पुरुष, अघोर, ईशान र कालाग्निरुद्रसमेत ६ मुखबाट निस्केको (स्वयं शिवले गुरूपदमा रहेर उपदेश

गरेको), पार्वतीले शिष्यभावमा रहेर (कुब्जेश्वरी, सिद्धेश्वरी -गुह्येश्वरी) पूर्णेश्वरी, निशेश्वरी, कामेश्वरी र बज्रेश्वरीका रूपमा प्राप्त गरेको, वासुदेवले पनि मानेको (वैष्णवहरूबाट पनि सम्मत) विद्या नै आगम हो ।' तन्त्रको प्रतिफल प्राप्त गर्न त्यसको ज्ञान र साधनाका पक्ष महत्त्वपूर्ण हुन्छन् । रजोगुण र तमोगुणबाट निर्मुक्त हुन आप्त हुनुपर्छ । तपस्या र ज्ञानका बलले भूत, वर्तमान र भविष्य तीनै कालको निर्मल र अव्याहृत ज्ञान प्राप्त गरेका शिष्य वा ज्ञानवान् पुरुष आप्त हुन् । ती तत्त्वज्ञानी हुन्, शास्त्रका वास्तविक तत्त्वको ज्ञान तिनीहरूलाई हुन्छ । तिनीहरूले बताएको ज्ञान र देखाएको मार्गदर्शनले यस लोक र परलोक दुवैमा हित हुन्छ । पुष्टि, तुष्टि, सृष्टि, प्रलय, देवताका अर्चनप्रक्रिया, सबै साधना प्रणालीहरू, पुरश्चरणका विधि विधान, षट्कर्मसाधन (१.शान्तिकरण २.वशीकरण ३.स्तम्भन ४.विद्वेषण ५.उच्चाटन ६.मारण) र चार प्रकारका ध्यानयोग (हठ, राज, मन्त्र रलय योग) का समग्र वर्णन भएको विद्या नै आगम विद्या हो ।

आगमलाई मुख्यतः निम्नानुसार विभाजन गर्न सकिन्छ ।

क. वैष्णवागम (कुल २८, उपलब्ध १३)

१. अहिर्बुध्य-संहिता
२. जयाख्य-संहिता
३. पाराशर-संहिता
४. कपिलाजंलि-संहिता
५. ईश्वर-संहिता
६. पद्मतत्र-संहिता
७. बृहद्ब्रह्मा-संहिता
८. भरद्वाज-संहिता
९. विष्णु-संहिता
१०. श्रीप्रश्न-संहिता
११. विष्णुतिलक-संहिता
१२. सात्वत-संहिता
१३. लक्ष्मी-संहिता

ख. शैवागम (कुल २१५, उपलब्ध १३)

१. पाशुपत सूत्र
२. नरेश्वर परीक्षा
३. रत्नत्रय
४. नाद्कारिका
५. तत्त्वसङ्ग्रह
६. तत्त्वप्रकाशिका
७. श्रुतिसुक्तिमाला
८. भाङ्कारिका
९. मोक्षकारिका
१०. तात्पर्य सङ्ग्रह
११. तत्त्वत्रय
१२. परमोक्ष निराशकारिका
१३. सूत-संहिता

ग. शाक्तागम (कुल ७७, उपलब्ध ३९)

१. वामागम	२. कौलोपनिषद्	३. अरुणोपनिषद्
४. अद्धैतभावोपनिषद्	५. तारोपनिषद्	६. त्रिपुरोपनिषद्
७. ब्रहिचोपनिषद्	८. भावनोपनिषद्	९. कालिकोपनिषद्
१०. मिश्रमार्ग	११. दुर्वासस	१२. चन्द्रक
१३. बार्हस्पत्य	१४. ज्योत्स्नावती	१५. भुवनेश्वरी
१६. कलानिधि	१७. कुलेश्वरी	१८. कुलार्णव
१९. समयाचार	२०. सनकसंहिता	२१. शुक्रसंहिता
२२. सनन्दनसंहिता	२३. सनत्कुमारसंहिता	२४. वसिष्ठसंहिता
२५. तान्त्रिक साधना	२६. कुलार्णव	२७. कूल-चूडामणि
२८. तन्त्रराज	२९. शक्तिसङ्गम-तन्त्र	३०. कालीविलास
३१. ज्ञानर्णव	३२. नामकेश्वर	३३. महानिर्वाण
३४. रुद्रयामल	३५. त्रिपुरा-रहस्य	३६. दक्षिणामूर्ति-संहिता
३७. प्रपंचसार	३८. शारदा-तिलक	३९. मन्त्र-महार्णन

नीतिका ग्रन्थहरू

नीतिग्रन्थहरू जीवनका आधार हुन् । असल जीवन र सभ्य समाज निर्माणका लागि यिनीहरूको महत्त्वपूर्ण भूमिका रहन्छ । सनातनधर्ममा विभिन्न कालखण्डमा अनेकौं नीतिग्रन्थहरू तयार भएको देखिन्छ । वर्तमान समयमा उपलब्ध नीतिका ग्रन्थहरू यसप्रकार रहेका छन् ।

१. शुक्रनीति	२. चाणक्यनीति	३. शतकत्रयी (भर्तृहरि)
४. हितोपदेश	५. नीतिमंजरी	६. नीतिमयूख
७. अवधूतगीता	८. पुरुषपरीक्षा	९. कामन्दकीय नीतिसार
१०. साधनापंचकम	११. द्वादश पंचरिका	१२. कुटाटाभिमत
१३. चरपट पंचारिका	१४. कला विकास	१५. दर्पदलन
१६. चारुचाय	१७. चतुर्वर्ग सङ्ग्रह	१८. सनयमातृका
१९. देशोपदेश	२०. नाममाला	२१. वैराग्यशतक
२२. नीतिशतक	२३. श्रृङ्गारशतक	२४. लोकोक्ति मुखावली
२५. दृष्टान्तकालिका	२६. कलिविडम्बना	२७. मुग्धोपदेश
२८. प्रबोध सुधाकर	२९. भावविलास	३०. शांतिहटक
३१. अन्योक्ति शतक	३२. अन्योपदेश शतक	३३. पंचतंत्र
३४. सभारंजना	३५. सुभाषित रत्नकोश	३६. सदुक्ति कर्मनामित्र
३७. सूक्त मुक्तावली	३८. सुभाषितावली	३९. पद्माकृत तरंगिनी
४०. पद्यरचना	४१. विद्याधर सहस्राकर	

दैवी ज्ञान,जसलाई ऋषिहरूले प्रकटीकरण गरे, जसलाई परमब्रह्मको आदेश अनुरूप प्राप्त गरे सबै धर्मग्रन्थको मुख्य स्रोत वेद हो । हाम्रा नीतिका ग्रन्थहरू पनि वेदबाट नै निर्देशित भएको वा प्रभावित रहेको पाइन्छन् ।

नेपालमा शाक्तसम्प्रदायको स्थान

नेपाल शैवभूमिमात्र होइन समन्वयात्मक भूमि पनि हो । यहाँ वैष्णव, गाणपत, सौर्य, शाक्त सबै सम्प्रदायको उत्तिकै महत्त्वपूर्ण स्थान छ । इतिहास हेर्ने हो भने नेपालको मूलस्रोत शाक्त नै हो । शक्ति अर्थात् देवीलाई मुख्य इष्टदेवी मान्ने सम्प्रदाय नै शाक्त सम्प्रदाय हो । नेपालमा पाथीभरा, दन्तकाली, गुह्येश्वरी, दक्षिणकाली, मनकामना, गोरखकाली, उग्रतारा आदि देवी मुख्य मानिन्छन् । देवीको स्थान प्राचीनकालदेखि उच्च छ । पाञ्चायन देवतामध्ये देवी एक हुन् । तन्त्रशास्त्रमा दशविद्याको महत्त्व ठूलो छ ।

काली तारा महाविद्या षोडशी भुवनेश्वरी ।
भैरवी छिन्नमस्ता च विद्या धूमावती तथा ॥
बगला सिद्धविद्या च मातङ्गी कमलात्मिका ।
एता दश महाविद्याः सिद्धविद्याः प्रकीर्तिताः ॥

दश महाविद्याका बारेमा साहित्य एवं उपासनासँग सम्बन्धित अनेकौँ विधामा व्यापक चर्चा पाइन्छ । नेपालमा पनि यहाँका विभिन्न तन्त्रसाधकहरू देवीको साधना र उपसनामा समर्पित भएको देखिन्छ । यसलाई संस्थागत

गर्ने वा पुस्तकीय रूपमा लिपिबद्ध गर्नेहरूको संख्या भने अति न्यून छ । दश महाविद्याका उपासनापद्धति वैदिकी र तान्त्रिकी दुवै तरिकाबाट भएका छन् । दशमहाविद्यमन्त्रहरूमा पनि अनेकौं भेद उपभेद गरेका छन् आचार्यहरूले । जस्तै पुरुष देवतावाला मन्त्रलाई मन्त्र[१०] भनिन्छ भने स्त्रीदेवतावाला मन्त्रलाई विद्या भनिन्छ । अश्वक्रान्तसम्प्रदायका तान्त्रिकहरूले मन्त्र शब्दको स्थानमा विद्याशब्द प्रयोग गरेको पाइन्छ । दश महाविद्याका अनुष्ठान धेरै ठूला-ठूला विद्वान्हरूले पनि गरेका थिए र अहिले पनि गर्दै छन् । यस उपासनामा नव्य नैयायिक, वैयाकरण, वेदान्ति, साहित्य आदिका विद्वान्हरू प्रसिद्ध छन् ।

विशेष गरेर तन्त्रसाहित्यमा मूलरूपमा अश्वक्रान्त, रथक्रान्त, विष्णुक्रान्त सम्प्रदाय छन् । यी सम्प्रदायभित्र पनि कादि, हादि, कहादि आदि अनेक उपभेद छन् । कतै कतै उपर्युक्त तन्त्रसम्प्रदाय र तन्त्रोपसनासम्प्रदाय भेदले ग्रन्थहरूमा दश महाविद्याको नाम बदलिएको देखिन्छ । उपासना र पूजापद्धतिहरूमा पनि केही सामग्रीमा फरक र केहीमा विधिहरू अलि अलि अनतर देखिन्छन् । यसका बारेमा डा. स्वामी प्रपन्नाचार्यले राम्रो विश्लेषण गर्नुभएको छ । विभिन्न पुस्तक र सम्प्रदायले दश महाविद्याका केही भेद वर्णन गरेको पाइन्छ जसलाई यहाँ उल्लेख गरिएको छ ।

(क) ब्राह्मलिङ्गी तन्त्रमा दश महाविद्या

(१) काली, (२) कराली (३) वामाङ्गी (४) तारा (५) भैरवी (६) छिन्नमस्ता ७) रोमसा ८) धूमावती ९) त्रिपुरासुन्दरी १०) कमला

(ख) तारार्चनतन्त्रमा दश महाविद्या

१) काली २) तारा ३) षोडशी ४) भुवनेश्वरी ५) छिन्नमस्ता ६) भैरवी ७) धूमावती ८) बगलामुखी ९) मातङ्गी १०) कमला

(ग) तन्त्रचिन्तामणिमा दश महाविद्या

१) श्यामा २) तारा ३) चण्डिका ४) भैरवी ५) महालक्ष्मी ६) मातङ्गी ७)

---

१० पुंदेवत्या मन्त्राः स्त्रीदैवत्या इति मन्त्रविद्यर्याभेदः (ललित सहस्रनाम) वस्तुतस्तु ये पुंदैवत्याः सन्ति ते मन्त्रा उच्यन्ते याश्च स्त्रीदैवत्याः सन्ति वा भवन्ति ताः सर्वा विद्या शब्देनोच्यन्ते । वास्तविकं तथ्यमिदमस्ति किल ते सर्वेद्रपि मन्त्रा एव स्त्रीपुंदैवत्यभेदात् मन्त्रविद्ययोस्तान्त्रिकी व्यवस्थोति न कश्चन संशयः ॥

भुवनेश्वरी ८) धुमावती ९) कमलता १०) श्री

(घ) ब्रह्मविद्यातन्त्रमा दश महाविद्या

१) लोकेश्वरी २) काली ३) तारिणी ४) ब्रह्मकपाली ५) अनन्तश्री ६) बगलामुखी ७) सिद्धविद्या ८) मोहिनी ९) भुवनेश्वरी १०) कमला

(ङ) मालिनीविजयतन्त्रमा दश महाविद्या

१) काली २) नीला ३) महादुर्गा ४) त्वरिता ५) छिन्नमस्ता ६) वाग्वाहिनी ७) अन्नपूर्णा ८) प्रत्यङ्गिरा ९) कामाख्यात बाला १०) शैलवासिनी

(च) गुह्यकालीतान्त्रमा दश महाविद्या

१) कालिका २) तारिणी ३) छिन्नमस्ता ४) भुवनेश्वरी ५) सुन्दरी ६) धुमावती ७) बाला ८) भैरवी ९) महालक्ष्मी १०) दुर्गा

(छ) वामाचारपद्धतिमा दश महाविद्या

१) काली २) तारा ३) षोडशी ४) भुवनेश्वरी ५) छिन्नमस्ता ६) भैरवी ७) धूमावती ८) बगलामुखी ९) मातङ्गी १०) कमला

(ज) शक्तिसङ्गमिनीतन्त्रमा दश महाविद्या

१) कालाी २) तारा ३) छिन्नमस्ता ४) सुन्दरी ५) बगला ६) मातङ्गी ७) लक्ष्मी ८) श्यामला ९) सिद्धिविद्या १०) धूमावती

(झ) चामुण्डातन्त्रमा दश महाविद्या

(१) काली २) तारा ३) षोडशी ४) भुवनेश्वरी ५) छिन्नमस्ता ६) भैरवी ७) धूमावती ८) बगलामुखी ९) मातङ्गी १०) कमला

अहं देवी न चान्योऽस्मि ब्रह्मौवाहं न शोकभाक् ।
सच्चिदानन्दरूपोऽहमात्माहमिति चिन्तये ॥

अर्थात् "म देवी हुँ, म अरु कोही होइन । ब्रह्म नै म हुँ । शोक कल्याणले मलाई छुँदै छोएकै छैन । म सधैँ रहिरहन्छु । ज्ञानस्वरूप हुँ, आनन्द हुँ, दुःखको लेशमात्र पनि ममा छैन । म अनन्त सुखको समुद्र हुँ । म आत्मा हुँ ।" यसरी देवीलाई परमात्मा स्वरूप मान्नेहरू नेपालमा उत्तिकै मात्रामा देखिन्छन् । दुर्गासप्तशतीको श्लोकहरूलाई विशेष मन्त्र मानेर झारफुक गर्ने

परम्परा पनि उस्तै छ । केही शाक्त सम्प्रदायका अनुयायीले दुर्गा सप्तशतीको एघारौँ अध्यायलाई तन्त्रको महत्त्वपूर्ण अङ्ग मान्दछन् । पहाडका धामी, झाँक्री, फेदाङ्वा आदि र तराई, भित्रितराईहरूमा पाइने ओझा, वाम्जा, झाडिया, औरवटे आदि पनि तन्त्रकै विकृत रूप हो । यसरी अश्वक्रान्त, रथक्रान्त, विष्णुक्रान्त यी तीन सम्प्रदायभित्र कादि, हादि, कहादि आदि अनेक भेदोपभेदहरू छन् । सप्तमातृका, अष्टमातृका, दशमहाविद्या, नवदुर्गा यी सबै शक्तिकै प्रतीक हुन् । यस वाङ्मयका साधक उपासक अत्यन्त व्यापक र वृहद्रूपमा पाइन्छन् । त्यसैले ठूला-ठूला ऋषि, महर्षि आदिदेखि लिएर विद्वान्, आचार्यहरूसम्म सिद्धि प्राप्त गर्न पुगे । पछिल्लो कालमा पनि शङ्कराचार्य, अभिनवगुप्त, भास्कर आदि आचार्यहरू दश महाविद्याका उपासक थिए भन्ने मान्यता छ । गुप्त रूपमा यसको साधना गर्ने हरूका मात्रा पनि उत्तिकै छन् । महाविद्या भनेको महामन्त्र हो । दश महाविद्या शब्दको अर्थ हो दश महामन्त्र । यसले नेपालको तन्त्र परम्परामा महत्त्वपूर्ण स्थान राखेको छ ।





मन्त्र

मन्त्रविद्या गहन तथा गूढ रहस्यपूर्ण छ । मन्त्र युगौयुगदेखि एउटा पुस्ताबाट अर्को पुस्तामा प्रत्यक्ष वा परोक्ष ढङ्गले हस्तान्तरण हुँदै जीवित रहेको प्राचीन विद्या हो । लिपिबद्ध गर्ने परम्पराको विकास नहुँदासम्म सुनेरै मन्त्रलाई संरक्षण गरिएकोले यसलाई श्रुति पनि भनिन्छ । आफूले अग्रजबाट सुनेर पछिल्ला पुस्तालाई हस्तान्तरण गर्नु नै श्रुतिको परम्परा हो । मन्त्र विधाको लोकप्रियता प्राचीनकालमा ज्यादै थियो । तथापि कालान्तरमा यसको विश्वासनीयता कम हुन पुग्यो । यसतर्फ जब खोज हुन थाल्यो विदेशीहरूले ध्यान दिन थाले तब पछिल्लो समयमा मन्त्र विधाप्रतिको आकर्षण वढ्दै गएको अनुभव गर्न सकिन्छ । मन्त्र साधना गर्न साधकको सोच, विचार, व्यवहार पवित्र हुनुपर्छ । श्रद्धा र विश्वाससहित मन्त्रको अनुष्ठान गर्नुपर्छ । हाम्रा देवर्षिहरूले आफ्नो शरीरमाथि, हृदयमाथि अनुशासनमा रहेर साधना गरी महान् साधक बनेका हुन् । मन्त्रका प्रभावले व्यक्तिगत स्वार्थमाथि विजय प्राप्त गरी समाजको भलाइका लागि जीवन समर्पण गरे । मन वा विचारलाई कसीमा राखेर ध्यान योग गरी सिद्धि प्राप्त गर्नु नै मन्त्रको शाब्दिक अर्थ हुन आउँछ ।

मन्त्रले सबैलाई अधीनमा राखेको छ, मन्त्रबाट नै देवीदेवतालाई आह्वान, स्तुति र प्रसन्न गरिन्छ । मन्त्रकै कारण हाम्रा पुर्खाहरू ऋषिमुनि, दार्शनिक, मन्त्रद्रष्टा र त्रिकालदर्शी भए । असल कर्म, नियमित परिश्रम, शुद्ध मन्त्र उच्चारणद्वारा देवतालाई आफ्नो अनुकूल बनाउन सकिन्छ । मन्त्र र देवतामा फरक छैन । मन्त्रमा बीजलाई विशेष ध्यान दिनुपर्छ । बीजको अर्थ हो बीऊ । सानो बीऊबाट ठूलो वृक्ष जन्मन्छ । वृक्षको उत्पादन शक्ति त्यसै बीऊमा लुकेको हुन्छ । त्यस्तै कुनै खास बीजमन्त्रमा देवताको स्वरूप लुकेको हुन्छ । बीजमन्त्र जप्दा देवता प्रकट हुन्छन्, प्रसन्न हुन्छन् र उपासकको इष्ट सिद्ध हुन्छ । त्यसैले जप पूजामा मन्त्रको बीज शब्दको प्रयोग हुन्छ ।

मन्त्रका प्रकार विविध छन् । वेदमा रहेका वैदिक मन्त्र हुन् । लोकमा रहेका लौकिक र शाबरमन्त्र हुन् । ज्यादै प्रभावशाली तथा सरल मन्त्रको नाम शाबर हो । मन्त्रको ज्ञानविना अथवा मन्त्र रहस्यबारे नबुझी यस विधाबाट लाभ लिन सकिन्न । मन्त्रको साधनामा श्रद्धा, धैर्य, गुरुभक्ति यी तीन अङ्गको ज्यादै ठूलो भूमिका रहन्छ अथवा यी मन्त्रका प्राण हुन् ।

श्रद्धा र धैर्य

मन्त्रको फल र सिद्धिको आधार श्रद्धा हो । श्रद्धासहितको मन्त्रजपले मानवलाई महामानव बनाउँछ । साधकको साधनामा श्रद्धाको सर्वोपरि महत्त्व रहन्छ । जुन साधकको मनमा समर्पणको भावना, मङ्गलको कामना छ उसले सिद्धि प्राप्त गर्दछ । मन्त्र सिद्धि गर्ने लक्ष्य लिई कल्याणको भावना नभएर साधक असफल हुन्छ । पूजामा सामग्रीको भन्दा पनि श्रद्धा र विश्वासको स्थान उच्च हुन्छ । पात, फल, फूल, जल जे अर्पण गरे पनि विश्वास र श्रद्धा भएमा देवीदेवता खुसी हुन्छन् ।

ॐ व्रतेन दीक्षामाप्नोति दीक्षयाऽऽप्नोति दक्षिणाम् ।
दक्षिणा श्रद्धामाप्नोति श्रद्धया सत्यमाप्यते ॥

• *शुक्लयजुर्वेद*

अर्थात्, 'व्रतले दीक्षा प्राप्त हुन्छ । दीक्षाले कार्य कुशलवा दक्ष बनाउँछ, त्यसले श्रद्धा उत्पन्न गर्दछ । त्यो श्रद्धाले नै सत्य प्राप्त गराउँछ ।' यसरी सत्य अर्थात् परमात्मा प्राप्तिका लागि त श्रद्धा नै चाहिन्छ । "श्रत् सत्यं दधातीति श्रद्धा, श्रद्धया दीयते, हूयते, क्रियते वा तत् श्राद्धम्" अर्थात् 'श्रत्' भनेको सत्यलाई जसले धारण गर्छ, त्यसैको नाम श्रद्धा हो । तैतिरीयोपनिषद्मा श्रद्धाको महिमा प्रस्तुत गरिएको छ । ऋग्वेदमा त "श्रद्धासूक्त" कै उल्लेख पाइन्छ ।

अन्तर र बाहिरी गरी पूजालाई दुई भागमा विभाजन गरिएको छ । बाहिरी पूजामा विभिन्न द्रव्यहरू देवीदेवतालाई समर्पित गरिन्छ भने अन्तर्पूजामा आफ्नो अस्तित्त्व देवतामा विलीन गराइन्छ । पूजामामात्र होइन जपका लागि श्रद्धा नै चाहिन्छ । श्रद्धा अन्धभक्ति होइन । श्रद्धा र अन्धभक्तिमा पूर्ण फरक छ । अन्धश्रद्धामा विवेकयुक्त, ज्ञान अघि वढ्ने भावना हुँदैन । श्रद्धामा विचलित ल्याउने भावना नै शङ्का हो । शङ्कालु मनुष्य अज्ञानीमात्र हुन्छ । जस्तै एउटै प्लेटफार्ममा रहेका रेलगाडी, विसौनीमा रहेको कार, गाडी आदिको नम्बर र गन्तव्य आदिको ज्ञानसहित गाडीमा बसे यात्रुमा कुनै शङ्का उत्पन्न हुँदैन तर गाडीको ज्ञानविना गाडीमा बसेर यात्रा गरेको अवस्थामा मनमा शङ्का पैदा हुन्छ । ठीक यस्तै मन्त्रको ज्ञान प्राप्त गर्न अति आवश्यक श्रद्धा हुन्छ । मन्त्रको जानकारी नभई मन्त्र जाप गर्दा अप्रभावी, विनाशकारी वा असफल हुन्छ । मन्त्र लामो छ, कण्ठ छैन वा मन्त्र छोटो छ भनेर के फल मिल्छ भन्ने तर्क गर्नु व्यर्थ छ । मन्त्रमा पूर्णरूपेण श्रद्धा, आस्था, भक्ति राखेर गरेको कायै नै सफल हुन्छ ।

कार्यको आरम्भदेखि अन्त्यसम्म साधकमा धैर्य हुनुपर्छ, पूर्णरूपमा शान्ति र सन्तोषले गरेको कार्य नै सफल हुन्छ । चञ्चल प्रवृत्तिद्वारा गरिएको कार्य, विधिविधानमा कमी आउने डर हुन्छ । साधना कार्यमा साधकको श्रद्धा र धैर्यको यसकारण महत्त्व ज्यादा हुन्छ ।



गुरुभक्ति

गुरुको अर्थ अन्धकारलाई हटाउने हुन्छ। भक्तिले भावनालाई दृढ बनाउँछ। अद्वैत, द्वैत, विशिष्टाद्वैत जुसुकै दर्शनबाट हेरे पनि भक्तिका अर्थ फरक होलान् तर आवश्यकता निश्चय नै पर्छ। यसर्थ गुरुभक्तिको महिमा अपार छ। समस्त मन्त्रको पुञ्ज गुरुसँग हुन्छ। दीक्षाका स्रोत सद्‌गुरु हुन्। दीक्षाका माध्यमबाट शिष्यलाई गुरुले मन्त्र जप्ने तरिका र अधिकार प्रदान गर्नुहुन्छ। मन्त्रमा गुरुलाई नै सर्वेसर्वा मानिन्छ।

गुरुर्ब्रह्मा, गुरुर्विष्णुर्गुरुर्देवो महेश्वरः ।
गुरुः साक्षात् परंब्रह्म तस्मै श्रीगुरवे नमः ॥

वास्तवमा गुरु ब्रह्मा हो जसले अज्ञानी विद्यार्थीहरूमा ज्ञानको उपत्ति गराउनुहुन्छ । गुरु विष्णु हुनुहुन्छ, जसले ज्ञानलाई फूलाउँदै, फलाउँदै एक कक्षामा भर्ना भएर क, ख लेख्न नजान्ने विद्यार्थीलाई डिग्री र पीएच. डी. गराइ प्रोफेसर, उपकुलपति, विद्वान्, लेखक आदिमा पुग्ने योग्यता तयार गराइदिनुहुन्छ । गुरुलाई शिवको रूपमा पनि पाउन सकिन्छ । गुरुले आफूसँग पढेलेखेको विद्यार्थीमा घमण्ड आएमा त्यसको नाश गराउनु हुन्छ । "गृह्णाति ब्रह्मतत्त्वं उपदिशति शिष्यान् इति गुरुः" अर्थात्, ब्रह्मतत्त्व प्राप्त गरेर योग्य बनेका महापुरुषहरूले शिष्यहरूलाई ज्ञान दिएर आफूजस्तै योग्य बनाउने कार्य गर्दछन् त्यस्ता उदारमनालाई नै गुरु भनिन्छ ।

गुरुले दिएको ज्ञान अर्थात् दीक्षा नै अमृत हो जसबाट ज्ञान परम्परा पनि चल्दछ, शिष्यले भुक्ति र मुक्ति पनि प्राप्त गर्दछ । गुरुबाट प्राप्त ज्ञानविज्ञानले जन्मजन्मान्तरका पापराशिलाई नाश गर्दछ । हरेक ज्ञान योग्य गुरुकै मुखबाट सुन्नुपर्छ, यसलाई नै दीक्षा भनिन्छ ।[११]

जीवनको आधार भक्ति नै हो । भक्तिले समस्त बासना तथा अहम् मान्यताको नाश हुन्छ । भक्तिले मन उन्नत हुन्छ । यति मात्रै होइन अपितु प्रज्ञाको द्वार भक्तिरूपी चावीले मात्र खुल्छ । भक्तिको चरमोत्कर्ष नै त ज्ञान हो । त्यसैले "भक्तेस्तु या पराकाष्ठा स वै ज्ञानं प्रकीर्तितम्" देवीभागवतमा स्पष्टरूपमा भनेको छ । जे-जसरी माने पनि हामीले जीवनमा तीनवटा गुरुलाई नमः गर्न छुटाउनु हुँदैन ।

यवाज्जीवं त्रयो वन्द्या वेदान्तो गुरुरीश्वरः ।
आदौ विद्या प्रसिद्ध्यर्थं कृतघ्नत्वापनुत्तये ॥

जबसम्म तिमी मानव चोला लिएर बाँच्दछौँ तबसम्म तीन कुरालाई नछोड । पहिलो वेदान्तको गुरु जसले मुक्तिको कुरा बताउँछ । दोस्रो गुरु जसले शास्त्रको अध्यापन गराउँदै ईश्वरको सान्निध्यमा पुऱ्याएर मुक्ति दिलाउँछ । तेस्रो ईश्वर जसले चराचर जगत्लाई सञ्चालन गर्दछ । असल गुरुले शिष्यहरूका आँखा

११ मेरुतन्त्र १।७१

खोलिदिएर शास्त्रको मार्गबाट ईश्वरको दर्शन गराउँछ । त्यसैले त गुरु चेलाका लागि महत्त्वपूर्ण सम्पत्ति र अभिभावक हो । गुरुको वचनलाई मन्त्र र गुरुको उपदेशलाई शास्त्र मान्नुपर्छ । 'ज्ञान प्राप्त गर्न गुरुलाई साष्टाङ्गदण्डवत् गरी अत्यन्त विनितभावले प्रश्न गर्नुपर्छ अनि ज्ञानी र तत्त्वदर्शी गुरुहरूले उपदेश गर्ने छन् ।'[१२] सम्पूर्ण कार्य गुरुका आज्ञाले गर्नु, गुरुमा सदा-सर्वदा श्रद्धा गर्नु, गुरु पूजन गर्नु परमावश्यक हुन्छ ।

गुरूप्रति पूर्ण विश्वास गरी गुरुद्वारा प्रदत्त मन्त्रलाई साधना गर्दा सदा फलदायी हुन्छ । गुरुको पद समस्त देवताभन्दा माथि रहन्छ । देवमन्त्रमा देवपूजाभन्दा पूर्व गुरूपूजा विधान शास्त्रमा उल्लेख छ । गुरु भक्तिहीन साधकको तप, विद्या, बल, व्रत आदि सवै व्यर्थ हुन्छ । ईश्वरानुरागीभैं गुरूप्रति भक्ति श्रद्धा हुनु नै दृढ भक्ति हो । देवता र गुरुमा एकरूपताको भावना राखी साधना गर्दा वास्तविक फल मिल्छ ।

१२ तद्विद्धि प्रणिपातेन परिप्रश्नेन सेवया । उपदेक्ष्यन्ति ते ज्ञानं ज्ञानिनस्तत्त्वदर्शिनः ॥
• *गीता ४।३४*



साधनामा शुद्धिको आवश्यकता

शुद्ध पवित्र भएर गरेका कार्यहरू सफल हुन्छन् । नित्यकर्म होस् वा नैमित्तिककर्म शुद्ध हुनै पर्छ । शारीरिक र मानसिक रूपमा सबल हुनका लागि शुद्ध हुन जरुरत पर्दछ । पूजाकोठा, अस्पताल, मन्दिर जतातत‌ै शुद्ध र शृद्धीकरणको महत्त्व देखिन्छ । साधनाका लागि त शद्धिको अझ महत्त्व हुन्छ । दैनिक जीवनमा पनि शुद्ध हुन अति आवश्यक छ ।

साधनका क्रममा यहाँ शुद्धि पाँच प्रकारका छन्

(क) स्थानशुद्धि

(ख) शरीरशुद्धि

(ग) मनशुद्धि

(घ) द्रव्यशुद्धि

(ङ) क्रियाशुद्धि

स्थानशुद्धिमा जुन स्थानको आराधना गरिएको हो त्यहाँ कुनै दुर्गन्ध,आउनुहुँदैन, अपवित्र हुनुहुँदैन । साधनापूर्व त्यस स्थानको शुद्धि गर्ने, जलले धुने वा धूप, दीपद्वारा स्थानलाई पवित्र बनाउनुपर्छ । स्थानमा शान्ति छ, नैसर्गिक सौन्दर्य छ भने उत्तम कहलिन्छ । शरीर शुद्धिमा साधकले शुद्ध र चिसो जलले स्नान गरी शुद्ध, सेतो वा पहेलो रङ्को वस्त्र धारण गर्नुपर्छ ।

मनशुद्धिमा साधकको मन आध्यात्मिक विचारयुक्त हुनुपर्छ, कसैलाई नराम्रो बोली नगर्ने, सवैको कल्याण हुने विचार मनमा राख्नुपर्छ । मनमा पूर्ण विश्वास भई सधैँ मन स्थिर हुनुपर्छ ।

द्रव्यशुद्धिअनुसार साधकले पूजा, उपासना गर्दा प्रयोग गर्ने सामग्री जस्तै फूल, नैवेद्य, वस्त्र, पात्र आदि शुद्ध हुनुपर्छ । यसलाई द्रव्यशुद्धि भनिन्छ ।

क्रियाशुद्धिमा मन्त्रको अङ्ग, योग, मुहूर्त, मन्त्रन्यास, ध्यान वा जप प्रक्रिया उचित तरिकाले गर्नुपर्छ । यसलाई पूर्णतः राम्ररी विचार गर्नु उत्तम हुन्छ । यसबाहेक आसन, माला, आचार, धारण, प्राणक्रिया, मुद्रा, तर्पण, बलि, योग, जप, ध्यान, समाधि आदि पनि साधकका लागि विधिसहित मनन तथा चिन्तन गर्न आवश्यक छ । यसप्रकार मन्त्रको रहस्य बुझी मन्त्रसाधना गर्नाले उद्देश्य पूर्ति वा परमार्थ प्राप्तिमा सुगम हुन्छ । हरेक कार्यका लागि यसकारण पनि शुद्धि आवश्यक छ । साधकले यथासक्य नियम पालना गरी कार्य गरे लक्ष्य प्राप्ति हुन्छ ।



मन्त्र र गुरुको वैभव

हाम्रा ऋषिमुनि वेदाचार्यहरूले योग, ध्यान, तपस्य गरी आर्जेको शास्त्रसम्पत्तिमा हिजो, आज विकृति र विचलन आई ह्रास हुँदै गएको छ। धार्मिक असहिष्णुताका कारण ग्रन्थको विनाश भएको छ। हाम्रो देशभित्र रहेका पुस्तक, ग्रन्थ तथा रीतिरिवाजहरू दिनानुदिन हराउँदै गई पाश्चात्य परम्पराको संक्रमण बढेको छ। एकातिर यसले हाम्रा पाण्डुलिपिको संरक्षणको हुन सकेको छैन अर्कोतर्फ आस्तिक व्यक्तिमा पनि धर्मप्रति अनास्था बढ्ने अवस्था रहेको छ। वर्तमान भौतिक विलासिताका कारण आजका पींढीले शास्त्रको मर्म बुझ्न सकेको छैन। धनको लोभकै कारण कैयौं हस्तलिखित पाण्डुलिपिहरू वेचिन पुगेका छन्। यी सबैको परिमाण मन्त्र-तन्त्रको अद्भूत विद्या काल्पनिक हुन पुगेको छ। केहीमा भने मूलग्रन्थबाट मन्त्रको मुख्यांश निकाल्दा शास्त्र प्रभावहीन बन्यो। अब भने लुप्त मन्त्रको खोज संरक्षण गरी यसलाई पुनर्जिवीत गर्दै साधकको आचरणलाई सिद्ध गर्न विलम्ब गर्नुहुँदैन।

गुरूपरम्परा कमजोर हुँदा प्रायोगिक दृष्टिले न्यास, ध्यान आदि प्रक्रिया विलुप्त छ। उच्चारणको वास्तविक रूप अज्ञात हुँदा ध्यान र सिद्धिमा अन्तर

आउँछ । एक आपसमा नमिलाएर गरिएको मन्त्र साधनाले अविश्वास पैदा गरी विफल तुल्याउँछ । यसैकारणले मन्त्रमा गुरुको महत्ता ज्यादा पाइन्छ ।

यथा घटश्च कलशः कुम्भश्चैकार्थवाचकाः ।
तथा देवश्च मन्त्रश्च गुरुचैकार्थवाचकाः ।

• *कुलार्णवतन्त्र*

जसरी घट्, घडा, कलश वा कुम्भ यी सबैको अर्थ एउटै हो । यसरी नै देवमन्त्र वा गुरुको अर्थ एकै बनेको छ । मन्त्रद्वारा देवता प्रसन्न रहन्छन् र देवताको कृपाद्वारा धर्म, अर्थ, काम र मोक्ष प्राप्त हुन्छ किनकि यी तीनमा पूर्ण एकता हुन्छ । 'गु'को अर्थ अन्धकार हो, भने 'रु'को प्रकाश हो । गुरुमा अन्धकार नाश गरी उज्यालो छर्ने शक्ति रहन्छ । गुरुको कृपामा अपूर्व शक्ति छ । गुरु कृपाको प्रसाद प्राप्त गर्ने साधक सदा सुखी, आनन्द र प्रसन्न रहन्छ । सन्न्यास र विद्यामा गुरु परम्परा नै चलेको हुन्छ ।

मानिसले ज्ञानतन्तुको विकासको प्रथम सींढी पछ्याउदै सुख र सहजताको कामना गर्दछ । संसारमा जति जति आकर्षित हुन्छ उति नै विलासी, सुखी बन्ने कामना राख्छ । सुखी रहने मृगतृष्ण राख्दै अघि बढ्दा कठोर परिश्रम पनि गर्नुपर्छ । गुरुकृपा भए सुख प्राप्त गर्न सुलभ हुन्छ । गुरुकृपाले जन्म, मरण र बन्धन नष्ट भइ सम्पूर्ण मनोरथ सिद्ध हुन्छ ।

गुरु समक्ष सुख पाउने साधन सोधेमा त्रिविध तापको शमनद्वारा सुख पाउन सकिन ज्ञान हुन्छ । संसारमा तीन प्रकारका ताप हुन्छन् ।

पहिलोमा भूल, प्रेत, पिशाच आदिको बाधाद्वारा उत्पन्न ताप ।

दोस्रोमा सर्दी, गर्मी, वर्षा, विजुली, तुफान, मेघ आदि प्राकृतिक उपद्रवद्वारा उत्पन्न हुने ताप ।

तेस्रो शरीरमा उत्पन्न बात, पित्त, कफ आदि विकारद्वारा उत्पन्न रोग तथा मानसिक दुःख ।

यी दुःखको शमन गर्ने अनेक साधन छन् । केही साधन यस्ता छन् जो

उत्पन्न दुःख तत्काल शान्त गर्छन् तर पुनः उत्पन्न दुःखलाई पूर्ण रोक्न असक्षम हुन्छन् । कुनै साधन एउटा दुःख रोक्ने तर अर्को दुःख सँगसँगै आउने हुन्छ । जे भए पनि मन्त्र साधन एउटा यस्तो अद्भूत उपाय हो जुन श्रद्धा र विश्वासद्वारा कहिल्यै निष्फल हुँदैन । बदलामा अन्य कुनै पनि विकार उत्पन्न हुँदैन ।

मन्त्र सूक्ष्म र महत्त्वपूर्ण तत्त्वा हो । मन्त्रबाट नै सूक्ष्म र स्थूल वस्तुमा नियन्त्रण गर्न सकिन्छ । मन्त्र मानिसलाई स्फूर्तिवान राख्ने अनौठो साधन हो । मन्त्रले पिण्ड र ब्रह्माण्डमा दृष्टि राख्ने अद्वितीय शक्ति बोकेको हुन्छ । प्रकृतिलाई वशमा राख्ने अपूर्वशक्ति मन्त्रमा विराजमान हुन्छ ।

यद्यपि आज भौतिक विज्ञानमा अत्याधिक प्रतिष्ठा बढेको हुँदा सर्वसाधारण वा नयाँ समाजमा मन्त्र साधनाप्रति मानिसहरूको धारणा शिथिल बन्दै आएको छ । साधकलाई पौरस्त्य शास्त्र वा विद्यामा रहेका गुप्त विधाको अनुसन्धान रहस्यमयी भएको छ । शक्ति पुनर्जागरण गर्नका लागि असल, सुक्ष्म र संस्कारी गुरुको आवश्यक पर्दछ । पराविद्याको जानकारी कुण्डली शक्ति, मन्त्र, तन्त्र शास्त्रद्वारा प्राप्त गर्न सकिन्छ । साधना भूमिमा जन्मिएका कारण हामीले समस्त प्राणीलाई सुखी बनाउन लुप्त विधालाई पुनः जीवन्त बनाउन आवश्यक छ ।

मन्त्रद्वारा र तन्त्र साधना एउटा सिक्को दुई पाटा हो । हिजो, आज तन्त्रलाई जादु, टुना-मुना पनि भन्ने चलन थियो तर यो शब्दको अर्थ वृहत् र गम्भीर छ । मन्त्रको अर्थ विस्तारपूर्वक निरूपण भई सवै प्रकारको भयबाट रक्षा हुनेलाई तन्त्र भनिन्छ । तन्त्र त मनुष्यको तनमा त्राण दिन्छ त्यो तन्त्र हो ।

'यन्त्र' मन साधनाको तेस्रो धारा हो, प्रतिमा पूजामा जस्तो गणेशको प्रतिमा, शिवलिङ्ग बनाइ पूजा गर्नु आदि प्राचीनकालदेखि प्रचलित छ । यसअन्तर्गत उपास्यदेवको रेखात्मक, वर्णात्मिक, अंशात्मकपद्धतिद्वारा धातुमय, वर्णमय, तथा लिखित यन्त्रमा स्थापना गरिएको यन्त्रको पूजा यन्त्र हो । यसका लागि पनि गुरुको परम आवश्यक पर्दछ ।

मन्त्र, तन्त्र र यन्त्र यी तीन धारको साधना भनेको विजुलीको तारमा पातला तर साना तारहरू मिली कार्य गरेको भैं हो । एउटा तारविना कार्य

असम्भव हुन्छ । यसर्थ मन्त्र, तन्त्र र यन्त्र सम्मिलित साधनद्वारा सिद्धि प्राप्त हुन्छ । मन्त्र सन्दर्भमा उमेरको ठूलो - सानो हुँदैन, चाहे बालक, चाहे वृद्ध । मन्त्र साधारण भए पनि असत्य हुँदैन । मन्त्र जपको समयमा कुनै पनि कामना गर्नुहुँदैन, कसैको बारेमा नराम्रो सोच्नुहुन्न । परमात्मा सर्वव्यापी छन् भन्ने सोच लिनुपर्छ । सद्बुद्धि प्राप्त होस् भनी कामना गर्नुपर्छ । कार्य सद्रूपमा सफल होस् भनेर आर्तभावद्वारा ईश्वरको प्रार्थना गर्नुपर्छ । तपाईको कृपा नै ठूलो सम्पत्ति हो, शरणमा लिनुहोस् कृपा अतिरिक्त कुनै कुरा पनि चाहिन्न भन्ने भावनाको निर्माण गर्नुपर्छ ।

मन्त्रको जप वा मनन चिन्तन गर्दा अन्तर्मनमा गुरुको कृपाले आत्मामा स्फुरण हुन लागेको अनुभव गर्नुपर्छ । मन्त्रको अन्तिम परिणाम संसारको क्षय वा मुक्ति भावना हो । यही नै मन्त्रको अर्थ र रहस्य हो । रहस्य स्वयं अनुभवद्वारा जान्न सकिन्छ । देवतालाई प्रसन्न पारी कृपा प्राप्त गराउन ऋषिमुनिद्वारा मन्त्रको रचना भएको थियो । यी मन्त्रको उचित प्रयोग गर्नु उसको फल प्राप्त गर्ने मार्ग हो । मन्त्र देवताको स्वरूप हो, मन्त्रोपासना नै सगुणोपासना हो । सांसरिक दुःखको परम्पराबाट मुक्त पाउने मन्त्र सुलभ, सुगम, सर्वोत्तम साधन हो । लौकिक सिद्धिको प्राप्तिका लागि मन्त्रभन्दा ठूलो अन्य कुनै साधन छैन ।



मन्त्र साधना र सिद्धान्त

साधना शब्दको अर्थ ज्यादै व्यापक छ । कुनै पनि कार्य गर्न साधन र साधक चाहिन्छ । साध्यमा पुग्नका लागि साधकले साधनालाई उचित रूपमा प्रयोग गर्दछ । आगम ग्रन्थअनुसार सवै पदार्थ सिद्धि अनुकूल हुन्छ । साधनको अवलम्बन वा त्यसप्रतिको आचरण गर्नु नै साधना हो । अन्य आचार्यको मतअनुसार साधकद्वारा साध्य प्राप्तिको लागि क्रिया गर्ने प्रयत्न नै साधना हो र साधनाका लागि प्रयुक्त उपकरण साधन हो । साधन र साधना दुवै आध्यात्मिक शब्द हुन् । यी दुईद्वारा साधक दुःखत्रयबाट मुक्त भई सुख, आनन्द प्राप्त गर्दछ । आनन्द वा सुख प्राप्त गर्ने सम्बन्ध वा विषयमा अध्यात्मवाद एवं जडवादमा भारी अन्तर छ । संसारका सवै मानव सुखको कामना राख्छन् । सुखको खोज, सुख प्राप्त गर्ने कर्म नगरी सुख प्राप्त हुँदैन । भौतिक वा शारीरिक सुख क्षणिक हुन्छ । यसलाई अल्पकालिक सुख भनिन्छ । दीर्घकालिक सुखको स्पर्श गर्दा त्यो अभावमा विलीन हुन्छ ।

प्रसिद्ध मनोवैज्ञानिक विलियम जेम्सका अनुसार "मनुष्यको आशा (तृष्णा) कम हुन्छ, लाभ अधिक हुन्छ, यसबाट मनुष्यलाई आनन्द मिल्छ । आशा अधिक,

लाभ कम भए आनन्द प्राप्त हुँदैन । यस स्थितिमा आनन्द छिन्नभिन्न हुन्छ । परिणामस्वरूप दुःखको अनुभव हुन्छ ।"

जेम्सको सूत्र यस्तो रहेको छ ।

लाभ (Achievement)÷(Expectation) आशा=आनन्द (Satisfaction)

यस सूत्रको निष्कर्श मानिसको आशा कम गरी लाभमा वृद्धि गरी सुख प्राप्त गर्नु हो । यसको विपरीत आशा बढी, लाभ कम भए आनन्दमा ह्रास आउँछ । यदि लाभलाई यथावत् राखी आशालाई शून्य पारी प्राप्त हुने आनन्द परमानन्द हो, जसलाई ब्रह्मानन्द पनि भन्न सकिन्छ ।

विलियम जेम्सद्वारा उपयुक्त सूत्रको प्रतिपादन गरी स्वयं यस निष्कर्षमा पुगेको पाइन्छ । गणितको सामान्य जानकारी राख्ने व्यक्ति सहजै यो निष्कर्ष निकाल्न सक्दछ । अव प्रश्न छ, आशालाई शून्य कसरी गर्न सकिन्छ । आशा वा तृष्णा भनेको तरङ्ग हो । विचलित मनमा आशारूपी तृष्णा उत्पन्न हुन्छ । प्रशान्त मन आशा एवं तृष्णाद्वारा रहित हुन पुग्छ । "आशा हि परमं दुःखम्" उद्घोषण गर्ने मनिषिबाट मनको नियन्त्रण तथा उसमा उत्पन्न हुने तरङ्ग समाप्त गर्ने दुई साधन बताइएको छ ।

१. अभ्यास २. वैराग्य

गीतामा कृष्णले अर्जुनलाई यसको लामो व्याख्या गर्नुभएको छ । अभ्यास यस्तो साधना हो । जसबाट प्रतिकूल परिस्थितिमा पनि आनन्दपूर्वक जिउने कला प्राप्त गर्दछ । अभ्यासकै कारण मजदुर मनुष्य हजारौँ मिटर गहिरो खानीमा काम गर्छन् । अभ्यासको कारण माछा समुद्रको तरङ्गमा खेल्छन् । यस्तै वायुसेना अभ्यासको कारण शत्रुलाई घेरामा राख्छन् । अतः अभ्यासको कारण मनुष्य मृत्युको निकट पुग्दा पनि उसको विभीषिकाको बोध गर्दैन । अभ्यासद्वारा कुनै परिस्थितिको आनन्द वरण गर्ने क्षमता वृद्धि हुन्छ । आफ्नो मन पूर्ण नियन्त्रणमा हुन्छ र अनन्त आनन्दको अनुभूत गर्न सकिन्छ । यसरी नै मन्त्र साधना हो यसको साध्य आनन्द वा परमात्मा नै हो । यही सिद्धान्तमा रहेर मन्त्रको साधना गर्नुपर्छ ।

साधनाको सुगमपद्धतिः मन्त्रयोग

मनलाई वशमा ल्याउने अनेक उपाय छन् । यो अभ्यासलाई नै साधना भनिन्छ । यसमा मन्त्रजपको विशेष विधान छ । मन्त्र र योगको अभ्यासबाट साधना सफल हुन्छ । यसमा पनि यम, नियम, आसन इत्यादिको आवश्यकता हुन्छ । हठयोगमा सात अङ्ग छन्-

षट्कर्मासनमुद्राः प्रत्याहारश्च प्राणासंयामः
ध्यानं समाधिः सप्तैवाङ्गानिस्युर्हठयोगस्य ।

षट्कर्म धौति, वस्ति, नेति, लौलिकी, त्राटक, कपालमा यी षट्कर्म हुन् । आसन (योग), मुद्रा, प्राणायाम, ध्यान र समाधि यी हठयोगका छ अङ्ग मानिएका छन् ।

महर्षि पतञ्जलिले मनलाई वशमा लिन चित्तवृत्तिको निरोध गर्न चार प्रकारका साधना बताएका छन् । जसमध्ये मन्त्रयोग प्रथम स्थानमा पर्छ । परमात्मामा भाव हुनु, भावद्वारा नामरूप वा उसको विकार एवं विलासमय संसार पैदा हुनु मन्त्रयोगको सिद्धान्त हो । यसरी जुनक्रममा सृष्टि भयो यसको विपरीत क्रमद्वारा यसको हाँगा निश्चित भएको छ । परमात्माको भावद्वारा सृष्टि भई समस्त जीव वन्धनमा रहन पुगे । यसको मुक्ति प्राप्त गर्न नामरूपको

आश्रय लिनुपर्छ । भावग्राही परमात्मामा चित्तवृत्ति विलीन गरी मुक्ति हुन साधना विधिसहित मन्त्रयोगमा लीन भएको पाइन्छ ।

पुस्तके लिखितान्मन्त्रानालोक्य प्रजपन्ति ये ।
ब्रह्महत्यासमं तेषां पातकं परिकीर्तितम् ॥

• *मेरुतन्त्र ६/६०७*

अर्थात् 'पुस्तकमा लेखिएको मन्त्रलाई गुरुमुख नभई जसले जप्दछ, त्यसलाई ब्रह्महत्या समान पातक लाग्छ ।' दीक्षा परम्पराविना मन्त्रको कुनै प्रयोजन हुँदैन । यसबाट फल प्राप्त हुँदैन ।

सृष्टिको नाम रूपात्मक हुनाको कारण साधक नाम एवं रूपको अवलम्बन गरी सृष्टि बन्धनबाट अतीत भई मुक्तिपद प्राप्त गर्न सक्छ । जुन भूमिमा मानिस लड्छ उही भूमिको अवलम्बन गरी पुनः उठ्छ, यो प्रत्यक्ष छ । नाम रूपात्मक विषय जीवको बन्धनयुक्त गर्छ । नाम रूपात्मक प्रकृति वैभवद्वारा जीव अविद्याग्रस्त रहन्छ । आफ्नो प्रकृति तथा प्रवृत्तिअनुसार नाममय शब्द एवं भावमय रूपको अवलम्बन गरी यस साधनाद्वारा व्यक्ति अभीष्ट प्राप्त गर्दछ ।

मन्त्रयोगको विस्तार तथा महिमा ज्यादै विस्तारित र महिमामय छ । हिन्दूधर्ममा मूर्तिपूजा, यन्त्रपूजा, पीठपूजा एवं तान्त्रिक साधना मन्त्रयोग अनुसार हुन्छ । यो मन्त्रयोगमयी साधनाको मुख्य १६ प्रकार मानिन्छ ।

भवन्ति मन्त्रयोगश्य षोडशाङ्गानि निश्चतम् ।
यथा सुधांशोर्जायन्ते कला षोडशशोभना ॥
भक्ति शुद्धिश्चामनं च पञ्चाङ्ग स्यापि सेवनम् ।
आचारधारणे दिष्यदेशसेवनमित्यपि ॥
प्राणकृया तथा मुद्रा तर्पणं हवनं वलिः ।
यागो जपस्तथा ध्यानं समाधिश्चेति षाडशः ॥

चन्द्रमाको १६ कलासरह मन्त्रयोगको पनि १६ प्रकार छन् ।

मन्त्रयोगलाई गुरुबाट विधिवत् रूपमा ग्रहण गरी शिष्यले जीवन र जगत्लाई सार्थक बनाउँछन् ।

भक्ति

स्थूल उपासनाबाट सूक्ष्म उपासनामा जाने माध्यम मन्दिर, सत्सङ्ग, कीर्तन-भजन, भक्ति आदि मुख्य हुन् । पहिलो भक्तिको खुड्किलो, पहिलो साधनाको खुड्किलो, पहिलो पूजाको खुड्किलो, पहिलो अक्षरारम्भको खुड्किलो राम्रो भएन भने, ठीक भएन भने, ठीक भएर पनि त्यसको विधि ठीक भएन भने, त्यसबाट साधकले दुःखै पाउँछ । साधकको पहिलो कर्तव्य भनेको इष्टदेवप्रति परम् अनुराग वा परम् भक्ति हो । ज्ञानको धारा अद्वैत वेदान्तीहरूले एउटै माने तापनि भक्ति विषयका आचार्यहरूले चार धारा मानेका छन् भने तान्त्रिकहरूले कैयौं धारा मानेका छन् । तीमध्ये कादि, हादि र कहादि यी तीन धारा प्रसिद्ध छन् । यी तीन धारा पनि तन्त्रको मतमा पनि "ज्ञाने परिसमाप्यते" भनेर तारार्चन, ब्रह्म विद्यातन्त्र आदिमा स्पष्ट उल्लेख छ । सर्वव्यापक ईश्वर पनि ध्यान, धारण र समाधिले केन्द्रित हुन्छ । भक्तजनहरूको साँचो भक्ति केन्द्रित भएपछि

ईश्वरसाक्षात्कार हुन्छ ।

जीवनको आधार भक्ति नै हो । भक्तिले समस्त बासना तथा अहम् मान्यताको नाश हुन्छ । भक्तिले मन उन्नत हुन्छ । यति मात्रै होइन प्रज्ञाको द्वार भक्तिरूपी चावीले मात्र खुल्छ । भक्तिको चरमोत्कर्ष नै ज्ञान हो । त्यसैले "भक्तेस्तु या पराकाष्ठा स वै ज्ञानं प्रकीर्तितम्" देवीभागवतमा स्पष्टरूपमा भनेको छ । तर भक्तिको प्रारम्भ द्वैतबाट हुन्छ र पर्यवसान अद्वैतमा हुन्छ । वास्तवमा भक्ति र ज्ञानमा कुनै विरोध छैन । विभिन्न धर्महरू मार्गमात्र हुन् । पुग्नुपर्ने लक्ष्य त एउटै हो, एउटै छ ।

भक्ति तीन प्रकारका हुन्छन्ः

१. वैधीभक्ति २. रागात्मिकाभक्ति ३. पराभक्ति

विधि एवं निषेधद्वारा निर्णित धीर साधकद्वारा अपनाएको भक्ति वैधी हो । जुन भक्तिको रस स्वाद गरी साधक भावमा डुब्छ त्यो रागात्मिका भक्ति हो । परम् आनन्ददायक भक्तिपरा भक्ति हो ।

इष्टदेवप्रति भाव वा अनुराग उत्पन्न हुनुपूर्व शास्त्रको आज्ञा मानेर जो भजनमा वृत्ति हुन्छ, उसको नाम वैधीभक्ति हो । जबसम्म भावको उत्पत्ति हुँदैन तबसम्म वैधीभक्ति रहन्छ ।

रागात्मिकाभक्ति दुई प्रकारको हुन्छ ।

१. कामरूपा २. सम्बन्धरूपा

जुन भक्ति इष्टदेव वा आराध्यदेवको सुखको लागि हुन्छ, प्रेमरूपमा परिणत हुन्छ, त्यो कामरूपा रागात्मिकाभक्ति हो । जसको भक्तिमा म आफ्ना आराध्यदेवको पुत्र, प्रियतम हुँ भन्ने बुद्धि हुन्छ । केही आचार्यहरूले रागात्मिकाभक्तिद्वारा रागानुगाभक्तिको उत्पत्ति भएको मानेका छन् । यिनको मतानुसार रागात्मिकाभक्ति अनुगता भक्ति हो जुन रागानुगा भक्तिको रूपमा चिनिन्छ । रागानुगा भक्ति पनि दुई प्रकारका हुन्छन् ।

१. कामानुगा २. सम्बन्धनुगा ।

कामानुगा रागात्मिकाभक्ति अनुगामिनी तृष्णाको नाम कामानुगाभक्ति हो। कामानुगा भक्ति दुई प्रकारका हुन्छन् ।

१. सम्भोगेच्छामयी २. तत्रद्भावेच्छामयी ।

केलिसम्बन्धी अभिलाषायुक्त भक्तिको नाम संभोगेच्छामयी हो । भाव एवं माधुर्य प्राप्ति विषयक वासनामयी भक्तिको नाम तत्रदभावेच्छामयी हो । सम्बन्धानुगा भक्तिमा इष्टदेवको साथ पुत्रत्व, प्रियतमत्व, प्रियतमात्व, भातृत्व, पितृत्व आदि सम्बन्धमात्र चिन्तन नभएर साधकमाथि यो भाव आरोपित हुन्छ । यसप्रकार रागात्मिका भक्तिमा इष्टदेवप्रति भाव एवं राग स्थिरता प्राप्त गर्दछ ।

इष्टदेवप्रति यो राग पुष्ट भई जब अनुराग वा परम्प्रेमको रूपमा परिणत हुन्छ तब भक्ति पराभक्ति हुन्छ । भावको परिपक्वावस्थाको नाम प्रेम हो । निर्मल चित्तद्वारा इष्टदेवप्रति अति ममता भएर प्रेमको उदय हुन्छ । कुनै कारणद्वारा, विध्नद्वारा घट्नामा थोरै पनि विचलित नहुने प्रेमको चिन्ह हो ।

प्रेम दुई प्रकारका छन्

१. महिमाज्ञान युक्त २. केवल

विधिमार्गद्वारा चल्ने भक्तको प्रेम महिमाज्ञानयुक्त हो । सडकमा पैदल हिंड्ने व्यक्तिको वा भक्तको प्रेम केवल हो वा शुद्ध माधुर्यमय हो । ममताको उत्तरोत्तर जति वृद्धि हुन्छ प्रेमको उत्तरोत्तर यस्तै बदलिन्छ । प्रेमको उँचो स्थितिको नाम स्नेह हो । स्नेहका चिन्ह चित्रको द्रवित हुन्छ । यसको उचो अवस्थाका नाम राग हो । रागको चिन्ह प्रगाढ स्नेह हो । यसको पनि उच्च अवस्थाको नाम प्रणय हो । प्रणयको चिन्ह विश्वास हो । यस प्रकार जव भक्तको आफ्नो इष्टदेवप्रति भाव परिपक्व भई ममत्व, स्नेह, अनुराग वा प्रणयरूपमा परिणत हुन पुग्छ, त्यस भक्तिको पराभक्ति वा प्रेमभक्ति हो ।

शुद्धिको महत्त्व

ज्यादै निर्मलतालाई शुद्धि भनिन्छ। शौचसन्तोषतपः स्वाध्याययेश्वरप्रणिधानानि नियमाः (पा. यो. सूत्र २।३२) । शौच (पवित्र), सन्तोष, तपस्या, स्वाध्याय र ईश्वर प्रणिधानको भेदले पाँच प्रकारका नियम छन् । माटो, जल इत्यादि तथा पवित्र भोजनले पनि बाह्य शरीरको शुद्धि हुन्छ । सबैको मैत्रीको भावना, दयाको भावना, प्रसन्ताको भावना, दुष्टका प्रति उपेक्षाको भावना शरीरभित्रको शुद्धि हो । यी सबै शौच (पवित्रता) भित्र पर्छन् । मन्त्रसाधनाले चार प्रकारको शुद्धिमा जोड गरेको पाइन्छ । शुद्धिले साधकको मनमा निहित अज्ञान एवं अविद्याको नाश हुन्छ । उसको शरीरको अशुद्धि समाप्त हुन्छ । साधनामा मुख्यतः निम्न शुद्धिलाई महत्त्वपूर्ण स्थान दिएको हुन्छ ।

क. कायशुद्धि
ख. चित्तशुद्धि
ग. दिक्शुद्धि
घ. स्थानशुद्धि

कायशुद्धिलाई वाह्य शुद्धि तथा चित्त शुद्धिलाई अन्तः शुद्धि भनिन्छ ।

क. कायशुद्धि

संस्कृतभाषामा कायको अर्थ शरीर हो । 'शरीर माध्यं खलु धर्म साधनम्' शरीरकै माध्यमबाट धर्मको साधना गरिन्छ । शरीर स्नानद्वारा शुद्ध हुन्छ । मल प्रचालनलाई स्नान भनिन्छ । अतः स्नान गर्दा शरीर निर्मल हुन्छ । स्नान ७

प्रकारका हुन्छन्:

मान्त्र, भौम, आग्नेय, वायव्य, दिव्य, वारुण, मानस ।

'आपोहिष्ठा भयो भुवः' आदि मन्त्रद्वारा मार्जन गर्नु मान्त्रस्नान हो । उबटन आदि लगायत रगडेर नुहाउनु भौम स्नान हो । भस्मद्वारा स्नान गर्ने आग्नेय स्नान, गाईको खुरद्वारा उडेको धुलोबाट गरिएको स्नान वायव्य स्नान, घाममा वा वर्षाद्वारा स्नान गरे दिव्य स्नान हुन्छ । जलमा अवगाहन गर्दा वारुण स्नान तथा भगवान् विष्णुको संस्मरण मानस स्नान हो ।

ख. चित्तशुद्धिः

वेदान्तशास्त्रले अन्तस्करणभित्र मन, बुद्धि, चित्त र अहङ्कारलाई लिएको छ । यिनीहरूलाई आत्मनिकट मानिने हुनाले यसको शुद्धि हुन आवश्यक छ । अभय, रागरहिता, ज्ञानयोग, दान, यज्ञ, वेदशास्त्रको स्वाध्ययन, नम्रता, अहिंसा, सत्य, त्याग, शान्ति, अपिशुनत्व, दया सबै जीवप्रति हु । नुपर्छ अनुग्रह, मृदुता, अचपलत्व, तेज, क्षमा, धृति, शौच, अद्रोह, अतिमानिताको अभाव आदिले चित्त शुद्धि गर्छ ।

ग. दिक्शुद्धिः

दिक्शुद्धिद्वारा साधकको मन वशमा पर्छ र सिद्धि मिल्छ । त्यसकारण प्रयासस्वरूप दिक्शुद्धि गर्नुपर्छ । दिनमा पूर्वमुख, रातमा पश्चिममुख भई विधिवत जप, देवपूजा गर्नुपर्छ । यसलाई दिक्शुद्धि भनिन्छ ।

मनलाई शुद्ध र एकाग्र पार्न सकेन भने ईश्वर साक्षात्कार गर्न सकिदैन । यही मन काम, क्रोध, लोभ, मोह, आदिमा फसेर दबिएको हुन्छ । अनि सांसारिक वातावरणको बेफाते कोलाहलमा पर्दछ ।

घ. स्थानशुद्धिः

साधकले साधनाका लागि पवित्र स्थान छनौट गर्नुपर्छ । जहाँ बसेर साधना, उपसना गरिन्छ त्यसको पवित्रतालाई नै स्थानशुद्धि भनिन्छ ।



आसन

स्थिर भावले सुखपूर्वक बस्नुलाई आसन भनिन्छ । स्थिरसुखमासनम् (पा.यो.सू.२।४६) जसलो स्थिरता र सुख प्राप्त हुन्छ, जहाँ सुखपूर्वक बस्न सक्छ, त्यही आसन हो । आसन शब्दले यहाँ योगासन बुझ्नुपर्छ । योगासनले शरीरको स्थिरताप हुन्छ, रोग इत्यादि हुँदैन, सुख पनि प्राप्त हुन्छ । योगका चार भेद मानिएका छन् । चित्तवृत्तिको निरोध गर्दै भगवत् प्राप्तिको निमित्त अनेक साधन (प्रणाली)हरू हाम्रा महर्षिहरूले चार भागमा विभक्त गरेका छन् । ती योग हुन्- मन्त्रयोग, हठयोग, लययोग र राजयोग ।

मन्त्रसिद्धिमा रेशम, कम्बल, कुश, वाघम्बर, मृगचर्मको आसन श्रेष्ठ मानिन्छ ।

काम्यप्रयोगमा विशेष रातो रङ्गको कम्बलको आसन श्रेष्ठ हुन्छ । कृष्णाजिनको आसनबाट ज्ञानसिद्धि, वाघाम्बरबाट मोक्ष, कुशासनबाट दीर्घायु, रेशमी आसनबाट व्याधि नाश हुन्छ ।

सकाम वा निष्काम कर्मको भेदबाट, कामनाको तारतम्यबाट आसन निर्णय गर्नुपर्छ । शान्ति, वशीकरण, स्तम्भन, विद्वेषण, उच्चाटन, मारण आदि

कर्ममा क्रमशः पद्मासन, स्वस्तिकासन, विकटासन, कुक्कुटासन, वज्रासन एवं भद्रासनमा बसी जपपूजा गरे कार्य सिद्धि हुन्छ ।

निष्काम कर्ममा पद्मास र स्वस्तिकासन उपयोगी मानिन्छ । शान्ति षड्कर्ममा गाई, गैंडा, हात्ती, भेडा, भैसीको छालमा वस्ने, अन्य काम्य प्रयोगमा रेशम, कुश, कम्बलको आसनमा बसेर 'पृथिवी त्वया घृता' मन्त्रले आसन पूजा गरी पध्मासन लगाई जप, पूजा तथा पुरश्चरण गर्नुपर्छ ।

आसने भोजने चैव दत्ते सम्यग् द्विजातये ।
सुखेन भुङ्क्ते पाथेयं पथि गच्छन् शनैः शनैः ।।

सुपात्र ब्राह्मणलाई आसन र भोजन दान दिनाले जीवात्माले यममार्गमा बिस्तार बिस्तार हिड्दै सुखसित बाटोको सामल खान्छ ¦ तुलसीदल मुखमा राखेर तील र कुशको आसनमाथि प्राणत्याग गर्ने व्यक्ति पुत्रहीन भए तापनि निःसन्देह वैकुण्ठपद प्राप्त गर्दछ । यसरी साधनाकालदेखि मृत्युपर्यन्त आसनको महत्त्व रहेको हुन्छ । साधनालाई फलिभूत बनाउनका लागि आसनको भूमिका उच्च रहन्छ । यसैले आसनलाई साधनकालमा अधिक महत्त्व दिइन्छ ।



पञ्चाङ्ग सेवन

पञ्च र अङ्ग शब्द मिलेर पञ्चाङ्ग शब्द बनेको । पञ्चाङ्गको अर्थ पाँचको समूह भन्ने हुन्छ । शास्त्र र प्रसङ्अनुसार पञ्चाङ्गको अर्थ अनेक हुन सक्छ । आयुर्वेद, ज्योतिषमा पञ्चाङ्गका आ-आफ्नै अर्थ छन् । अध्यात्ममा पनि पञ्चाङ्गको आफ्नै महत्त्व छ । गीता, सहस्रनाम, स्तव, कवच तथा हृदय यी पाँचलाई पञ्चाङ्ग भनिन्छ । आफ्नो कल्पोक्तपद्धति अनुसार स्तोत्र, कवच, हृदयको पाठ गरे साधक पापरहित भई कार्य सिद्धि हुन्छ ।

पञ्चदेवोपासनामा श्रीमद्भगवद्गीता, गणेशगीता, भगवतीगीता, सूर्यगीता, शिवगीता यी ५ गीता मानिएको छ । विष्णुसहस्रनाम गणेशसहस्रनाम, दुर्गासहस्रनाम, सूर्यसहस्रनाम, शिवसहस्रनाम यी ५ सहस्रनाम पाठकालागि मत्वपूर्ण मानिन्छन् । सूर्य, दुर्गा, शिव, गणेश, विष्णुलाई पाञ्चायनदेव मानिन्छ । साधकले प्रतिदिन यिनको नियमित रूपमा स्वाध्याय, पाठचिन्तन गनुपर्छ अनि पाँच देवताको स्तव, कवच, हृदय अनुष्ठानको अनेकौं फल मिल्छ ।

आचार

आचारलाई सबैभन्दा ठूलो धर्म मानिन्छ । वेदान्तदर्शनले पनि भनेको छः आफ्नो आचारमा रहनेको पुनर्जन्म हुँदैन । धर्मले आचारमा मानवलाई प्रशिक्षित गराई तिनको परिपालनमा जोड दिन्छ । आचारको पालनबाट व्यक्ति विवेकशील र परिपूर्ण मानव बन्न सफल हुन्छ । आचारबाटै समाज पनि सन्तुलित र व्यवस्थित भई अगाडि बढ्दछ । मन्त्र साधनामा मुख्यतया ३ प्रकारका आचार छन्ः-

१. वामाचार

२. दक्षिणाचार

३. दिव्याचार ।

वाम तथा दक्षिण आचार परस्परमा भिन्न भए पनि यसको हेतु एकै हो । वामाचार प्रवृत्तिमूलक र दक्षिणाचार निवृत्तिमूलक हुन्छ । प्रवृत्तिबाट निवृत्तितिर लाने आचार दिव्याचार हो । प्रवृत्ति जीवमात्रको सहज गुण हो, निवृत्त महाफलदायक हुन्छ । दिव्याचार यी दुवै आचारको अविरुद्ध तथा सबै जीवको लागि हितकर छ । साधकले आफ्नो गुरुअनुसार आचार निर्धारण गर्नुपर्छ । गुरु शिष्यको प्रकृति, रुचि, शक्तिको विचार गरी काम्य एवं निष्काम उपासनाको भेदमा ध्यान दिइ आचारको उपदेश दिनुपर्छ ।

धारणा

चित्तलाई एक स्थान वा वस्तुविशेषमा मात्र केन्द्रित गर्नु नै धारणा हो। श्रद्धा र योग दुवैको विधिवत् अभ्यास भए धारणा सिद्धि हुन्छ। प्राणायामको अभ्यासले धारणामा योग्यता प्राप्त हुन्छ। देशबन्धचित्तस्य धारणा (पा.यो. सू ३।१) यम, नियम, आसन, प्राणायाम, प्रत्याहार यी पाँच योगका बहिरङ्ग (बाहिरी) साधन हुन्। धारणा, ध्यान, सामाधि, अन्तरङ्ग साधन हुन्। मन इन्द्रियहरूको विषयमा नगएर इन्द्रियहरू नै चित्तले धारणा गरेको विषयमा गए भने त्यसलाई धारणा भनिन्छ। धारणामा साधक आफ्नो शरीरमा तथा शरीरका भिन्न नाडी चक्रमा समस्त ब्रह्माण्डको भावना गर्दै आफ्नै आत्मा रूपी परमेश्वरको ऐश्वर्यको रूपमा सर्वव्यापक भावमा स्वात्म परमेश्वरको रूपमा नै देख्छ।

योगमा मात्र होइन धारणामा पनि मन्त्र साधना सर्वाधिक सहयोगी हुन्छ। वाह्य एवं आभ्यान्तर गरी दुई प्रकारका धारणा हुन्छन्। वाह्य वस्तुसँग मनोयोग भए वहिर्धारणा एवं अन्तर्गतको सूक्ष्म द्रव्यमा साथ हुने मनोयोग भए अन्तर्धारणा बन्छ। धारणा सिद्धि भए मन्त्र साधनामा तत्पर साधकलाई ध्यानसिद्धि तथा मन्त्रसिद्धि मिल्छ। धारणा सिद्धिपछि जपसिद्धि, प्राणसम्यम्, इष्टदेवको साक्षात्कार, दर्शन आदि सवै प्राप्त हुन्छ। धारणा सिद्धिमा स्थूल एवं सूक्ष्म सवै प्रक्रियामा योगमर्मज्ञ गुरुबाट विधिवत् शिक्षा लिएर मन्त्र साधना गर्नुपर्छ।



दिव्यदेश सेवन र प्राणक्रिया

अम्बु, लिङ्ग, स्थण्डिल, कुण्ड, पट, मण्डल, विशिखा, भावयन्त्र, पीड, विग्रह, विभूति, नाभि, हृदय, मुर्धा आदिलाई दिव्यदेशमा वताइएको छ। साधकको आफ्नो अधिकारअनुसार पूजा एवं उपासना गर्नुपर्छ। यो दिव्यदेश मन्त्र साधनामा सिद्धिदायक मानिन्छ। मन, प्राण र वायुमा अभेद सम्बन्ध मानिन्छ। वायु एवं प्राणमा कार्य करणको सम्बन्ध हुन्छ। यसैले प्राणायामपूर्वक न्यास गर्नुपर्छ। मन्त्र साधनामा प्राणायाम अति महत्त्वपूर्ण छ र साधकले सहज प्राणायामको अभ्यास गर्नुपर्छ। प्रणव एवं व्याहृति गरी तीनपटक गायत्रीमन्त्रको जप गरेर पूरक गायत्री मन्त्र तीनपटक जप गरेर कुम्भक एवं रेचक गर्नुपर्छ।

मुद्रा

संस्कृतभाषाको 'मुद्' धातुबाट प्रसन्न अर्थ निस्पन्न हुने गरी मुद्रा शब्द बनेको छ । यसको अर्थ हातका औँलाहरूले बनाएको देवतालाई खुसी पार्ने आकृतिविशेष भन्ने हुन्छ । सम्पूर्ण देवताहरूलाई प्रसन्न पार्ने र पापराशिलाई भगाइदिने हुनाले पनि यस्तो आकृतिलाई मुद्रा भनिएको हो । हाँतका पाँचवटा औँलाहरू आकाश, वायु, अग्नि, पानी र पृथ्वी पाँच महाभूतका प्रतीक हुन् । यिनीहरूका संयोगबाट बनेका विभिन्न मुद्राहरू पूजाका खासखास अवसरहरूमा देखाउँदा देवताहरू ज्यादै खुसी हुन्छन् । उपासकका कामनाहरू पूर्ण हुने हुनाले मुद्राको महत्त्व तन्त्रशास्त्रमा ज्यादै विशिष्ट मानिन्छ ।

मोदनात् सर्वदेवानां द्रावणात् पापसन्ततेः ।
तस्मान्मुद्रेति विख्यातः मुनिभिस्तन्त्रवेदिभिः ॥

अर्थात् 'तन्त्रवेत्ता र मुनिहरूले मन्त्र शब्दमा रहेको म अक्षरको अर्थ सबै देवताहरूलाई प्रसन्न गराउने र द्रा अक्षरको अर्थ पाप क्षय गर्ने बताएका छन् ।' पूजा, जप, ध्यान, काम्यकर्म विभिन्न अवसरहरूमा बेग्लाबेग्लै मुद्राहरूले देखाउनु भन्ने शास्त्रहरूको निर्देश छ । दीक्षा नलिएका व्यक्तिले देखाएका मुद्राहरू भने

स्वयं विफल हुन्छ । यसबाट देवताहरू क्षुब्ध हुन्छन्, साधक रोगी र दरिद्र हुन सक्छ । देवता भेदले मुद्राहरू बेग्लाबेग्लै पनि हुन सक्छन् ।

पूजन, जप, काम्यप्रयोग, स्नान, हवन, स्थापनाको समयमा मुद्रा बनाएर देखाउनुपर्छ । आह्वानको ९ मुद्रा, पूजनको मुद्रा, षडन्यास मुद्रा साधारणतया सवै मन्त्रको जपपूजामा गर्नुपर्छ, स्नानमा अङ्कुश मुद्रावारे तीर्थको आह्वान गर्नुपर्छ ।

शान्ति, वशीकरण, स्तम्भन, विद्वेषण, उच्चाटन एवं मारण यी काम्य प्रयोगमा क्रमशः पद्म, पास, गदा, मुसल, वज्र, खड्गमुद्राको प्रयोग गर्नुपर्छ । हवनमा मृगीमुद्रा, हंसीमुद्रा एवं सुकरीमुद्राको प्रयोग गर्नुपर्छ । हवनःमा मृगीमुद्रा, हंसीमुद्रा एवं सुकरीमुद्राको उपयोग हुन्छ । शान्ति, पौष्टिक कर्ममा, हवनमा मृगीमुद्राद्वारा वशीकरण आदिमा हंसीमुद्राद्वारा स्तम्भन विद्वेषण, उच्चाटन एवं मारणमा सूकटी मुद्राद्वारा आहुति गर्नुपर्छ । यी दुवै कार्यमा आफ्नो कल्प ग्रन्थमा बताएको मुद्राको उपयोग गर्नुपर्छ । देवताका केही मुद्रा प्रिय हुन्छन् र साधकले देवतालाई खुशी पार्न सक्छन् ।

विष्णुमुद्रा :

शंख, चक्र, गधा, वेणु, श्रीवत्स, कौस्तुभ, वनमाला, ज्ञान, विल्व, गरुड, नारसिंही, वाराही, हायग्रीवी, धनु, वाण, परशु, जगन्मोहनीका एवं काम यी १९ मुद्रा विष्णुको प्रिय छन् ।

शिवमुद्राः

लिङ्ग, योनी, त्रिशूल, माला, वर, मृग, अभय, खट्‌वाङ्ग, कपाल एवं डमरु यी १० मुद्रा शिवका प्रिय हुन् ।

गणेशमुद्राः

दन्त, पाश, अङ्कुश, विघ्न, परशु, लड्‌डूक एवं वीजपुर यी ७ मुद्रा गणेशका प्रिय मुद्रा हुन् ।

दुर्गामुद्राः

पाश, अङ्कुश, वर, अभय, खड्ग, चर्म, धनुश, वाण तथा मौश्ली यी ९ मुद्रा दुर्गाका प्रिय मुद्रा हुन् । श्यामा एवं शक्तिको प्रिय मुद्रा हुन् । श्यामाको मुण्डमुद्रा तथा शक्तिको महायोनी मुद्रा प्रिय हुन् ।

तारामुद्राः

योनी, भूतिनी, वीज, दैत्य, धूमिनी, लेलिहाना यी ५ मुद्रा ताराका प्रिय हुन् ।

त्रिपुरामुद्राः

संक्षोभ, द्रावण, आकर्षण, वश्य, उन्माद, महाकुंशा, खेचरी, वीज, योनी, त्रिखण्डा यी १० मुद्रा त्रिपुराका प्रिय हुन् ।

अन्य देवताको प्रिय मुद्राः

लक्ष्मीको पूजनमा लक्ष्मीमुद्रा, सरस्वतीको अक्षमाला, वीणा, व्याख्या एवं पुस्तकमुद्रा, गोपाल पूजनमा वेणुमुद्रा, नृसिंह पूजनमा नारसिंहीमुद्रा, वराहको पूजनमा वाराहीमुद्र, हयग्रीवको पूजनमा हायग्रीवमुद्रा, राम पूजनमा धनुष एवं वाणमुद्रा, परशुरामको पूजनमा परशुमुद्रा, कृष्णको ध्यान तथा आवहानमा जगन्मोहनमुद्रा तथा अग्नि पूजनमा सप्तजिह्वा मुद्रा हुन्छन् ।

अन्य उपयोगी मुद्राः

मन्त्र साधनामा कुम्भ मुद्राद्वारा अभिशेक, पद्ममुद्राबाट आशन शुद्धि, कालकर्णी मुद्राबाट विध्न शान्ति, ताराचमुद्राबाट वस्तुलाई पवित्रीकरण, गालिनीमुद्राबाट जलशोधन तथा अङ्कुशमुद्राबाट तीर्थको आह्वान गर्नुपर्छ । तन्त्रोक्त मन्त्रोपचार मुद्रा सर्वश्रेष्ठ हो । मुद्रामा आसन, प्राणायाम, धारणा सवै क्रिया सम्मिश्रण छ ।

तर्पण

तर्पण कार्यबाट देवीदेवता शीघ्रातिशीघ्र प्रशन्न हुन्छन् । अतः देवतालाई सन्तुष्ट गर्ने विधि नै तर्पण हो । तर्पण सकाम र निष्काम दुई प्रकारका छन् । सकाम तर्पणमा द्रव्यक्रिया र निष्काम तर्पणमा जलद्वारा कार्य गरिन्छ । देवता प्रशन्न गर्ने प्रधान साधन हुनाले तर्पण मन्त्रसाधनाको मुख्य अङ्ग बनेको छ । मधुद्वारा तर्पण गरे समस्त कार्य कामना पूर्ण हुन्छ । मन्त्र सिद्ध हुन्छ । महापातक नष्ट हुन्छ, कपूर र जलको तर्पण गरे राजा तथा हल्दी मिश्रित जलले तर्पण गरे सामान्य व्यक्ति वशमा पर्छ । घिउको तर्पणले दीर्घायु, दूधको तर्पणले आरोग्य, मिश्रित जलको तर्पणले सुख, नरिवल जलको तर्पणले सर्वाथ सिद्धि, मरिच जलले शत्रुनाश, कवोष्ण जलको तर्पणले शत्रु उच्चाटन हुन्छ । साधकले स्नान, पूजन, हवनको समयमा प्रतिदिन तर्पण गर्नुपर्छ । तर्पण गर्दा ऋषि, पितृ, इष्टदेव एवं उसको आवरण देवताको कल्पोक्तरीतिद्वारा तर्पण गर्नुपर्छ ।



हवन

जपविना मन्त्र सिद्ध हुँदैन र हवनविना फल प्राप्त हुँदैन । अभीष्ट फल प्राप्तिको हेतु साधकले श्रद्धापूर्वक हवन गर्नुपर्छ । काम्य एवं निष्काम दुवै प्रकारको प्रयोगमा हवन गर्न सकिन्छ । काम्य प्रयोगमा तत् द्रव्यले तथा निष्काम प्रयोगमा उपलब्ध द्रव्यले हवन गरिन्छ । काम्य प्रयोगमा अग्नि, समिधा, कुण्ड, दिशा एवं हवन द्रव्य अनिवार्य छ अन्यथा फल अनिष्ट हुन्छ । शान्ति एवं वश्यमा लौकिक अग्नि, स्तम्भनमा वटवृक्षको काष्ठमा मन्थनद्वारा उत्पन्न अग्निमा, विद्वेषणमा वयरको काठबाट उत्पन्न अग्निमा तथा उच्चाटन अनि मारणमा श्मशानको आगो हवन गर्नुपर्छ ।

शुभकार्यमा बेल, आँक, डाक एवं दूधवाला वृक्षको समिधाबाट, अशुभ कार्यमा कुचिला, वयर, निम्बू एवं धतूरो आदिको समिधामा प्रज्ज्वलित गर्नुपर्छ । शान्ति आदि षड्कर्ममा अग्निको क्रमशः सुप्रभा, रक्ता, हिरण्या, गगना, अतिरिक्तता एवं कृष्णा जिह्वाको पूजन गर्नुपर्छ । शान्तिमा पश्चिमी वृत्ताकार, वशीकरणमा उत्तर दिशामा पद्माकार, स्तम्भनमा पूर्व दिशामा चतुर्भुजाकार, विद्वेषणमा नैऋत्यकोणमा त्रिभुजाकार, उच्चाटनमा वायव्यमा षड्कोणाकार तथा मारणमा दक्षिणमा अर्धचन्द्राकार कुण्ड वा स्थण्डिल बनाउनुपर्छ । पूजा कार्य एवं वलिपछि साधकद्वारा हवन गर्नुपर्छ । अर्घ्योदकद्वारा कुण्ड वा स्थण्डिलको प्रोक्षण गरी उसमा ३ रेखा कोर्नुपर्छ । फेरि विधिवत् अग्निमा 'क्रम्यादेभ्यो नमः' मूलमन्त्र पढेर अग्नि स्थापित गरी स्वाहान्त व्याहतिले ३ पटक आहुति लगाइ षडङ्ग होम गर्नुपर्छ र अग्निमा इष्ट देवताको आह्वान गरी मूलमन्त्रले विधिवत् हवन गर्नुपर्छ ।

वलि

देवताका लागि द्रव्यको समर्पण गर्नु वलिदान हो । वलिको अर्थ उपहार पनि हुन्छ । वलिदान गर्दा विघ्नको शान्ति हुन्छ र साधक निरापद भई साध्य वा सिद्धि प्राप्त गर्छ । अन्तर्योग एवं वहिर्योग दुवैमा वलि अनिवार्य मानिन्छ । अन्तर्योगमा आत्मवलिलाई सर्वश्रेष्ठ मानिन्छ । यसबाट साधकको अहङ्कार नष्ट हुन्छ । साधक उद्देश्य प्राप्तिमा सफल हुन्छ । वलिदानमा काम, क्रोध र शत्रुको वलि दिनु दोस्रो स्थानमा मानिन्छ । वहिर्योगमा आफ्नो इष्टदेवको पूजनपछि द्रव्य वलि दिनु आवश्यक छ । तन्त्रका विभिन्न सम्प्रदायमा अन्न, फलफूल, दीप, धूप आदि विविध वलि दिने परम्परा छ । देवताको रुचि र स्वाभाव अनुसार वलि द्रव्य दिई कामना गर्नुपर्छ । दक्षिणाचारमा हिंसा निषिद्ध हुँदा पशुवलि वर्जित छ । इष्टदेवलाई वलि दिएपछि अवशिष्ट द्रव्यद्वारा अन्य देवतालाई वलि दिइन्छ । घरभित्र विश्वेदेवता र पूर्वोत्तरमा धन्वन्तरिको वलि दिनुपर्छ । इन्द्रादि देवताको उनको दिशामा, गणेश, क्षेत्रपाल, वटुक एवं योगिनी यन्त्रद्वारमा, धाता एवं विधाताको पूजा गृहको द्वारमा, ग्रहको चारैतिर, निशाचरको आकाशमा पितृको दक्षिणमा वलि दिनुपर्छ । यसप्रकार साधकले आचमन गरेपछि एकाग्रचित्त भई हातमा जल लिएर तत्तत् स्थानमा तत्तत् देवतालाई वलि दिनुपर्छ ।

याग

इष्टदेवको पूजनलाई याग भनिन्छ । याग दुई प्रकारका छन् । अन्तर्यागमा आफ्नो देहमय पीठमा पीठदेवता, पीठशक्ति एवं आवरण देवताका साथमा मानसोपचारद्वारा इष्टदेवताको पूजन क्रिया हुन्छ । अतः आचार चक्रद्वारा कुण्डलिनी जगाइ ब्रह्मरन्ध्रमा विद्यमान परम शिवमा लगेर त्यहाँबाट टप्कने अमृतधारामार्फत् इष्टदेवलाई तृप्त पारी मन्त्रार्थको भावना साथै जप गरिन्छ । सम्पूर्ण प्रकारको पूजनमा अन्तर्योगको महिमा सर्वोपरि हुन्छ । यसका लागि देश, काल एवं शरीरको शुद्धि गर्न अत्यावश्यक छ, यो सदा गर्नुपर्छ । अन्तर्योगको सिद्धिबाट जपसिद्धि, त्यसपछि ध्यानसिद्धि, समाधिसिद्धि अनि देवको साक्षात्कार हुन्छ ।

याग सिद्धया जपः सिद्धो ध्यानसिद्धस्ततः परम् ।
ततः समाधिसिद्धि स्यादेत या देवदर्शनम् ॥

पीठ, विग्रह, यन्त्रादि विधिवत पूजन वहिर्योग हो । इष्टदेवलाई प्रशन्न गर्न भाव एवं विविध उपचारको समर्पणलाई पूजन भनिन्छ । यी उपचार ३ प्रकारका छन्ः

१. देशापचार

२. षोडशोपचार

३. पञ्चोपचार ।

पाद्य, अघ्र्य, आचमनीय, मधूपर्क, स्नानीय, गन्ध, पुष्प, धूप, दीप, नैवेद्य

यी १० उपचारलाई दशोपचार भनिन्छ ।

आसन, स्वागत, प्रश्न, पाद्य, अर्घ्य, आचमनीय, मधूपर्क, स्नानीय, वस्त्र, अलङ्कार, गन्ध, पुष्प, धूप, दीप, नैवेद्य, नमस्कार यी १६ उपचारलाई षोडशोपचार भनिन्छ ।

गन्ध, पुष्प, धूप, दीप, नैवेद्य यी ५ उपचारलाई पञ्चोपचार भनिन्छ । तन्त्रशास्त्रका कुनै कुनै ग्रन्थमा १८ उपचार तथा ६४ उपचारको वर्णन पनि गरिएको छ । साधकको आफ्नो शक्ति अनुसार षोडशोपचार, दशोपचार, पञ्चोपचार आदिद्वारा भक्तिपूर्वक आफ्नो इष्टदेवका पीठदेवता एवं आवरण देवताका साथै विधिवत् पूजन गर्नुपर्दछ ।

शास्त्रमा वहिर्योगको ५ उपकरण बताइएको छ : अभिगमन, उपादाल, इज्या, स्वाध्याय, योग, देवस्थानको सफाइ, लिपपोत, निर्माल्य कार्य अभिगमन पूजाको लागि उपचारको सङ्ग्रह गर्नु उपदान हो । विविध उपचारद्वारा इष्टदेवको पूजा गर्नु इज्या हो । मन्त्रार्थको भावना साथै जप गर्नु, सूक्त, स्तोत्र आदि पाठ गर्नु, नाम, गुण, लीलाको कीर्तन गर्नु स्वाध्याय हो । यसर्थ साधक, साधन एवं साध्य तीनैमा अभेद बुद्धि कायम गर्नु योग हो । गृहस्थ साधकले अन्तर्योग तथा वहिर्योग दुवै गर्नुपर्छ । ब्रह्मचारी, वानप्रस्थ एवं यतिले मात्र अन्तर्योग गर्नुपर्छ ।



जप

मन्त्रलाई पटक-पटक आवृत्ति गर्नु भनेको जप हो। जप ३ प्रकारका हुन्छन्। मानसिक, उपांशु र वाचिक। मन्त्रार्थको भावनामा तन्मय भइ मन्त्रोच्चारण गर्नु मानसिकजप हो। मन्त्रार्थ एवं देवतामा मन लगाइ जिह्वा एवं ओष्ठलाई कम्पित गरी आफूलाई मात्र सुन्ने गरी पढिएको मन्त्र उपांशु जप हो। मन्त्र एवं देवतालाई ध्यान राखी वाणीद्वारा मन्त्रोचारण गर्नु वाचिक जप हो।

गीतमयी मन्त्रअनुसार मनमनै स्तोत्रपाठ तथा उच्च स्वरमा उच्चारण गरिएको जपले कुनै फल दिदैन भनिएको छ। काम्य प्रयोगमा, मारणमा वाचिक जप फलदायक मानिन्छ। अतः समस्त प्रयोगमा मानसिक वा उपांशु जप गर्नुपर्छ। पाद्मनारदीय ग्रन्थमा वाचिक जपको फल यज्ञतुल्य हुन्छ। यसको अपेक्षा उपांशु जप सयगुना तथा यसको अपेक्षा मानसिक जप हजार गुना

अधिक फलदायी हुन्छ भनेर बताइएको छ । यहाँ यो पनि स्पष्ट गरिएको छ कि सिद्धिका लागि मानसिक जप, पुष्टिको लागि उपांशु जप, मारणको लागि र क्रूर कर्मको लागि वाचिक जप गरिन्छ ।

मनलाई विषयबाट हटाएर मन्त्रार्थको भावमा तन्मय भई, धैर्यपूर्वक मन्त्रलाई मन्त्रमा मिलाई मोतीको मालाझैं जप गर्नुपर्छ । मन्त्रको अर्थ, मन्त्र चैतन्य तथा योनिमुद्रालाई नजानी वा नजान्ने साधकले शतकोटी जप गरे पनि सिद्धि हुँदैन । छिटोछिटो जप गरे व्याधि, ढिलोढिलो जप गरे सम्पत्ति नाश हुन्छ । अक्षरबाट अक्षर तथा मन्त्रबाट मन्त्र मोतीको हारझैं मिलाएर जप गर्नुपर्छ । सुप्त वीजमन्त्रले कदापि सिद्धि गर्दैन । चैतन्य मन्त्र जपले सवै सिद्धि प्राप्त हुन्छ । विना चैतन्य मन्त्र जप गर्नु, वर्णको पटकपटक आवृत्ति गर्नु सरह निस्फल हुन्छ । अतः मन्त्र जप गर्नु पूर्व मन्त्र चैतन्य गर्नुपर्छ ।

मन्त्रानुष्ठान वा पुरश्चरणमा विना आसन, चञ्चल, सुत्ने समय, भोजन समय, चिन्तितकुद्ध, भ्रान्त वा क्षुघार्त भएको समयमा जप गर्नुहुँदैन । यसैगरी पाउ फैलाएर, उत्कटासनमा बसेर, यज्ञकाष्ठ, ढुङ्गा वा माटोमा बसेर, सिधा शैय्या वा सवारीमा बसेर जप गर्नु वर्जित छ । श्यामा, तारा, धूमावती, प्रचण्ड चण्डिका आदिको जपमा, वीर साधन तथा वामाचारमा जप विषयक केही विशेष नियम छन् । यसको जानकारी यिनको उपासनाको प्रकरणमा वर्णन गरिएको छ । केही आचार्यको मतानुसार वाचिक एवं उपांशु जपमा उपरोक्त सवै नियम पालना गर्नुपर्छ तर मानसिक जपमा कुनै नियम लागू हुँदैन ।

मानसिक जप सवै स्थानमा, सवै समयमा गर्न मिल्छ । यसमा शुद्ध, अशुद्धको विचार गरिन्न । वैशम्पायनसंहिताअनुसार जप गर्ने समयमा पतित व्यक्तिको दर्शन, प्रलाप सुनेमा वा अपानवायु निस्क्यो भने जप छोडेर पुनः आचमन, प्राणायाम एवं अङ्गन्यास आदि गरेर जप गर्नुपर्छ । जप समयमा शूद्र, विरालो, कुखुरा, बाँदर, गधा आदि देखेमा आचमन गर्ने, स्पर्श भए स्नान गरेर

जप गर्नुपर्छ । जप समयमा एकपटक अन्य शब्द बोलेमा प्रणवपूर्वक, निष्ठुर शब्द बोलेमा प्राणायाम गर्ने, अनेक कुरा गरेमा आचमन, प्राणायाम र अङ्गन्यास गरी जप गर्नुपर्छ ।

मूलमन्त्रको वेग रोकेर, मैला वा अपवित्र वस्त्र पहिरिएर केश मुखादि दुर्गन्धयुक्त भए साधकलाई अनिष्ट फल मिल्छ । जपकालमा आलस्य, निद्रा, भोको, थकान, चिन्ता, शोक, क्रोध, भय, घृणा, कुविचार पूर्णरूपमा वर्जित मानिन्छ । देवता, गुरु, मन्त्रमा एक भाव रहनु, मन्त्रार्थ एवं देवता ध्यानको समयमा एकाग्र मनद्वारा प्रतिदिन प्रातकालमा मध्यान्हसम्म तुल्य संख्यामा जप गर्नुपर्छ । कुनै दिन धेरै, कुनै दिन थोरै जप गरे अनुष्ठान वा पुनश्चरणमा विघ्न हुन्छ । जबसम्म मन एकाग्रता वा चित्तवृत्तिद्वारा शान्त हुन्छ तबसम्म जप गर्नुपर्छ । अशान्त मनले गरेको जप निष्फल हुन्छ । वरदातन्त्रका अनुसार जप एक स्थान र एक समयमा मनोयोगपूर्वक गर्नुपर्छ । यी तीन कुरालाई ध्यान गरी साधकलाई अभिष्ट सिद्धि मिल्छ ।





ध्यान

मन्त्र साधनामा ध्यान भाव महत्त्वपूर्ण हुन्छ किनकि कारणब्रह्म र कार्यब्रह्म दुवै भावमय हुन्छ । 'कार्यब्रह्म' भावमय छ तर मन एवं वाणीद्वारा अगोचर कारणब्रह्म भावगम्य हुन्छ । मन्त्र, शब्द र शब्दको अर्थबाट दुबैको सम्बन्ध हुनुका साथै भाव रूपका दृष्टिले पनि सम्बन्ध बनेको छ । यसैले प्रत्येक मन्त्रको विशेष अर्थ, भाव र रूप हुनाको कारण उसको ध्यान विशिष्ट बनेको हुन्छ । यही कारणले मन्त्रशास्त्रमा प्रत्येक मन्त्रको ध्यानको पृथक्पृथक् वर्णन गरिएको छ । "ध्यायतीव लेलायतीव" ध्यान गरेजस्तो हो । रूप नहुनेको ध्यान सम्भव छैन । बुद्धिवृत्ति उपास्यसम्म निरन्तर पुऱ्याउनु ध्यान हो । ध्यान सगुणको हुन्छ, निर्गुणको हुँदैन ।

'रूपं रूपविवर्जितस्य भवतो ध्यानेन यत्कल्पितम्'

आत्मविचारको प्रारम्भिक चरण ध्यान हो । कार्यब्रह्मको नाम, रूप, भाव अनन्त हुनाले मन्त्रयोगमा अनन्त मन्त्र तथा ध्यानको वर्णन गरिएको हो । भेद एवं अभेद दुवै निष्ठामा वा निराकार एवं साकार दुवैको उपासनामा ध्यान अत्यावश्यक छ ।

ध्यानेनात्मनि पश्यन्ति केचिदात्मानमात्मना ।
अन्ये सांख्येन योगेन कर्मयोगेन चापरे ॥

• *गीता १३/२४*

प्रस्तुत विकल्पमध्ये उत्तम अधिकारीको आत्मदर्शनमा साधन अर्थात् उपाय ध्यान हो । 'ध्यानं नाम यत् चिन्तनं तद्ध्यानम् ।' चेतयिताको चिन्तन ध्यान हो । चिन्तनको केन्द्रबिन्दु आफैँभित्र स्थिर गरी त्यसमा एकाग्र हुनुपर्छ । एक र अग्र मिलेर एकाग्र शब्द बनेको छ । अशेषविशेषको समग्र एक हो । वृत्तिले सर्वात्मना ग्रहण गर्ने विषय मात्रअग्र हुन्छ ।

ध्यानका अनेकौ प्रकारमा साधकको आफ्नो रुचि, भावना, अधिकार अनुसार इष्टदेवको ध्यान गर्नुपर्छ । साधकले परमात्मा अनेक दिव्य प्रकाशमय छ भन्ने आशय संस्मरण गर्नुपर्छ । साधकले कसैको आश्रय लिएर, उसको स्वरूप सम्झेर परमात्मालाई जान्न सक्छ । किनकि परमात्मा र साधक अभिन्न हुन् । भगवान्‌को परमभाव सम्झेर उनको कुनै पनि रूपको अनुमान गर्न मिल्छ, अन्त्यमा एउटै भगवान् प्राप्त हुन्छन् । जो सर्वथा अचिन्त्य शक्ति, सर्वव्यापी, सृष्टिकर्ता, सर्वरूप, स्वप्रकाश, सर्वात्मा, सर्वद्रष्टा, सर्वोपरि, सर्वेश्वर, सर्वज्ञ, अज, अविनाशी, सर्वातीत, अचिन्त्य स्वरूप, सदसद् विलक्षण एकमात्र परम् एवं चरम् सत्य हो । अत एव साधकले मन नडुलाइ आफ्नो इष्टदेवमा समस्त श्रद्धा एवं भक्ति राखेर प्रारम्भमा मन्त्रार्थ भावद्वारा अघि बढेर परम भावमा उनको ध्यान गर्नुपर्छ ।

मन्त्रयोग एवं तन्त्रशास्त्रअनुसार विष्णुको उपासनामा ७ प्रकारका, शक्तिको उपासनामा २४ प्रकारका, शिवको उपासनामा ५ प्रकारका सूर्य एवं गणपतिको उपासनामा २-२ प्रकारका ध्यान प्रमुख रूपमा बताइएको छ । यसकारण भन्ने गरिन्छः-

मनद्वारा इष्टदेवको स्वरूप जान्नु ध्यान हो ।

"ध्यानं इष्ट स्वरूपस्य वेदनं मनसा खलु "

प्रारम्भमा मन, मन्त्र, देवताका पृथक्‌पृथक् अनुभूति हुन्छ । ध्यानको प्रभावले यी तीनैमा एक रूपताको वोध हुन्छ ।

समाधि

योगीले समाधिद्वारा मोक्ष प्राप्ति गर्छ । लयबोधको समाधिलाई महालय तथा हठयोगको समाधिलाई महावोध भनिन्छ ।

यमनियमासनप्राणायामप्रत्याहार-धारणा-ध्यान सामाधयोऽष्टावङ्गानि-

• *(पातञ्जल योगसूत्र २।२९)*

अर्थात् यम, नियम, आसन, प्राणयाम, प्रत्याहार, ध्यान, धारणा, समाधिलाई अष्टाङ्ग योग मानिएको छ । तदेवार्थमात्रनिर्भासम् स्वरूपशून्यमिव समाधिः (पा.यो.सूं ३।३) जब ध्येय स्वरूपको मात्र प्रकाश गर्ने भावना पनि नरहने गरी केवल ध्यान गरिने ध्येयको स्वरूपमात्र प्रकाश गर्छ । जुन अवस्थामा ध्यानको ध्यान रहँदैन त्यसलाई समाधि भनिन्छ ।

ततोऽनन्तस्फुरन्मेय संघट्टैकान्तनिर्वृतः ।
समानभूमिमागत्य ब्रह्मानन्दमयो भवेत् ॥

• *तन्त्रालोक ५।४७*

समाधिको संयमरूप संयमद्वारा जुन आनन्दको अभिव्यक्ति हुन्छ त्यो ब्रह्मानन्द हो । उसै प्रकार मन्त्रयोगको समाधिलाई महाभाव भनिन्छ । जबसम्म तन, मन्त्र एवं देवता यी ३ का पृथक्पृथक् सत्ता रहन्छ तबसम्म ध्यानको अधिकार रहन्छ । यी ३ वटालाई एक ठाउँमा मिलाउँदा समाधि प्रारम्भ हुन्छ । त्यसमा महाभाव उत्पन्न हुन्छ । मनको मन्त्र, मन्त्रको देवतामा लयपूर्वक यस रीतिद्वारा त्रिपुरीको नाश गरेर साधकले समाधि प्राप्त गर्दछ । त्यो ध्यानस्थ चित्तवृत्ति बाहिरी उपाधिलाई सर्वथा छोडेर ध्येयरूपले मात्र प्रकाशित हुनु समाधि हो । यो अवस्थामा साधकको रोमान्स, स्तब्धता, प्रेमाश्रु वहन थाल्छ । यस स्थितिमा साधक कृतकृत्य बन्छ र उसलाई मन्त्रयोगको अन्तिम फल महाभाव प्राप्त हुन्छ । यो समाधिमा साधक आफ्नो अस्तित्त्व भुल्दछ । ऊ स्वयं इष्टमय बन्दछ ।

मन्त्र साधना

सिद्धिका लागि कार्य गर्ने प्रयत्न साधना हो, यसको लागि उपयोगी उपकरणचाहिँ साधन हो । विना साधन प्रवृत्ति हुनु सम्भव छैन । अतः मन्त्र साधनाको जानकारीका साथै मन्त्र साधनको संयक् ज्ञान पनि परमावश्यक छ । साधनको चर्चा गर्दा कर्ताको अभीष्ट प्राप्तिमा सहायक भएमा त्यो साधन बन्न सक्छ । जुन मन्त्र वा क्रियामा कर्ताको अभीष्ट सिद्ध हुँदैन त्यो कर्तालाई अनिष्ट हुन्छ, त्यो साधन भने होइन । त्यसैले मन्त्रशास्त्रमा सर्वप्रथम यो विचार गरिन्छ कि मन्त्र साधकको अभीष्ट सिद्ध हुन्छ वा हुन्न ? यसप्रकार मन्त्र चुनेर जुन कार्यका लागि अभिष्ट फलदायक हुन जान्छ यो सबैले विचार गर्नुपर्छ । त्यसैले भनिएको पनि छः

साधकं नाशयेन्मन्त्रः नास्ति मन्त्रसमो रिपुः ।

• *योगिनीहृदयतन्त्र*

मन्त्र साधना वा अभीष्ट फलदायक बनाउन निम्न कुरामा ध्यान दिनुपर्छ । मन्त्रको सम्यक्, मन्त्र साधन बनेर अभीष्ट सिद्धि प्राप्त हुन्छ अन्यथा मन्त्र साधकको ठूलो शत्रु बन्न पुग्छ साथै साधकलाई नाश पनि गर्छ । सिद्धाधि शोधन, मन्त्रार्थ, मन्त्र चैतन्य, मन्त्र कुल्लुका, मन्त्र सेतु, महासेतु, निर्वाण, मुख शोधन, प्राणयोग, दीपनी मन्त्रसूक्त, मन्त्रदोष तथा दोष निवृत्तिको उपाय यी १२ कुराको विधिवत् जानकारी एवं यसको सम्यक् उपयोग गरी मन्त्र साधन गरे अभीष्ट सिद्धि मिल्दछ । अन्यथा मन्त्र साधकको नाश पनि हुन सक्छ ।

सिद्धादि शोधन

मन्त्र शोधनमा कुलाकुल विचार, सिद्ध, साध्य, सुसिद्ध एवं शत्रु विचार, ऋणिधनी विचार गरिन्छ । कुलाकुल चक्र, अकडम चक्र, अकथह चक्र, राशिचक्र, नक्षत्र चक्र, ऋणी धनी चक्रको आधारमा साधकले सिद्धिदायक मन्त्र चिनेर कार्य गर्नुपर्छ । यो क्रियालाई सिद्धादि शोधन भनिन्छ ।

मन्त्रार्थः

मन्त्र साधारण शब्दमात्र होइन । यो इष्टदेवबाट अभिन्न भइ उसको स्वरूपको बोध हुन्छ । मन्त्रमा जुन अर्थ वा लक्ष्य सङ्केत गर्छ, साधकलाई उसको जानकारी हुनुपर्छ । साधनामा सुविधा रहनुपर्छ नत्र लक्ष्य भ्रष्ट हुन्छ । मन्त्र शब्दको धातुगत अर्थ गुप्तभाषामा छ, तर साधकका लागि यो गुप्त नभइ सुस्पष्ट हुनुपर्छ । मन्त्रयोगमा मन्त्रार्थको भावना नै जप हो, जपको प्रभावद्वारा नै सिद्धि हुनछ । अतः सिद्धिको लागि मन्त्रार्थको जानकारी आवश्यक छ ।

प्रसिद्ध बीजमन्त्रको अर्थ यसप्रकार रहेको छ

ह्रीं : ह = शिव र प्रकृति, ई = महामाया,
नाद = विश्वमाता, विन्दु दुःखहरण ।

शक्तिवीज वा माया वीजको अर्थ शिवसहित विश्वमाता शक्ति दुःख नाश रहेको छ ।

ऐः ऐ = सरस्वती र विन्दु = दुःखहरण ।

यसप्रकार यो वाग्भवबीजको अर्थ 'सरस्वती मेरो दुःख नष्ट गर्नुहोस् ।'

क्लीं: क = कृष्ण, काम वा काली,

ल = इन्द्र,

ई = महामाया वा तुष्टि,

विन्दु =सुखकर,

यसप्रकार यो कृष्णबीज वा कामबीजको अर्थ 'मन्मथ भगवान् कृष्ण मलाई सुख शान्ति दिनुहोस्, लोकनायिका महाकाली सुख शान्ति दिनुहोस् ।'

श्रीं श = महालक्ष्मी,

र = धन सम्पत्ति,

ई = तुष्टि,

नाद = विश्वमाता,

बिन्दु = दुःख हरण ।

यसप्रकार बीज वा लक्ष्मी बीजको मन्त्रको अर्थ धन सम्पत्ति एवं तुष्टि पुष्टिको अधिष्धात्री महालक्ष्मी मेरो दुःख नाश गर्नुहोस् ।

दूं: द = दुर्गा,

ऊ = रक्षा,

विन्दु =दुःखहरण ।

यो दुर्गावीज मन्त्रको अर्थः- या माता दुर्गा मेरो रक्षा गरी दुःख हटाई दिनुहोस् ।

स्त्रीं: स = दुर्गोत्तारण,

त = तारक,

र = मुक्ति,

ई = महामाया,

नाद = विश्वमाता,

विन्दु = दुःखहरण ।

यसप्रकार यो बधू बीजको अर्थ हुन्छः- तारिणी विश्वमाता भगवती महामाया मेरो दुःख नाश होस् ।

हों: ह = शिव,

औं = सदाशिव,

विन्दु = दुःखहरण ।

यसप्रकार प्रासाद बीजको अर्थ हुन्छः- शिव एवं सदाशिवको प्रसादद्वारा मेरो दुःख नष्ट होस् ।

हूंः ह = शिव,

ऊ = भैरव,

नाद= लोकनायक,

विन्दु= दुःखहरण

यो कर्मबीज वा कूर्च बीजको अर्थ हुन्छः- विशाल नादयुक्त लोकनायक शिव मेरो दुःख नष्ट होस् ।

क्रींः क = काली

र = ब्रहमा,

ई = महामाया,

नाद = लोकनायिका,

विन्दु = दुःखहरण ।

यो काली बीज वा कर्पूर बीजको अर्थ हुन्छः- ब्रह्मशक्ति स्वरुपिणी, लोक नायिका, महाकाली मेरो दुःख नष्ट होस् ।

गंः ग = गणेश

विन्दु = दुःखहरण ।

यो गणेश बीजको अर्थ होः- भगवान् गणपति मेरो दुःख नाश होस ।

ग्लोंः ग = गणेश,

ल = व्यापक,

ओ = ऊर्ध्वदन्त,

विन्दु= दुःखहरण ।

यो नृसिंह वीजको अर्थ हुन्छः- ब्रह्मा स्वरूप, उर्ध्वदन्त भगवान्, नृसिंह मेरो दुःख नाश होस् । अन्ध बीज एवं मन्त्रको अर्थ दीक्षाको समय गुरुदेवबाट ज्ञान लिनुपर्छ ।

सरस्वतीतन्त्रमा मन्त्रको शब्दार्थ एवं भावार्थमा यसरी बताइएको छ- मन्त्र दुई प्रकारको छ । प्रारम्भमा शब्दार्थ जानकार भइ साधनामा प्रवृत्त हुनुपर्छ । यो साधनाको प्रभावले देवतालाई साक्षात्कार गर्न सकिने हुन्छ । मन्त्रको भावार्थ पनि त्यही हो ।

देवताको भेदको आधारमा मन्त्रशक्ति, देवता एवं दृष्टि अनेकको अनेकौंअर्थ हुन्छ । जुन साधनाको प्रारम्भमै देखिन्छ तर मन्त्रको वास्तविक अर्थ एउटै हुन्छ । यस विषयमा भगवान्ले पार्वतीसँग स्पष्ट भनेका छन्:

"हे परमेश्वरी ! सहस्रारमा पुगेर ध्यान गर्दाको समय मन्त्रको जुन स्वरूप स्वयं प्रकट हुन्छ, मन्त्रको उही अर्थ हुन्छ ।"

"ध्यानेन परमंशानि यद्रूपं समुस्थितः ।
तदेव परमेशानि मन्त्रार्थं विद्धि निश्चितम् ।

• *मन्त्र चैतन्यः*

साधारणतया शब्द दुई प्रकारका छन् । एक त कुनै अर्थको अवगत हुनाले मन प्रेरित वायुको आघातद्वारा, कण्ठ, तालु आदि विशेष स्थानमा उच्चारित हुने शब्द । दोस्रो अन्तस्करणमा अर्थलाई उद्मसित गर्ने चैतन्य शब्द, जस्तै वैयाकरण स्फोट या शब्दब्रहम भनिन्छ । स्फोटको अर्थ स्फुटित हो । अर्थ स्फुरण स्पन्दन वा कम्पनद्वारा हुन्छ तथा कम्पन सहकारी हो । कम्पन वा स्पन्दन शब्दरूप हो ।चैतन्य स्पन्दनबाट समस्त सूक्ष्म अर्थ, शब्दतन्मात्रा, आकाश स्थूल शब्द तथा स्थूल सृष्टिको अभिव्यक्ति हुन्छ, शब्दब्रह्म वा सगुणब्रह्म हो । मन्त्रको पनि मूलस्वरूप र यसको यही अर्थमा मन्त्र, देवता एवं गुरु ऐक्य हुन्छ । यो जपमा आवश्यक मानिन्छ । यसर्थ साधकको चित्तमा मन्त्र प्राप्तिमा साधारण शब्दभाव नभए उसमा ब्रह्मभाव जाग्रत हुन्छ । यस भावमा आएको मन्त्र चैतन्यमा स्फुरित हुन लाग्छ । साथै यस अवस्थामा साधकको मन उसमा तल्लीन एवं तन्मय हुन जान्छ ।

तन्त्रशास्त्र मन्त्र चैतन्य गराउन अनेक रीतिको विस्तारपूर्वक वर्णन गरिएको छ । साधकले सर्वप्रथम ध्यान दिनुपर्ने कुरा अन्तर्गत सवै वर्ण उसको हृदयमा अनाहतचक्रमा विद्यमान रहन्छ । मूलाधारमा कुण्डलिनी जगाएर सुषुम्णा मार्गबाट

अनाहत चक्रमा ल्याएर उसको मुखमा सङ्गृहीत मन्त्रवर्णोको कुण्डलिनीका साथै विशुद्ध चक्र भेदन गर्दछ । त्यहाँ सहसदल कमलको कर्णिकामा मन्त्र वर्णको न्यस्त चैतन्य रूप मन्त्रशक्तिको साथै उसको ध्यान गर्नुपर्छ । मन्त्रको प्रत्येक वर्ण चैतन्यशक्तिद्वारा निर्मित एवं ग्रथित हुन्छ । यसै भावनाका साथ मन्त्र वर्णेको नाभिस्थित मणिपुरचक्रमा ल्याइ फेरि त्यहाँ आएको मन्त्रको चिद्‌रूपद्वारा जप गर्नुपर्छ । यसलाई मन्त्र चैतन्यको एउटा रीति मानिन्छ ।

मन्त्रभन्दा पछिले कामबीज, **'श्री'** बीज, **'माया'** बीज फेरि ऊकारबाट अकारपर्यन्त समस्त स्वरवर्ण साथै मन्त्र पढेर पछि यिनै बीज र अक्षर पढ्नुपर्छ । यसप्रकार मूलाविद्याको १०८ मन्त्र जप गरेमा मन्त्र चैतन्य हुन्छ । मन्त्रलाई **'इ'** बाट सम्पुटित गरी जप गरेमा मन्त्र चैतन्य हुन जान्छ ।

मन्त्रको कुल्लुकाः

व्यक्ति वा जातकले कुल्लुकालाई नजानी जप गरेर आयु, विद्या, कीर्ति एवं बल नष्ट हुन्छ । अतः मन्त्रजप गर्नु पूर्व उसले कुल्लुकाको ज्ञान लिनुपर्छ ।

सरस्वतीतन्त्र एवं वाराहीतन्त्रका अनुसार जप प्रारम्भ गरेको समय साधकले जुन देवताको मन्त्र जप गर्ने हो, उसको उल्लुकाको शिरमा न्यास गर्नुपर्छ । यसो गरे जप निर्विघ्न पूरा हुन्छ र साधकलाई सिद्धि प्राप्त हुन्छ ।

विभिन्न देवताको मन्त्र यसप्रकार छन् ।

देवता	कुल्लुकाको मन्त्र	देवता	कुल्लुकाको मन्त्र
शिव	ॐ हौं ।	मञ्जुघोषा	ॐ अरबचल घीं ।
विष्णु	ॐ नमोनारायणाय ।	धूमावति	ॐ ह्रीं ।
लक्ष्मी	ॐ श्रीं	मातङ्गी	ॐ ॐ
सरस्वती	ॐ ऐं	भैरवी	ॐ हसरैं
अन्नपूर्णा	ॐक्लीं	काली	ॐक्रीं हूं स्त्रीं ह्रीं फट् ।
षोडशी	ॐस्त्रीं	तारा	ॐ ह्रीं स्त्रीं हूं ।
भुवनेश्वरी	ॐह्रीं	छिन्नमस्ता	ॐ ह्रीं ह्रीं ऐं ह्रीं ह्रीं स्वाहा
त्रिपुरसुन्दरी	ॐ क्लींह्रीं त्रिपुर भगवति स्वाहा या क्लीं ।	वज्रवैरोचिनी	ॐ श्रीं ह्रीं ऐं ह्रीं ह्रीं स्वाहा हूं ।

बाँकी देवताका आआफ्ना मन्त्रलाई उनको कुल्लुका मानिन्छ ।

मन्त्रसेतुः

साधकलाई मन्त्रद्वारा सम्बन्ध जोड्ने बीज सेतु हो । मन्त्र जप गर्नुपूर्व सेतुमन्त्र हृदयमा जप गर्नुपर्छ, मुख्यतया मन्त्रको सेतु प्रणव पनि हो । अधिकांश तन्त्रग्रन्थमा ब्राह्मण एवं क्षत्रीय साधकको लागि प्रणव, वैश्यको लागि 'फट्' तथा शूद्रको लागि 'ह्रीं' सेतुको रूपमा बताइएको छ । सेतुमन्त्र जप गर्दा साधक तान्त्रिक मन्त्रको जपको अधिकारी हुन पुग्छ ।

महासेतु मन्त्रः

जप गर्नुपूर्व महासेतु मन्त्रको जप गरिन्छ । यसको प्रभावले साधकको सबै समय एवं अवस्थामा जप गर्ने अधिकार मिल्दछ । कालिकाको महासेतु ' क्रीं,' ताराको 'हूँ', त्रिपुर सुन्दरीको 'ह्रीं' तथा शेष जति सवै देवताको महासेतु 'स्त्री' हो । यसको जप कण्ठस्थित विशुद्ध चक्रमा गरिन्छ ।

निर्माणः

सर्वप्रथम प्रणव फेरि अकारबाट क्षकारसम्म स्वरवर्ण तथा मूलमन्त्रपछि पुनः समस्त स्वरवर्ण तथा अन्तमा प्रणव लगाइ, प्रणव एवं मातृकाद्वारा सम्पुटित मूलमन्त्रको जप गर्नुलाई निर्वाण भनिन्छ । यसबाट मन्त्रको आत्मस्वरूपको बोध हुनाका साथै जागरुक हुन पुग्छ ।

मुख शोधनः

मन्त्र कार्यमा जप गर्नुपूर्व मुख शोधन गर्न अति आवश्यक छ । जिह्वामा अनेकौं प्रकारका मयल, फोहर रहेको हुनाले भोजन मल, असत्य बोलीको मल, कलह क्रूरको मलबाट बच्नुपर्छ । अशुद्ध जिह्वाबाट जप गरे सिद्धिको स्थान नजिक पुगिन्न बरु हानि हुन्छ । यसैले तन्त्रशास्त्रमा मुख शोधन विधिको महत्त्व छ । देवताअनुसार देवताको जप गर्दा त्यसै अनुसार मुख शोधन गर्नुपर्छ । मुख शोधनपूर्व १० पटक जप गर्ने तबमात्र जिह्वा र मुख मन्त्रोच्चार योग्य हुन्छ ।

देवताअनुसार मुख शोधनमन्त्र यसप्रकार छ ।

देवता	मुखशोधन मन्त्र	देवता	मुखशोधन मन्त्र
विष्णु	ॐ ह्रं ।	गणेश	ॐ गं ।

लक्ष्मी	ॐ श्रीं ।	दुर्गा	ऐं ऐं ऐं ।
त्रिपुरसुन्दरी	श्रीं ॐ श्रीं ॐ श्रीं ॐ ।	श्यामा	क्रीं क्री क्री ॐ ॐ ॐ क्री क्री क्री ।
तारा	ह्रीं हूं ह्रीं ।	वगलामुखी	ऐं ह्रीं ऐं ।
मातङ्गी	ॐ ऐं ॐ ।	धूमावती	ॐ धं ॐ

बाँकी सबै देवताको मुख शोधनमन्त्र प्रणवले बताएको छ । मन्त्र जप पहिला मुख शोधन मन्त्र १० पटक जप गर्नुपर्छ ।

प्राणयोगः

प्राणयुक्त शरीरले नै केही गर्न सक्छ । यसै प्रकार प्राणयुक्त मन्त्र सिद्ध भइ अभीष्ट फल दिन्छ । यसैले मन्त्र सिद्धि अभिष्ट फलअनुरूप साधकले मन्त्र जप गर्नुपूर्व उसले प्राणयोग गर्नुपर्छ ।वाराहीतन्त्र एवं योगिनीहृदयतन्त्रमा प्राणविधि बताइएको छ । मायाबीजद्वारा पुटित मूलमन्त्र सातपटक जप गर्नु प्राणयोग हो ।

माया बीजेन पुटितं मूलमन्त्रं जपेत्सुधोः ।
सप्तबारं जपात्पूर्व प्राणयोग रुदीरितः ॥

• *वाराहीतन्त्र एवं योगिनीहृदयतन्त्र*

दीपनीः

दीपले अन्धकारलाई हटाइ उज्यालो बनाउँछ । यस्तै दीपनी क्रियाद्वारा मन्त्र प्रदीप्त हुन पुग्छ । साधकलाई उसको समस्त शक्तिको प्रतीत हुन थाल्छ । मन्त्र शक्तिलाई आधार मानिएको छ तथा एउटै मन्त्रद्वारा अनेक प्रकारका सिद्धि एवं फल मिल्छ । यसैले मन्त्रजप पहिला प्रदीप्त गराउनुपर्छ ।

मन्त्रसूतकः

मन्त्रमा दुईप्रकारका सूतक हुन्छन् । जातसूतक र मृतसूतक । यी दुबै आशोचको भङ्ग कार्यविना मन्त्रसिद्ध हुँदैन । यी सूतकको निवृत्तिका लागि प्रणवद्वारा सम्पुटित मूलमन्त्रको जपको आरम्भमा तथा समाप्तिमा १०८ पटक वा ७ पटक जप गर्नुपर्छ ।

मन्त्रदोष

मन्त्रलाई प्रयोग योग्य बनाउनका लागि त्यसका विधानलाई पूर्णरूपमा पालन गर्नुपर्छ । संस्कार नगरी मन्त्रको प्रयोग गर्नुहुँदैन । मन्त्रमा ८ दोष रहेको बताइएको छ । अभक्ति, अक्षरभ्रान्ति, लुप्त, छिन्न, ह्रस्व, दीर्घ, कथन र स्वप्नकथन । साधकको भक्ति कार्यमा मन्त्रमा लीन हुनुपर्छ नत्र सिद्धि प्राप्त हुँदैन अभक्ति हुन्छ । गुरु वा शिष्यमा प्रमादवश अक्षरमा त्रुटि भए अक्षरभ्रान्ति दोष लाग्छ । मन्त्रमा वर्णको न्यूनता भए लुप्त हुन्छ । मन्त्रमा संयुक्त अक्षर छुटे छिन्न दोष हुन्छ । दीर्घवर्णको स्थानमा ह्रस्व उच्चारण, ह्रस्ववर्णमा दीर्घ उच्चारण भए दीर्घ दोष लाग्छ । जागृत अवस्थामा आफ्नो कसैलाई सुनाए कथन दोष लाग्छ । सपनामा आफ्नो मन्त्र कसैलाई सुनाए स्पप्न दोष लाग्छ ।

शारदापटलमा यस दोषको अतिरिक्त रुद्र, शक्तिहीन एवं पराङमुखआदि ५० भन्दा बढी दोषको व्याख्या छ । लगभग ७ करोड मन्त्र हाम्रा ग्रन्थमा समेटिएको पाइन्छ । प्रायः सवैमा केही न केही दोष देखिन्छ । नजानी मन्त्रको निवृत्ति गरे साधकले सिद्धि प्राप्त गर्दैन ।

दोष निवृत्तिको उपायः

मन्त्र सर्वशक्तिमात्र देवताको स्वरूप हो । एक मन्त्रोच्चारणमा परमानन्द भइ मन्त्र जप गरेर मन्त्राधिष्ठातृ देव प्रशन्न पार्न सकिन्छ र त्यहाँ भक्तिको उदय हुन्छ । भक्ति उदय हुने वित्तिकै सिद्धि फल मिल्छ । अभक्तिदोषको निवारणका लागि यो उपाय गर्न सकिन्छ । अक्षर भ्रान्ति, लुप्त, छिन्न, हस्व, दीर्घ आदि दोष निवृत्तिको लागि मन्त्रलाई पुनः दीक्षा लिनुपर्छ । बाँकी रहेको दोष निवृत्तिको लागि १० वटा मन्त्र संस्कार गर्नुपर्छ । जनन, दीपन, बोधन, ताड्न, अभिशेक, विमलीकरण, जीवन, तर्पण, गोपन, आप्यायान यी मन्त्र संस्कारका नाम हुन् ।

१. जनन: भोजपत्रमा लालचन्दन एवं गोरोचनद्वारा जननयन्त्र लेखी विधिवत् मातृका देवीको आह्वान एवं पूजन गर्नुपर्छ । एउटा अर्को भोजपत्रमा आफ्नो मन्त्रले एकएक वर्णलाई उद्धार गर्नुपर्छ । त्यसपछि यी वर्णलाई मार्जन गरी पूरा मन्त्र लेख्नुपर्छ । यस प्रक्रियालाई जनन संस्कार भनिन्छ ।

२.दीपन: हंस मन्त्रद्वारा सम्पुटित गरी मन्त्रलाई १ हजार जप गर्नेलाई दीपन संस्कार भनिन्छ । उदाहरणको लागि रामाय नमः मन्त्रको दीपन संस्कार गर्दा हंस रामाय नमः सोऽहम् को १ हजार जप गर्नुपर्छ ।

३.बोधन: 'हूं' बीजद्वारा सम्पुटित मन्त्र ५ हजार जप गर्नुपर्छ, यो बोधन हो । जस्तैः हूं रामाय नमः हूं ।

४.ताडन: 'फट्' द्वारा सम्पुटित मन्त्र १ हजार जप गर्नु ताडन हो । यथाः फट् रामाय नमः फट् ।

५.अभिशेक: भोजपत्रमा आफ्नो मन्त्र लेखी ऐ. हंसः ॐ मन्त्रले १ हजारपटक आमन्त्रण गरी जलद्वारा यो मन्त्रले अभिशेक गर्नुलाई अभिशेक संस्कार भनिन्छ ।

६. विमलीकरण: ॐ त्रों वषट् मन्त्रले आमन्त्रित सम्पुटित १ हजार जप गर्नु विमलीकरण हो । जस्तैः त्रों वषट् रामाय नमः वषट् त्रों ॐ ।

७. जीवन: स्वधा/वषट्द्वारा सम्पुटित मन्त्रले १ हजार जप गर्नु जीवन हो । जस्तै स्वधा वषट् रामाय नमः धा वषट् ।

८. तर्पण: दूध, घ्यू, वेसार शहद वा जलल मूलमन्त्रद्वारा १ हजार पटक तर्पण गर्नु तर्पण संस्कार हो ।

९. गोपन: माया वीजद्वारा सम्पुटित मन्त्रले १ हजार जप गर्नु गोपन संस्कार हो । उदाशरणका लागि । ह्रीं रामाय नमः ह्रीं ।

१०. आप्यायन : 'ह्सौ' बीजद्वारा सम्पुटित मन्त्रले १ हजार जप गरे आप्यायन संस्कार हुन्छ । जस्तैः ह्सौः रामाय नमः ह्सौः ।



दीक्षा र गुरुकृपा

साधनामा समस्त साधकको अधिकार हुन्छ । साधना र सिद्धि अनेकौं छन् । नभए विना दीक्षा सिद्धि प्राप्त हुने कुरा सम्भव हुँदैन । मनुष्यको प्रकृति, प्रवृत्ति, शक्तिमा पर्याप्त भेद हुनाको कारण साधकको अधिकार एवं साधना विधिमा भेद गर्नु आवश्यक छ । साधनाको भेदअनुसार सिद्धि पनि पृथक् छ । जब साधक नै भिन्नभिन्न प्रकृति, प्रवृत्ति एवं शक्तिवाला भएपछि उनको लागि एकै मन्त्र तथा एकै साधना उपयुक्त विधि हुन सक्तैन । साधक, मन्त्र एवं देवता यी ३ मा मूलतः एकै तत्त्व विद्यमान छ । कुनै साधकको मनमा कुनै देवता एवं कुनै मन्त्रको आश्रयद्वारा स्फुरित गर्नुपर्छ । दीक्षाको मुख्य प्रयोजन नै यही हो, यो सत्य हो ।

गुरुकृपा एवं शिष्यको श्रद्धा दुवै पवित्र भावनाको सङ्गम दीक्षा हो । गुरुको आत्मदान र शिष्यको आत्मसमर्पण, एकको कृपा र दोस्रोको श्रद्धाको अतिरेकद्वारा नै सम्भव छ । दीक्षा एक दृष्टिद्वारा गुरुमार्फत् आत्मदान, ज्ञानसंचार, शक्तिपात

हुन्छ । दोस्रो विचारमा शिष्यको प्रसुप्त शक्तिको उद्बोधन हो । अतः सवै प्रकारको साधकको लागि दीक्षा लिनु अनिवार्य छ । दीक्षाद्वारा समस्त अशुद्धि, मनको सवै भ्रान्ति तथा सिद्धिको मार्ग खुल्दछ । दीक्षाका केही विधि यस प्रकारको पनि हुन्छ जसबाट सिद्धि मिल्दछ ।

साधक जीवनका धेरै उपयोगी कुराहरू गुरुमार्फत् जान्न सकिन्छ । साधनाको रहस्य एवं अनुभूत ज्ञान वास्तवमा गुरुकृपाद्वारा नै मिल्छ । जो साधक सद्‌गुरुबाट सम्प्रदायानुगत दीक्षा प्राप्त गरी उनको आदेशानुसार मन्त्र साधनामा प्रवृत्त हुन्छ, उसलाई अवश्य सिद्धि मिल्छ । सामान्यतया दीक्षाका ३ भेद छन् ।

१. शाक्ती
२. शाम्भवी
३. मान्त्री

मन्त्री दीक्षालाई आणवी दीक्षा पनि भनिन्छ । शक्ती दीक्षामा श्रीगुरुदेव शिष्यको अन्तर्देहमा प्रवेश गरी कुण्डलिनी जगाउँछन् । आफ्नो शक्तिद्वारा उसले परमशिवमा मिलाइदिन्छ । यसमा शिष्यको अन्य केही भूमिका गर्ने हुँदैन ।

शाम्भवी दीक्षामा श्रीगुरुदेव आफ्नो प्रशन्नताद्वारा दृष्टि वा स्पर्शमार्फत् शिष्यलाई क्षणभरमै आफ्नो स्वरूपमा स्थित गर्न सक्छन् साथै शिष्य समाधिस्थ भई कृतकृत्य हुन्छन् ।

मान्त्री वा आणवी दीक्षामन्त्र पूजा, आसन, न्यास एवं ध्यानद्वारा हुन्छ । यसमा गुरुदेव शिष्यलाई मन्त्रोपदेश गर्छन् । यी तीनै दिशामा प्रथम दुई दीक्षा तत्कालै सिद्ध हुन्छ तर मान्त्री दीक्षामा पुरश्चरण आदि गरेमा मात्र सिद्धि प्राप्त हुन्छ ।

नारदापटलमा दीक्षालाई चार भेदमा विस्तारपूर्वक विवेचना गरिएको छ । यी चार भेदमा क्रियावती, वर्णमयी, कलावती र वेद्यमयी हुन् । मन्त्र साधनामा

पञ्चायतनी दीक्षाको पनि धेरै प्रचार भएको छ। यसमा शक्ति, विष्णु, शिव, सूर्य एवं गणेश यी पाँचैको पृथक २ यन्त्र बनाइ पूजन गरिन्छ। जुन देवतालाई प्रधान बनाउने हो उस देवतालाई मध्यमा राखी बाँकी चारै कुनामा स्थापित गर्नुपर्छ। विधिवत पूजा, पुष्पाञ्जलि गरी गुरु पञ्चायत पूजा विधिसहित यिनको मन्त्र आफ्ना शिष्यलाई बताइन्छ।

गुरुदेवले कृपापूर्वक आफ्नो शिष्यलाई मन्त्रोपदेश गर्छन् भने त्यो दीक्षा हो। यसपछि शिष्यलाई योग्य सम्झेर गुरुले शिष्यलाई योगक्रिया सिकाउँछन् त्यो महादीक्षा हो। गुरुले बताएअनुसार ध्यान गरी साधक साधनाद्वारा मन्त्र सिद्धि प्राप्त गर्छन् भने त्यो पुरश्चरण हो। विशेष समय, विशेष वेला, विशेष प्रक्रियाद्वारा विशेष निर्देशन गरी गरिएको साधना क्रियाचाहिँ महापुरश्चण हो। पुरश्चरणपछि सिद्धि प्राप्त भइ साधकलाई साधनामा उच्चाधिकार प्राप्त हुन्छ, त्यसवेला गुरुद्वारा शिष्यलाई साधना रहस्य बताइन्छ। साधक आनन्द राज्यमा प्रवृष्ट हुन्छ। मन्त्र साधनामा सर्वोत्तम अधिकार भनेको तद्भाव हो। यो भावद्वारा साधक इष्टदेवको साथ दृढ एकता स्थापित गरी महाभाव प्राप्त गर्न सक्छन् त्यो नै मन्त्र साधनाको चरम लक्ष्य हो।



पुरश्चरण एवं अनुष्ठान

मन्त्र प्राप्त गरी सिद्धि प्राप्त गर्न साधना मार्गमा निरन्तर बढ्नु नै पुरश्चरण हो । पुरश्चरणद्वारा साधकलाई सिद्धि प्राप्त हुन्छ । योगिनीहृदयतन्त्रमा पुरश्चरणको कार्य अनिवार्य बताइएको छ । पुरश्चरणद्वारा मन्त्र सिद्ध हुने र त्यो मन्त्रद्वारा विविध कामनार्थ पूर्ति हुने कुरा बताइएको छ । मन्त्र गुप्तभाषा वा गुप्तविद्या हो जुन मनन गरेर साधकको दुःख, घात, प्रतिघातबाट सुरक्षित राख्न सकिन्छ । मन्त्र सानधनामा दीक्षा श्रवण हो । मन्त्रार्थ भावनापूर्वक मन्त्रजप एवम् मनन हो, मन्त्र पुरश्चरण निदिध्यासन हो । यसर्थ तत्त्वबोध गर्न वा देव साक्षात्कार गर्न पुरश्चरण कार्य अनिवार्य मानिन्छ ।

योगिनीहृदयग्रन्थअनुसार सिद्धपीठ, पुण्यक्षेत्र, नदीतट, गुफा, पर्वत, शिखर, तीर्थ, सङ्गम, पवित्र वन, एकान्त उद्यान, विल्व वृक्ष, पर्वतको तराई, तुलसी कानन, गौशाला, देवालय, पीपल, अमला वृक्षको मुनि, सरोवर वा आफ्नो घरमा अनुष्ठान गर्नुपर्छ । काली, तारा एवं छिन्नमस्ता आदिको मन्त्र पुरश्चरण गर्नका लागि एक लिङ्ग, शिवालय, श्मशान, निर्जन गृह, आकण्ठ जल, रणभूमि विजन कानन पनि श्रेष्ठ मानिएको छ ।

ब्रह्मयामल पुस्तकअनुसार घरमा पुरश्चरण गर्नुको तुलनामा गोष्ठमा १० गुना, जङ्गलमा १०० गुना, तालमा हजार गुना, नदीतटमा लाख गुना, पर्वतमा करोड गुना, शिवालयमा अरबौं गुना, गुरु समीपमा अनन्त गुना फल मिल्छ भनी बताइएको छ । पुरश्चरण स्थान आफैँ सर्वश्रेष्ठ हुन्छ, जहाँ बसेर जप गरेमा

चित्तको ग्लानि मेटिन्छ, प्रशन्नता भेटिन्छ । जुन स्थानमा बसे शङ्का, आतङ्क नहुने, म्लेच्छ, दुष्ट वाघ, सर्प आदि भय नहुने हुनुपर्छ । गुरुजन, वृद्धजन, असल सम्प्रदायको सान्निध्य भए चित्त प्रशन्न, शुद्धि, एकाग्रता भाव आउँछ त्यो स्थान पुरश्चरणको लागि सर्वश्रेष्ठ मानिन्छ । पुरश्चरण गर्दा कूर्मचक्रअनुसार दीपस्थानको निर्णय गरी त्यहाँ बसी गर्नुपर्छ ।

"दीप स्थानं समाश्रित्य कृतं कर्म फलप्रदम्"

देश, नगर, क्षेत्र गाउँ, घरमा पुरश्चरण गर्दा त्यसको समान नौ भाग गर्ने, मध्यभागमा स्वर, पूर्वोत्तरसम्म क वर्ग आदि ७ वर्ग तथा ईशानमा ल, य वर्ण लेख्नुपर्छ ।

कूर्मचक्र

यस चक्रमा क्षेत्रको पहिलो अक्षर जुन कोठामा छ, त्यो कोठाको मुख सम्झनुपर्छ । यो मुख भएको कोष्ठ नै दीपस्थान हो । यस स्थानमा बसी पुरश्चरण गरे सिद्धि प्राप्त हुन्छ ।



पुरश्चरणका नियमहरू

पुरश्चरण वा अनुष्ठानको समयमा साधकले पवित्र भोजन गर्नुपर्छ । किनकि भोजन रसबाटै शरीर, प्राण, मनको निर्माण हुन्छ । अपवित्र भोजन गरे शरीरमा रोग, प्राणमा क्षोभ, मनमा विकार उत्पन्न हुन्छ । विकृत मनले मन्त्र साधना हुँदैन । निर्मल मनमा मात्रै देवता एवं मन्त्रको प्रसादको उदय हुन्छ । मुख्यतया भोजनमा जाति दोष, आश्रय दोष, निमित्त दोष गरी ३ प्रकारका दोष हुन्छन् । स्वभावगत भोज्य पदार्थमा रहने दोष जाति दोष हो । प्याज, लसुन, माछा, मासु, अण्डा आदिमा यो दोष पाइन्छ । पवित्र वस्तुमा पनि निकृष्ट व्यक्ति वा स्थानको आश्रय भएमा आश्रय दोष हुन्छ । अपवित्र स्थान, कसाइ, भट्टी आदिमा राखेको पवित्र वस्तु, दूध भए निमित्त दोष हुन्छ । मन्दिरमा चढाइएको दूध कुकुरले चाट्यो भने अपवित्र बन्छ ।

पुरश्चरणकालमा कुटिलता, विना भोग लागेको भोजन, विना सङ्कल्पको कर्म गर्नुहुँदैन । स्त्री संसर्ग, उनको चर्चा जहाँ हुन्छ त्यो स्थान त्याज्य गर्नुपर्छ । पुरश्चरणकालमा अमला वा पञ्चगाव्यद्वारा शात्रोक्त विधिले स्नान गर्नुपर्छ । आफ्ना इष्टदेवको विधिपूर्वक प्रातः, मध्यान्ह, सन्ध्याकालमा पूजन गर्नुपर्छ । जप गर्दा शब्द नबोल्ने, विधिवत् प्राणायाम, आचमन, न्यास गर्नुपर्छ । पुरश्चरण पूरा भएपछि गुरु, गुरूपत्नी, गुरूपुत्र आदि वंशजमा पूजा गरी दानदक्षिण गर्नुपर्छ र प्रशन्न पार्नुपर्छ । तन्त्रमन्त्र साधनामा पुरश्चरणको पूर्णता गुरु प्रशन्नता साथै जोडिएको हुन्छ ।

मन्त्र सिद्धिको उपायः विधिवत् मन्त्र पुरश्चरण गर्दा सिद्धि नभए त्यो मन्त्र पुनः पुनश्चरण गर्नुपर्छ । बहुधा जन्मान्त आर्जित पाप सिद्धिमा वाधक हुन्छ । ३ पटक पुरश्चरण गर्दा पनि सिद्धि नमिले अन्य ७ उपाय गर्नुपर्छ ।

भ्रामणः

यन्त्रमा वायु बीज (यं) र एउटा मन्त्राक्षर यो क्रमले समस्त मन्त्रको अक्षरको वायु वीजद्वारा सम्पुटित गरी शिलारस, कपुर, कुङ्कुम, खस एवं चन्दन मिलाइ यन्त्रमा मन्त्र लेख्नुपर्छ । लिखित मन्त्रका साथै दूध, घिउ, मह, जल मिलाइ विधिवत पूजन, जप, हवन गर्नुपर्छ । यस क्रियालाई भ्रामण भनिन्छ । यसरी पुरश्चरण गर्दा मन्त्र सिद्धि शीघ्र हुन्छ ।

रोधनः

वागबीजद्वारा सम्पुटित मूल मन्त्रको जप गर्नु रोधन हो ।

वशीकरणः

अलक्तक, लालचन्दन, कूट, धतुरोको बीज एवं मौंन सिल यी सवै मिलाई यसलाई भोजपत्रमा आफ्नो मन्त्र लेखेर यो गलामा धारण गर्नु वशीकरण हो ।

पीडनः

अधरोत्रर योगद्वारा मन्त्र जप गरेर अधुरो कर स्वरुपिणी देवताको पूजा गर्नुपर्छ । तत्पश्चात् अकवनको दूधमा मन्त्र लेखी यसलाई पाउले दबाएर हवन गर्नुपर्छ । यस क्रियालाई पीडन भनिन्छ ।

पोषणः

वधूवीज (स्त्री) द्वारा सम्पुटित मूल मन्त्रको जप गर्नुपर्छ र गाईको दूधद्वारा लिखित मन्त्र हातमा धारण गरेमा पोषण कार्य हुन्छ ।

शोषणः

वायुवीज (यं) सम्पुटित मूल मन्त्रको जग गर्नु यज्ञको भस्मद्वारा भोजपत्रमा मूल मन्त्र लेखी गलामा धारण गर्नु शोषण हो ।

दाहनः

मन्त्रको प्रत्येक स्वर वर्णसँगै अग्निवीज (रं) लगाइ जप गर्नु र पलासको बीजमा तेलद्वारा मन्त्र लेखी गलामा धारण गरेमा दाहन कार्य हुन्छ ।

यी सातै उपाय एक साथ गर्ने आवश्यकता छैन । यसमा पहिलो उपाय गरेर सिद्धि नमिले दोस्रो, दोस्रो कार्यमा सिद्धि नमिले तेस्रो, तेस्रोबाट सिद्धि नमिले चौथो एवं रूपले जप गर्नुपर्छ अनि निश्चित रूपमा मन्त्र सिद्धि हुन्छ ।

आरम्भमा साधकको मन, मन्त्र, देवताको ध्याता, ध्यान एवं ध्येयको पृथक् पृथक् प्रतीति हुन्छ । तर पुरश्चरणादिद्वारा यी त्रिपुटीको नाश भए यी ३ मा केवल इष्टदेवको रूप देखिन्छ । यो अवस्थामा साधक, साध्य, साधनको कुनै भेद हुँदैन । यस अवस्थामा प्राप्त साधक रोमाञ्चित एवं स्तब्ध बन्छ र प्रेमाक्ष वहन्छ । मन एवं मन्त्रदेवमा विलीन हुँदा साधक समाधिष्ठ हुन पुग्छ । यसरी कृतकृत्य साधकको महाभावको उपलब्धि हुन्छ, जुन मन्त्र साधनाको अन्तिम फल हुन्छ ।

मन्त्रका स्वरूप

मन्त्र पञ्चाक्षर, शताक्षर वा सहस्राक्षरसम्मको हुन्छ । प्रारम्भिक साधकका लागि नामयुक्त साधारण वा संक्षिप्त मन्त्र विशेष हितकारी हुन्छ । व्यक्तिको मन सरलताद्वारा उसमा स्थिर हुन सक्छ । साधारणतया मानिस मन्त्रको पूजा, प्रार्थना वा पाठमा प्रयुक्त हुने शब्दलाई भन्छन् । मन्त्र त एक प्रकारको शक्ति हो, जसको प्रयोग कुनै पनि दिशामा कुनै आकार स्वरूपमा सम्भव छ । मानवजीवनको रक्षा, प्रकृतिद्वारा तादात्म्य र अन्य चमत्कारी कार्य मन्त्रद्वारा हुन सक्छ । मन्त्र एउटा शब्दात्मक शक्ति हो । 'मन' धातुबाट मन्त्र शब्द बन्छ र विचारमा निर्माणको क्षमता निहित हुन्छ । विचार मनको क्रिया हुन पुग्छ र शक्तिमा परिवर्तन हुन्छ । मन धातुबाट मनुष्य शब्दको रचना हुन्छ । त्यसैले सारा सृष्टिमा सर्वविहित मान्यताको समस्त सृष्टिमा मनुष्य नै 'विचारशक्ति' भएको प्राणी मानिन्छ । मनन गर्ने शक्ति पनि मनुष्यमा नै हुन्छ ।

मनुष्यले मनन गरी प्राणको रक्षा गर्ने र त्यो नै 'मन्त्र' नामले परिचित हुन पुग्छ । त्यसैले मन्त्रमा विद्यमान शक्ति त्यो व्यक्तिमा मानसिक शक्तिद्वारा मिलाइ कार्य गर्दछ । मानिस विभिन्न कर्म बन्धनमा पर्नु स्वाभाविक हो । यसबाट बच्ने उपाय विचार प्रवाहलाई स्थिर गर्नु वा मनलाई वशमा राख्नुपर्छ । मन्त्र सिद्धिको अर्थ साधक विचार श्रृंखलालाई मन्त्रद्वारा निरोधित गरी आफूलाई एकान्तमा, आत्मभाव गरी उसमा मनको एकाग्रता गर्नुपर्छ । यो प्रक्रिया नै 'मन्त्र सिद्धि' हो । मन्त्र सिद्धिबाट मनुष्यजीवनबाट मुक्त हुन्छ । जीवनलाई श्रेयमार्गमा लैजाने साधन नै मन्त्र हो ।

मन्त्र समुदायको दुई स्वरूप छन्ः-

१. आग्नेयमन्त्र

२. सौम्यमन्त्र ।

पृथ्वी, अग्नि, आकाश तत्त्वद्वारा युक्त मन्त्रलाई आग्नेय मन्त्र भनिन्छ । जलतत्त्व र वायुतत्त्वद्वारा युक्त चाहिँ सौम्यमन्त्र हो । आग्नेयमन्त्रमा 'नम':- लगाए सौम्यमन्त्र हुन्छ । सौम्यमन्त्रमा (फंट्) लगाए आग्नेयमन्त्र हुन्छ । आग्ने मन्त्र पुरुषको लागि र सौम्यमन्त्र स्त्रीको लागि प्रयुक्त हुन्छ । आग्नेयमन्त्र मारण, उच्चाटन, विद्वेषणकर्मको लागि उचित हुन्छ । सौम्यमन्त्र शान्तिकर्मको लागि प्रयोग हुन्छ र उत्तम पनि हुन्छ । अन्य तरिकामा मन्त्र दुई प्रकारका पनि हुन्छन्ः- कूटमन्त्र र अकूटमन्त्र ।

कूटमन्त्रमा अनेक वर्ण परस्पर संयुक्त हुन्छन् । जुन मन्त्रमा वर्ण संयोग नभइ सामान्य वर्ण योजना हुन्छ त्यो अकूट मन्त्र हो ।

यहाँ सरल तरिकाले ध्यान दिनुपर्ने अ+उ+म्

यी ३ वर्णको योगद्वारा ॐ बन्छ । यहाँ मन्त्रको आकार थप्दा ॐ बनेको हो । यसमा अकार ब्रह्मा अर्थ बोध हुन्छ, उकार विष्णुको वाचक हो । मकार शिवको अर्थ बोध हुन्छ । अर्थात् एउटै कूट वर्णद्वारा विष्णु, ब्रह्मा र शिव तीन देवताको बोध हुन्छ, यो नै कूटमन्त्र हो । यो कूटमन्त्र वर्णशक्तिद्वारा परिपूरित हुन्छ र परस्पर कुनै वर्णको मिश्रणले विशिष्ट शक्तिको परिबोधक पनि ।

अङ्ग्रेजी शब्द NEWS पनि यसरी नै बनेको देखिन्छ । N बाट North = उत्तर, E बाट East = पूर्व, W बाट West = पश्चिम, S बाट South = दक्षिण भई यसैको सङ्केतमा चारै दिशाको समाचारको NEWS नाम दिइएको हो । यसबाहेक आगम र निगममन्त्रको दुई स्वरूप छन् । निगमको आशय अपौरुषेय वेद तत्त्वद्वारा प्रकट छ । ज्ञान, कर्मकाण्ड, उपासना, विज्ञानजस्ता विभिन्न रूपमा धर्मको विस्तृत चर्चा वेदमा गरिएको छ । देवाधिदेव भगावन् शङ्करद्वारा जगज्जननी पार्वतीलाई सुनाइएको तन्त्रशास्त्र नै आगमको आशय

हो । मन्त्रको विधि विधानपूर्वक सिद्धि गर्दछन् र मनुष्य भयमुक्त बन्न सक्छ । जगत्मा उपलब्ध समस्त सिद्धि अनायास प्राप्त हुन्छ । अत यो मन्त्रलाई आगम भनिन्छ । कुनै व्यक्तिले कुनै विचारलाई पटकपटक मुखद्वारा उच्चारण गरेमा त्यो जप भएको मानिन्छ । चित्तद्वारा मन्त्र संस्मरण गरी प्रभुको विचार, ध्यान, संस्मरण गर्ने कार्य जपको अर्थ हुन आउँछ ।

शक्ति चार प्रकारका छन्:

१. दिव्यभाव
२. तत्त्वभाव
३. मनोभाव
४. शारीरिकभाव ।

१. दिव्यभावः

दिव्यशक्तिको संचार शून्यमा हुन्छ र समस्त ब्रहमाण्ड उसैद्वारा सञ्चालित हुन्छ ।

२. तत्वभावः

प्रत्येक तत्त्वको अणुअणुमा विचित्र शक्ति निहित हुन्छ त्यो तत्त्व शक्ति हो ।

३.मनोभावः

मनमा विद्यमान शक्ति मनोशक्ति हो ।

४. शारीरिकभावः

हरेक प्राणीमा शारीरिक शक्ति कम वा धेरै पाइन्छ । सारा विश्व सञ्चालन शक्तिमा निर्भर रहन्छ । मुखबाट बोलिने आधार पनि शक्ति हो । शक्तिविना सबै कार्य असम्भव छ, प्रत्येक बीजमन्त्रमा अपार शक्ति हुन्छ । बीजमा शक्तियुक्त भए मात्र फूट निक्लन्छ । अत एव बीजमन्त्रको बीजशक्तिद्वारा युक्त हुनु स्वाभाविक हो । विनाशक्ति कुनै वस्तुको अस्तित्त्व असम्भव छ ।

योगशास्त्र एवं मन्त्रशास्त्र

मन्त्रसाधकको लागि योग साधना एउटा आवश्यक अङ्ग हो । उपासना योगशास्त्रमा देखाएको मार्गअनुसार गर्नुपर्छ । हाम्रा ऋषिमुनिहरूमध्ये प्राचीन एक ऋषिको नाम घेरण्ड थियो । यिनको पुस्तक घेरण्डासंहितामा अष्टाङ्गयोगको परिचय रहेको छ । यम, नियम, आसन, प्राणायम, प्रत्याहार धारणा, ध्यान र समाधि यी अष्टाङ्गयोगमा रहेको पाइन्छ । मन्त्र साधकको लागि प्रारम्भको चार र सातौं अत्यावश्यक छ । अनावश्यक चित्तवृत्तिलाई वशमा राख्न, इन्द्रियलाई नियन्त्रणमा राख्ने कार्य 'यम' द्वारा सम्भव छ । सम्भव कार्यलाई नियमद्वारा सिद्ध गरिन्छ । आसन सिद्धिविना जपादि कर्म सफल हुँदैन । प्राणायम उपासनाको महत्त्वपूर्ण अङ्ग हो । ध्यानद्वारा ईश्वरीयतत्त्व साक्षात्कार गर्न सकिन्छ ।

मन्त्रशास्त्र सतत् अध्ययनशील महापुरुषको विषय हो । यो गहन विषय हुनाले ठूला विद्वान्हरू पनि आफ्नो पूरा जीवन यसै शास्त्रमा समर्पण गर्छन् । ऋषिमुनिद्वारा मन्त्रशास्त्रको रचना गरेको पाइन्छ । पृथ्वीमा सर्वप्रथम नर -

नारायण एवं भगवती दुर्गामाताको तपश्चर्या गरी अवतार ग्रहण गरेको उल्लेख छ । त्यसपछि पूर्ण आहूति गराउने उद्देश्यले भगवान् आदिनाथले दन्तको रूपमा अवतार लिए । द्वापरमा भगवान् श्रीकृष्णले अवतार लिए । राजा गोपीचन्द्रका गुरु जालन्धरनाथले भगवान् शिवको अवतार लिए । मत्स्येन्द्रनाथ अष्टभैरवमा एउटा रुरु नामक भैरवको अवतार थियो । पछि गुरु गोरखनाथले यिनैको परम्परामा अवतार ग्रहण गरे । यी सबै अवतारहरूद्वारा मन्त्रशास्त्रको अगम्य विषय संसारमा विस्तार गरी परोपकार गरे । शाबरमन्त्रको बारेमा विश्वास हुनेले भगवान् शिवतालाई शावरतन्त्रका दाता वताउँछन् । तथापि अनेकौं सिद्ध पुरुषले शाबरमन्त्रको रचना गरे । कतिपयले गोरखनाथलाई भगवान् शिवरूप माने । यी शावरमन्त्रमा ८ कर्मको वर्णन छन् ।

१. मारण
२. मोहन
३. उच्चाटन
४. वशीकरण
५. आकर्षण
६. विद्वेषण
७. स्तम्भन
८. शान्ति

यी सबै काम्य प्रयोगमा यश, पिशाच, ब्रहमाराक्षस, डामर आदि अधोदेवताद्वारा कार्य सिद्ध गराउने भयो । यी देवता ज्यादै सिद्ध थिए । यिनको जपमा तीव्र शक्ति उत्पन्न हुन्छ, सांसारिक बाधाबाट रक्षा हुन्छ । यो सबै शाबरमन्त्र आत्मोन्नति गर्ने साधकको कामको लागि होइन । आत्मोन्नति गर्न उच्च देवताको उपासना नै गर्नुपर्छ । उच्चतर साधनामा दैनिक वैदिकमन्त्रको जप हुनुपर्छ, जसमा गायत्री जप साधना, वर्तमान समयमा मुख्य प्रचलित छ । यो जप साधकलाई मुक्ति दिलाउन सहायक भएको छ ।

ॐ को अर्थ

सर्वान्तिर्यामी प्रभुको नाम ज्यादै प्रचलित छ । राम प्रभुको नाममध्ये एउटा महनीय शब्द वा नाम हो । योगीको चित्तमा प्रभु रमण गर्नाले उहाँको नाम राम कहलाएका हुन् । तर, योगीको चित्तमा रमण गर्ने अन्य व्यक्तिको चित्तमा रमण नगर्ने भए राम नाम प्रभुका सर्व व्यापकत्व सिद्ध हुँदैन । कृष्ण पनि प्रभुको नाम हो । जो पापको हरण गर्छन् तर पाप कर्म एक जातिको काम हो । जस्तै पुण्य पनि एकको कर्म हो । राम्रोसँग नराम्रो, नराम्रोसँग राम्रो भएरै जगत् भरिएको हुन्छ । एउटा महापुरुषले अनन्त प्रभुको वर्णन यसरी गर्छन्ः-

यस्माद् सर्वाणि भूतानि जयन्ते ।
येन जातानि जीवन्ति, यस्मिन् लयमेष्यन्ति, तद्ब्रह्मा ॥

जहाँबाट सम्पूर्ण विश्वको उत्पत्ति भएको हुन्छ, उत्पतिपछि जहाँ जीवन मिल्दछ र अन्तमा जहाँ लय हुन्छ त्यो नै ब्रह्म हो । यसमा १. उत्पत्ति, २. स्थिति, ३. लय तीन क्रिया बताइएको छ । जसमा यी ३ क्रियमा छन् त्यो नै

ईश्वर हो। ईश्वरका राम, कृष्ण, शिव आदि अनेक नाम छन्। 'ऐं.क्लीं श्रीं'आदि अनेकौ बीज छन्। यी नाम उत्पति स्थिति तथा लयको व्यक्ति गनिन्न। सृष्टिमा ध्वनिको सत्य रूप प्रतिध्वनिद्वारा निक्लन्छ। ध्वनिको प्रतिध्वनिमा मूल शब्द रहेको हुन्छ त्यो मूल शब्द ॐ कार हो। यसमा सात स्वर हुन्छन्। नीकार (निषाद) लय हुन्छ। ॐ बीजबाहेक अन्य कुनै बीज छैन, जुन तीन क्रियामा बताइएको छ। ॐ बीजमा तीन क्रिया सम्मिलित छ। ॐ दुई र आधा अक्षर संरचनाबाट बनेको हो। अकार, उकार, अर्ध म्कार अर्थात अनुस्वार "ँ" हो। 'ॐ' को 'अ' ३६ व्यञ्जन वर्णमालाको कुनै न कुनै अक्षरमा 'अ' रहन्छ। 'क''ख' आदि कुनै अक्षर उच्चारण गर्दा 'अ' कार साथै आउँछ। प्रत्येक अक्षरमा अकार रहने हुँदा यसलाई 'अक्षर ब्रहमा' भनिन्छ।

अब 'उ'कारमा 'अ' र 'ई' उत्पन्न भई 'अ'कारका वर्तुल गति हुँदा उ कार उत्पन्न हुन्छ। अतः 'उ'कारको उत्पत्ति अकारबाट नै हुन्छ। अ को उच्चारण गर्दा यसमा गति मिलेर 'उ' बन्यो। यसरी अ को उच्चारण गर्दा ' अ'गतिमय भई 'उ'मा परिवर्तन भएको सुनिन्छ। अ उ कारमा स्थित सुनाइ तथा उकारको गति हुने त्यो मकारमा लय भएको सुनिन्छ। अतः उकार विष्णु रूपद्वारा वर्णित हुन्छ। अर्ध मकार मा अ गोल गति हुने, उकारमा स्थित भई उकारको गति मिल्ने हुँदा अर्ध मकारको लय हुन्छ। लय क्रियाभगवान् शिवको अर्ध मकार शिवरूपद्वारा वर्णित छ। ऋषिमुनि, योगीका अनुसार अकारमा मनको उत्थान उकारमा मनको गति तथा मकारमा मनको लय हुन्छ। यसप्रकार ॐ (अ +उ+ म्) ब्रह्मा, विष्णु, शिव यी देवता हुन् अथवा सत्व, रज र तम तीन गुण सम्मिलित छन्। यसैमा उत्पति, स्थिति तथा लय तीन क्रिया हुन्छन्।

ॐ भूर्भुवः स्वः
तत्सवितुर्वरेण्यं
भर्गो देवस्य धीमहि।
धियो यो नः प्रचोदयात्।।

गायत्री मन्त्र

गायत्रीमन्त्रलाई शब्दमा व्याख्या गर्न सकिदैन । यो अवर्णनीय, अव्याख्येय मन्त्र हो । विश्वामित्रले साधना गरी प्राप्त गरेको यस मन्त्रका इष्टदेव सूर्य हुन् । गायत्री मन्त्रका विश्वाभित्र ऋषि हुन् भने छन्द गायत्री हो । गायत्री साधनाको महत्त्वलाई बुझेर नै व्रतबन्धमा यही मन्त्र गुरुबाट शिष्यमा हस्तान्तरण गरिन्छ । यो अध्ययनको 'गायत्री' त्रिपदा हो । यो तीनवटा छन्दद्वारा मिश्रण भई बनेको छ । गायत्रीको श्रवणपछि हरेक कर्म गर्न पाउने अधिकारको ढोका खुल्छ ।

ॐ गुण त्रय छ, पछि व्याहृति त्रय अर्थात् आधार त्रय 'भूर्भुवः स्वः' हो । 'भू' भनेको पृथ्वी, भूव पृथ्वीभन्दा माथिको स्थिति 'स्वः' भूवभन्दा पनि माथिको स्थिति हो । भूभुर्ववः स्वः जहाँसम्म सृष्टिक्रमको बुद्धिद्वारा विचार गर्न सकिन्छ त्यहाँसम्म विश्व मानिन्छ । यसलाई स्थूल, प्राण र बुद्धि पनि भनिन्छ । व्यक्तिको अस्तित्त्वको धारणभाव व्याहृती तित्रयमा समातिएको छ । पछि २४ अक्षरको ३, ६, ६ भयो । यहाँसम्म कि प्रणव, व्याहृति र छन्दमा जति आवश्यक छ त्यति नै निहित रहयो ।

ॐ भूर्भुवः स्वः तत् सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् ।

ॐ कारको अर्थ अघि वर्णन गरिएको छ । अव भूर्भुवः स्वः को अर्थ स्थूल । प्राण, बुद्धि व्यक्तास्तित्त्वको धारणभाव हो । ॐ कारको त्रिगुणात्मक अर्थ पृथ्वी र यसबाहेक पनि तिनै लोकमा व्याप्त छ ।

तत् सवितुः वरेण्यं यसको अर्थ तेजोमय सूर्यको आनन्दद्वारा पूर्ण छ ।

भर्गो देवस्य धीमहिको अर्थ अनन्त व्यापक देवताको 'तेज' को लागि म ध्यान गर्दछु ।

धियो यो नः प्रचोदयात्को अर्थ मेरो वुद्धिलाई प्रेरणा मिलोस् ।

गायत्री मन्त्रमा प्रचोदयात् क्रिया हो, कर्ता (भर्गः) तेज हो । प्रत्यक्ष देवताको तेजबाट नै मन, बुद्धि, चित्त तथा अहङ्कार पैदा हुन्छ । धियः शब्दद्वारा अन्तः करण चतुष्टयको वोध गराइएको छ । गायत्री साधना गर्ने विभिन्न विधिहरु छन् । मुख्यतः गायत्रीमन्त्रको जपभन्दा पहिले निम्न २४ मुद्रा गरी सकेपछि मात्र गर्नु सर्वोत्तम मानिन्छ ।

सुमुखं सम्पुटं चैव विततं विस्तृतं तथा ।
द्विमुखं त्रिमुखं चैव चतुः पञ्चमुखं तथा ॥
षण्मुखोऽधोमुखं चैव व्यापकाञ्जलिकं तथा ।
शकटं यमपाशञ्च गन्थितं चोन्मुखोन्मुखम् ॥
प्रलम्बं मुष्टिकं चैव मत्स्य कूर्म वराहकम् ।
सिंहाक्रान्तं महाक्रान्तं मुद्गरं पल्लवं तथा ॥
चतुर्विंशति मुद्राश्च गायत्र्याः संप्रदर्शयेत् ॥

अर्थात् "१. सुमुख, २. सम्पुट, ३. वितत, ४.विस्तृत, ५. द्विमुख, ६. त्रिमुख, ७. चतुर्मुख, ८. पञ्चमुख, ९. षण्मुख, १०. अधोमुख, ११. व्यापकाञ्जलि, १२. शकट, १३. यमपाश, १४. ग्रन्थित, १५. सम्मुखोन्मुख, १६. प्रलम्ब, १७. मुष्टिक, १८. मत्स्य, १९. कूर्म, २०. वराह, २१. सिंहाक्रान्त, २२. महाक्रान्त, २३. मुद्गर, २४. पल्लव" । मुद्राले तत्सम्बन्धी मन्त्रको फल वृद्धि हुन्छ ।

ह्रीं श्रीं क्रीं को अर्थ

'ह्रीं' भनेको मायाको अमोध शक्ति, जुन विश्वभर छ त्यो मेरो हृदयमा रहेको छ ।

'श्री' श्रेयत्व उत्पन्न गर्दछ,

'कीं' क्रीं समस्त जीवन सत् क्रियामा व्यय हुन्छ ।

स्वाहाको आशयः कुनै पनि वस्तु वा पदार्थ अग्निमा लगाउँदा जुनसुकै वस्तु भए पनि खरानी बनाइ एकीकरण कार्य हुन्छ, त्यो वस्तु स्वयं अग्नि बन्छ । त्यस्तै मन्त्रको अन्त्यमा 'स्वाहा' लगाउँदा साधकलाई मन्त्रको कारण देवताले एकाकार गर्दछन् । मृत्युञ्जय मन्त्रको अर्थ-

ॐ हौं जूं सः ॐ भूर्भुवः स्वः ॐ त्र्यम्बकं यजामहे सुगन्धिं पुष्टि बर्धनं, उर्वारुकमिव बन्धनान् मृत्योर्मुक्षीय मामृतात् ॐ स्वः भुर्भूव ॐ सः जूं हौं ॐ ।

ॐ ॐ कारको अर्थमा दिइसकेको छ ।

'हाँ'- शिवबीज छ, जूं जीवन भव छ, सः शक्ति भाव छ । भूर्भवः स्वः मलाई त्रिलोक विषयक ज्ञान छ ।

त्र्यम्बकं

तीन नेत्र भएको जुन भूत, वर्तमान, भविष्यत्कालको जान्ने र देख्ने हुन्छ, उही मृत्युञ्जय भगवान्को उत्तम गन्ध, जगत्को पोषण तथा आरोग्य बनाउने हो, म आराधना गर्दछु । तीन नेत्र भएको जुन भूत, वर्तमान, भव्रिष्यत्कालको जान्ने र देख्ने हुन्छ । उही मृत्युञ्जय भगवान्को उत्तम गन्ध वा जगत्को पोषण तथा आरोग्य बनाउने हो । म आराधना गर्दछु । जस्तै वृक्षमा फलेको फल

झर्ने बित्तिकै आफ्नो रसबाट अलग हुँदैन त्यस्तै सारा विश्व मृत्युको बन्धनमा बाँधिएको भए पनि त्यसबाट छुट हुने, भुक्त हुने तर जीवनरुपि अमृतबाट कदापि अलग नहोऊँ ।

काम बीज (क्लीं)

वाग्-बीजका साथै कामबीज जप्दा पनि कामना सिद्धि हुन्छ । अग्निबीजको साथै जप गर्दा कामना भस्म हुन्छ ।

स्त्रीको बीज स्+ त्+ र्+ई +म् बाट बनेको शब्द हो ।

स्- शक्तिवाचक हो ।

त्-त्राणात्मक वा वचाउनेवाला हो ।

र्-अग्नि बीज हो, अग्निका उत्पत्ति र लय दुई क्रिया छन् ।

ई-गति हो ।

म् लयभाव हो । म कारमा शब्दमात्र लय हुन्छ ।

स- शक्ति

इ- गति,

र- अग्नि,

जन्म -मरण,

विश्व क्रियाद्वारा साधकले बचाउँछ अर्थात् जो विद्या अविद्याको प्रवाहद्वारा साधकलाई बचाउँछ, त्यसको नाम 'स्त्री' बीज हो । 'स्त्री' बीज दिव्य बीज हो । यो बीजबाट भगवती तारिणी माताको उपासना गर्ने साधक भोग वासना छोडी पूज्य भावद्वारा साधना गर्नुपर्छ । विषय वास्ना त्यागी उच्च भावनालाई जागृत गर्न साधना गर्न आवश्यक छ । यस्तो भाव साधकले ग्रहण गर्न नसके स्त्रीको ठाउँमा त्री बीजको जप गर्नु उचित हुन्छ ।

मन्त्र उपासनाका रहस्य

मन्त्रको उपासनबाट हाम्रा ऋषिमुनिहरूले असम्भव र आश्चर्यचकित कार्यलाई सहजरूपमा सफल तुल्याएका थिए । मन्त्रमा अथाहा शक्ति छ जसलाई शास्त्रसम्मत एवं गुरु आज्ञानुसार सदुपयोग गर्नुपर्छ । मन्त्रको माध्यमबाट हातहतियार र वम वनाएका थिए । शहर वसाएका थिए, जीवनलाई निरोगी र उर्वर वनाएका थिए ।

हिरण्मयेन पात्रेण सत्यस्यापिहितं मुखम् ।
योसावादित्येपुरुषः सोसावहम् ॥

• यजुर्वेद ४०/१७

"सुनको पात्रले सत्यको मुख ढाकिएको छ, हे पूषादेव मलाई सत्य धर्म, सत्य दर्शन होस् । यसको लागि हजुर त्यो आवरण हटाउनुहोस् ।" मन्त्रले आवरण हटाएर सत्यको दर्शन गराउँछ र बाटो देखाउँछ । मन्त्रको उपसनाले जीवनलाई आनन्दितमात्र तुल्याउँदैन सफल र सम्पन्न पनि वनाउँछ । विभिन्न दर्शन ज्ञानको मूल पनि मन्त्रउपासना नै हो ।

द्वौ सुपर्णा सयुजा सखाया समानं वृक्षं परिषस्वजाते ।
लयोरन्य स्वाद्धत्यनश्नत्रन्यो अभिचाकशीति ।

• मुण्डकोपनिषद् ३/१/१

एउटा वृक्षको एउटा हाँगामा सुनौला रङ्गका दुई पक्षी बसेको छन् र दुवैको घनिष्ट सम्बन्ध छ । एउटा पक्षी फल खाइरहेको छ भने अर्को पक्षीचाहिँ खाएभैँ हेरेर मात्र वसेको छ । यहाँ जीवात्मा र परमात्माको जोडी छन् । परमात्मा जीवात्मा जीव हो । जीव र ईश्वर देवसत्यको नाम हो । सांसारिक सम्पत्ति हिरण्यपात्र वा संसार सनहरा छ । सुवर्णले आत्मतत्त्वलाई ढाकेको छ । चित्त

मोहद्वारा मुग्ध मनुष्य हृदयमा स्थित सत्य आत्मतत्त्वको दर्शन गर्न असमर्थ हुन्छन् । यस पृथ्वीका अधिष्ठाता पृथ्वीको देवता 'पूषा' हुन् । यसको उपासनाले भौतिक आवरण हटाउन सकिन्छ । भौतिक बन्धनबाट मुक्त हुन आत्मस्वरूपलाई पहिचान गर्न सक्नुपर्छ र देवतामा प्रार्थना यसरी गर्नुपर्छ ।

पूषन्नेकर्षे यम सूर्य प्राजापत्य व्यूह रश्मीन् समूह ।
तेजो यत्रे रूपं कल्याणतमं तत्रे पश्यामि ।
यो ऽ सावसौ पुरुषः सोऽघ्रभस्मि ॥

• *यजुर्वेद*

पृथ्वीको अंगिदा भाग पूषा हो, ९, १५ र २१ भेदमा यसको यम तथा सूर्य यी प्राजापत्य रूप हुन् । पूषा पृथ्वी हो, यहाँ दिन र रातको सम्बन्ध छ । दिन सूर्यको हो र चक्षुष पुरुषलाई ढाक्ने हुँदा अकल्याण रूप बनेको हो । रात्रि समस्त आगन्तुक हुनाले कल्याण रूप भएको हो ।

भौतिक पूषाको भाग देव सत्यरूप अमृताग्नि कल्याण तमरूप हो । सत्य धर्मरूप विज्ञानको उपासनाद्वारा यस्तै देख्न चाहनु मानवको इच्छा हो । यसलाई गीतामा सरल तरिकाले यसरी बताइएको छ ।

मम योनिर्महद्‌ब्रह्म तस्मिनूगर्भं दधाम्यहम् ।

• *गीता १४/३*

यही ब्रह्मले नै सम्पूर्ण ब्रह्माण्डिलाई अड्याएको छ र त्यसको कारण पनि बह्म नै हो । मन्त्र उपासना यस्तो कार्य हो जसको उपसना गर्दा हरेक पटक मन्त्रको फरक अर्थ आउँछ । पृथ्वीको रस **'इरा'** नाम ले प्रसिद्ध छ । महर्षि ऐतरेयले यसको सम्बन्धले प्रधान पुरुषको **'इरामय'** परोक्ष भावद्वारा हिरण्मय भएको बताएका छन् । जुन पुरुषको वायुमय आत्मा पार्थिव मर्त्य इराको वा पार्थिव सम्पत्तिप्रति झुकाव राख्छ उसको आत्मा इरा प्रधान हुन्छ वा मृत्युरूप बन्छ । वायुमय आत्मा इरा आशक्ति नभई ज्ञानमूर्ति प्राज्ञको आश्रय लिन्छ । तव अमृत प्राज्ञको प्रधानताले यो पनि अमृत रूप बन्छ । अनाशक्ति रूप बुद्धियोगद्वारा आफ्नो वायुभाग अनिर बन्छ तव अमृत बन्न पुग्छ, उपासनाको रहस्य पनि यही हो ।

वैज्ञानिकयुगमा उपासनाको आवश्यकता

हिजोआज अधिकांश सुशिक्षित समाज भौतिक विज्ञानद्वारा प्रभावित छ । विज्ञानको प्रगति निसंदेह द्रुत गतिले अघि बढेको छ । यसबाट भिन्न भएर जीवन सञ्चालन गर्न असंभव छ । विज्ञानको हावाभित्र पनि तन्त्र, मन्त्र र अध्यात्मले राम्रो जरा गाडेको छ । यो देखेर जो कोहीलाई पनि अचम्म लाग्छ । आजको समाज मान्त्रिक प्रगतिमा रमाएको छ । विज्ञानको चरम विकासको कारण सभ्य समाज पुरातन सभ्यताको प्रतीक्षा गर्दैछ । फलस्वरूप अध्यात्म विचार, धर्म, कर्म तथा सदृश कुराहरूले स्थान पाएको अवगत हुन्छ । अनादिमूल अविद्याद्वारा आवृत यो आत्मालाई कुनै न कुनै प्रकारको उपासनाद्वारा अनूभूत गर्न सकिन्छ । उपासनको कुनै न कुनै समयमा महत्त्व बढ्दै जान्छ । विज्ञानको प्रगतिमा मानवजीवनमा आउने विविध समस्याबाट जीवन समस्याग्रस्त हुन्छ । यसबाट मानिस भड्किन्छ र आफ्नो पथबाट विचलित हुन सक्छ । यसको कारण छ अध्यात्मको विस्मृति वा भौतिकवादको प्राधान्य । भौतिक उन्नतिको समयमा अनेकौं विकट परिस्थिति आउन सक्छन् त्यसको समाधानको एउटै उपाय हो उपासना । मानवलाई सच्चा सुख र चिरशान्ति प्राप्त गराउने उपाय

भनेकै अध्यात्म हो । रोग, व्याधको नजिक पुग्नै नपर्ने बाटो भनेको अध्यात्म हो, अध्यात्मको पर्याय उपासना नै हो ।

उपासनाद्वारा आन्तरिक परिवर्तन हुनुका साथै वाह्य जीवनमा पनि सकारात्मक प्रभाव पर्छ । यसकारण सामाजिक जीवनमा उपासनाको ज्यादै महत्त्व छ । उपासनाले सर्वत्र भगवद्भाव सृजना गर्दछ । यसबाट उपासकको स्वार्थवृत्ति हट्न गई परमार्थ वृत्तिले उसको स्थान लिन पुग्छ । यसरी ज्ञानी सज्जनद्वारा विश्वको शाश्वत कल्याण हुन्छ । सानातिना कुराबाट पनि ज्ञानी मनुष्यद्वारा विश्व कल्याणको भावना पैदा हुन्छ । ईश्वर प्राप्तिका लागि उपासना सबैलाई सरल र सहज हुने भएकाले महत्त्वपूर्ण छ ।

'उप' उपसर्ग 'आस्' धातुमा लागेर उपासना शब्द बन्छ । उपासनाको अर्थ साथै रहनु वा सँगै बस्नु हो । उपासनामा कसैसँग साथै रहेर ऊसँग तादात्म्य सम्बन्ध स्थापित गर्नुपर्छ । आफ्नो उपास्य देवको उत्तम गुण लिनु उपासना हो । जुन प्रकार अग्निको उपासना गरी निहीत रहेर अग्निको धर्म उष्णत्वादि आउनु उपास्य देवतको समीप बसी ती देवको सवै गुण उपासकमा आउनुपर्छ त्यो सत् उपासना हो । महापुरुषको उत्तम गुण धारण गर्न महापुरुषको उपासना गर्न सकिन्छ ।

'यन्मनसा ध्यायति तद् वाचा वदति, यद् वाचा वहति तत्
कर्मणा करोति, यट् कर्मणा करोति तद् अभिसम्पद्यते ।

मानिसको मनमा जुन कुराको ध्यान हुन्छ त्यसैको वाणी प्रस्फुट हुन्छ । जस्तो वाणी हुन्छ त्यस्तै कर्म हुन्छ । त्यसर्थ उपासनामा ज्यादै सावधानी रहनुपर्छ । परमात्मालाई सजिलै सर्वत्र पाउन कठिन छ । छोटो जीवन, अनेकौं बाधा व्यवधानलाई झेल्दै परमतत्त्वमा पुग्न कठीन हुन्छ । यसलाई प्राप्त गर्न उपासना नै महत्त्वपूर्ण मार्ग हो ।

अतप्ततनुर्नं तदामो अश्नुते
श्रृतास इद्धहन्त तत् समाशत ।

• ऋग्वेद ९।८३।१

हाम्रा शास्त्रहरूमध्ये उपनिषद्मा प्राणोपासनाको श्रेष्ठता, प्राणतत्त्वको व्याख्या गरिएको छ । प्राणतत्त्व निखिल जगत्मा विद्यमान छ । सकल पदार्थको सृष्टिको कारण बीजरूप प्राण नै हो ।

प्रभवः समभावनां सतामिति विनिश्चयः ।
सर्वं जनयति प्राणश्चेर्तोऽशून्पुरुषः पृथकः ॥

सम्पूर्ण वस्तुको उत्पत्ति हुन्छ र सवैको उत्पत्ति प्राणतत्त्वद्वारा नै हुन्छ । चैतन्यमय पुरुष चेतनजीवको पृथक्पृथक् प्रकट गर्छन् । अतः प्राण ब्रह्मरूप मानिन्छ । यहाँ प्राण नै अग्निरूप धारण गरी तय गर्छन् । सूर्य, मेघ, इन्द्र, वायु, पृथिवी, भूत समुदाय नै प्राण हो । सत्, असत् तथा अमृतस्वरूप ब्रह्म पनि यही हो । समस्त इन्द्रियमध्ये प्राणतत्त्व श्रेष्ठ हो । वाक्, चक्षु आदि इन्द्रियहरू प्राणतत्त्वको अभावमा निष्क्रिय हुन पुग्छन् । सर्वश्रेष्ठ हुन प्राणोपसना गर्नुपर्छ र इन्द्रियोपासनालाई त्याग गर्नुपर्छ । विषय वासनाबाट अलग हुनुपर्छ । वैज्ञानिकयुगमा प्रत्यक्ष प्रमाणलाई महत्त्वपूर्ण र आधिकारिक मान्दछन् । उपासनाले बाहिरी स्वभाव र भित्री ज्ञानमा परिवर्तन भएको प्रत्यक्ष अनुभव गर्न पाइने भएकाले यसको आवश्यकता बढेको छ ।

मन्त्रका जातिभेद

स्वेतवाराहकल्पको आदिमा क्षीर सागरमा शयन गरेका श्रीनारायण भगवान्लाई देखेर ब्रह्माजीले सोधे "तपाईं को हो ?"

भगवान्ले भने, 'हे पुत्र ! तिम्रो कल्याण होस्, तिमी मलाई जान्दैनौ ? म संसारको कर्ता-भर्ता-हर्ता हुँ ।"

यो सुनेर ब्रहमाजीले भने "यो मिथ्या वचन हो, मलाई छोडेर कुनै अरु व्यक्ति संसार उत्पन्न गर्ने छैन ।"

यसरी दुबैको आपसमा विवाद हुन पुग्यो र तत्क्षण एउटा ज्योतिर्लिङ्ग प्रकट भयो, जसबाट स्फोट भइ विन्दु वर्णको सङ्केत उत्पन्न भयो । यो सङ्केत वेद रूपमा प्रकट भयो तथा त्यही ऋषिको हृदयमा नारलरूपमा उत्पन्न भयो । फेरि त्यहाँ वर्ण तथा ध्वनि प्रकट भयो । यही वर्णलाई मन्त्रको संज्ञा दियो । अतः मन्त्र स्वतः सिद्ध भई साधकको हृदयमा उपासनाको रूपमा प्रकट भयो । महाकवि दण्डीले मन्त्रको महत्त्वको स्पष्ट गर्दै भनेका छन् :

इदमन्धं तमः कृत्सनं जायेत भुवनत्रयम् ।
यदि शब्दालयं ज्योतिरासंसारान्न दीप्यते ॥

अर्थात् "यदि शब्दरूपी ज्योति सृष्टिको आरम्भदेखि नभए तीनै लोक आजसम्म पूर्ण अन्धकारमा डुबेको हुन्थ्यो ।"

दोस्रो पक्ष कुनै समय भगवान् शङ्कर प्रसन्न भई नृत्य गरिरहेका थिए ।

डमरु बजाइ ताण्डव नृत्यमा समाधिस्त भए । यहीकारण शिवलाई नटेश्वर पनि भनिन्छ । त्यो समय उनको डमरुको ध्वनिबाट अइउण्, ऋलृक्, एओङ् आदि चौध सूत्र प्रकट भयो । यी सूत्रको आधारमा पाणिनि मुनिले व्याकरण शास्त्रको विस्तार गरे । यही सूत्रद्वारा मन्त्रको उद्धार भयो । अतः मन्त्रको आदि भगवान् श्रीशङ्कर हुन् भनी सिद्ध छ ।

पञ्चरात्रको सातौँ अध्यायमा नारद मुनिले तीन प्रकारका मन्त्रको व्याख्या गरेका छन् ।

१. सौराः पुंदेवताः

२. सौम्याःस्त्रीदेवताः

३. नपुंसक

जुन मन्त्रको अन्तमा 'हुँ फट्' हुन्छ त्यो पुरुष मन्त्र हो । जुन मन्त्रको अन्तमा 'वषट् स्वाहा' हुन्छ त्यो स्त्री रूप हो । जुन मन्त्रको अन्तमा '.....नमः ' हुन्छ त्यो नपुंसक मन्त्र हो । जागृत, सुषुप्त, मित्र, शत्रु, सौम्य, क्रूर, अतिक्रूर, छिन्न, रुद्र, शक्तिहीन, पराङमुख, बधिर, नेत्रहीन, कीलित, दग्ध, त्रस्त, मलिन, मन्दोमत्त, मूर्छित, पध्यस्त, बालक, कुमार, युवा, प्रौढ, वृद्ध, केकर तथा कूट यी मन्त्रका भेद हुन् । साधकले दुष्ट मन्त्रलाई त्याग गर्नुपर्छ किनकि त्यो सिद्धिदायक हुँदैन । मन्त्र ग्रहण गर्न वा दीक्षा लिने समयकाल साथै देशको निर्णय गर्न अत्यावश्यक छ । यसको ज्ञान हुनाले साधकको मन्त्रका सिद्धि शीघ्र प्राप्त हुन्छ । यसको लागि मन्त्रवेत्ताले समय अनुरूप ग्रहण गर्दछन् ।

मन्त्र पाठमा ध्यान दिनुपर्ने तथ्यहरू

साधनालाई सफल बनाउन वा साधकले लक्ष्य भेदनका लागि मन्त्र पाठमा विशेष ध्यान पुऱ्याउनुपर्छ । मन्त्र साधनाबाट नै मानवले दैवत्वमात्र प्राप्त गर्छ । असम्भवलाई सम्भव एवं अफललाई सफलतामा रूपान्तरण गर्दछ । वैदिकका साथै तान्त्रिकपद्धतिमा मन्त्रलाई संस्कार गर्ने विधान छन् ।

कथ्यन्ते दश संस्कारा मन्त्रदोषहराः प्रिये ।
जननं जीवनं पश्चात्ताडनं बोधनं ततः ॥
अभिशेकोऽथ विमलीकरणाप्यायने तथा ।
तर्पणं दीपनं गुप्तिः संस्काराः कुलनायिके ॥

• *कुलार्णवतन्त्रम् १५।७१-७२*

अर्थात् 'जनन, दीपन, बोधन, ताडन, अभिशेक, विमलीकरण, आप्यायन, जीवन, तर्पण र गुप्ति यी मन्त्रका दश संस्कार हुन् ।' यी संस्कार गरेपछि मन्त्र सिद्धिदायक हुन्छन् । पूर्वसिद्ध मन्त्रका लागि भने गर्नुपर्दैन । मन्त्र साधनाको प्रारम्भकालमा निम्नानुसार १६ कुराको विशेष ध्यान दिनुपर्छ ।

१. मास

चैत्र मासमा दीक्षा ग्रहण गरे पुरुषार्थ सिद्ध हुन्छ । वैशाखमा रत्न लाभ, ज्येष्ठमासमा मरण, आषढमासमा बन्धु नाश, श्रावणमासमा दीर्घायु, भादमासमा संतान नाश, आश्विनमासमा रत्न संचय, कार्तिक वा मंसीर मासमा मन्त्र सिद्धि,

पौषमासमा राग पीडा, माघमासमा मेधावृद्धि तथा फाल्गुनमासमा मन्त्र ग्रहण गरे मनोरथ सिद्ध हुन्छ ।

२. वारः

रविवारमा मन्त्र ग्रहण गरे वित्त लाभ हुन्छ । सोमवारमा शान्ति, मङ्गलवारमा आयुक्षय, बुधवारमा सौन्दर्य लाभ, वृहस्पतिवारमा ज्ञान वृद्धि, शुक्रवारमा सौभाग्य लाभ र शनिवारमा यश हानि हुन्छ ।

३. तिथिः

प्रतिपदा तिथिमा मन्त्र ग्रहण गरे ज्ञान नाश, द्वितीयामा ज्ञान वृद्धि, तृतीयामा शुद्धता प्राप्ति, चतुर्थीमा वित्त नाश, पञ्चमीमा बुद्धि वृद्धि, षष्ठीमा ज्ञान क्षय, सप्तमीमा सुख लाभ, अष्टमीमा बुद्धि नाश, नवमीमा शरीर क्षय, दशमीमा राज सौभाग्य प्राप्ति, एकादशीमा पवित्रता, द्वादशीमा सर्वकार्य सिद्धि, त्रयोदशीमा दरिद्रता, चतुर्दशीमा तिर्यग योनि प्राप्ति, मसान्त वा अमावश्यमा दीक्षा ग्रहण गरे कार्य हानि हुन्छ । पक्षको अन्तमा दीक्षा लिए धर्म वृद्धि हुन्छ वा गराउँछ ।

४. नक्षत्रः

अश्विनी नक्षत्रमा मन्त्र पाठ गरे सुख लाभ, भरणीमा मरण, कृतिकामा दुःख, रोहिणीमा विद्या प्राप्ति, मृगशिरामा सुख, आर्द्रामा बन्धु नाश, पुनर्वसुमा धन प्राप्ति, पुष्यमा शत्रु नाश, अश्लेषामा मृत्यु, मघामा दुःख नाश, पुर्वफाल्गुनीमा, उत्तरफाल्गुनी एवं हस्तमा सौन्दर्य, ज्ञान तथा धन प्राप्ति हुन्छ ।

५. योगः

प्रीति, आयुष्मान, सौभाग्य, शोभन, धृति, वृद्धि, ध्रुव, सुकर्मा, साध्य, शुभ, हर्षण, वरीयान, शिव, सिद्धि, ब्रहम, इन्द्र यी योगमा दीक्षा सफल हुन्छ र बाँकी योगमा असफल हुन्छ ।

६. करणः

बव, बालव, कौलव, तैतील, वणिज यी करणमा दीक्षा लिनु मङ्गलकारिणी हुन्छ ।

७. लग्नः

वृष, सिंह, कन्या, धनु, मीन यी ५ लग्नमा र चन्द्र, ताराको अनुकूलतामा दीक्षा दान सफल हुन्छ । मेष, वृश्चिक, सिंह, कुम्भ यी स्थिर लग्न हुन् । यी लग्नमा विष्णुमन्त्र ग्रहण कार्य शुभ हुन्छ ।

मिथुन, कन्या, धन, मीन शक्ति दीक्षाग्रहणमा मङ्गलकारी हुन्छ ।

मेष, कर्कट, तुला, मकर यी लग्नमा शिवमन्त्र ग्रहणमा मङ्गलकारी हुन्छ ।

लग्नको ३, ६, ११ स्थानमा पापग्रह छ, लग्नबाट ४, ७, १०, ९, ५ स्थानमा शुभ ग्रह छ भने दीक्षा कल्याणकारिणी हुन्छ ।

८. पक्षः

शुक्लपक्षमा दीक्षा शुभ हुन्छ, कृष्णपक्षको पञ्चमीसम्म दीक्षा शुभ हुन्छ । सूर्य ग्रहणसरह उत्तमकाल दीक्षाग्रहणको लागि अन्य कुनै पनि छैन ।

९. दीक्षा स्थलः

गौशालामा, गुरुको घरमा, देव मन्दिरमा, वनमा, बगैंचामा, नदीको किनारमा, धात्री तथा बिल्ववृक्षको समीपमा, पर्वतको शिरमा, गुफामा, गङ्गाको तटमा, दीक्षा ग्रहण गरे कोटीकोटी गुण फल प्रदान गर्ने हुन्छ ।



मन्त्र ग्रहण गर्दा विचार गर्नुपर्ने विषय

ऋतम्भरा बुद्धिद्वारा वा अनेकौं प्रकारको चक्रको सहयोगमा मन्त्रको निर्णय गरी गुरुदेवले शिष्यलाई मन्त्र उपदेश ग्रहण गराउनुपर्छ । मन्त्र एकाक्षर, ससेतुक तथा शाखा-पल्लव संयुक्त आदि अनेक प्रकारका हुन्छन् । यी सबैमा विचारपूर्वक निर्णय लिनुपर्छ । मन्त्र ग्रहण गर्दा कुलाकुल चक्र, राशि चक्र, नक्षत्र चक्र, ऋणीधनी चक्र आदि अनेक प्रकारको चक्र सहायक हुन्छ ।

मन्त्रवेत्ताका लागि कुलाकुल चक्रको वर्णन यसरी गरिएको छ ।

वायु	अग्नि	पृथ्वी	जल	आकाश
अ, आ	इ ई	उ ऊ	ऋ ॠ	ऌ ॡ
ए	ऐ	ओ	औ	अं
क	ख	ग	घ	ङ
च	छ	ज	झ	ञ
ट	ठ	ड	ढ	ण
त	थ	द	ध	न
प	फ	ब	भ	म
य	र	ल	व	श
ष	क्ष	ल	स	ह

साधकको नामको पहिलो अक्षर र मन्त्रको पहिलो अक्षर एकै कोष्ठमा आए स्वकुल रहेको जान्नुपर्छ । पृथ्वीको जल मित्र हो, अग्निको वायु मित्र हो ।

पृथ्वीको लागि वायु र अग्नि रिपु हो । जलको अग्नि रिपु हो, आकाश सवैको मित्र हो । रिपु भएको अवस्थामा मन्त्र ग्रहण गर्नुहुँदैन । स्वकुल र मित्र हुँदा मन्त्र ग्रहण गर्नुपर्छ ।

१. तन्त्राकारको कुलाकुलचक्र विज्ञानः

सृष्टि पञ्चभूतात्मक छ । पृथ्वी, जल, वायु, अग्नि, आकाश यी पाँच तत्त्वमा सृष्टि निर्मित हुन्छ । यसर्थ मनुष्यको लागि पञ्चदेवोपासनाको विधान छ । यसैले पञ्चतत्त्व रहस्य वर्णन गर्ने कुलाकुल चक्र परम हितकर छ । यसबाट मन्त्रको कुल निर्णय, देवताको कुल निर्णय कार्य सम्पन्न गर्न सकिन्छ ।

२. राशि चक्र ः



आफ्नो राशिको अनुकूल मन्त्र ग्रहण गरे मङ्गल प्राप्ति भइ तदनुरूप सम्पन्न कार्य हुन्छ । विज्ञजनको नामको आदि वर्ण र मन्त्रको आदि वर्ण लिएर आफ्नो राशिद्वारा मन्त्र राशिसम्म गणनाद्वारा राशिको शुद्धता विचार गर्नुपर्छ । यसप्रकार गणनाद्वारा ६, ८, १२ राशिस्थित मन्त्र त्याग गर्न योग्य हुन्छ । जन्म राशिस्थित मन्त्रद्वारा मन्त्र सिद्धि, धनस्थानबाट धन सिद्धि, भातृस्थानबाट भातृ वृद्धि, बन्धु स्थानबाट बन्धुप्रियता, पुत्रस्थानबाट पुत्र लाभ हुन्छ । शत्रुस्थानबाट शत्रुवृद्धि, कलत्रस्थानबाट मध्यम फल, मृत्युस्थानबाट मृत्यु, नवमस्थानबाट धर्म वृद्धि,

कर्मस्थानबाट कार्य सिद्धि, आयस्थानबाट धन आय वृद्धि, व्ययस्थानबाट संचित धनको नाश हुन्छ ।

३. अकथह चक्र

सिद्ध	साध्य	सुसिद्ध	शत्रु
१ अ क थ ह	२ उ ङ प	३ आ ख द	४ ऊ च फ
५ ओ ड ब	६ ऌ झ म	७ औ ढ श	८ ॡ ञ य
९ ई घ न	१० ऋ ज भ	११ इ ग ध	१२ ॠ छ व
१३ अः त स	१४ ऐ ठ ल	१५ अं ण ष	१६ ए ट र

यो चक्रद्वारा साध्य, सुसिद्धि, अरि मन्त्रको ज्ञान हुन्छ ।

सिद्ध मन्त्र बान्धव, साध्य मन्त्र सेवक, सुसिद्ध मन्त्र पोषक, शत्रु मन्त्र घातक हुन्छ ।

४. आसनः

कम्बल, राडीपाखीको आसनमा बसी मन्त्र जपे सर्वकामना सिद्ध हुन्छ । कालो हरिणको छालामा बसी जप गरे मुक्ति हुन्छ । व्याघ्र चर्ममा बसी जप गरे मोक्ष हुन्छ । कुशासनमा बसी जप गरे ज्ञान प्राप्त हुन्छ । पातद्धारा बनाइएको आसनमा बसी जप गरे दीर्घायु हुन्छ । पत्थर ढुङ्गामा बसी जप गरे दुःख हुन्छ । काष्ठमा बसी जप गरे रोगी हुन्छ । वस्त्रासनमा बसी जप गरे स्त्री प्राप्त हुन्छ । भूमिमा बसी जप गरे मन्त्र सिद्ध हुँदैन । तृणासनमा जप गरे यश हानि, वंशासनमा बसी जप गरे दरिद्रता हुन्छ ।

मन्त्रशक्तिको वैज्ञानिक चिन्तन

मन्त्रमा ध्वनि हुन्छ, ध्वनिको समूह नै मन्त्र हो । वैज्ञानिकहरूले ध्वनि तरङ्गका विषयमा परीक्षण गरेका छन् । उनीहरूले चिकित्साक्षेत्रमा उच्च फ्रिक्वेन्सी भएको ध्वनिको प्रयोग मांशपेशीको पीडाको उपचारमा अधिक उपयोगी भएको बताएका छन् । एउटा यस्तो उपकरणको सहायताले प्रतिसेकेण्ड करिब १० लाख चक्र गतिमय ध्वनि तरङ्ग निः सृत हुन्छ । चिकित्सकले मानवको रुग्णशरीरमा ध्वनि धारा पठाउँछन् ताकि रोगीको शरीरमा ध्वनिद्वारा तप उत्पन्न होस् । यो तप शक्तिप्रद र आरोग्यकारी हुन्छ । ध्वनि शब्दको सबैभन्दा बढी क्रान्तिकारी प्रयोग मानसिक रोगीको चिकित्सामा गरिन्छ । यूट कलेज अफ मेडिसिनका डा. पैटर लिडस्ट्रायले गम्भीर १९२ मानसिकरोगीको मस्तिष्कमा अतिस्वन ध्वनि धारा पठाए । यिनमा ६० जनमा विक्षिप्त र १३२ जना स्नायु रोगीमा कुनै काम नगरेको पाइयो । उनले पीडित रोगीलाई सम्झन्थे । विजल मनोविज्ञान वा औषधि चिकित्सापद्धतिद्वारा उनलाई लाभ मिलेन तर अतिस्वन चिकित्सापद्धतिद्वारा ३१ विक्षिप्त तथा १०६ स्नायु रोगीको स्थितिमा यति सुधार आयो कि ती मानिस रोजगार गर्न लायक भए । न्यूयोर्कस्थित येरीवा विश्वविद्यालयको अल्वर्टआइन्स्टाइन कलेज अफ मेडिसिनमा अहिले ध्वनि तरङ्गको उपयोग, लम्बाइ, चौडाइ र मोटाइ भएको फोटो रचना गर्ने अनौठो विधि पत्ता लगाइएको थियो । यसमार्फत् डाक्टरले आँखाको रसौला पत्ता लगाउन सफल भए जब कि सामान्य उपायमा यस्तो हुन सक्तैनथ्यो । अमेरिकाका डाक्टर हर्चिसनले विभिन्न प्रकारको सङ्गीत ध्वनिको सहयोगले अनेकौं असाध्य रोगको सफल चिकित्सा गरेका थिए ।

अमेरिकाका चिकित्सक नैथेनियल ब्रान्सनलाई ध्वनि कम्पनद्वारा चिम्टीको

प्रयोगले एउटा केटाको आँखामा पसेको पित्तलको कण निकाल्नमा सफलता मिल्यो । यदि कुनै पनि धातुको उपकरणद्वारा यो कार्य गर्दा लाभको अपेक्षा अधिक हानिको सम्भावना स्पष्ट रूपमा देखिन्थ्यो ।

डा. क्रिस्टलनले आस्ट्रासोनोटेनर नामक यन्त्रको आविष्कार गरे जसमा दुई रासायनिक द्रव्यलाई मिलाउन सफल भए । यसमा ध्वनि कम्पन यति तीव्र उत्पन्न भयो कि वर्तनमा भरेको जल मन्थन सकिन्थ्यो । वैज्ञानिकहरूले भविष्यमा कुनै भागको, कुनै प्राकृतिक परमाणुको पथ गणना सम्भव हुन पुग्छ । यदि सम्भव भए मन्त्र उच्चारणद्वारा उत्पन्न ध्वनि कम्पनद्वारा रोग निवारण, विष निकाल्ने, उन्माद हटाउने जस्ता प्राचीन उदाहरण पनि सत्य मान्नुपर्छ । क्यालिफोर्नियास्थित विश्वविद्यालयका प्रसिद्ध भूगर्भशास्त्री डाक्टर हर्बट हयूरले शब्द सूक्ष्म कम्पनबाट यस्तो अद्‌भूत परीक्षण गरे कि जुन अन्य आधुनिक उपकरणका लागि असम्भव थियो । एउटा हड्‌डीको मैला सफा गर्ने वा माटो सफा गर्ने काम थियो । ब्लेड छुराले यो कार्य गरेको भए हड्‌डीमा चोट लाग्ने थियो तर डाक्टर हर्बटले शब्दशक्तिद्वारा यो असम्भव कार्य पनि सम्भव तुल्याए ।

अहिलेसम्म एक्स्रे मात्र यस्तो यन्त्र थियो जुन शरीरको भित्री भागको चित्र खिच्थ्यो र रोगको निदान गर्न सकिन्थ्यो । एक्सरेको भेदन शक्ति आश्चर्यजनक थियो । गहिरो जडिएको रोगको चित्र खिच्न भने असम्भव थियो । यसको लागि अल्ट्रासाउण्डले पूरा कार्य गऱ्यो । यो ध्वनि कानले सुन्न सम्भव थिएन । अल्ट्रासाउण्डको भेदन क्षमता बढ्‌दै गयो जब अति सूक्ष्म कम्पन पनि विद्युत आवेश प्राप्त हुन्छ । सूक्ष्मक्षेत्रमा प्रविष्ट भइ त्यो स्पष्ट चित्र लिने सामर्थ्य रहन पुग्यो ।

अल्ट्रासाउण्डलाई अनेकौं वैज्ञानिकले प्रयोग गरेका छन् । अमेरिकामा एउटा व्यक्तिले गोली चलाउँदा एउटा बालकको आँखामा छर्रा प्रवेश भयो । प्राप्त वैज्ञानिक उपकरणबाट कुनै पत्ता लागेन आँखामा कहाँ छ भनेर ? तर, वासिंटनस्थित चिकित्सालयमा अल्ट्रासाउण्डद्वारा छर्राको टुक्राको स्पष्ट चित्र देखियो र सुविधापूर्वक निकालियो । शिकागो अस्पतालमा एउटी स्त्री डाक्टको लागि ठूलो सङ्कट आइपऱ्यो । उनको गर्भ छ वा पेटमा गाँठो छ ? एक्सरेमा स्पष्ट चित्र देखिएन । अल्ट्रासाउण्डमा पत्ता लाग्यो कि उनको पेटमा गर्भ विकास भइरहेको छ । यसरी अल्ट्रासाउण्डको चरम विकासले अध्ययनले कोशको

अध्ययन गर्न सरल बनेको छ । भविष्यमा ध्वनि तरङ्गको अति सूक्ष्म चित्र लिन सम्भव बन्छ । सङ्गीतको ध्वनि, तरङ्गको प्रभाव पत्थरी रोगमा अनुकूल प्रभाव पार्न सकिन्छ । ध्वनि, सङ्गीतको माध्यमले दीर्घरोगीहरूले पनि रोगमुक्त गरेको पाइन्छ ।

ध्वनि तरङ्गका भौतिक उपलब्धिका उदाहरण एवं वैज्ञानिक प्रयोगमा गम्भीर भएर विचार गर्ने हो भने मन्त्रशक्तिको रहस्य र आस्था बुझ्न सकिन्छ साथै आस्थामा वृद्धि हुन्छ । अदम्य साहस र परिश्रमद्वारा भौतिक विज्ञानका आचार्यले शब्दविज्ञानको रहस्य प्रकट गरेका छन् । यसरी मन्त्र साधनाका आचार्यका कर्तव्य पनि यस क्षेत्रका हरेक प्रकारमा लुप्त रहेका विधिविधानको विकास गर्ने हुनुपर्छ । आजको वैज्ञानिकयुगमा मन्त्रशक्तिको विश्वास र दायरामा वृद्धि गर्नुपर्छ । वैज्ञानिकहरूको परीक्षणपछि बाह्यकर्ण यन्त्रद्वारा २० देखि २०, ००० कम्पन भएको ध्वनि श्रवण गर्न सकिन्छ भन्ने निश्चित गरेक छन् । योभन्दा बढी ध्वनि कम्पन सुन्न पनि सम्भव छैन । जुन किसिमले बादल गर्जदा परमाणुको कम्पन शक्ति हुन्छ, उसैगरी ध्वनि कम्पनमा यति धेरै शक्ति निहित हुन्छ कि जहाँबाट पनि ध्वनि परिवर्तन गर्न सक्छ । यो परिवर्तनको शक्तिको दोस्रो नाम मन्त्रले विज्ञानमा पद्धतिको काम गर्छ । मन्त्र उच्चारणमा उत्पन्न ध्वनिको शब्दशक्तिमा विद्युतीय तरह परिवर्तित गर्छ । यसप्रकार साधक वा सञ्चालकको इच्छाशक्तिको काम गर्छ । जुन अनेकौं असम्भव कार्य पनि सम्भव हुन्छ । जप, ध्यान, विन्दु साधना समानवाची कार्य हुन् । यसले सूक्ष्मातिसूक्ष्मा कण पनि भेदन गर्न सक्छ । यसैले मन्त्रशक्तिको मूल्याङ्कन आज पनि कसैले गर्न सक्दैन । उदाहरणको लागि गायत्रीमन्त्रको शक्ति कुन प्रकारको आकर्षण गर्ने हो, यसको व्याख्या यस्तो छ । "मन्त्र उच्चारणले जुन ध्वनि तरङ्ग उत्पन्न हुन्छ । त्यो छाल आकारको हुन्छ । त्यो तीब्र गतिमा माथि उठ्छ र इथर तत्त्वको माध्यमले आफ्नो इष्टदेव सूर्यसम्म पुग्छन् । यो ध्वनि सूर्यको अन्तरालबाट फर्किएर आउँछ । जुन सूर्यको सूक्ष्मशक्ति, गर्मी प्रकाश विद्युतलाई समेट्छ, साधकको सूक्ष्म शरीरमा उत्रिन्छ । साधक तीब्र इच्छा शक्ति र भावनाद्वारा जप गर्छ । उति नै सूर्य प्रकाश अणुको आकर्षण गर्छ मनशक्तिलाई केन्द्र बनाउँछ । एकाग्रता जति बढ्छ आकर्षण शक्ति पनि असम्भव कार्यलाई सम्भव पार्दछ ।" यही नै मन्त्रशक्ति हो र यसद्वारा लाभान्वित हुने रहस्य पनि हो ।



खण्ड - ख



मन्त्र जप गर्ने विधि

साधकले स्नानादिद्वारा निवृत्त भई स्वास्तिकासन लगाइ बस्नुपर्छ । आनन्दको अनुभूति लिँदै गुरुगणाधिपतिलाई नमस्कार गर्नुपर्छ । यसको विधान यसप्रकार छ ।

‘स्वस्तिश्रीपरमशिवानाथपादाधशेषगुरूपारमपर्यक्रमेण स्वगुरुनाथपादाम्बुजं यावत् तावत्प्रणौमि ।

ॐ श्री गुरुभ्यो नमः यस मन्त्रले मूर्धालाई स्पर्श गर्नुपर्छ ।

‘गं गुरुभ्यो नमः’ यहाँ दक्षिण कंथाको,

‘गं गणपतये नमः’ यहाँ वामस्कन्धको,

‘दुं दुर्गायै नमः’ यहाँ वाम उसै स्थानको

‘क्षेत्रपालाय नमः’ यहाँ दक्षिण ऊरुस्थानको,

‘सं सरस्वत्यै नमः ’ यहाँ मुखको स्पर्श गर्नुपर्छ ।

‘ॐ सहस्त्रार हुँ फट्’ यहाँ सुदर्शन मन्त्रले अङ्गन्यास गर्नुपर्छ ।

त्यसपछि भूत शुद्धि एवं प्राण प्रतिष्ठा गरी प्राणायाम गर्नुपर्छ । मूलाधारद्वाराकुण्डलिनी देवीको श्वासद्वारा ब्रह्मरन्ध्रमा लगेर मूलाधारमा पुनः ल्याएर स्थित गर्नुपर्छ । यो क्रिया गुरुगम्य हो र विना यस क्रियाको मन्त्र सिद्ध हुँदैन ।

मन्त्रपूजा :

साधकले आफ्नो अभीष्ट मन्त्रले ताम्रपत्रमा अष्टगन्धद्वारा लेख्नुपर्छ ।

चारैतिर कादि-हादि मन्त्र लेखी सम्पुटित गर्नुपर्छ ।

कादि र हादि विद्या क्रमशः

(१) क ए ई ल ह्रीं ह स क ल ह्रीं सकल ह्रीं ।

(२) ह स क ल ह्रीं ह स क ल ह्रीं सकल ह्रीं ।

मन्त्रलाई षोडशोपचारविधिद्वारा पूजा गर्नुपर्छ ।

प्रत्येक मन्त्रको देवता पृथक्पृथक् हुन्छ, अतः साधकले जुन मन्त्र ग्रहण गरेको छ उही मन्त्रको देवताको भावना गर्नुपर्छ । यसैको नै देह प्रतिमा सम्झी श्रद्धा, भक्ति एवं दृढ भावनापूर्वक मनभित्र यसमा तन्मय गरी प्रतीकोपासना गरे सिद्ध हुन्छ । यसमा पीठपूजा आवश्यक छ ।

मन्त्रको पीठपूजा :

ॐ मन्डूकाय नमः ।
ॐ मूलप्रकृत्यै नमः ।
ॐ कूमार्य नमः ।
ॐ वराहाय नमः ।
ॐ सुधाम्बुधयै नमः ।
ॐ मणिद्वीपाय नमः ।
ॐ श्मशानाय नमः ।
ॐ रत्नवेदिकयै नमः ।
ॐ नानामुनिभ्यो नमः ।
ॐ शवमुण्डेभ्यो नमः ।
ॐ धर्माय नमः ।
ॐ वैराग्याय नमः ।
ॐ अधर्माय नमः ।
ॐ अवैराग्याय नमः ।
ॐ आनन्द कन्याय नमः ।
ॐ कालाग्निरुद्राय नमः ।
ॐ आधारशक्तये नमः ।
ॐ अनन्ताय नमः ।
ॐ पृथिव्यै नमः ।
ॐ सर्पिः सागराय नमः ।
ॐ चिन्तामणिगृहाय नमः ।
ॐ पारिजाताय नमः ।
ॐ मणिपीठाय नमः ।
ॐ शिवेभ्यो नमः ।
ॐ बहुमांसास्थिमोहमान शिवाभ्यो नमः ।
ॐ ज्ञानाय नमः ।
ॐ ऐश्वर्याय नमः ।
ॐ अज्ञानाय नमः
ॐ अनैश्वर्याय नमः ।
ॐ सर्वसत्वात्मक पद्मायनमः ।

ॐ प्रकृतिमय पत्रेभ्यो नमः । ॐ विकारमयकेसरेभ्यो नमः ।

ॐ पञ्चाशद्वर्णाढयकर्णिकायै नमः । ॐ अर्कमण्डलाय नमः ।

ॐ सौममण्डलाय नमः । ॐ महीमण्डलाय नमः ।

ॐ सत्वाय नमः । ॐ रजसे नमः ।

ॐ तमसे नमः । ॐ आत्मने नमः ।

ॐ अन्तरात्मने नमः । ॐ परमात्मने नमः ।

ॐ ज्ञानात्मने नमः । ॐ क्रियायै नमः ।

ॐआनन्द नमः । ॐ ऐं परायै नमः ।

ॐ परापयै नमः ।

यस पूजाको पश्चात् अभिशेक गर्नुपर्छ । ब्रह्मघाट स्थापित गरी सागर वा पवित्र नदीको जलले भर्नुपर्छ । यहाँ अस्वस्थ, पंचपल्लव, तुलसी, विल्वपत्र, केरा, नरिवलको पातले आच्छादित गरी दशोपचार पूजा गर्नुपर्छ । यसले मन्त्र चैतन्य भइ सिद्ध हुन पुग्छ ।

मन्त्रको दश संस्कारः

कुनै मन्त्र छिन्न, रुद्र शक्तिहीन, पराङ्मुख आदि दोषद्वारा बच्न सक्दैन ।सप्तकोटी मन्त्र सवैमा यी दोष कुनै न कुनै दोषद्वारा युक्त हुन्छ । यस मन्त्रको दोषको निवारणार्थ मन्त्रको दश संस्कार गर्नुपर्छ ।

जननं दीपनं पश्चाद् वोधनं ताडनस्तथा ।
अथाभिषेको विमलीकरणाऽप्यायने पुनः ॥
जीवनं तर्पणं गुप्तिर्दशैता मन्त्रसंस्क्रियाः ॥

१. यी दश संस्कारमा जनन, दीपन, बोधन, ताडन, अभिशेक, विमलीकरण, जीवन, तर्पण, गोपन, आप्ययन छन् । जनन मन्त्र संस्कारमा भोजपत्रमा गोरोचन, कुकुँम, चन्दनादिद्वारा आत्माभिमुख त्रिकोणले लेख्नुपर्छ र तीनै कोठामा ६ वा समान रेखा तान्नुपर्छ । यसो गर्दा ४९ त्रिकोण कोष्ठ बन्छ, उसमा इशानकोणद्वारा मातृका वर्ण लेखेर, देवताको आह्वान पूजन गरी मन्त्रलाई १/१ वर्णको उद्धार गरी अलगअलग पत्रमा लेख्नुपर्छ ।

मन्त्रोद्धारलाई अनन्तर यन्त्र धोई शुद्ध जल हाल्नुपर्छ ।



२. हंसमन्त्रको सम्पुट हुँदा एक हजार जपद्वारा मन्त्रको दोस्रो दीपन संस्कार हुन्छ । हं स्रो रामाय नमः स्रोऽ हम् ।

२. हूं बीज मन्त्रको पाँचहजार जप गरी बोधन नामक तेस्रो संस्कार हुन्छः 'हूँ रामाय नमः हूँ ।'

४. फट् सम्पुटित मन्त्र एक हजार जप गरे 'ताडन' नामको चतुर्थ संस्कार हुन्छ । 'फट रामाय नमः फट ।'

५. भूर्जपत्रमा मन्त्र लेखी 'रां हं स्रः ॐ' यो मन्त्रद्वारा अभिमन्त्रित गर्नुपर्छ र एक हजार पटक जप गरेर अश्वत्थ पत्रादिद्वारा मन्त्रले अभिशेक गर्नुपर्छ र पाँचौ संस्कार हुन्छ ।

६.'ॐ त्रों. वषट्' यी वर्णद्वारा सम्पुटित मन्त्र एक हजार जप गरे 'विमलीकरण' नामक संस्कार हुन्छ । यहाँ 'ॐ त्रों वषट् रामाय नमः वषट् त्रों ॐ ' मन्त्र रहेको छ ।

७. स्वधा-वषट्-सम्पुटित मूलमन्त्र एक हजार जप गरी जीवन नामक सातौं संस्कार पूरा हुन्छ । यहाँ 'स्वधा वषट् रामाय नमः वषट् स्वधा ।' रहेको छ ।

८. दुग्ध, जल, घृतले मूल मन्त्र उच्चारण गरी सयपटक तर्पण गरे 'तर्पण' संस्कार हुन्छ ।

९. ह्रीं बीज सम्पुटित मन्त्र एक हजार जप गरे गोपन नामक संस्कार हुन्छ । यहाँ 'ह्रीं रामाय नमः ह्रीं ।' मन्त्र छ ।

१०. ह्रौं बीज-सम्पुटित मन्त्र एक हजार जप गरे 'आप्यायन नामक दसौं संस्कार हुन्छ, यहाँ 'ह्रौं रामाय नमः ह्रौं ।' मन्त्र छ ।

यसप्रकार संस्कृत गरिएको मन्त्रले शीघ्र फल प्रदान गर्छ ।

'दीपस्थानं समाश्रित्य कृतं कर्मं फलप्रदम् ।

जुन स्थान, क्षेत्र, नगर, गृहमा पुरश्चरण गर्दामा उसको नौ समान भागको कल्पना गरी मध्यभागमा स्वर लेख्नुपर्छ र पूर्वादिक्रमद्वारा कवर्गादि लेख्नुपर्छ । ईशानकोणमा ल, क्ष लेख्नुपर्छ ।

जुन कोठमा क्षेत्रको प्रथम अक्षर छ, ऊ त्यस कोष्ठको मुख सम्झनुपर्दछ । त्यसको दुई कोष्ठ भुजा, दुई कोष्ठ कुक्षि, दुई कोष्ठ पाउ, शेष कोष्ठ पुच्छर बुझ्नुपर्छ । मुख स्थानमा जप गरे सिद्धि प्राप्त हुन्छ, भुजामा स्वल्पजीव कक्षिमा उलासिनता, पाउमा दुःख, पुच्छरमा वध वन्धनादि पीडा हुन्छ ।

पूजाका निम्ति मन्त्र :

भगवान् विष्णु, श्रीकृष्ण आदिको पूजामा जुन मन्त्र प्रयोग हुन्छ, त्यो यस प्रकारको छ ।

सर्वान्तर्यामिणे देव सर्ववीजमयं ततः ।
अत्मस्थाय परं शुद्धमासनं कल्पयाम्यहम् ॥

हे देव ! सवैको अन्तर्यामी तथा आत्मरूपले स्थित हुनुहुन्छ । यसैले म सर्व वीजस्वरूप उत्तम तथा शुद्ध आसन समर्पित गर्दछु ।

स्वागत

यस्य दर्शनमिच्छन्ति देवा ब्रम्हाहरादयः ।
कृपया देवदेवेश मदग्रे सान्नधौ भव ॥

वस्य ते परमेशान स्वागतं स्वागतं प्रभो ।

सर्वको आराध्य देव दया गरी मलाई दर्शन होस् प्रभुलाई स्वागत छ ।

आह्वानः

कृतार्थोऽनुगृहीतोऽस्मि सफलं जीवितं तु मे ।
यदा गतोऽ सि देवेश चिदानन्दमयाव्यय ॥
अज्ञानअज्ञानाद्व प्रमादाद्वा वैकल्यात् साधस्य च ।
यद्पूर्ण भवेत् कृत्यं तथाप्यभिभुखो भव ।

हे विज्ञानानन्द धन ! हे अविनाशी ! हे देवेश ! हजुरको पदार्पणमा म कृतार्थ छु । अज्ञान, असावधानी वा साधनाको कमीले हरेक दिन पूर्णरूपले पूजा गर्न सकिनँ तथापि मलाई कृपा होस्, मेरो सामुन्ने सधैँ रहनुहोस् ।

पाद्यः

यद् भक्तिलेश सम्पर्कात् परमानन्दसम्भवः ।
तस्मै ते परमेशान पाद्य शुद्धाय कल्पये ॥

जसको विन्दुमात्र भक्तिको संस्पर्श भए हृदय परमानन्दधाराको उद्‌गम बन्न पुग्छ । हे परमेश्वर ! तपाईको विशुद्ध स्वरूपलाई म पाद्य समर्पित गर्दछु ।

आचमनीय :

देवानमिपिं देवाय देवानां देवतात्मने ।
आचामं कल्पयामीश सुधायाः स्रुतिहेतवे ॥

हे ईश ! हजुर समस्त देवताको पनि देवता आराध्यदेव हुनुहुन्छ, सुधाको मूलस्रोत सुधार क्षणको लागि आचमनीय समर्पित गर्दछु ।

अघ्र्य :

तापत्रयहरं दिव्यं परमानन्दरुक्षणम् ।
तापत्रयविमोक्षाय तवाघ्र्य कल्पद्ययाम्यहम् ।

प्रभु ! हजुरको अघ्र्य तीनै तापको हरण गर्ने, दिव्य एवं परमानन्द स्वरूप

हो, यसर्थ तीनै तापबाट मुक्त हुन म हजुरलाई अघ्र्य समर्पित गर्दछु ।

मधूपर्क :

सर्वकल्मवहीनाय परिपूर्णसाधात्मकम् ।
मधूपर्कमिमं देव कल्पयामि प्रसीद मे

हे देव ! हजुर समस्त पाप र त्यसको कारणबाट मुक्त हुनुहुन्छ । म परिपूर्ण सुधात्मक मधूपर्क समर्पित गर्दछु, हजुर अनुग्रह गरी यसलाई स्वीकार गर्नुहोस् ।

पुनराचमनीय :

उच्छिष्टोऽप्यशुयिर्वापि यस्य स्मरणमात्रतः ।
शुद्धिमाप्नोति तस्मै ते पुनराचमनीयकम्

जसको उच्चारणमात्र गरे अपवित्र पनि पवित्र हुन्छ, त्यो नै हजुर हो । हजुरको लागि आचमनीय जल समर्पण गर्दछु ।

स्नान :

परमानन्दा बोधाब्धिनिमग्ननिजमूर्तये ।
साङ्गोपाङ्गमिदं स्नानं कल्पयाप्यहमीसा ते ।

हे प्रभु ! हजुर आफ्नो परमानन्दद्वारा ज्ञान समुद्रमा स्वयं निमग्न हुनुहुन्छ । हजुरको लागि साङ्गोपाङ्ग स्नानार्थ जल म समर्पित गर्दछु ।

वस्त्र :

माया चित्रपटाच्छन्नतिजगुह्योरु तेजसे ।
निरावरणविज्ञान वासस्ते कल्पयाम्यहम् ॥

हे प्रभु ! हजुरले आफ्नो परम ज्योतिर्मय एवं गुह्यस्वरूप मायाको विचित्र वस्त्रद्वारा ढाकेर राख्नुभएको छ । वास्तवमा हजुर आवरणरहित विज्ञानस्वरूप हुनुहुन्छ । यसैले हजुरका लागि म वस्त्र समर्पित गर्दछु ।

उत्तरीय :

यमाश्रित्य महामाया जगत्सम्मोहिनी सदा ।
तस्मै तै परमेशाय कल्पयाभ्युत्तरीयकम् ॥

प्रभु ! जसको आश्रय लिई महामाया सदा जगत्को मोहित गर्नुहुन्छ, हजुर

परमेश्वर हुनुहुन्छ । म हजुरको लागि उत्तरीय समर्पण गर्दछु ।

यज्ञोपवीत :

यस्त्र शक्तित्रयेणेदं सम्प्रोतमरिव लं जगत ।
यज्ञसूत्राय तस्मै ते यज्ञ सूत्रं प्रकल्पये ॥

प्रभु ! जसको सृष्टि, स्थिति र प्रलयरूप तीन शक्तिद्वारा जगत् चलेको छ, त्यो स्वयं यज्ञसूत्र हो । उसैको लागि म यज्ञोपवित समर्पित गर्दछु ।

आभूषण :

स्वभावसुन्दराङ्गाय नानशक्तयाश्रायाय ते ।
भूषणानि विचित्राणि कल्पयामि सुरार्चित ॥

हे सुरपुजित हजुरको एकएक अङ्ग स्वभावैले सुन्दर, परम् मनोहर छ । हजुर स्वयं समस्त शक्तिमा आश्रय हुनुहुन्छ । हजुरको लागि म विचित्र आभूषण समर्पित गर्दछु ।

जल :

समस्तदेवदेवेश सर्वतृप्तिकरं परम्
अखण्डानन्दसम्पूर्ण गृहाण जलभुकतमम्

हे समस्तदेवदेवेश्वर ! हजुरको लागि म सवैभन्दा परम तृप्ति दिने उत्तम जल समर्पण गर्दछु ।

गन्ध :

परमानन्द सौरम्य परिपूर्ण दिगन्तरम्
गृहाण परमं गन्धं कृपया परमेश्वर ॥

हे प्रभु जसको परमानन्द सुरभिद्वारा दिग्-दिगन्त परिपूर्ण रहेको छ, हजुरको लागि परम गन्ध म समर्पण गर्दछु ।

पुष्प :

तुरीयं गुण सम्पनं नाना गुण मनोहरम् ।
आनन्द सौरभ पुष्पं गृह्यतामिदमुत्तमम् ॥

त्रिगुणातीत, गुणयुक्त, अनेक गुणले मनोहर, आनन्द, सौरभसम्पन्न यहाँ

उत्तम पुष्पले हजुरलाई समर्पित गर्दछु ।

धूप :

वनस्पतिरसौ दिव्यो गन्धाढयः सुमनोहरः ।
आघ्रेयः सर्वदेवानां धूपोऽयं प्रतिगृह्यताम् ॥

वनस्पतिको रसबाट सङ्गृहीत, दिव्य, सुगन्धपूर्ण, निखिल देवताको आघ्राण गर्न योग्य सुमनोहर धूप म यहाँ समर्पित गर्दछु ।

दीप :

सुप्रकाशो महादीपः सवतस्ति मिरापहः ।
सबाह्याभ्यन्तरं ज्योतिर्दीपोऽयं प्रतिगृह्याताम् ।

परम तेज सम्पन्न भित्र वाहिर ज्योतिर्मय प्रभु ! सवैमा अन्धकार हटाइ उत्तम आलोकमय महान् दीपक समर्पण गर्दछु ।

नेषेद्यः सत्पात्रसिद्धं सुहविर्वि विधानेक भक्षणम् ।
निवेद्यामि देवेश सानुगाय गृहाण तत् ॥

हे देवेश ! पवित्र पात्रमा बनाइएको अनेक प्रकारको खाद्यसामग्रीले युक्त यहाँ उत्तम नैवेद्य अनुचरसहित हजुरको सेवामा समर्पित गर्दछु । यो भोजनपछि जल आदि पूर्वोक्त मन्त्रद्वारा दिनुपर्छ । त्यसपछि सुपारी, फल, दक्षिणा आदि वस्तु समर्पण गरी आरती गर्नुपर्छ ।

शास्त्रमा पाँच प्रकारको पूजा वर्णन गरिएको छ ।

१. देवदेवताको स्थान सफा गर्नु, लिप्नु, निर्माल्य हटाउनु 'अभिगमन' हो ।
२. गन्ध, पुष्प आदि पूजा सामग्री सङ्ग्रह 'उपदान' हो ।
३. इष्टदेवको आत्मरूपबाट भावनामा लीन हुनु 'योग' हो ।
४. मन्त्रार्थको अनुसन्धान गरी जप गर्नु, सुक्त, स्तोत्र पाठ गर्नु, गुण, नाम, लीलाको कीर्तन गर्नु, वेदशास्त्र आदिको अभ्यास गर्नु 'स्वाध्याय' हो ।
५. उपचारद्वारा आफ्नो आराध्यदेवको पूजा गर्नु 'इज्या' हो । यी पाँच प्रकारका पूजा क्रमशः सामीप्य, सालोक्य, सायुज्य र सारूपय भुक्तिको लागि हो ।





साधनामा गोप्यता एवं मन्त्राक्षरमा भेद

साधना गर्दा गोपनीयताको परम आवश्यकता पर्दछ । गुरु, स्थापना र समय निश्चित भएपछि प्रचार नगरी साधना गर्नुपर्छ । साधना र त्यसका प्राप्त सिद्धिको विज्ञापन भएमा यो दीर्घकालिक हुँदैन । शास्त्रहरूमा ऋषिहरूले साधना गर्दा गोप्य ठाउँ एवं एक्लो जीवनलाई अपनाएको देखिन्छ ।

उपासनामा मन्त्र प्रधान रहन्छ । कुनै पनि देवीदेवताको नामाक्षरको अगाडि 'ॐ' र त्यसपछि नमः लगाएर त्यस देवताको मन्त्र बन्छ । जस्तै ॐ गणपतये नमः ॐ विष्णवे नमः आदि । यिनै नाम र मन्त्रद्वारा देवीको पूजा हुन्छ । जस्तैः अमुक देवाय नमः गन्ध समर्पयामि आदि । यिनै मन्त्र र जप गरेमा सिद्धि प्राप्त हुन्छ । मन्त्रले देवता प्रसन्न हुन्छन्, रोगनाश हुन्छ । सबै प्रकारका सिद्धि प्राप्त हुन्छन् । वर्तमान समयमा पनि सर्पले टोकेको विष झार्न, विच्छीले टोकेको विष झार्न, स्तोत्रपाठ, मन्त्र अनुष्ठान आदिद्वारा जातक रोग मुक्त हुन्छ ।

मन्त्रे तीर्थे द्विजे देवे दैवज्ञे भेषजे गुरौ ।
यादृसी भावना यस्य सिद्धिर्भवति तादृशी ॥

मन्त्र, तीर्थ, ब्राह्मण, देवता, ज्योतिषी, औषधि तथा गुरुमा जसको जस्तो भावना हुन्छ उसै प्रकारका सिद्धि प्राप्त हुन्छ । वैदिक, तान्त्रिक र सावरीमन्त्र गरी

तीन प्रकारका मन्त्र हुन्छन् । यिनका आफ्ना जप तथा साधनापद्धति छन् । सूर्य, चन्द्रमाको ग्रहण, लागेका बेला अनि तीर्थ, स्थल सिद्धक्षेत्र, शिवालय आदि क्षेत्रमा मन्त्रोपदेशको लागि दीक्षा लिन शुभ मुहूर्तको आवश्यकता पर्दैन । यिनीहरूको पावन शक्तिले सधैं अनुकुलता सृजना हुन्छ ।

छन्द, अक्षर आदिका आधारमा मन्त्रलाई विभिन्न भागमा विभाजन गर्न सकिन्छ । एक अक्षर मन्त्रलाई 'पिण्ड' दुई अक्षरवाला मन्त्रलाई 'कर्तरी' र तीनदेखि नौ अक्षरसम्मको मन्त्रलाई मालामन्त्र भनिन्छ ।

मन्त्रको अन्तमा **'वषट्'** र **'फट्'** आउँछ भने पुलिङ्ग, मन्त्रको अन्तमा षट् स्वाहा आए स्त्रीलिङ्ग, मन्त्रान्तमा नमः आए नपुंसक लिङ्ग हुन्छ । यसप्रकार अधिष्ठाता देवता पुरुष भए मन्त्र र मन्त्रको अधिष्ठाता देवता स्त्री भए मन्त्रलाई विद्या भनिन्छ । मन्त्रको आफ्नो नामाक्षरको आधारमा ऋणी-धनी पत्ता लगाइ जप आरम्भ गर्नुपर्छ । शुद्र र स्त्रीको लागि ॐ काररहित आठ अक्षरवाला मन्त्र सिद्धि दिने हुन्छ ।

अष्टाक्षरश्च या मन्त्रः प्रशस्तः शूद्रयोषितोः ।
प्रणवतादिश्च यो मन्त्रो, स्त्री शूद्रेषु शस्यते ।

सकाम-निष्काम तथा नैतिक-नैमित्तिक भेदको आधारमा मन्त्रमा दुई प्रकारको पुरश्चरण हुन्छ । मन्त्रलाई पहिले षट्चक्रद्वारा शोधन गरी अकडम आदि चक्रले छर्नुपर्छ । यसपछि मन्त्रको दश संस्कार गर्नुपर्छ ।

१. जनन २. जीवन ३. ताडन ४. वोधन ५. अभिशेक ६. विमलीकरण ७. आप्यायन ८. तर्पण ९. दीपन १०. गोपन दश संस्कार हुन् । मन्त्रमा पचास दोष हुन्छन्ः यी दोषको वारेमा नजानी जप गरे सिद्धि प्राप्त हुँदैन ।

साधनाका लागि साधकको आचरण, चिन्तन, श्रद्धा, विश्वासमा दृढता चाहिन्छ । साधनाको फलवाट समाज र राष्ट्रलाई लाभान्वित तुल्याउने लक्ष्य हुनुपर्छ । गुरु परम्परामा चल्ने एवं शास्त्र निर्दिष्ट अनुष्ठान गर्ने साधकलाई मात्र साधनाको फल हितकर हुन्छ ।

दश महाविद्या साधना

नेपाल शाक्त, शैव, वैष्णव वौद्ध साधना एवं तन्त्रबाट पल्लवित राष्ट्र हो । प्राचीनकालदेखि शाक्त परम्पराका अनुष्ठान भइरहेको देखिन्छ । अहिले पनि पाथीभरा, दन्तकाली, गुह्येश्वरी, दक्षिणकाली, मनकामना, विन्ध्येश्वरी, उग्रतारा आदिको पूजामा भक्तहरूको उत्तिकै आस्था छ । यी देवीहरूको पूजा अनुष्ठान मुख्यतः तन्त्रबाटै भएको पाइन्छ । विशेषतः तन्त्रमा दश देवी दशमहाविद्याका रूपमा प्रसिद्ध छन् । काली, तारा, महाविद्या (त्रिपुरा सुन्दरी), भुवनेश्वरी, भैरवी, छिन्नमस्ता, धूमावती, वगलामुखी, मातङ्गी र कमला (लक्ष्मी) देवी हुन् । यथार्थमा सवै एकै हुन्, आदिशक्ति शिवा, दुर्गा, पार्वतीमा भिन्नता छैन । यी दशमहाविद्याले अभीष्ट फल प्रदान गराउँछन् । महाविद्या साधनको मन्त्र ज्यादै महत्त्वको छ ।

हुँ श्री ह्रीं बज्रवैरोचनीये ॐ ॐ फट् स्वाहा ऐं । यो मन्त्रले महाविद्याको पूजा तथा जप आदि सवै गर्नुपर्छ । साधकले ध्यान गरेको समयमा श्लोकलाई शुद्धोच्चारण गर्नुपर्छ ।

चतुर्भुजा महादेवीं नागयज्ञोपवीतिनीं महाभीभां करा... यां सिद्ध विद्याधरैर्युतामा मुण्डमालावलीकीर्णां मुक्तकेशी स्मिताननाम् । एवं कथायेन्महादेवीं सर्वकामार्थसिद्धये ॥

महाविद्यादेवी ४ वटा भुजा भएकी, सर्पको यज्ञोपवीत धारण गरेकी, महभीमा, करालवदना, सिद्धयुक्त, मुण्डमाला अलङ्कृत, सुन्दर केश र हँसीमुखी हुन् । सर्वकार्य सिद्धि दिने देवीको ध्यान यसरी गर्नुपर्छ ।

महाविद्या स्तोत्र

श्रीशिव उवाच

दुर्लभं तारिणीमार्गं दुर्लभं तारिणीपदम् ।
मन्त्रार्थ मन्त्रचैतन्यं दुर्लभं शवसाधनम् ॥
श्मशान साधनं योनि साधनं ब्रह्मा साधनम् ।
क्रियासाधनकं भक्ति साधनं भुक्तिसाधनम् ॥
तव प्रसादादेवेशि सर्वाः सिद्धयन्ति सिद्धये ॥

शिवजीको उपासनाको मार्ग अति दुर्लभ छ । यसप्रकार उनको पद प्राप्ति हुन दुर्लभ छ । मन्त्रार्थ ज्ञान, मन्त्र चैतन्य समस्तसाधन दुर्लभ छन् । देवेशि ! जसमाथि प्रशन्न हुन् सवै विषयमा सिद्धि प्राप्त हुन्छ ।

नमस्ते चण्डिके चण्डि चण्डमुण्ड विनाशिनी ।
नमस्ते कालिके कालमहाभयविनाशिनी ।

हे चण्डी ! प्रचण्ड स्वरुपिणी चण्डमुण्डको वध तिमीले नै गरेकी हौ । काल तथा भयको नाश गर्नेलाई नमस्कार गर्दछु ।

शिवे रक्ष जगद्धात्रि प्रसीद हर वल्लभे ।
प्रणमामि जगद्धात्री जगत्पालनकारिणीम् ॥
जगत्क्षेभकरी विद्यां जगत्सृष्टि विद्यायिनीम् ।
करालां विकटां घाचेरा मुण्डमालाविभूषिताम् ॥
हरार्चिच्चतां हरा राध्यां नमामि हरवत्भाम् ।

गौरीं गुरुप्रियां गौरवणालङ्कार भूषिताम् ॥
हरिप्रियां महामायां नमामि ब्रह्मापूजिताम् ॥

हे शिव ! संसारको भय रक्षा गर्ने र संहार गर्ने तिमी नै हौं । ब्रह्माजी तिम्रो नमस्कार तथा पूजा गर्दछन् ।

सिद्धां सिद्धेश्वरी सिद्धविद्याधरगणुर्युताम् ।
मन्त्रसिद्धिप्रदां योनि सिदां लिङ्गशोभिताम् ॥
प्रणमामि महामायां दुर्गां दुर्गतिनाशिनीम् ।
सिद्धां सिद्धेश्वरी सिद्धविद्याधरगुणर्युताम् ।
मन्त्रसिद्धिप्रदां योनि सिद्धिदां लिङ्ग शोभिताम् ॥
प्रणमामि महामायां दुर्गा दुर्गतिनाशिनीम् ।

हजुर सिद्धा वा सिद्धेश्वरी हुनुहुन्छ, दुर्गति नाशिनी हुनुहुन्छ, हजुरलाई कोटीकोटी नमस्कार छ ।

उग्रामुग्रमयीभुग्रता रामुग्रणैर्युताम्
नीलां नीलघनश्यामां नमामि नीलसुन्दरीम् ।

हजुर उग्रमूर्तिले युक्त नीतलमूर्ति, नीलमेघ समान नीलसुन्दरीलाई मेरो नमस्कार छ ।

श्यामाङ्गी श्यामघटितांश्यामवर्णविभूषिताम् ।
प्रणमामि जगद्धात्रीं गौरीं सर्वार्थसाधिनीम् ॥

श्यामलाङ्गी, श्यामवर्णले विभूषित जगद्धात्री, गौरीलाई नमस्कार छ ।

विश्वेश्वरीं महाघोरां विककटां घोरनादिनीम् ।
आद्यामाद्यगुरोद्यामाद्यनाथप्रपूजिताम् ॥
श्री दुर्गां धनदामन्नापूर्णां पध्मां सुरेश्वरीम् ।
प्रणमामि जगद्धात्रीं चन्द्र शेखरवल्लभाम् ॥

हजुर नै विश्वेश्वरी, विकटमूर्ति हो । यो महाभयङ्कर छ, सवैको आद्या, महेश्वरको माता, आद्यनाथ महादेव सदा पूजा गर्दछन् । धनदाता, अन्नपूर्णा ईश्वर जगत्की माता हरवल्लभा, मेरो नमस्कार छ ।

त्रिपुरासुन्दरीं बालमबलागणभूषिताम् ।
शिवदूतीं शिवाराध्यां शिवध्येयां सनातनीम् ॥
सुन्दरीं तारिणीं सर्वशिवागणविभूषिताम्
नारायणीं विष्णु पूज्यां ब्रहमाविष्णुहरप्रियाम् ॥

हे देवी ! अवलागुणले विभूषित, शिवदूती, विष्णुद्वारा पुजित ब्रह्मा, विष्णु तथा शिवकी प्रिय हुनुहुन्छ ।

सर्वसिद्धिप्रदां नित्यामनित्यगुावर्जिताम् ।
सगुणां निगुणां ध्येयामाच्चितां सवर्वसिद्धिदाम् ।
दिव्या सिद्धिप्रदां विद्यांमहाविद्यां महेश्वरीम्
महेशभक्तां माहेशी महाकालप्रपूजिताम् ॥
प्रणमामि जगद्धात्री शुम्भासुरविमर्द्धिनीम् ॥

हजुर नै सवै सिद्धिकी दात्री अनित्यगुणले रहित महाविद्या, महेश्वरीको भक्ति, शुम्भासुरको मर्दन गर्नेलाई मेरो नमस्कार छ।

इत्येवञ्च वराराहे स्तोत्रं सिद्धिकरं परम् ।
पठित्यामोक्षमाप्तोति सत्यं वै गिरीनन्दिनी ।

हे वारारोहे ! यहाँ स्तव परमसिद्धिदायक हुनुहुन्छ । मोक्ष गरिदिनुहोस् ।

कुजवारे चतुर्ददश्याममामायां जीववासरे
शुक्रे निशिगते स्तोत्र पढित्वा मादामाप्नुयात् ।
त्रिपक्षेमन्त्रसिद्धि स्यात्स्तोत्रपाठाद्धि शङ्करि ॥

मङ्गलवार चतुर्दशी तिथि, गुरुवार अमावश्या तिथि, शुक्रवार रात्रिकालमा स्तुति गरे मन्त्र सिद्ध हुन्छ ।

केवलं स्तोत्रपाठाद्धि मन्त्रसिद्धिरनुत्रमा ।
जागर्तिं सततं चण्डी स्तोत्रपाठाद्धजंगिनी ॥

जो पुरुष केवल स्तोत्रमात्र पढ्छन्, उसले अनुत्तमा मन्त्र सिद्धि प्राप्त गर्छ । यो स्तवपाठफलद्धारा चण्डिककुलकुण्डलिनी नाडी जागरित हुन्छ ।

महाविद्याकवच

महाविद्याकवचपाठ गर्दा मूल श्लोकको प्रयोग गर्नुपर्छ ।

श्रृणु देवि प्रवक्ष्यामि कवचं सर्वसिद्धि ।
आद्यायाँ महाविद्यायाः सर्वाभीष्टफलप्रदम् ॥

यो महाविद्याको कवचपछि सवै अभीष्ट फल मिलोस् ।

कवचस्य ऋषिर्देवि सदाशिव इतीतिरः ।
छन्दोऽनुष्टुप देवता च महाविद्या प्रकीर्तिता ॥
धर्मार्थकाममोक्षाणां विनियोगश्च साधने ॥

देवता नै महाविद्या हो । धर्म, अर्थ, काम, मोक्ष फल प्राप्त होस् ।

ऐङ्कारः पातु शीर्षे मा कामबीजं तथा हृदि ।
रमावीजं सदा पातु नाभौ गुहये च पादयोः ॥

हे बीज ! मेरो मस्तकको, क्लीं बीज हृदयको, श्रीं बीज मेरो नाभि, गुह्य, चरणको रक्षा गर ।

ललाटे सुन्दरी पातु उग्रा मां कण्ठदेशतः ।
भगमाला सर्वगात्रे लिङ्गे चैतन्यरुपिणी ॥

सुन्दरी मेरो ललाटको, उग्रा कण्ठको भगमाला सवै शरीरको चैतन्यरुपिणी देवी लिङ्गस्थानको रक्षा गर ।

पूर्वे मा पातु वाराही ब्रह्माणी दक्षिणे तथा ।
उत्तरे वैष्णवी पातु चन्द्राणी पश्चिमेऽवतु ।
महेश्वरी च आग्नेय्यां नैऋते कमला तथा ।
वायाव्यां पातु कौमारी चामुण्डा हीशकेऽवतु ॥

पूर्वमा वाराही, दक्षिणमा ब्राह्माणी, उत्तरमा वैष्णवी, पश्चिममा इन्द्राणी, अग्निकोणमा माहेश्वरी, नैऋत्यमा कमला, वायुकोणमा कौमारी, ईशानमा चामुण्डा ले मेरो रक्षा गरुन् ।

इदं कवचमज्ञात्वा महाविद्याञ्च यो जपेत् ।
न फलं जायते तस्य कल्पकोटिशतैरपि ।

यो कवचसहित मन्त्र जप गरे करोडौँ फल प्राप्त हुन्छ ।

काली साधना

महाकाली यन्त्र

श्रीमहाकाली

मन्त्रः क्रीं क्रीं क्रीं ह्रीं ह्रीं हूं हूं दक्षिणे कालिके क्रीं क्रीं
क्रीं ह्रीं ह्रीं हूं हूं स्वाहमा ।

यो मन्त्रले उपासना गरे फल प्राप्त हुन्छ ।

तारा साधना



तारा यन्त्र



श्रीतारा

मन्त्रः ह्रीं स्त्री हूँ फट्

ओम ह्रीं स्त्रीं हूँ फट्

श्रीं ह्रीं स्त्रीं हूं फट् ।

यो मन्त्रोपासनाले कार्य सिद्धि हुन्छ ।

षोड्शी - ललिता



षोडशी यन्त्र

श्रीषोडशी (ललिताम्बिका)

मन्त्र : ऐँ क्लीं सौः ऐं सौः क्लीं

क्लीं ऐं सौः कलं सौः ऐं ।

भुवनेश्वरी साधना



भुवनेश्वरी यन्त्र

श्रीभुवनेश्वरी

मन्त्र : ह्रीं रें ह्रीं रें ह्रीं रें

छिन्नमस्ता साधना



छिन्नमस्तिका यन्त्र

श्रीछिन्न मस्तिका

मन्त्र : श्री ह्रीं क्लीं रें वज्रवैरोचनीये हुँ हुँ फट् स्वाहा ।

यो मन्त्रले छिन्नमस्ताको जप तथा पूजा गर्नुपर्छ ।

त्रिपुर भैरवी साधना

त्रिपुरभैरवी यन्त्र

श्रीत्रिपुर भैरवी

मन्त्र : हस्रैं हसकतरीं हस्रौः ।

हसरैं हसकलरीं हसरोः ।

यो मन्त्रले भैरवी पूजा र जप गर्नुपर्छ ।

धूमावती साधनाः



धूमावती यन्त्र

श्रीधूमावती

मन्त्रः धूँ धूँ धूमावती स्वाहा ।

वगलामुखी साधना



वगलामुखी यन्त्र

श्रीवगलामुखी

मन्त्रः ॐ ह्रीं बगलामुखि सर्वदुष्टनां
वाचं मुखं स्तम्भय जिहां कीलय
कीलय वुद्धिं नाशय ह्रीं ॐ स्वाहा ॥

यो षट्त्रिंशदक्षर मन्त्रद्धारा वगलामुखीको पूजा आराधना गर्नुपर्छ ।

मातङ्गी साधनाः



मातङ्गी यन्त्र

श्रीमातङ्गी

मन्त्रः ॐ ह्रीं कलीं हूँ मातङ्ग्यै फट स्वाहा ।

यो मन्त्रले माताङ्गी देवीको पूजा जप उपासना गरे सिद्ध हुन्छ ।

कमला (लक्ष्मी) साधनाः



कमला यन्त्र



श्रीकमला

मन्त्रः श्रीं

यो एक अक्षरको कमला (लक्ष्मी) को उपासना गर्नुपर्छ ।

अष्ट नायिका साधना

१. जया साधना

मन्त्रः ॐ ह्रीं ह्रीं नमो नमः जया हुँ फट् ॥

एउटा अमावस्यदेखि अर्को अमावस्यसम्म यो मन्त्र पाँच हजार जप गर्नुपर्छ । शिवमन्दिरमा बसी शून्यावस्थामा जप गर्नुपर्छ । जप शेष हुँदा अर्द्धरात्रिको समय जयानाम्नी नायिका साधकको निकट प्रकट भइ इच्छाअनुसार वर प्रदान गर्दछिन् ।

२. विजया साधनाः

मन्त्रः ॐ हिलिहिलि कुटीकटी तुह तुह में वशमानय ।

विजये अः अः स्वाहा ॥ त्रिलक्षजपेन सिद्धिः ।

नदीतीरस्थश्मशानवृक्षे स्थित्वा रात्रौ प्रजपेत् ॥

नदीतिरस्थ श्मशानमा कुनै वृक्ष होस् र रात्रि त्यो वृक्षमा चढेर उक्त मन्त्र जप गर्नुपर्छ । तीन लाख जपे सिद्धि हुन्छ ।

३. रतिप्रिया साधनाः

मन्त्रः हुँ रतिप्रिये साधेसाधे जलजल धीरधीर आज्ञापय स्वाहा ।

षण्मासात्सिद्धिः ।

रात्रौ नग्नो भूत्वा हविष्याशी नाभिजलेस्थित्वा जपेत् ॥

रात्रिकालमा नग्न भई नाभि वरावर जलमा बसी उक्त मन्त्र जप गरे रतिप्रिया नाम्नी नायिका वशीभूत हुन्छिन् ।

४. काञ्चनकुण्डली साधना

मन्त्रः ॐ लोलजिव्हे अट्टाट्टहासिनि सुमुरिव काञ्चनकुण्डलिनि खे चक्षे हुँ ॥

सम्वत्सरेण सिद्धिः । गोमयपुत्तलिकां कृत्वा पाद्यादिभिः पूजयेत् ।

त्रिपथस्थवटमूले प्रजपेत् ॥

गोबरको पुतली बनाइ एक वर्षसम्म पाद्याद्विद्वारा काञ्चन कुण्डली नाम्नी नायिकाको पूजा गरी माथिको मन्त्र जप गरे सिद्ध हुन्छ ।

५. स्वर्णमाला साधनाः

मन्त्रः ॐ जय जय सर्वदेवासुरपुजिते स्वर्णमाले हुँ हुँ ठः ठः स्वाहा ॥

ग्रीष्मे मासौ पञ्चाग्निमध्ये स्थित्वा जपेत् । त्रिमासात्सिद्धिः ॥

चैत्र, वैशाख, जेठ, ग्रीष्मकालमा मरुभूमिको मध्य पञ्चाग्नि स्थापना गरी वा चार अग्निकुण्ड तथा सूर्य मस्तकमाथि भएको बेलासम्म मन्त्र जप गरे स्वर्णमाला सिद्धि हुन्छ ।

६. जयावती साधनाः

मन्त्रः ॐ ह्रीं क्लीं स्त्रीं हुँ द्रुं ब्लुं जयावती यमनिकृन्तानि कलीं कलीं ठः ॥

आषाढादित्रिमासा नविरलं काननस्थसरसि स्थित्वा रात्रौ जपेत ॥

असार, साउन, भदौ महिनामा निर्जन स्थान, वनमा, सरोवरको जलमा रात्रि समयमा बसी उक्त मन्त्र जप गरे जयावती सिद्धि हुनेछ ।

७. सुरंगिगि साधना

मन्त्रः ॐ ॐ हुँ हुँ हुँ शीघ्रं सिद्धि प्रयच्छ सुरसुरगिणि महामाये साधकप्रिये

ह्रीं ह्रीं स्वाहा ॥ षड्वर्षेण सिद्धिः ।

प्रत्यहं रात्रौ शययायमुप विश्व सहसं जपेत । छ वर्षसम्म रात्रिकालमा उठेर उक्त मन्त्र एक हजार जपेमा गरेको कार्य सिद्धि हुन्छ ।

८. विद्राविणी साधनाः

मन्त्रः हँयँरँलँवँदेवि रुद्रप्रिये विद्राविणि ज्वल ज्वल साधना

साधय कुलेश्वरि स्वाहा रुद्रप्रिये रणमृतास्थीनि गले धृत्वा प्रान्तरे जपेत् । द्वादशस्लक्षजपेन सिद्धि ॥

युद्धमा मारिएको मानिसको अस्थि गलामा बाँधी प्रातःमा वा रात्रिकालमा यो मन्त्र जप गरे जुन दिन लक्ष्य जप समाप्त हुन्छ, उसै दिन सिद्धि मिल्छ ।

नवग्रहदोष शान्तिको यन्त्र–मन्त्र

वेदका छ अङ्गमध्ये ज्योतिष पनि एक हो । ज्योतिषीका आँखाले देख्छ भन्ने प्रचलन प्राचीनकालदेखि थियो । खासगरी नवग्रह, सत्ताइस नक्षत्र, बाह्र राशिको प्रभाव मानवजीवनमा कस्तो पर्छ भनी अध्ययन गर्ने काम ज्योतिषशास्त्रले गर्दछ । नवग्रहले रामलाई वनवासी, कृष्णलाई द्वारिका निवासी बनायो । अकल्नीय, असम्भवजस्ता लाग्ने घटनाहरू ग्रहकै खेल एवं प्रभाव हुन् । पूर्वजन्म र तत्जन्मको असत् कर्मको फलस्वरूप यी नवग्रहको अशुभ दृष्टिले मानवलाई विभिन्न प्रकारको अनिष्ट कार्य हुन्छ । ज्योतिषशास्त्रअनुसार आकाशमण्डलमा स्थित ग्रह, पिण्डको प्रभावद्वारा उत्पन्न उत्पात दुई प्रकारको हुन्छ ।

१. समस्त राष्ट्रमा प्रभाव पार्ने ग्रह, उत्पात ग्रह, युद्ध, भूकम्प, आँधी, हुरी, वर्षा आदि हुन् ।

२. व्यक्तिविशेषमा हुने नाना प्रकारको ग्रह युतिद्वारा परिलक्षित हुन्छ ।

जुन ग्रह मन्त्रादिको सिद्ध गर्ने हो त्यस ग्रह देवताको वार व्रतोपवास गर्नुपर्छ । विधिवत् आठ हजार वा बत्तीस हजार मन्त्र जप तथा हवन प्रतिदिन दुई हजारका दरले गर्नुपर्छ । उस ग्रहको काल होरामा यन्त्र निर्माण गरी पूजन गर्नु र पछि अभिलाषित व्यक्तिको उपवास एवं यन्त्र पूजन गरी यन्त्र धारण गर्नुपर्छ । ग्रहण, होली, दीपावली, पञ्चमी, विजयादशमी, रामनवमी, अमावस्या आदि अवसरमा शुभ वार र नक्षत्रमा पूजा, धूप, दीप गर्नुपर्छ । यन्त्रको भोजपत्रमा अष्टगन्ध, केशर, रक्तचन्दन, केशर मिश्रित सेतो चन्दन आदिले अनार वा तुलसीको कलम वा सुनको नीब (कलम) ले लेख्नुपर्छ ।

यन्त्र स्वर्ण वा रजतको पत्रमा अंकित हुन सक्छ । यन्त्र तामा–चाँदी वा

सुनको ताबीजमा धारण गर्नुपर्छ । यन्त्र निर्माण यज्ञोपवीतधारी ब्राह्मण वा गुरुधारक व्यक्तिबाट मात्र गर्न सकिन्छ ।

सूर्य, चन्द्र, मङ्गल, गुरु, शुक्र यी यन्त्रलाई रातो डोरोमा, बुधयन्त्र हरियो डोरोमा, शनि, केतु, राहुको यन्त्र कालो रङ्गको डोरोमा दाहिने भुजामा वा गलामा धारण गर्नुपर्छ ।

सूर्य यन्त्र र मन्त्र

सूर्य यन्त्र		
६	१	८
७	५	३
२	९	४



पुराणोक्त रवि मन्त्रः

ह्रीं जपाकुसुमसङ्कासं काश्यपेयं महाद्युतिम् ।
तमोऽरिं सर्वपापघ्नं प्रणतोऽस्मि दिवाकरम् ॥

वैदिक रवि मन्त्रः

ॐ आकृष्टोनेत्यस्य मन्त्रस्य हिरण्यस्तुः सविता ।
त्रिष्टुप् सूर्य प्रीत्यर्थ जपे विनियोगः ।
ॐ आकृष्णेनन रजसा वर्तमानो निवेशयन्न मृतंमत्यं च
हिरण्ययेन सवितारथेनादेवोयाति भुवनानि पश्यन् ॥

तन्त्रोक्त रविमन्त्रः

ॐ ह्रां ह्रीं ह्रौं सः सूर्याय नमः **अथवा** ॐ ह्रीं हीं सूर्याय नमः ।

जपसंख्या सात हजार, कलियुगमा अठ्ठाइस हजार गर्नुपर्छ ।

सूर्य गायत्री मन्त्रः

ॐ सप्त तुरङ्गाय विद्यमहे सहस्राय किरणाय धीमहि तन्नो रविः प्रचोदयात् ।

अथवा

ॐ आदित्याय विद्यमहे प्रभाकराय धीमहि तन्नः सूर्यः प्रचोदयात् ॥

सूर्य- मध्यभाग, वर्तुल मण्डल, अङ्गुल बारह, कलिङ्ग, देश, कस्यप गोत्र, रक्त वर्ण, सिंह राशिको स्वामी, वाहन सप्ताश्व समिधा मदार हुन्छ ।

दानः माणिक्य, सुन, तामा, गहुँ, घिऊ, सख्खर, रातो कपडा, रातो फूल, केशर, मूङ्ग, रातो गहुँ, रातो चन्दन आदि अरुणोदयकालमा दान गर्ने । यसको लागि माणिक्य रत्न धारण गर्नुपर्छ । रत्न धारण गर्न असमर्थ भए बेलको जरा गलामा वा भुजामा धारण गर्नुपर्छ ।

चन्द्रमाको यन्त्र-मन्त्र

चन्द्र यन्त्रम्		
७	२	९
८	६	४
३	१०	५

पुराणोक्त चन्द्र जप मन्त्र

दधिशंखतुषाराभं क्षीरोदार्णवसम्भवम् ।
नमामि शशिनं सोमं शम्भोर्मुकुट भूषणम् ॥

वैदिक चन्द्रमन्त्र

ॐ आप्याय गौतमः सोमो गायत्री सोमप्रीत्यर्थ जपे विनियोगः ।
ॐ आप्यावस्य समेतु ते विश्वतः सोम वृष्ण्यम् भवा वाजस्य सगथे ॥

तन्त्रोक्त मन्त्रः

श्रीं श्रीं श्रौं सः चन्द्रमसे नमः । अथवा ॐ ऐं ह्रीं सोमाय नमः ।

यसको जप संख्या एघारहजार र कलियुगमा ४४ हजार गर्नुपर्छ ।

सोम गायत्री मन्त्र

ॐ अमृताङ्गाय विद्महे कलारूपाय धीमहि तन्नः सोमः प्रचोदयात् ।

चन्द्र अग्निकोण, चतुरस्त्र मण्डल, अङ्गुल चार, यमुना तटवती देश, अत्रि गोत्र, श्वेत वर्ण, कर्कट राशिको स्वामी, वाहन हरिण, समिधा पलाश रहेको छ ।

दानः मोती, सुन, चाँदी, चामल, मिश्री दही, सेतो वस्त्र, सेतो फूल, शंख, कपूर, सेतो चन्दन छ । दानको समय सन्ध्याकाल (गोधूलि साँझ) उपयुक्त हुन्छ । धारण रत्न मोती, चन्द्रकान्तमणि (मून स्टोन) सीप अति प्रभावशाली हुन्छ । खिरनी वृक्षको जड सेतो कपडामा सिलाइ गला वा बाहुमा धारण गर्न सकिन्छ ।

मङ्गल यन्त्र-मन्त्र

मंगल यन्त्रम्		
८	३	१०
९	७	५
४	११	६

पुराणोक्त भौम जप मन्त्रः

ह्रीं धरणीगर्भसंभूतं विद्युतकान्तिसमप्रभम् ।
कुमारं शक्तिहस्तं तं मङ्गलं प्रणमाम्यहम् ॥

पृथ्वीको उत्पत्तिसँगै जसको उत्पत्ति भयो, यो विद्युत पुञ्जसदृश प्रकाशमय छ । हातमा शक्ति धारण गरेका यी मङ्गलदेवलाई म नमस्कार गर्दछु ।

वैदिक जप मन्त्रः

ॐ अग्निनमूर्द्धा दिवः रूपोऽङ्गारको गायत्री, अङ्गारकप्रीत्यर्थ जपे विनियोगः ।

अथवा

ॐ अग्निर्मूर्द्धा दिवः ककुत्पत्तिः पृथिव्या अयम् अपाऽरेताऽसि जिन्वति ।
तन्त्रोक्त भौममन्त्रः क्रां क्रीं क्रौं सः भौमाय नमः ।
अथवा ॐ हूँ श्रीं मङ्गलाय नमः ।

भौमको जप सङ्ख्या दश हजार, कलियुगमा चालिस हजार गर्नु राम्रो हुन्छ ।

भौम गायत्री मन्त्र

ॐ अंङ्गारकाय विद्महे शक्तिहस्ताय धीमहि तन्नो भौम प्रचोदयात् ।

मङ्गल दक्षिण दिशा, त्रिकोण मण्डल, अङ्गल ३, अवन्ति देश, भारद्वाज गोत्र, मेष र वृश्चिकको स्वामी, वाहन मेढा समिधा खदिर रहेको छ ।

दानः मूँगा, सुन, तामा, मुसुरो, गुँढ, घिउ, रातोकपडा, रातो कनेरको फूल, केशर, कस्तुरी, रातोचन्दन, रातो बैल-बहर ।

दान समय सवेरै २ घडीसम्म उपयुक्त हुन्छ ।

धारण गर्नेः रत्न मूँगा, अभाव भए जडीं अनन्तमूल नागजिह्वाको जड रातो डोरो वा कपडामा सिलाइ धारण गर्नुपर्छ ।

ऋणमोचन मङ्गल मन्त्र

मङ्गलो भूमि पुत्रश्च ऋणहर्ता धनप्रदः ।
स्थितसनो महाकायः सर्वकर्मावरोधकः ॥१ ॥
लोहितो लोहिताक्षश्च सामगानां कृपाकरः ।
धरात्मजः कुजो भौमो भूतिदो भूमिनन्दनः ॥ २ ॥
अङ्गारको यमश्चैव सर्वरोगापहारकः ।
वृष्टेः कर्ताऽपहर्ता च सर्वकामफलप्रदः ॥ ३ ॥
एतानि कुजनामानि नित्यं यः श्रद्धाय पठेत् ।
ऋणं न जायते तस्य धनं शीघ्रमवाप्नुयात् ॥ ४ ॥
धरणीगर्भ संभूतं विद्युत्कान्तिसमप्रभम् ।
कुमारं शक्तिहस्तं तं मङ्गलं प्रणमाम्यहम् ॥ ५ ॥
स्तोत्रमङ्गारकस्यैतत् पठनीयं सदा नृभिः ।
न तेषां भौमजा पीडा स्वल्पाऽपि भवति क्वचित् ॥ ६ ॥
अङ्गारक महाभाग ! भगवन् ! भक्तवत्सल ।
त्वां नमामि ममाशेषमृणमाशु विनाशाय ॥ ७ ॥
ऋण -रोगादि-दारिद्रयं ये चान्ये ह्यापमृत्यवः ।
भय-क्लेश-मनस्तापा नश्यन्तु मम सर्वदा ॥ ८ ॥
अतिवक्त्र दुराराध्यं भोग-मुक्त-जितात्मनः ।
तुष्टी ददासि साम्राज्यं रुष्टो हरसि तत्क्षणात् ॥ ९ ॥
विरञ्चिशक्रविष्णूनां मनुष्याणां तु का कथा ।
तेन त्वं सर्वसत्त्वेन ग्रहराजो महाबलः ॥ १० ॥

पुत्रं देहि धनं देहि त्वामस्मि शरणं गतः ।
ऋण -दारिद्रय-दुःखेन शत्रूणां च भयात्ततः ॥ ११ ॥
एभिर्द्वादशाभिः श्लोकर्यः स्तोति च धरासुतम् ।
महर्तीं श्रियमाप्नोति ह्यपरो धनो युवा ॥ १२ ॥

बुध यन्त्र मन्त्र

बुध यन्त्रम्		
९	४	११
१०	८	६
५	१०	७

पुराणोक्त बुध जप मन्त्रः

ह्रीं प्रियङ्गुकलिकाश्यामं रूपेणाप्रतिमं बुधम् ।
सौम्यं सौम्यगुणोपेतं ते बुधं प्रणमाम्यहम् ॥

प्रियङ्ग कलीसरह, श्यामवर्णको कुनै उपमा छैन । यो सौम्य तथा सौम्य गुणीद्वारा बुधको म नमस्कार गर्छु ।

वैदिक बुधमन्त्रः

ॐ उद्‌बध्य स्वाग्ने प्रतिजागृहि त्वमिष्टा सूर्ते. साठं सृजेयायमं ।
अस्मिन्त्सधस्थेऽअद्‌ष्युत्तरस्मिन् विश्वेदेवा यजमानश्च सीदत् ॥
ॐ उद्‌बुध्यध्वं बुधो बुधस्त्रिटुप्, बुध प्रीत्यर्थ जपे विनियोगः ।
ॐ उद्‌बुध्यध्वं समनसः सखायः समग्रिमिध्वं बहवः सनीलाः ।
दधिक्रामग्निमुषसं च देवीमिन्द्रावती वसे निह्वये वः ॥

तन्त्रोक्त बुधमन्त्र

ब्रां ब्रीं ब्रौं सः बुधाय नमः । अथवा ॐ ऐं श्री बुधाय नम ।

बुधको जप नौ हजार, कलियुगमा तेत्तिस हजार गर्नुपर्छ ।

बुध गायत्रीमन्त्र

ॐ सौम्य रूपाय विद्महे वाणेशाय धीमहि तन्नो बुध प्रचोदयात् ।

बुध ईशानकोण, वाणकार मण्डल, अङ्गुल ४, मगधदेश, अत्रिगोत्र, पीतवर्ण, मिथुन र कन्याको स्वामी, वाहन सिंह, समिधा अपामार्ग, चिचिडा, लटजीरा रहन्छ ।

दानः पन्ना, सुन, काँस, मूँग, खाँड, घी, हरियो कपडा, सेतो फूल, हात्तीको दन्त, कपूर, शस्त्र, फल, दानसमय सवेरै पाँच घडीसम्म उपयुक्त हुन्छ । धारण गर्ने रत्न पन्ना वा जडी विधारा (वृद्ध मूल) हरियो रङ्गको डोरोमा वा कपडामा दाहिने भुजामा, गलामा हुन्छ ।

वृहस्पति (गुरु) यन्त्र मन्त्र

वृहस्पति यन्त्रम्

१०	५	१२
११	९	७
६	१३	८

पुराणोक्त गुरुमन्त्रः

ह्रीं देवानां च ऋषीणां च गुरुं काञ्चन सन्निभम् ।
बुद्धिभूतं त्रिलोकेशं तं नमामि बृहस्पतिम् ।

देवता वा ऋषिका गुरु, कञ्चन समान जसको प्रभा छ बुद्धिको अखण्ड भण्डार, तीनै लोकका प्रभु बृहस्पतिका लागि म नमस्कार गर्दछु ।

वेदोक्त गुरुमन्त्रः

ॐ बृहस्पते अतीत्यस्य गृत्समहो बृहस्पतिस्त्रिष्टुप् वृहस्पतिप्रीत्यर्थ जपे विनियोगः ।
ॐ बृहस्पति अतियदर्यो अहदिद्यमद्धिभातिक्रतुभज्जनेषु ।
यद्दीदयच्छवस ऽऋतप्रजात तदस्मासु द्रविणं धेहि चित्रम् ॥

तन्त्रोक्त गुरुमन्त्रः

ग्रां ग्रीं ग्रौं सः गुरवे नमः । अथवा ॐ ऐं क्लीं वृहस्पतये नमः ।

गुरुको जप उन्तीस हजार, कलियुगमा छयत्तरहजार गर्नुपर्छ ।

गुरु गायत्री मन्त्र

ॐ अङ्गिरसाय विद्महे दिव्यदेहाय धीमहि तन्नो जीवः प्रचोदयात् ।

गुरु उत्तर दिशा, दीर्घ चतुरस्त्र, मण्डल, अङ्गुल ६, सिन्धु देश, अंगिरा गोत्र, पीत वर्ण, धनु र मीनका स्वामी, वाहनमा हात्ती, समिधा पीपल रहेको छ ।

दानः पुखराज, सुन, काँस, चनाको दाल, खाँड, घिउ, पहेलो फूल, पहेलो कपडा, हल्दी, पुस्तक, घोडा, पहेँलो फल, दानको लागि सन्ध्याकाल उत्तम हुन्छ । धारण गर्ने रत्न पुखराज, नग, अभाव भए जहडी भारङ्गी (बमनेठी) पहेँलो डोरी वा कपडामा दाहिने भुजा वा गलामा धारण गर्नुपर्छ ।

शुक्र यन्त्र मन्त्र

शुक्र यन्त्रम्		
११	६	१३
१२	१०	८
७	१४	९

पुराणोक्त शुक्रमन्त्र

ह्रीं हिमकुन्द मृणालाभं दैत्यानां परमं गुरुम् ।
सर्वशास्त्रप्रवक्तारं भार्गवं प्रणमाम्यहम् ॥

तुषार, कुन्द वा मृणालसरह जसको आभा छ, जो दैत्यको परम गुरु सवै शास्त्रको अद्वितीय वक्ता श्रीशुक्राचार्यलाई म प्रणाम गर्छु ।

वेदोक्त शुक्रमन्त्र

ॐ शुक्रं त इत्यस्य मन्त्रस्य भरद्वाज ऋषिः शुक्रो
देवतास्त्रिष्टु, छन्दः शुक्रप्रीत्यर्थ जपे विनियोगः ।
ॐ शुक्रे ते अन्यद्यजनं ते अन्यद्विषुरूपे अहनीद्यौरि वासि ।
विश्वादि माया अवसिस्वधावोधद्रा ते पूषन्निहरातिरस्तु ।
तन्त्रोक्त शुक्रमन्त्रः द्रां द्रीं द्रौं सः शुक्राय नमः अथवा ॐ ह्रीं श्रीं शुक्राय नमः ।

जपसंख्या- शुक्रको सोह्र हजार, कलियुगमा चौसठ्ठी हजार जप गर्नुपर्छ ।

शुक्र गायत्रीमन्त्रः

ॐ भृगुराजाय विद्महे दिव्यदेहाय धीमहि तन्नः शुक्रः प्रचोदयात्

शुक्र पूर्व दिशा, षट्कोण मण्डल, नौ अङ्गुल, भोजकट देश, भृगुगोत्र, श्वेतवर्ण, वृष र तुलाको स्वामी, अश्ववाहन, उदुम्बर समिधा प्रयोग गर्नुपर्छ ।

दानः हीरा, सुन, चाँदी, चावल, मिश्री, दूध, सेतो वस्त्र, सेतो फूल, सुगन्ध, दही, सेतो घोडा, सेतो चन्दन योग्य हुन्छ । दानको लागि उत्तम समय अरुणोदयकाल वा सूर्योदयकाल हो । धारण रत्नहीरा हो । अभावको अवस्थामा मंजीठको जड सेतो कपडामा वा सेतो डोरीमा दाहिने बाहु वा गलामा धारण गर्नुपर्छ ।

शनि यन्त्र मन्त्र

शनि यन्त्रम्		
१२	७	१४
१३	११	९
८	१५	१०

पुराणोक्त शनि जपमन्त्रः

ह्रीं नीलाञ्जनसमाभासं रविपुत्रं यमाग्रजम् ।
छायामातण्डसम्भूतं तं नमामि शनैश्चरम् ॥

नील अञ्जनसरह दीप छ, जुन सूर्यको पुत्र तथा यमराजको ठूलो भाइ हो । सूर्यको छायाँबाट यसको उत्पत्तिको भए छ । उनै शनैश्चर देवतालाई म कोटिकोटि प्रणाम गर्दछु ।

वैदिक शनिमन्त्रः

ॐ शमग्निरित्यस्यरिंविठिः ऋषिः शनैश्चरप्रीत्यर्थ जपे विनियोगः ।
ॐ शमग्निरग्निभिः करच्छः नस्तपतु सूर्यः । शं वातो वात्वरपा अपस्त्रि धः ॥
तन्त्रोक्त शनिमन्त्रः प्रां प्रीं प्रौं शनये नमः । वा ॐ ऐंह्री श्रीं शनैश्चराय नमः ।

जप गर्दा शनिको तेइसहजार, कलियुगमा बयानब्बे हजार गर्नुपर्छ ।

शनि गायत्रीमन्त्रः

ॐ भगभवाय विद्‌महे मृत्युरूपाय धीमहि तन्नः शौरि प्रचोदयात्‌ ।

शनिको पश्चिम दिशा, धनुषाकार मण्डल, दुई अङ्कुल, सौयराष्ट्र देश, कश्यप गोत्र, कृष्णवर्ण, मकर र कुम्भ राशिका स्वामी, गिद्ध वाहन, शमी समिधा हुन्छ ।

दानः नीलम, सुन, फलाम, कुलथी, तेल, कालो कपडा, कालो फल, कस्तूरी, कालो गाई, कालो भैंसी हो र मध्यान्हकालमा दान समय उचित हुन्छ । शनिका लागि धारण रत्न नीलम वा कालास्वपदीय अङ्‌ठी - कालो घोडाको खुट्टाको टाप वा फलाम शनिवारको दिन होरामा बनाइ औंलामा धारण गर्नुपर्छ । अभाव भए कालो कपडा वा डोरीमा बाधी दाहिने बाहु वा गलामा धारण गर्नुपर्छ ।

राहु यन्त्र मन्त्र

राहु यन्त्रम्		
१३	८	१५
१४	१२	१०
९	१६	११

पुराणोक्त राहु मन्त्रः

ह्रीं अर्धकायं महावीर्यं चन्द्रादित्यविमर्दनम्‌ ।

सिंहिकागर्भसंभूतं तं राहु प्राणामाम्यहम्‌ ॥

यसमा आधा शरीर मात्र छ र महान्‌ पराक्रम छ । चन्द्र र सूर्यलाई पनि परास्त गर्दछ । सिंहिकाको गर्भबाट उत्पत्ति भएको राहु देवतालाई म नमस्कार गर्छु ।

वैदिक राहु मन्त्रः

ॐ कयान इत्यस्य मन्त्रस्य वामदेवो राहु गायत्री राहुप्रीत्यर्थ जपे विनियोगः ।

ॐ कयानश्चित्र आभुव दूती सदसावृधः सखा । कया शचिष्यावृता ॥

तन्त्रोक्त मन्त्रः

श्रां श्रीं सौं सः राहवे नमः । अथवा ॐ ऐं ह्रीं राहवे नमः ।

राहुको जप अठार हजार, कलियुगमा वहत्तरहजार गर्नुपर्छ ।

राहु गायत्रीमन्त्रः

ॐ शिरी रूपायविद्महे अमृतेशाय धीमहि तन्नो राहुः प्रचोदयात् ॥

राहुको नैऋत्य दिशा, सूर्याकार मण्डल, वाह्र अङ्गुल, राठीनापुर पैठीनस गोत्र, कृष्ण वर्ण, व्याघ्र वाहन, समिधा दूबो हुन्छ ।

दानः गोमेद, सुन, शीशा, तील, सर्सौंको तेल, नीलो कपडा, कालो फूल, तरबार, कम्बलको घोडा, सूप हुन्छ । दान आदिमा रात्रिकाल उपयोगी हुन्छ । राहुको लागि धारण रत्न सीलोनी गोमेद हुन्छ । अभावमा जडी, सेतो चन्दन हुन्छ ।

केतु यन्त्र मन्त्र

केतु यन्त्रम्		
१४	९	१६
१५	१३	११
१०	१७	१२

पुराणोक्त केतुमन्त्रः

ह्रीं पलाशपुष्पसङ्काशं तारकाग्रहमस्तकम् ।
रौद्रं रौद्रात्मकं घोरं तं केतुं प्रणमाम्यहम् ॥

पलाशको फूलसरह लालरङ्ग दीप्त छ समस्त तारामा श्रेष्ठ मानिएको रौद्ररूप छ, यस्तो घोर रूपवाला केतुलाई प्रणाम गर्छु ।

वैदिक केतुमन्त्रः

ॐ केतु कृष्वन्नित्यस्य मन्त्रस्य मधुच्छन्दा ऋषिः,
केतुर्देवता गायत्री छन्दः केतुप्रीत्यर्थ जपे विनियोगः ।
ॐ केतु कृष्वन्न केतवे पेशोमर्या अपेशसे । समुषदुभिरजायथाः ।

तन्त्रोक्त मन्त्रः

स्त्रां स्त्रीं स्त्रौं सः केतवे नमः । वा ॐ ह्रीं केतवे नम

केतुको जपसंख्या अठार हजार वा कलियुगमा वा वहत्तर हजार गर्नुपर्छ ।

केतु गायत्री मन्त्रः

ॐ पद्मपुत्राय विद्महे अमृतेशाय धीमहि तन्नः केतुः प्रचोदयात् ।

केतु वायव्यकोण, ध्वजाकार मण्डल, ५ औंला, अन्तर्वेदी (कुश) देश, जैमिनी गोत्र, धूम्र वर्ण, परेवा वाहन, कुशको समिधा हुन्छ ।

दानः लहसुनियाँ, सुन, फलाम, तील, सप्तधान्य, वेल, धूमिल कपडा, धूमिल फूल, नरिवल, कम्बल, बाख्रो, शस्त्र हो ।

दानको समय रात्रिकालमा उपयुक्त हुन्छ । केतुको लागि धारण रत्न लहसुनियाँ नग वा लाजवर्त नग अभाव भए जडी, असगन्धको जडी कालो कपडामा वा डोरी वेरेर गला वा दाहिने भुजामा धारण गर्नुपर्छ ।





नवग्रह यन्त्र, मन्त्र र स्तोत्र

जुन जातकको नवग्रह दोष छ, अरिष्ट भएको छ, त्यस्ता मानिसले ग्रहण, होली, दीपावलि, विजयादशमी, रामनवमी, अमावस्य, नागपञ्चमी, वसन्तपञ्चमी आदि शुभ मुहूर्तमा विधि विधानपूर्वक यन्त्र निर्माण गर्नुपर्छ। भोजपत्र अष्टगन्धको छेस्कोले पूरा विधानसहित नवग्रहको यन्त्रमा लेख्नुपर्छ। ब्यानब्बे हजारपटक नवग्रह स्तोत्रद्वारा आमन्त्रित गरी विधिपूर्वक धारण गरेमा नवग्रह दोष शान्ति हुन्छ, पीडा शान्ति हुन्छ।

नवग्रह यन्त्रम्

अ	आ	इ	ई		९	९	९	९
उ	उ	ऋ	ऋ		९	९	९	९
ऌ	ऌ	ए	ऐ		९	९	९	९
ओ	औ	अं	अः		९	९	९	९

नवग्रह स्तोत्रः

जपाकुसुमसङ्काशं काश्यपेयं महाद्युतिम् ।
तमोऽरिं सर्वपापघ्नं प्रणतोऽस्मि दिवाकरम् ॥ १ ॥
दधिशङ्खतुषाराभं क्षीरोदार्णवसम्भवम् ।
नमामि शशिनं सोमं शम्भोर्मुकुटभूषणम् ॥ २ ॥
धरणीगर्भसंभूतं विद्युतकान्तिसमप्रभम् ।
कुमारं शक्तिहस्तं तं मङ्गलं प्रणमाम्यहम् ॥ ३ ॥
प्रियङ्गुकलिकाश्यामं रूपेणाप्रतिमं बुधम् ।
सौम्यं सौम्यगुणोपेतं तं बुधं प्रणमाम्यहम् ॥ ४ ॥
देवानां च ऋषीणां च गुरुं काञ्चनसन्निभम् ।
बुद्धिभूतं त्रिलोकेशं तं नमामि बृहस्पतिम् ॥ ५ ॥
हिमकुन्दमृणालाभं दैत्यानां परमं गुरुम् ।
सर्वशास्त्रप्रवक्तारं भार्गवं प्रणमाम्यहम् ॥ ६ ॥
नीलाञ्जनसमाभासं रविपुत्रं यमाग्रजम् ।
छायामार्तण्डसंभूतं तं नमामि शनैश्चरम् ॥ ७ ॥
अर्धकायं महावीर्यं चन्द्रादित्यविमर्दनम् ।
सिंहिकागर्भसंभूतं तं राहूं प्रणमाम्यहम् ॥ ८ ॥
पलाशपुष्पसङ्काशं तारकाग्रहमस्तकम् ।
रौद्रं रौद्रात्मकं घोरं तं केतुं प्रणमाम्यहम् ॥ ९ ॥
इति व्यासमुखोद्गीतं यः पठेत् सुसमाहितः ।

दिवा वा यदि वा रात्रौविघ्नशान्तिर्भविष्यति ॥ १० ॥
नर-नारी-नृपाणां च भवेद् दुःस्वप्ननाशनम् ।
ऐश्वर्यमतुलं तेषामारोग्यं पुष्टिवर्धनम् ॥ ११ ॥
ग्रहनक्षत्रजाः पीडास्तस्कराग्निसमुद्भवाः ।
ताः सर्वाः प्रशमं यान्ति व्यासो ब्रूते न संशयः ॥ १२ ॥

अशुभ फलको ग्रहको उपाय

मूलमन्त्रः

मन्दवारे तु ये ऽश्वत्थं प्रातरुत्थाय मानवाः ।
आलभन्ते च तेषां वै ग्रहपीडां व्यपोहतु ॥
यथा ग्रहो द्विजस्तद्वद्विज्ञेयो वेदपारगः ।
तोषयन् मृदुवस्त्राद्यैस्तुष्टमेनं विसर्जयेत् ॥
कीर्तनं श्रवणं दानं दर्शनं चापि पार्थिव ।
गवां प्रशस्यते वीर ! ग्रहपापहरं परम् ॥

एक श्लोके नवग्रह स्तोत्र

ब्रह्मा मुरारिस्त्रिपुरान्तकारी भानुः शशी भूमिसूतो बुधश्च ।
गुरुश्च शुक्रः शनि-राहु-केतवः सर्वेग्रहाः शान्तिकरा भवन्तु ॥

षट कर्ममा देवी, दिशा, ऋतु, रङ्ग, दिन, आसनचक्र

षट्कर्म	देवी	दिशा	ऋतु	रङ्ग	दिन	आसन
शान्तिकर्म	रति	ईशान	हेमन्त	सेतो	गुरुवार	गजचर्म सुखासन
वशीकरण	सरस्वती	उत्तर	वसन्त	रातो	सोमवार	भेडचर्म भद्रासन
स्तम्भन	लक्ष्मी	पूर्व	शिशिर	पहेंलो	गुरुवार	बाघचर्म पद्मासन
विद्वेषण	ज्येष्ठा	नैऋत्य	ग्रीष्म	रातो	शनिवार	अश्वचर्म कनकुटासन
उच्चाटन	दुर्गा	वायव्य	वर्षा	धूम्ररङ्ग	मङ्गलवार	ऊँट चर्म अर्धस्वटीका
मारण	भद्रकाली	आग्नेय	शरद	कालो	शनिवार	भैसीचर्म विकटासन

ग्रहका रत्न र धातु

रत्नको धेरै महत्त्व छ । स्तरीय रत्न र यसको उचित प्रयोगले साधकलाई लाभ हुन्छ । रत्नलाई स्फटिक पनि भनिन्छ । रत्न धेरै प्रकारका छन् । मोती, मणि, वैदूर्यमणि, नीलम, स्फटिक मणि, हीरा, मूँगा, चन्दन, अगर, चर्म आदि रत्नका रूपमा प्रयोग हुन्छन् । सौर्यमण्डलमा रहेका ग्रहहरूका आधारमा रत्न निर्धारित हुन्छन् । ग्रहका रत्नजस्तै ग्रहका धातु पनि छन् । ग्रहअनुसारको रत्न तथा धातु यसप्रकार बताइएको छ ।

ग्रह	सूर्य	चन्द्रमा	मङ्गल	बुध	बृहस्पति	शुक्र	शनि	राहु	केतु
रत्न	माणिक	मोती	मूँगा	पन्ना	पुष्पराज	हीरा	नीलम	गोमेद	लहसुनिया
धातु	सुन	चाँदी	सुन	सुन,काँस	चाँदी	चाँदी	फलाम,शिशा	पञ्च धातु	पञ्चधातु

हिजोआज रत्नको प्रयोग बढ्दै गएको पाइन्छ । एउटै व्यक्तिले आफ्ना हातका पाँचवटै अङ्कुलीमा विभिन्न रत्न धारण गरेको पनि देखिन्छ । यस्तो रत्न धारण गर्दा रत्नको शत्रु मित्र पनि हुनाले यसलाई विचार गरेर प्रयोग गर्नुपर्छ ।

मित्र शत्रु रत्न

रत्न	मित्र	शत्रु	समानदर्शी
हीरा	पन्ना नीलम	माणिक्य मोती	मूँगा, पुष्पराज
मोती	माणिक्य, पन्ना	हीरा, मूँगा	
मूँगा	माणिक्य, मोती, पुष्पराज	पन्ना	हीरा, नीलम

पन्ना	माणिक्य, हीरा	मोती	मूँगा, पुष्पराज
नीलम	पन्ना, हीरा	माणिक्य, मोती	मूँगा, नीलम, पुष्पराज
माणिक्य	मोती, मूँगा, पुष्पराज	हीरा, नीलम	पन्ना
गोमेद	पन्ना, नीलम, हीरा	माणिक्य मोती	मूँगा, पुष्पराज
लहसुनिया	पन्ना, नीलम, हीरा	माणिक्य, मोती,	मूँगा, पुष्पराज

जन्म महिना र जन्म राशिअनुसार रत्न धारण

जुन महिनामा जन्म भएको हो त्यस महिनाको आधारमा वा जन्म राशिका आधारमा रत्न धारण गर्ने नियम पनि छ, जुन यसप्रकार छ ।

पूर्वीय महिनाअनुसार रत्न		अङ्ग्रेजी महिना अनुसार रत्न		जन्म राशिअनुसार रत्न	
मास	रत्न	मास	रत्न	राशि	रत्न
वैशाख	हीरा	जनवरी	मूँगा	मेष	एक्वामरीन/कार्नेलियन
जेठ	पन्ना	फरवरी	एमेथिस्ट	वृष	हायसिन्थ
असार	मूँगा	मार्च	एक्वामरीन	मिथुन	काल्सडनी
साउन	माणिक्य	अप्रिल	हीरा	कर्कट	एमरल्ड
भदौ	हरितोत्पल	मे	पन्ना	सिंह	टोपाज
असोज	नीलम	जुन	सुलेमान	कन्या	क्राइसोलाइट
कातिक	रत्नोपल	जुलाइ	माणिक्य	तुला	सारडोनिक्स
मंसिर	पुष्पराज	अगस्ट	गोमेद	वृश्चिक	जैस्पर एवं टोपाज
पुस	फिरोजा	सेप्टेम्बर	नीलम	धनु	क्राइस प्रेज
माघ	रक्त मणि	अक्टुबर	चन्द्रकान्त	मकर	रुवी एवं ओनिक्स
फागुन	नीलर मणि	नोवेम्बर	पुष्पराज	कुम्भ	एमेथिस्ट
चैत्र	कपिश मणि	डिसेम्बर	लहसुनिया	मीन	हैलिओट्रोप
पुरुषोत्तम मास	नवरत्नलाई चौकी अँगुलीमा जोडेर लगाउने ।				

पाश्चात्यको मतमा सूर्य राशिको आधारमा रत्न प्रयोग हुन्छ । सूर्य राशिको आधारमा धारण गरिने उपरत्न यसप्रकार छन् ।

क्र.स.	महिना/तारिख	राशि	रत्न	उपरत्न
१	२० जनवरीदेखि १९ फरवरीसम्म	कुम्भ	वैक्रान्त	शेषमणि
२	२० फरवरी देखि २० मार्चसम्म	मीन	नीलरत्न मणि	एक्वामेरील कपिश मणि
३	२१ मार्चदेखि १९ अप्रिलसम्म	मेष	कपिश मणि	माणिक्य
४	२० अप्रिलदेखि १९ मेसम्म	वृष	हीरा	पुष्पराज
५	२० मेदेखि २० जुनसम्म	मिथुन	सुलेमानी पत्थर पन्ना	लाल विक्रान्त
६	२१ जुनदेखि २० जुलाइसम्म	कर्कट	विन्दुम, सुलेमानी पत्थर	पन्ना
७.	२१ जुलाइदेखि २१ अगष्टसम्म	सिंह	लालडी माणिक्य	नीलम
८	२२ अगष्टदेखि २२ सेप्टेम्बरसम्म	कन्या	सार्नोडिक्स, कार्नेलियन एवङ्लावी पुष्पराज	हीरा
९	२३ सेप्टेम्बरदेखि २२ अक्टुबरसम्म	तुला	नीलम	गोमेद
१०	२३ अक्टुवरदेखि २२ नोभेम्बरसम्म	वृश्चिक	रत्नोपल मणि	सुलेमानी पत्थर
११	२३ नोभेम्बरदेखि २० डिसेम्बरसम्म	धनु	पुष्पराज	नीलराग मणि
१२	२१ डिसेम्बरदेखि १९ जनवरीसम्म	मकर	फिरोजा	लहसुनीया/गोमेद

पाश्चात्य मतअनुसार ग्रहका रत्न एवं धातु

ग्रह	सूर्य	चन्द्र	मङ्गल	बुध	गुरु	शुक्र	शनि
रत्न	नीलम	रक क्रिस्टल	हीरा	ब्लडस्टोन	कार्नोलियन	एमराल्ड	ओलिक्स
धातु	सुन	चाँदी	फलाम	पारस	राङ्गा	तामा	शिशा

रत्न धारण विधि

रत्नलाई मानवजीवनका दोष, कमजोरी हटाइ कार्य सफल पार्न प्रयोग गरिन्छ । रत्न धारणले मानव क्रियाकलापमा सकारात्मक प्रभाव पार्दछ । त्यसकारण रत्न धारण गर्नुपूर्व रत्नको विचार गर्ने, कुन कार्यको लागि प्रयोग गर्ने, कुन देवताको लागि धारण गर्ने भन्ने कुराको शुद्ध सोच हुनुपर्छ । अन्यथा रहरको रत्नले वा विनाविचारको रत्न प्रयोगले जनधनको विनाश गर्दछ । यही रत्न धारण विधिको चर्चा यस्तो रहेको छ ।

माणिक्य धारण विधिः

माणिक्य धारण गर्न ३ देखि ५ रत्तिसम्मको माणिक्यलाई तामा मिश्रित स्वर्णको औंठीमा जडाउनुपर्छ । सुनको औंठी बनाउन सम्भव नभए तामामा बनाउनुपर्छ । तामा सूर्यको प्रतिनिधि धातु पनि हो । माणिक्यको अभाव भए लालडी आदि अन्य उपरत्न पनि धारण गर्न मिल्छ । अङ्गुलीमा रत्नको तलको भागले स्पर्श हुनुपर्छ । दायाँ हातको अनामिका अङ्गुलीलाई सूर्य अङ्गुली मानिन्छ । आईतवार पुष्य वा कृतिका नक्षत्र, उत्तराफाल्गुनी एवं उत्तराषाढा नक्षत्रको दिनमा प्रातः नौ बजेदेखि बाह्र बजेसम्म औठी तयार गर्नुपर्छ । औठी तयार भएपछि त्यसै दिन उपरोक्त नक्षत्रमा वा आइतवार पारी नौ बजेदेखि बाह्र बजेसम्म विधिपूर्वक पूजन गरी धारण गर्नुपर्छ ।

पूजन विधिः

पाँचतोला वजन भएको चाँदीको सूर्यासन बनाइ दुईदेखि तीन ग्रामसम्मको सुनमा सूर्यको प्रतिमा बनाउनुपर्छ । यसलाई मूर्ति आसनमा प्रतिष्ठित गरी त्यसका साथै रत्न जडित औंठी राख्नुपर्छ । त्यसपछि सूर्यको प्रतिमा वा औंठीलाई षोडशोपचार पूजा गरी सूर्यमन्त्रद्वारा औंठीलाई अभिमन्त्रित गर्नुपर्छ ।

सूर्य मन्त्रः

ॐ श्री कृष्णेन रजसा वर्तमानो निवेशयन्न मातम्मर्त्यञ्चहिरण्येन
सविता रक्षेता देवोयाती भुवनानि पश्यन् ॥ श्री सूर्याय नमः ॥

औठीको रत्न प्राणप्रतिष्ठा सुयोग्य ब्राह्मणद्वारा गराउनुपर्छ । पूजन प्राणप्रतिष्ठा, हवन आदि कर्म समाप्त भएपछि ब्राह्मणले "ॐ ह्रीं हं सः सूर्याय नमः स्वाहा" मन्त्रद्वारा यजमानलाई अभिषिक्त गरी दायाँ हातको अनामिकाऔंलीमा पहिरिनुपर्छ । त्यसपछि कर्मकाण्डी ब्राह्मणलाई यथाशक्ति दक्षिणा दिनुपर्छ । चाँदीको सूर्यासन, सूर्यको मूर्तिको प्रतिमा बनाउन असमर्थ हुनेले रत्न जडित औंठी शुक्लपक्षको आईतबार सूर्योदयकालमा धारण गर्नुपर्छ । धारणपूर्व दूध वा गङ्गाजलमा औंठी डुबाउनुपर्छ । शुद्ध जलले स्नान गरी पुष्प, चन्दन, धूपबत्तीले पूजा गरी ७००० मन्त्र जप गर्नुपर्छ । मन्त्र ॐ धृणिः सूर्याय नमः । यसलाई फेरि दायाँ हातको अनामिकाऔंलीमा धारण गर्नुपर्छ । उपरोक्त विधिद्वारा धारण गरिएको सूर्यरत्न जडित औंठीले उत्पन्न अनिष्ठ प्रभाव नष्ट गरी मनकामना पूर्ण हुन्छ, सुख सम्पत्ति बृद्धि हुन्छ ।

मोती धारण विधिः

मोतिको ४ रति वजनमा २, ४, ६ वा ११ रत्तिको चाँदीको औंठीमा जडान गरिनुपर्छ । मोति, चाँदी अतिरिक्त अन्य कुनै धातुमा जडिनु हुँदैन । औंठी बायाँ हातको तर्जनी वा कनिष्ठ औंलीमा पहिरिनुपर्छ । औंठीमा मोती राख्दा औंलाको त्वचामा स्पर्श हुनुपर्छ ।

सूर्योदयकालदेखि दश बजेसम्म आईतबार वा गुरुबारमा औंठी बनाउनुपर्छ ।

सोमवार श्रवण नक्षत्र, रोहिणी, पुष्य, हस्त, श्रवण नक्षत्र पारेर त्यसदिन प्रात : दश बजेपछि विधिपूर्वक औँठी पूजन गरी प्राणप्रतिष्ठा गर्नुपर्छ ।

औँठीको प्राणप्रतिष्ठाको लागि ४ तोला वा ७ रतिको चाँदीमा चन्द्रासन बनाइ औँठी त्यसमाथि राख्नुपर्छ । पहिले बनाएको चाँदी यन्त्र पनि राख्नुपर्छ र षोडषोपचार विधिद्वारा औँठीको विधिवत् पूजन गर्नुपर्छ । यसपछि चन्द्रयन्त्रद्वारा त्यसलाई अभिषिक्त गरी "ॐ स्रौं स्रोमाय नमः" मन्त्रोच्चारण गरी घिउ, प्रियङ्गु, तील, गुग्गुलको सोतशय् आहूति दिइ हवन गर्नुपर्छ । त्यसपछि चन्द्रमन्त्र "ॐ इम देवा असपत्न २९ सुबध्वं महते क्षेत्राय ज्येष्ठयाय महतेजान राजया येन्ये द्रान्द्रियाय इममुष्यं पुत्रस्यविश स्व वोऽभिः राजा सोमोऽस्माकं ब्राह्मणाना ....राजा ।" श्री चन्द्राय नमः को उच्चारण गरी औँठीलाई मोतीमा चन्द्रमाको प्राणप्रतिष्ठा गरी औँठी धारण गर्नुपर्छ ।

औँठी पहिरिएपछि चन्द्रासन, चन्द्रयन्त्र, वाँसको डाली, सेतो पुष्प, सेतो वस्त्र, दही, चिनी, घिउ, चामल, शंख, कपूर सानो मोतीको दाना, सम्भव भए सेतो बैल कर्मकाण्ड गर्ने ब्राह्मणलाई दान दिनुपर्छ । उपर्युक्त विधिद्वारा मोती धारण गर्दा चर्ममा स्पर्श हुनुपर्छ । चर्मरोग, उदररोग, दन्तरोग, पायरिया, रक्तचाप, मुख, ज्वरो, हृदय रोग आदि शान्त हुन्छ । चन्द्रमाको शक्ति पनि बढ्छ । मनकामना सिद्धि हुन्छ ।

उपर्युक्त विधिद्वारा औँठी पूजन गरी लगाउन असमर्थ व्यक्तिले शुक्लपक्षको सोमबार आफ्नो पूजा उपासना गरी "ॐ स्रौं स्रोमाय नमः" मन्त्र ११, ००० जप गर्ने र साँझ चन्द्रमाको दर्शन गरी औँठी धारण गनुपर्छ लाभ हुन्छ ।

मुँगा रत्न धारण विधिः

कुनै जातकले मूँगाको माला वा औँठी पनि लगाउँछन् । मुँगा कम्तिमा ८ रत्तिको र बढीमा ९, ११ वा १२ रत्तिको, मूँगा कम्तिमा ६ रत्तिको सुनमा औँठी जडाउनुपर्छ । मङ्गलवार मेष वा वृश्चिक राशिमा चन्द्रमा होस् अथवा मृगशिरा, चित्रा, धनिष्ठा वा अनुराधा नक्षत्रमा प्रातः

कालदेखि ११ बजेसम्म सुनको औंठीमा बनाएर लगाउनुपर्छ । मुँगाको तलको भाग छालामा स्पर्श हुनुपर्छ । औंठी तयार भएपछि प्रातः ११ बजे भौमयज्ञ गर्नुपर्छ । यसको लागि ताम्रपत्रमा मङ्गलयन्त्रमाथि मुँगा जडित औंठी राखी विधिअनुसार पूजा गर्नुपर्छ । मङ्गल मन्त्र "ॐ अग्निर्मूद्धां दिवः ककुत्पतिः पृथिव्याऽयम् । अपाभ्ररेता ...सि जिन्वति । श्री भौमाय नमः । यथाशक्य जप गर्नुपर्छ । ब्राह्मणद्वारा "ॐ भौं भौमाय नमः' मन्त्र जप गरी ७०० आहुति दिइ हवन गर्नुपर्छ । यसपछि प्राणप्रतिष्ठा गरी वायाँ हातको मध्यमाऔंलामा औंठी धारण गर्नुपर्छ । कर्मकाण्ड गर्ने ब्राह्मणलाई रातो वस्त्र, गुँढ, गहुँ यथाशक्य दान गर्नुपर्छ । भौम यन्त्र पनि दान दिनुपर्छ । उपर्युक्त प्रकारले धारण गरेको औंठीले मङ्गलकृत अनिष्टलाई नाश गर्दछ ।

पन्ना रत्न धारण विधिः

औंठीमा ३ रत्तिभन्दा माथिको पन्ना जति बढी वजन हुन्छ उति नै लाभदायी हुन्छ । कुनै पनि दशामा पन्नाको वजन ३ रत्ति भन्दा कम हुनुहुँदैन । औंठीको पनि ३ रत्तिभन्दा कम वजन हुनुहुँदैन । बुधवार कन्या वा मिथुनराशि प्रवलतमा वा अश्लेषा, ज्येष्ठा, रेवती नक्षत्रमा वा बुध वा सूर्यको नवांशमा बुध छ भने प्रातः सूर्योदयदेखि मध्यान्ह १०बजेसम्म सुनको औंठीमा पन्ना जडेर तयार गर्नुपर्छ । औंठीको तलबाट पन्नाले चर्म स्पर्श गर्नुपर्छ । बुधबार औंठी बनाइ बुधबारै ११ बजे सर्वतोभद्रचक्र बनाइ त्यसमाथि चाँदीद्वारा बनाइएको कलश स्थापित गर्नुपर्छ । कलशको विधिवत् पूजा अर्चना गरी कलशभित्र औंठी राख्नुपर्छ । अनि मन्त्रद्वारा औंठी अभिमन्त्रित गर्नुपर्छ । यसको मन्त्र "द्रां क्रौं द्रं ग्रह नाथाय बुधाय स्वाहा ।" अथवा "ॐ हवां हवीं बुं ग्रहनाथ बुधाय नमः ।" ६ तोला वजनको चाँदीपत्रमा बुधयन्त्रको विधिवत् पूजन गर्नुपर्छ । "ॐ उद्बुधस्वाग्ने प्रति जागृहिं त्वमिष्टा पूर्ते सधूं .... सृजेथा मयञ्च । अस्मिन्तसधस्ये अध्युत्तर स्मिन्विश्वेदेवा यजमानश्च सीदेलः "। ' श्रीबुधाय नमः' मन्त्रले ४००० आहुति हवन गर्नुपर्छ । यसपछि औंठी कलशबाट निकालेर यन्त्रमा राखी

कलशको जलद्वारा अभिशेक गर्नुपर्छ । औंठीमा बुधको प्राणप्रतिष्ठा गरी बुधमन्त्रले औंठीलाई अभिमन्त्रित गर्नुपर्छ । दायाँ हातको कनिष्ठ वा अनामिकाऔंलीमा धारण गर्नुपर्छ । अन्तमा बुधयन्त्र, पन्नाको एक नग, स्वर्ण,कस्तुरी, कास्य, चामल, नीलो वा हरियो रङ्गको वस्त्र साथै यथाशक्य दक्षिणा पनि कर्मकाण्डी ब्राह्मणलाई दिनुपर्छ । उपरोक्त विधिअनुसार रत्न धारण गरे बुधोत्पन्न कष्ट नाश हुन्छ । जातकको विद्या, बुद्धि, धनको वृद्धि र जीवन सुखमय बन्छ ।

पुष्पराज धारण विधिः

औंठीको लागि ४ रत्तिभन्दा बढी ५, ६, ८, १०, १२, १४ रत्तिको शुभ हुन्छ भने ६, ११, १५ रत्तिको पुष्पराज हानिकारक हुन्छ । पुष्पराज सुनको औंठीमा लगाउने तर औंठी ४, ८, १०, १२, १४ रत्तिको हुनुपर्छ । गुरुवार पुष्य नक्षत्रमा प्रातः सूर्योदयदेखि ११ बजेसम्म औंठी बनाउनुपर्छ । चाँदीको पत्रमा गुरुयन्त्र जसको मध्यमा पुष्पराज जडाउनुपर्छ । स्थण्डलमा राखेर चनाको दालद्वारा अष्टमण्डलको निर्माण गर्नुपर्छ । यसको माथि जलयुक्त कलश स्थापित गरी अभिशेक गरेर "ॐ वृहस्पतेऽअति यदर्योऽअर्हाद्द्युमद्विभाति क्रतुमज्जनेषु । यद्दीदयच्छवऽऋतु प्रजातदस्मासु द्रविणं धेहि चित्रम् । श्रीगुरुवे नमः द्वारा यथाशक्य जप गर्नुपर्छ यसपछि "ॐ स्रैं श्रीं वृहस्पतये नमः" नामक मन्त्र उच्चारण गरी ४५०० आहुति दिइ हवन गर्नुपर्छ । औंठीमा गुरुको प्राणप्रतिष्ठा गरी शुभमुहूर्तमा दायाँ हातको तर्जनी वा अनामिकाऔंलामा रत्न धारण गर्नुपर्छ । औंठी धारणपछि कर्मकाण्डी ब्राह्मणलाई स्वर्ण, पुष्पराज, हल्दी, चनादाल, पहेंलो पुष्प, सख्खर, पहेंलो वस्त्र, गुरुयन्त्र एवं यथाशक्य दक्षिणा पनि दान गर्नुपर्छ । यसप्रकार रत्न धारण गरे गुरुकृत अनिष्ट प्रभाव नष्ट हुन्छ ।

हीरा धारण विधिः



औंठीमा लगाउने हीरा १ रत्तिभन्दा कम हुनुहुन्न । १ रत्तिभन्दा जति बढी भयो उति नै शुभकारी हुन्छ र औंठी सुनको हुनपर्छ । त्यो ७

रत्तिभन्दा कम हुनुहुँदैन । हीरा सुनबाहेक अन्य धातुमा राख्न मिल्दैन । हीराको औंठी शुक्रवार, भरुणी, पूर्वफाल्गुनी, पूर्वषाढा नक्षत्रमा शुक्र वृष, तुला वा मीन राशिमा भएको बेला प्रातः सूर्योदयकालदेखि ११ बजेसम्म तयार गर्नुपर्छ । यसपछि यज्ञमण्डल निर्माण गरी उसमा पञ्चकोणाकार शुक्रस्थण्डल बनाउनुपर्छ । ७ तोला वजनको चाँदीको पत्रमा शुक्रयन्त्रजस्तै सानो हीरा जडित स्थण्डला स्थापित गर्नुपर्छ । त्यसै स्थानमा हीराजडित स्वर्ण औंठी राखी "ॐ र्‌ऐं जगीं शुक्राय नमः" मन्त्र उच्चारण गरी ४, ००० पटक जप गरी यन्त्र अभिषिक्त गर्नुपर्छ । शुक्रमन्त्र "ॐ अन्नात्परिस्रुतो रस ब्राह्मणा व्यपिवत्क्षत्रं पयः सोमं प्रजापति ऋतेन सत्यमिन्द्रियं विपानॐ शुक्र मधसे इन्द्रस्येन्द्रियमिदं पयोऽमृत मधु । श्रीशुक्राय नमः ।" १६००० जप गरी औंठीको हीरालाई शुक्रको प्राणप्रतिष्ठा गराइ दायाँ वा बायाँ हातको औंलामा धारण गर्नुपर्छ । यसपछि कर्मकाण्डी ब्राह्मणलाई शुक्रयन्त्र, गाई, हीरा, चाँदी, चामल, घिउ, कपूर, सेतो वस्त्र यथाशक्य दक्षिणा दान गर्नुपर्छ । शुक्रको अनिष्ट फल नाश हुन्छ ।

नीलम धारण विधिः

शनि मकर वा कुम्भ राशिमा छ वा तुला राशिको उच्चस्थानमा अर्थात् श्रवण, धनिष्ठा, शतभिषा, पूर्वभाद्रपदा, उत्तराषाढा, चित्रा, स्वाति, विशाखा नक्षत्रमा शनि भएको बेला नीलम किनेर सुन, फलाम, राँगा, शीशा वा पञ्चधातु (सुन, चाँदी, राङ्गा, शीशा, तामा) को औंठीमा जडान गर्नुपर्छ । औंठीको धातु वजन ९ रतिभन्दा कम हुनुपर्छ भने नीलम ४ रतिभन्दा कम हुनुहुन्न । नीलमको वजन जति बढी भयो अति राम्रो हुन्छ, लाभ हुन्छ । साधारणतया ५ वा ७ रतिको नीलम अति शुभ मानिन्छ । औंठी तयार भएपछि शनिवारको दिन माथिको नक्षत्रमा वा राशिमा शनिमण्डप बनाइ शनियज्ञ गरी "ॐ र्‌ऐं ह्रीं शनैश्चराय नमः" उच्चारण गरी ६००० पटक आहुति गर्नुपर्छ । यसपछि धनुषाकार शनिस्थण्डल बनाई नौ तोला चाँदीको पत्रमा निर्मित शनियन्त्र स्थापित गर्नुपर्छ र शनियन्त्रमा सानो नीलम जडान गर्नुपर्छ । शनियन्त्रमा औंठी राखी नीलमको प्राणप्रतिष्ठा गर्नुपर्छ ।

"ॐ शन्नो देवी शभिष्टयऽआपो भवन्तु पीतये । शय्यो र भिस्त्रवन्तु नमः । श्री शनैश्चराय नमः" मन्त्र २३, ००० जप गर्नुपर्छ । यसपछि औंठी दाहिने हातको मध्यमाऔंलामा धारण गरी पूर्णाहुति दिनुपर्छ । यसरी शनियन्त्र कालो गाई, भैंसी, सरसौङ्को तेल, तील, पान, फलाम, कालो वस्त्र साथै यथासक्य दक्षिणा दान गर्नुपर्छ । सन्ध्याकालमा दीप, वलि, भैरवपूजा, दीपदान कर्म गर्नुपर्छ । यो विधिले धारण गरेको औंठीले शनिको अनिष्ट प्रभाव नाश गर्दछ ।

गोमेद धारण विधिः

औंठी बनाउने गोमेद ४ रतिभन्दा बढी हुनुपर्छ । ६, ७, १०, ११, १३ वा १६ क्यारेटको गोमेद धारण गर्नुहुँदैन । औंठी पञ्चधातु वा फलामको हुनुपर्छ । जुन दिन स्वाती, शतभिषा वा आर्द्रा नक्षत्र छ त्यसदिन सूर्योदयदेखि १० बजेसम्म बनाउनुपर्छ । ११ बजेपछि राहु यज्ञ गर्नुपर्छ । यहाँ राहुको स्थण्डल बनाइ ११ तोला चाँदीको पत्रमा राहुयन्त्र जसमा गोमेदको टुक्रा स्थापित गर्नुपर्छ । त्यसमा औंठी राखी विधिवत् पूजाअर्चना गरी प्रतिष्ठा गर्नुपर्छ । राहुमन्त्र "ॐ क्रौं क्रीं हुँ हुँ टं तङ्क धारिणै राहतै स्वाहा" उच्चारण गरी १००० पटक आहुति दिनुपर्छ । त्यसपछि मध्यान्हकालमा योगिनी चक्र बनाइ दीप दान गर्ने । "ॐ कयानश्चित्र आभु बहुती सदा बृधः सखा । कथाशचिष्ठया कृतः । श्रीराहवे नमः ।" मन्त्रले ब्राह्मणद्वारा १८००० जप गराइ अपरान्ह ३:३० बजे औंठी वायाँ हातको मध्यमाऔंलामा धारण गर्नुपर्छ । यसपछि राहुयन्त्र, नीलो वस्त्र, कम्बल, तील, तेल, फलाम, अभ्रक यथाशक्य दक्षिणा ब्राह्मणलाई दान दिनुपर्छ । राहु अनिष्ट फल नाश भई सुखशान्ति मिल्छ ।

वैदूर्य (लहसुनिया) धारण विधिः

औंठी बनाउने वैदुयमणि ५ रत्तिभन्दा कम हुनुहुन्न । जति बढी भयो उति नै लाभ हुन्छ । २, ४, ११, १३ रतिको वजनको वैदुर्य धारण गर्न निषिद्ध छ । पञ्च धातु वा फलाममा ७ रतिभन्दा

बढी जडान गर्नुपर्छ । मेष, धनु वा मीनको चन्द्रमा वा अश्विनी, मघा, मूल नक्षत्रमा बुधवार वा शुक्रबार साँझकालदेखि आठबजेसम्म मध्यमा औंठी तयार गर्नुपर्छ ।

औंठी तयार भएको दोस्रो दिन प्रातः ९ बजे मण्डप बनाइ केतु स्थण्डिल निर्माण गर्नुपर्छ। साततोला वजनको चाँदी पत्रमा पूर्व निर्मित केतुयन्त्र वैदूर्यमणिको सानो टुक्रा जडान गर्नुपर्छ । यसमाथि वैदुर्य जडित औंठी राखी केतु जडानको प्राणप्रतिष्ठा गरी षोडशोपचार विधिले पूजा गर्नुपर्छ । "ॐ ह्रीं क्रूं व्रूर रुपिण्यै केतवे ऱ्हें सौं स्वाहा।" मन्त्रोच्चार गरी २७०० आहुति हवन गर्नुपर्छ । यसपछि "ॐ केतु कृष्वन्नकेतवे पेशो भयर्याऽअपेयशी समुर्षदिभर जायथाः । श्रीकेतवे नमः" मन्त्रले १७००० जप गर्नुपर्छ । यसपछि दायाँ हातको मध्य औंलामा औंठी धारण गरी पूर्णाहुति गर्नुपर्छ । केतु रत्न, कम्बल, शस्त्र, कस्तुरी, तील, तेल, कालो वस्त्र, कालो फूल, फलाम, यथाशक्य दक्षिण ब्राह्मणलाई दान दिनुपर्छ । उपरोक्त विधिपूर्वक औंठी धारण गरे केतुको अनिष्ट फल नाश हुन्छ । धन, बल वृद्धि भइ मनोकामना पूर्ण हुन्छ ।

बाह्र राशिका मन्त्र र यन्त्र

राशि जम्मा बाह्रवटा छन् । बाह्रराशिअनुसार मन्त्र, यन्त्र पनि पृथक् रहेका छन् । जसको यसप्रकार वर्णन गरिएको छ ।

मेष राशि

यन्त्र		
८	३	१०
९	७	५
४	११	६

मन्त्र

ॐ ह्रीं श्रीं लक्ष्मी नारायणाय नमः

यो यन्त्रमा अनारको छेस्काको कलम बनाई अष्टगंधमार्फत् भोजपत्रमा लेखी तावीजमा धारण गर्नुपर्छ ।

वृष राशि

यन्त्र		
११	६	१३
१२	१०	८
७	१४	९

मन्त्र

ॐ गोपालण्य उत्तर ध्वजाय नमः

मिथुन राशि

यन्त्र		
९	४	११
१०	८	६
५	१२	७



मन्त्र

ॐ क्लीं कृष्णाय नमः

कर्कट राशि

यन्त्र		
७	२	९
८	६	४
३	१०	५

मन्त्र

ॐ हिरण्य गर्भाय
अव्यक्त रुपिणे नमः

सिंह राशि

यन्त्र		
८	१	६
३	४	७
४	९	२

मन्त्र

ॐ क्लीं ब्रहमणे जगदा
धाराय नमः

कन्या राशि

यन्त्र		
९	४	११
१०	८	६
५	१२	७

मन्त्र

ॐ नमो प्रीं
पीताम्बराय नमः

तुला राशि

यन्त्र		
११	६	१२
१२	१०	८
७	१४	९

मन्त्र
ॐ तत्त्व निरंजनाय तारकरामाय नमः

बृश्चिक राशि

यन्त्र		
८	३	१०
९	७	५
४	११	६

मन्त्र
ॐ नारायण सुरसिंहाय नमः

धनु राशि

यन्त्र		
१०	५	१२
११	९	७
६	१३	८



मन्त्र
ॐ श्रीं देव कृष्णाय उर्ध्वषंताय नमः

मकर राशि

यन्त्र		
१२	७	१४
१३	११	९
८	१५	१०

मन्त्र
ॐ श्रीं वत्सलाय नमः

कुम्भ राशि

यन्त्र		
१३	८	५
१४	१२	१०
९	१६	११

मन्त्र
ॐ श्रीं उपेन्द्राय अच्युताय नमः

मीन राशि

यन्त्र		
१४	९	१६
१५	१३	११
१०	१७	१२

मन्त्र
ॐ क्लीं उद्‌धृताय उद्धारिणे नमः

खण्ड - ग







सूर्य पूजाविधि

मदनरत्ने हस्तनक्षत्रयुतं आदित्यवारं प्रगृह्य सप्तनक्तव्रतानि भक्तितः कृत्वा प्रतिदिनं रक्तपुष्पाक्षतादिभिरर्कमभ्यर्च्य सप्तमे प्राप्ते प्रातः स्नात्वा शुक्लधौतवाससी परिधाय यथायोग्यालङ्कृतः स्वासने प्राङ्मुख उपविश्य दक्षिणपार्श्वे संभारान् संस्थाप्य धृतपवित्रतिलकः पत्न्या समारब्धो द्विराचम्य प्राणानायम्य शान्तिपाठं पठित्वा लक्ष्मीनारायणादिदेवान् प्रणमेत् ।

स्तोत्रः

जपाकुसुमसङ्काशं काश्यपेयं महाद्युतिम् ।
तमो ऽरिं सर्वपापघ्नं प्रणतोऽस्मि दिवाकरम् ।

दानादि वस्तु :

रातो कपडा, सुन, तामा, माणिक्य, गहुँ, गुड, ताम्रपात्र, कमलको फूल, गाई, मसूरो, रक्तचन्दन, करवीरको फूल, घीउ । रत्न : माणिक ३, ५ रत्तिको रविपुष्ययोगमा लगाउने ।

सूर्य पूजन स्थान

नवग्रहमण्डलमध्ये कर्णिकायां वर्तुले द्वादशाङ्गुले मण्डले रक्तपुष्पाक्षतैः सूर्यं पूजयेत् ।

सूर्यको स्वरूप

किरीटिनं पद्मारूढं हस्तद्वय धृतपद्मद्वयं लोहितवर्णं रक्ताम्बरधरं सप्ताश्वर थस्थं सप्तार्चिषं प्राङमुखम् -

सूर्य प्रार्थना

भास्वान्कश्यपगोत्रजोऽरुणरुचिर्यः सिंहराशीश्वरः
षट्त्रिंस्थो दशशोभने गुरुशशी भौमेषु मित्रं सदा ।
शुक्रोमन्दरिपुः कलिश्च जनिताश्चाग्नीश्वरौ देवते
मध्ये वर्तुलपूर्वदिग्दिनकरः कुर्यात्सदा मङ्गलम् ॥

सूर्यको शान्तिका लागि सूर्यको पूजा गर्न तयार गरिएको आसनमा वसेर कर्मपात्रको जलहातमा लिएर सङ्कल्प गर्ने -

हरिः ॐ तत्सत् हरिः ॐ तत्सत् हरिः ॐ तत्सत् ॐ विष्णुः ॐ विष्णुः ॐ विष्णु ॐ .... देशे .... शुभपुण्यतिथौ ....गोत्र.........मम श्रुतिस्मृतिपुराणोक्तफलप्राप्त्यर्थं ....मम परिवारादिभिः सह जन्मराशेः सकाशात् चतुर्थाष्टमद्वादशाद्यनिष्टस्थानस्थितसूर्येणसूचितं सूचयिष्यमाणं च यत् सर्वारिष्टं तद्विनाशार्थं सर्वदा शुभस्थानस्थितवदुत्तमफलप्राप्त्यर्थं तथा दशान्तरदशोपदशा जनितक्लेशनिवृत्तिपूर्वकशरीरारोग्यार्थं परमैश्वर्य्यादिप्राप्त्यर्थं श्रीसूर्य प्रसन्नार्थं दीप- कलश -गणेश- पूजन -पूर्वकं सूर्य पूजनं करिष्ये । इति ।

सङ्कल्पपछि दीप, कलश र गणेशको पूजन गरी नवग्रहको समेत पूजा गर्ने प्रधान देवता सूर्यको पूजा गर्न तामाको कलशमाथि तामाको थाली राखेर थालीको बीचमा सूर्य पूजाका लागि सूर्यको प्रतीक, प्रतिमा वा चित्राङ्कितमा सूर्यको ध्यान मन्त्र पढ्दै ध्यान गर्ने -

पद्मासनः पद्मकरो द्विबाहुः पद्मद्युतिः सप्ततुरङ्गवाहनः ।
दिवाकरो लोकगुरुः किरीटी मयि प्रसादं विदधातु देवः ॥

क्रमशः पूजा गर्ने

ॐ भूर्भुवः स्वः कलिङ्गदेशोद्भव ! काश्यपगोत्र रक्तवर्ण भो सूर्य !इहाऽऽगच्छ इह तिष्ठ यावत्पूजां करोमि तावत्त्वं सुस्थिरो भव, सुप्रसन्नो भव सुवरदो भव।

आह्वानम्

ॐ सूर्याय नमः

सूर्यलाई नम्रतापूर्वक आह्वान गर्ने अर्थात् पूजा गर्नका लागी वोलाउने ।

इदं आसनं समर्पयामि ॐ सूर्याय नमः (आसनमा वस्न निवेदन गर्ने) ।

इदं पाद्यं समर्पयामि ॐ सूर्याय नमः (पाउ धुनका लागी पानी चढाउने) ।

इदम् अर्घ्यं समर्पयामि ॐ सूर्याय नमः (अर्घ चढाउने) ।

इदम् आचमनीयं समर्पयामि ॐ सूर्याय नमः (आचमन (कूल्ला) गर्न पानी चढाउने) ।

इदं स्नानियम् समर्पयामि ॐ सूर्याय नमः (स्नान गर्न पानी चढाउने) ।

इदं पञ्चामृत स्नानं समर्पयामि ॐ सूर्याय नमः (पञ्चामृतले स्नान गराउने) ।

इदं शुद्धोदकस्नानं समर्पयामि ॐ सूर्याय नमः (शुद्ध पानीले स्नान गराउने) ।

इदं वस्त्रम्ः समर्पयामि ॐ सूर्याय नमः (रातो कपडा चढाउने) ।

इदं यज्ञोपवितं समर्पयामि ॐ सूर्याय नमः (जनै चढाउने) ।

इदं चन्दनं समर्पयामि ॐ सूर्याय नमः (रातो चन्दन चढाउने) ।

इदं अक्षतान् समर्पयामि ॐ सूर्याय नमः (राता अक्षता चढाउन) ।

इदं पुष्पाणि समर्पयामि ॐ सूर्याय नमः (रातो फूल चढाउने) ।

इदं धूपम् आघ्रपयामि ॐ सूर्याय नमः (धूप देखाउने) ।

इदं दीपम् दर्शयामि ॐ सूर्याय नमः (वत्ति देखाउने) ।

इदं नैवेद्यम् समर्पयामि ॐ सूर्याय नमः (नैवेद्य निवेदन गर्ने) ।

इदं नैवेद्यन्ते आचमनियम् समर्पयामि ॐ सूर्याय नमः (नैवेद्य भोजन पछि आचमन (कूल्ला) गर्न पानी चढाउने) ।

इदं ताम्वूलमम् समर्पयामि ॐ सूर्याय नमः (पान सुपारी अर्पण गर्न) ।

इदं दक्षिणा द्रव्यम् समर्पयामि ॐ सूर्याय नमः (दक्षिण द्रव्य अर्पण गर्ने) ।

इदम् आरार्तिक्यम् समर्पयामि ॐ सूर्याय नमः (आरती अर्पण गर्ने) ।

प्रदक्षिण

ॐ सूर्याय नमः (सूर्यलाई प्रदक्षिण गर्दै नमस्कार गर्ने) ।

सूर्यसँग क्षमाप्रार्थना गर्ने मन्त्र

ॐ ग्रहाणामादिरादित्यो लोकरक्षणकारकः ।
विषमस्थानसम्भूतां पीडां हरतु ते रविः ॥

यसरी पूजा गरी सकेपछि अधिदेव इस्वर र प्रत्याधिदेव अग्निको पूजा गर्नुपर्छ ।

ईश्वरको वैदिकमन्त्र

ॐ त्र्यम्बकं यजामहेसुगन्धिम्पुष्टिवर्द्धनम् ॥
ॐर्वारुकमिवबन्धनान्मृत्योर्मुक्षीयमामृतात् ॥

सूर्यको दायाँतर्फ सूर्यका अधिदेवता ईश्वरलाई आह्वान गर्ने मन्त्र

ॐ एह्योहि विश्वेश्वर नस्त्रिशूल कपाल खट्वाङ्ग धरेण सार्धम् ।
लोकेश यक्षेश्वर यज्ञसिद्धये गृहाणपूजां भगवान् नमस्ते ॥
ॐ भूर्भुवः स्वः ईश्वराय नमः
ॐ श्रीईश्वर आवाहयामि स्थापयामि पूजयामि ॥

सूर्यको बायाँतर्फ सूर्यका प्रत्याधिदेवता अग्निलाई आह्वान गर्ने मन्त्र

ॐ रक्त माल्याम्बरधरं रक्तपद्मासनस्थितम् ।
वरदाभयदं देवमग्नि आवाहयाम्यहम् । ॐ भूर्भुवः स्वः अग्नये नमः
ॐ अग्निदेवाय आवाहयामि स्थापयामि पूजयामि ॥
ॐ भूर्भुवः स्वः अग्ने ! इहागच्छ इह तिष्ठ ॐ अग्नये नमः ॥

अग्निको वैदिकमन्त्र

ॐ अग्निन्दूतम्पुरोदधेहव्यवाहमुपब्रुवे ॥ देवा ऽ आसादयादिह ॥

अथ सूर्य मन्त्राको जप वैदिकविधि

अथ सूर्य मन्त्रको विनियोग

ॐ आकृष्णेति मन्त्रस्य हिरण्यस्तूपाङ्गिरस ऋषिस्त्रिष्टुप्छन्दः
सूर्यो देवता सूर्यप्रीत्यर्थे जपे विनियोगः ॥

तील, जौ, कुशयुक्त कर्मपात्रको पानी हातमा लिएर विनियोग गर्ने ।

अथ देहाङ्गन्यासः

आकृष्णेन शिरसि (दाहिने हातको औंलाले शिर स्पर्श गर्ने) ।

रजसा ललाटे (दाहिने हातको औंलाले ललाट स्पर्श गर्ने) ।

वर्तमानो मुखे (दाहिने हातको औंलाले मुख स्पर्श गर्ने) ।

निवेशयन् हृदये (दाहिने हातको औंलाले हृदय स्पर्श गर्ने) ।

अमृतं नाभौ (दाहिने हातको औंलाले नाभि स्पर्श गर्ने) ।

मर्त्यं च कट्याम् (कटीमा छुने) ।

हिरण्ययेन सविता ऊर्व्वोः छुने ।

रथेना जान्वोः (दाहिने हातको औंलाले घुडा स्पर्श गर्ने) ।

देवो याति जंघयोः (दाहिने हातको औंलाले जाँघस्पर्श गर्ने) ।

भुवनानि पश्यन् पादयोः (दाहिने हातको औंलाले दुवै चरण स्पर्श गर्ने र हात धुने) ।

अथ करन्यासः

आकृष्णेन रजसा अङ्गुष्ठाभ्यां नमः (दुवै हातको तर्जनीऔंलाले दुवै वुढीऔंलालाई स्पर्श गर्ने) ।

वर्तमानो निवेशयन् तर्जनीभ्यां नमः (दुवै हातको वुढीऔंलाले दुवै तर्जनीऔंलालाई स्पर्श गर्ने) ।

अमृतं मर्त्यं च मध्यमाभ्यां नमः (दुवै हातको वुढीऔंलाले दुवै मध्यमाऔंलालाई स्पर्श गर्ने) ।

हिरण्ययेन अनामिकाभ्यां नमः (दुवै हातको वुढीऔंलाले दुवै अनामिकाऔंलालाई स्पर्श गर्ने) ।

सविता रथेना कनिष्ठिकाभ्यां नमः (दुवै हातको वुढीऔंलाले दुवै कनिष्ठऔंलालाई स्पर्श गर्ने) ।

देवो याति भुवनानि पश्यन् करतलकरपृष्ठाभ्यां नमः (हात र हातको पृष्ठभागको परस्पर स्पर्श गर्ने) ।

एवं हृदयादिन्यासः

आकृष्णेन रजसा हृदयाय नमः (दाहिने हातको पाँचै औंलाले हृदय स्पर्श गर्ने) ।

वर्तमानो निवेशयन् शिरसे स्वाहा (दाहिने हातको पाँचै औंलाले शिरको स्पर्श गर्ने) ।

अमृतं मर्त्यं च शिखायै वषट् (दाहिने हातको पाँचै औंलाले शिखा (टुप्पी) स्पर्श गर्ने)।

हिरण्येन कवचाय हुँ (दायाँ हातको औंलाले वायाँकाँध र वायाँ हातको औंलाले दायाँ काध स्पर्श गर्ने)।

सविता रथेना नेत्रत्रयाय वौषट् (दायाँ हातको औंलाहरूको अग्रभागले दुवै नेत्र र ललाटको मध्यभागमा स्पर्श गर्ने)।

देवो याति भुवनानि पश्यन् अस्त्राय फट् (दायाँ हातलाई शिरमाथि वायाँ पट्टीबाट पछाडितर्फ लैजाने दाहिनेभागबाट अगाडि ल्याउने। दायाँ हातको तर्जनी र मध्यभागमा औंलाले वायाँ हातको हत्केलामा ताली बजाउने)।

सूर्यको महामन्त्र

ॐ ह्राँ ह्रीं ह्रौं सः ॐ भूर्भुवः स्वः
ॐ आकृष्णेन रजसा वर्तमानो निवेशयन्नमृतम्मर्त्यञ्च।
हिरण्ययेन सविता रथेना देवो याति भुवनानि पश्यन्
ॐ स्वः भुवः भूः ॐ सः ह्रौं ह्रीं ह्राँ ॐ सूर्याय नमः॥

सूर्यको वैदिकमन्त्र

ॐ आकृष्णेनरजसावर्तमानो निवेशयन्नमृतंमर्त्यञ्च॥
हिरण्ययेनसवितारथेनादेवोयातिभुवनानिपश्यन्॥

सूर्यको जप ७०००, गरी सकेपछि आँकको पत्ता, शमी, पायस, तील मिश्रित चरुको जप संख्याको दशमांश सूर्यको विनियोग गरेर हवन गर्ने -

ॐ आकृष्णेनेति हिरण्यस्तूप ऋषिस्त्रिष्टुप्छन्दः सविता देवता
आदित्यप्रीतये कपिलाग्नौ आज्यहोमे अर्कसमिद्धोमे च विनियोगः॥
ॐ आकृष्णेनरजसावर्तमानो० स्वाहा। इदं सूर्याय॥

७०० हवन, हवनको दशमांश ७० तर्पण, तर्पणको दशमांश ७ मार्जन र मार्जनको दशमांश १ लाई ब्राह्मण भोजन गराउनुपर्छ।

होमान्ते पठेत्

ॐ आदिदेव नमस्तुभ्यं सप्तसप्ते दिवाकर।
त्वं रवे तारयस्वास्मानस्मात्संसारसागरात्॥

सूर्यको तान्त्रिक मन्त्र जप विधि

अथ श्रीसूर्यमन्त्र

ॐ ह्राँ ह्रीं सः इति त्र्यक्षरं मन्त्रः । ॐ अस्य श्रीसूर्यमन्त्रस्य अज ऋषिः, गायत्री छन्दः, सूर्यो देवता, ह्रां बीजम्, ह्रीं शक्तिः, सः कीलकम्, श्रीसूर्यप्रीत्यर्थे जपे विनियोगः ॥

तील, जौ, कुशयुक्त कर्मपात्रको पानी हातमा लिएर विनियोग गर्ने ।

ॐ अज ऋषये नमः शिरसि (दाहिने हातको औंलाले शिर स्पर्श गर्ने) ।

ॐ गायत्रीछन्दसे नमः मुखे (दाहिने हातको औंलाले मुख स्पर्श गर्ने) ।

ॐ सूर्यदेवतायै नमः हृदि (दाहिने हातको औंलाले हृदय स्पर्श गर्ने) ।

ॐ ह्रां बीजाय नमः गुह्यो (दाहिने हातको औंलाले गुदा स्पर्श गर्ने र हात धुने) ।

ॐ ह्रीं शक्तये नमः पादयोः (दाहिने हातको औंलाले दुवै चरण स्पर्श गर्ने र हात धुने) ।

ॐ सः कीलकाय नमः सर्वाङ्गे (दुवैहातले शरीरका सवै अङ्ग छुने) ।

अथ अङ्गन्यासः

ॐ आं ह्रीं अङ्गुष्ठाभ्यां नमः (दुवै हातको तर्जनीऔंलाले दुवै वुढीऔंलालाई स्पर्श गर्ने) ।

ॐ इ ह्रीं तर्जनिभ्यां नमः (दुवै हातको वुढीऔंलाले दुवै तर्जनीऔंलालाई स्पर्श गर्ने) ।

ॐ ऊँ ह्रीं मध्यामाभ्यां नमः (दुवै हातको वुढीऔंलाले दुवै मध्यमाऔंलालाई स्पर्श गर्ने) ।

ॐ ऐं ह्री अनामिकाभ्यां नमः (दुवै हातको वुढीऔंलाले दुवै अनामिकाऔंलालाई स्पर्श गर्ने) ।

ॐ औं ह्रीं कनिष्ठिकाभ्यां नमः (दुवै हातको वुढीऔंलाले दुवै कनिष्ठऔंलालाई स्पर्श गर्ने) ।

ॐ अः ह्रीं करतलकरपृष्ठाभ्यां नमः (हात र हातको पृष्ठभागको परस्पर स्पर्श गर्ने) ।

इति करन्यासः

ॐ आं ह्रीं हृदयाय नमः (दाहिने हातको पाँचैऔंलाले हृदय स्पर्श गर्ने) ।

ॐ इह्रीं शिरसे स्वाहा (दाहिने हातको पाँचैऔंलाले शिरको स्पर्श गर्ने) ।

ऊँ ह्रीं शिखायै बषट् (दाहिने हातको पाँचैऔंलाले टुप्पी स्पर्श गर्ने) ।

ॐ ऐं ह्री कवचाय हुँ (दायाँ हातको औंलाले वायाँकाँध र वायाँ हातको औंलाले दायाँकाँधको स्पर्श गर्ने) ।

ॐ औ ह्रीं नेत्रत्रयाय वौषट् (दायाँ हातको औंलाहरूको अग्रभागले दुवै नेत्र र ललाटको मध्यभागमा स्पर्श गर्ने) ।

ॐ अः ह्रीं अस्त्राय फट् (दायाँ हातलाई शिरमाथि वायाँपट्टीबाट पछाडितर्फ लैजाने दाहिनेभागबाट अगाडि ल्याउने दायाँ हातको तर्जनी र मध्यभागमा औंलाले वायाँ हातको हत्केलामा ताली बजाउने) ।

एवं न्यास विधिं कृत्वा ध्यायेत् ।

ॐ रक्ताम्बुजासनमशेषगुणैकसिन्धुं, भानुं समस्त जगतामधिपं भजामि ।
पद्मद्वयाभयवरान्दधतं कराब्जैर्माणिक्यमौलिमरुणाङ्ग रुचिं त्रिनेत्रम् ॥ १ ॥

एवं ध्यात्वा मिलितोपचारैः सम्पूज्य यथोक्तविधिना जपं कुर्यात् ।

ॐ ह्रां ह्रीं सः इति त्र्यक्षरं मन्त्रः ॥

यस मन्त्रको २८०००० गरीसकेपछि पृष्ठ......को हवन विनियोग पढेर आँकको पत्ता, शमी, पायस, तील मिश्रित चरुको जप संख्याको दशमांश २८०० हवन, हवनको दशमांश २८० तर्पण, तर्पणको दशमांश २८ मार्जन र मार्जनको दशमांश ३ लाई ब्राह्मण भोजन गराउनुपर्छ ।

सूर्य गायत्री जप विधि

करन्यास

ॐ भास्कराय अङ्गुष्ठाभ्यां नमः (दुवै हातको तर्जनीऔंलाले दुवै बुढीऔंलालाई स्पर्श गर्ने) ।

विद्महे तर्जनिभ्यां नमः (दुवै हातको वुढीऔंलाले दुवै तर्जनीऔंलालाई स्पर्श गर्ने) ।

दिवाकराय मध्यमाभ्यां नमः (दुवै हातको वुढीऔंलाले दुवै मध्यमाऔंलालाई स्पर्श गर्ने) ।

धीमहि अनामिकाभ्यां नमः (दुवै हातको वुढी औंलाले दुवै अनामिकाऔंलालाई स्पर्श गर्ने) ।

तन्नः सूर्य कनिष्ठिकाभ्यां नमः (दुवै हातको वुढीऔंलाले दुवै कनिष्ठऔंलालाई स्पर्श गर्ने) ।

प्रचोदयात् करतलकरपृष्ठाभ्यां नमः (हात र हातको पृष्ठभागको परस्पर स्पर्श गर्ने) ।

अङ्गन्यास

ॐ भास्कराय हृदयाय नमः (दाहिने हातको पाँचै औंलाले हृदय स्पर्श गर्ने) ।

विद्महे शिरसे स्वाहा (दाहिने हातको पाँचै औंलाले शिरको स्पर्श गर्ने) ।

दिवाकराय शिखायै वषट् (दाहिने हातको पाँचै औंलाले शिखा टुप्पी स्पर्श गर्ने) ।

धीमहि कवचाय हुँ (दायाँ हातको औंलाले वायाँकाँध र वायाँ हातको औंलाले दायाँकाँध स्पर्श गर्ने) ।

तन्नः सूर्य नेत्रत्रयाय वौषट् (दायाँ हातको औंलाहरूको अग्रभागले दुवै नेत्र र ललाटको मध्यभागमा स्पर्श गर्ने) ।

प्रचोदयात् अस्त्राय फट् (दायाँ हातलाई शिरमाथि वायाँपट्टीबाट पछाडितर्फ लैजाने । दाहिनेभागबाट अगाडि ल्याउने । दायाँ हातको तर्जनी मध्यभागमा औंलाले वायाँ हातको हत्केलामा ताली बजाउने) ।

सूर्यगायत्री जप गर्ने

ॐ भास्कराय विद्महे दिवाकराय धीमहि तन्नःसूर्य प्रचोदयात् ।

सूर्यको कुनै पनि मन्त्रको जप गर्दा माला समाप्तिमा अभिशेक गर्दै प्रार्थना गर्ने मन्त्र :

ॐ भास्कराय विद्महे दिवाकराय धीमहि तन्नः सूर्यः प्रचोदयात् ।

नमः । ह्रां ह्रीं ह्रूं ह्रैं ह्रौं ह्रः ग्रहाणां प्रबलो नित्यं आदित्यस्य प्रसीदतु ॥

ॐ ह्रः ह्रौं ह्रैं ह्रूँ ह्रीं ह्रां श्री सूर्याय श्रीआदित्यदेवता प्रीयतां सुप्रसन्नो सुवरदो भवतु ।

अन्त्यमा बुढीषडङ्गोक्त सूर्यसूक्तं पाठ गरेर कर्तालाई अभिशेक गर्दै सूर्य शान्तिको कामना गर्ने ।

सूर्यलाई बलि दिने

भो सूर्य गुडौदनाभावे एष दध्यक्षतबलिं भक्ष मम
सपरिवारस्य आयुकर्ता क्षेमकर्ता शान्तिकर्ता पुष्टिकर्ता
तुष्टिकर्ता वरदो भव ॐ सूर्याय नमः ।

ईश्वरलाई बलि दिने

भो ईश्वर घृतपायसाभावे एष दध्यक्षतबलिं भक्ष मम
सपरिवारस्य आयुकर्ता क्षेमकर्ता शान्तिकर्ता पुष्टिकर्ता
तुष्टिकर्ता वरदोभव ॐ ईश्वराय नमः ।

अग्निलाई बलि दिने

भो अग्नि घृतपायसाभावे एष दध्यक्षतबलिं भक्ष मम सपरिवारस्य आयुकर्ता क्षेमकर्ता शान्तिकर्ता पुष्टिकर्ता तुष्टिकर्ता वरदोभव ॐ अग्नये नमः ।

सूर्यको दान वस्तु

रातो कपडा, सुन, तामा, माणिक्य, गहुँ, गुड, ताम्रपात्र, कमलको फूल, गाई, मसूरो, रक्तचन्दन, करवीरको फूल, घीउ, द्रव्य दान गर्न सङ्कल्प पढ्ने -

.... स्थानस्थितेन सूर्यग्रहेण सूचित सूच्यमान सूचययिष्यमाण सकलारिष्टशान्ति पूर्वकं शुभैकादशस्थान स्थितवत् शुभफलप्राप्त्यर्थं दीर्घायुरारोग्यैश्वर्योदय प्राप्त्यर्थ श्रीसूर्यप्रीतये रक्तवस्त्रवृहस्पतिदैवतं, सुवर्णं वन्हिदैवतं, माणिक्यं वरुणदैवतं, गो धूमान्प्रजापतिदैवतान्, पद्म पुष्पं करवीर पुष्पंश्च लक्ष्मीदैवतं, रक्त चन्दन काष्ठं वनस्पतिदैवतं, ताम्रं श्रीसूर्यदैवतं, गुडं सोमदैवताकम्, गां रुद्रदैवतां वा तन्मूल्य द्रव्यं वनस्पतिदैवतम् । अमुक गोत्राय अमुक शर्मणे ब्राह्मणाय तुभ्यमहं सम्प्रददे तत्सन्मम । भनी दान दिने ॥

दान प्रतिष्ठा

दान दिइ सकेपछि दान गरिएको वस्तुको मूल्यको दशमांश दानप्रतिष्ठा सङ्कल्प गरी दिनुपर्छ ।

सूर्यसँग क्षमा प्रार्थना गर्ने

ॐ ग्रहाणामादिरादित्यो लोकरक्षणकारकः ।
विषमस्थानसम्भूतां पीडां हरतु ते रविः ॥

चन्द्रमा पूजाविधि

चित्रासु सोमवारं सङ्गृह्य सप्तनक्तव्रतानि कृत्वा प्रतिदिनं श्वेतपुष्पादिभिः सोममभ्यर्च्य सप्तमे प्राप्ते प्रातः स्नानादि विधाय ।

स्तोत्रम्:

दधिशंखतुषाराभं क्षीरोदार्णवसम्भवम् ।
नमामि शशिनं सोमं शम्भोर्मुकुटभूषणम् ॥

दानादि वस्तु

घीउ, सेतो कपडा, सुन, मोती, शङ्ख, दही, चाँदी, श्रीखण्ड, कपूर, चामल, जनै, सेतोचामर, वृष ।

रत्नः

मोती २, ४, ६, ११ रत्तिको शुक्लपक्षको सोमबारमा वा रोहिणी नक्षत्रमा लगाउने ।

दशाश्वरथवान् शुभ्रः शुभ्रवासा गदाधरः ।
शुभ्रभूषावृतश्चन्द्रो द्विभुजश्च प्रकीर्त्तितः ॥

चन्द्रको शान्तिका लागि चन्द्रको पूजा गर्न तयार गरिएको आसनमा वसेर कर्मपात्रको जल हातमा लिएर सङ्कल्प गर्ने -

चन्द्र प्रार्थना

चन्द्र कर्कटप्रभुः सितनिभश्चात्रेयगोत्रोद्भवश्चाग्ने
यश्चतुरस्रवारुणमुखश्चापोऽप्युमाधीश्वरः ।
षट्सप्ताग्रिदशैकशोभनफलो ज्ञोऽरिर्गुरोर्क प्रियः स्वामी
यामुनदेशजो हिमकरः कुर्यात् सदा मङ्गलम् ॥

हरि : ॐ तत्सत् हरि : ॐ तत्सत् हरि : ॐ तत्सतॐ विष्णुः ॐ विष्णुः ॐ विष्णु : ....देशे .... शुभपुण्यतिथौ ....गोत्र.........मम श्रुतिस्मृतिपुराणोक्तफलप्राप्त्यर्थं ....मम परिवारादिभिः सह जन्मराशेः सकाशात् चतुर्थाष्टमद्धादशाद्यनिष्टस्थानस्थितसूर्येणसूचितं सूचयिष्यमाणं च यत् सर्वारिष्टं तद्विनाशार्थं सर्वदा शुभस्थानस्थितवदुत्तमफलप्राप्त्यर्थं तथा दशान्तरदशोपदशा जनितक्लेशनिवृत्तिपूर्वकशरीरारोग्यार्थं परमैश्वर्थ्यादिप्राप्त्यर्थं श्रीप्रसन्नार्थं दीप- कलश -गणेश- पूजन -पूर्वकं चन्द्र पूजनं करिष्ये। **इति।**

सङ्कल्पपछि दीप, कलश र गणेशको पूजन गरी नवग्रहको समेत पूजा गर्ने र प्रधान देवता सूर्यको पूजा गर्ने ।

चाँदीको कलशमाथि चाँदीका वा काशाको थाली राख्ने । थालीको बीचमा चन्द्रमा पूजाका लागि चन्द्रमाको प्रतीकको प्रतिमा वा चित्राङ्कितमा चन्द्रको ध्यान मन्त्र पढ्दै ध्यान गर्ने -

सोमम्-आग्नेयदले चतुरस्रे चतुर्विंशाङ्गुले मण्डले श्वेतपुष्पाक्षतैः किरीटिनं द्विभुजं वरगदाहस्तं श्वेतवर्णं श्वेतदशाश्वरथस्थं आदित्याभिमुखम्-

चन्द्रमाको ध्यान गर्ने मन्त्रः

श्वेताम्बरः श्वेतविभूषणश्च श्वेतद्युतिर्दण्डधरो द्विबाहुः ।
चन्द्रोऽमृतात्मा वरदः किरीटी मयि प्रसादं विद्धातु देवः ।

ॐ भूर्भुवः स्वः यमुनातीरोद्भव ! आत्रेयगोत्र श्वेत वर्ण भो सोम ! हाऽऽगच्छ इह तिष्ठ यावत्पूजां करोमि तावत्त्वं सुस्थिरोभव, सुप्रसन्नोभव सुवरदोभव,

आह्वानम् ॐ सोमाय नमः ।

चन्द्रमालाई नम्रतापूर्वक आह्वान गर्ने अर्थात् पूजा गर्नका लागि बोलाउने ।

इदं आसनमं समर्पयामि ॐ सोमाय नमः (आसनमा वस्त्र निवेदन गर्ने) ।

इदं पाद्यं समर्पयामि ॐ सोमाय नमः (पाउ धुनका लागि पानी चढाउने) ।

इदं अर्घ्यं समर्पयामिॐसोमाय नमः (अर्घ चढाउने) ।

इदं आचमनियम् समर्पयामि ॐ सोमाय नमः (आचमन (कूल्ला) गर्न पानी चढाउने) ।

इदं स्नानियम् समर्पयामि ॐ सोमाय नमः (स्नान गर्न पानी चढाउन) ।

इदं पञ्चामृतस्नानं समर्पयामि ॐ सोमाय नमः (पञ्चामृतले स्नान गराउने) ।

इदं शुद्धोदकस्नानं समर्पयामि ॐ सोमाय नमः (शुद्ध पानीले स्नान गराउने) ।

इदं वस्त्रम् :समर्पयामि ॐ सोमाय नमः (सेतो कपडा चढाउने) ।

इदं यज्ञोपवितं समर्पयामि ॐ सोमाय नमः (जनै चढाउने) ।

इदं चन्दनं समर्पयामि ॐ सोमाय नमः (रातो चन्दन चढाउने) ।

इदं अक्षतान् समर्पयामि ॐ सोमाय नमः (राता अक्षता चढाउन) ।

इदं पुष्पाणि समर्पयामि ॐ सोमाय नमः (रातो फूल चढाउने) ।

इदं धूपम् आघ्रपयामि समर्पयामि ॐ सोमाय नमः (धूप देखाउने) ।

इदं दीपम् दर्शयामि समर्पयामि ॐ सोमाय नमः (वत्ति देखाउने) ।

इदं नैवेद्यं समर्पयामि ॐ सोमाय नमः (नैवेद्य निवेदन गर्ने) ।

इदं नैवेद्यान्ते आचमनीयं समर्पयामि ॐ सोमाय नमः (नैवेद्य भोजनपछि आचमन गर्न पानी चढाउने) ।

इदं ताम्वूलमम् समर्पयामि ॐ सोमाय नमः (पान सुपारी अर्पण गर्ने) ।

इदं दक्षिणा द्रव्यम् समर्पयामि ॐ सोमाय नमः (दक्षिण द्रव्य अर्पण गर्ने) ।

इदं आरार्तिक्यम् समर्पयामि ॐ सोमाय नमः (आरती अर्पण गर्ने) ।

प्रदक्षिणां समर्पयामि ॐ सोमाय नमः (प्रदक्षिणा गर्दै नमस्कार गर्ने) ।

वैदिकमन्त्र :

ॐ इमन्देवाऽअसपत्क्न गूँ सुवध्वम्महतेक्षत्रायमहते-
ज्येष्ठ्यायमहतेजा नराज्यायेन्द्रस्येन्द्रियाय ॥

इममुष्यपुत्रममुष्यैपुत्रमस्यैविशऽएषवोमीराजा-

सोमोस्माकम्ब्राम्हाणाना गूँ राजा ॥ ॐ सोमाय नमः ॥

यसरी पूजा गरी सकेपछि अधिदेव उमा र प्रत्याधिदेव जलको पूजा गर्नुपर्छ ।

चन्द्रमाको दायाँपट्टी चन्द्रमाका अधिदेवता उमा आह्वान गर्ने मन्त्र :

ॐ हेमाद्रितनयां देवीं वरदां शङ्करप्रियाम् ।

लम्बोदरस्य जननीमुमा आवाहयाम्यहम् ॥

ॐ भूर्भुवः स्वः श्रीउमायै नमः ।

श्री उमा आवाहयामि स्थापयामि पूजयामि ॥

उमाको जप गर्ने वैदिकमन्त्र

ॐ श्रीश्चतेलक्ष्मीश्चपत्क्न्यावहोरात्रेपार्श्वेनक्षत्राणिरूपमश्विनौव्यात्तम् ।

इष्णन्निषाणामुम्मऽइषाणसर्व्वलोकम्मऽइषाण ।

चन्द्रमाको बायाँतर्फ (पट्टि) चन्द्रमा प्रत्याधि देवता जललाई आह्वान गर्ने मन्त्र :

ॐ आदिदेव समुद्भूत जगच्छुद्धिकराः शुभाः ।

ओषध्याप्यायनकरा अप आवाहयाम्यहम् ॥

ॐ भूर्भुवः स्वः श्री अद्भ्यो नमः

ॐ श्री व अप महादेवाय आवाहयामि स्थापयामि पूजयामि ॥

जलको वैदिकमन्त्र

आपः - सोमस्य वामपार्श्वे ॐ अप्स्वग्नेसधिष्टवसौषवीरनुद्ध्यसे ॥ गब्भेसञ्जायसपुनः ॥

ॐ भूर्भुवः स्वः आप ! इहागच्छत इह तिष्ठत ॐ अद्भ्यो नमः ॥२ ॥

अथ चन्द्रमाको जप गर्ने वैदिक विधि

अथ चन्द्रमन्त्र

इमन्देवेतिमन्त्रस्य गौतम ऋषिः, सोमो देवता, विराट् छन्दः, सोमप्रीत्यर्थे जपे विनियोगः ॥ तील, जौ, कुशयुक्त कर्मपात्रको पानी हातमा लिएर विनियोग गर्ने । ॥

अथ देहाङ्गन्यास

इमं देवा शिरसि (दाहिने हातको औंलाले शिर स्पर्श गर्ने) ।

असपत्न गूँ ललाटे (दाहिने हातको औंलाले ललाट स्पर्श गर्ने) ।

सुवध्वं नासिकायाम् (दाहिने हातको औंलाले नाक स्पर्श गर्ने)।
महते क्षत्राय मुखे (दाहिने हातको औंलाले मुख स्पर्श गर्ने)।
महते ज्येष्ट्याय हृदये (दाहिने हातको औंलाले हृदय स्पर्श गर्ने)।
महते जानराज्याय उदरे (दाहिने हातको औंलाले उदर (पेट) स्पर्श गर्ने)।
इन्द्रस्येन्द्रियाय नाभौ (दाहिने हातको औंलाले नाभी स्पर्श गर्ने)।
इमममुष्य कट्याम् (दाहिने हातको औंलाले कटी स्पर्श गर्ने)।
पुत्रममुष्यै मेढ्रे पुत्रमस्यै ऊर्वोः (दाहिने हातको औंलाले ऊरु स्पर्श गर्ने)।
विशऽएष वो जान्वोः (दाहिने हातको औंलाले घुडा स्पर्श गर्ने)।
मीराजा जंघयोः (दाहिने हातको औंलाले जाँघ स्पर्श गर्ने)।
सामोऽस्माकं गुल्फयोः (दाहिने हातको औंलाले गोलिगाँठो स्पर्श गर्ने)।
ब्राह्मणाना गूँ राजा पादयोः (दाहिने हातको औंलाले दुवै चरण स्पर्श गर्ने र हात धुने)।

अथ करन्यासः

इमन्देवाऽअसपत्न गूँ सुवध्वं अङ्गुष्ठाभ्यां नमः (दुवै हातको तर्जनीऔंलाले दुवै वुढीऔंलालाई स्पर्श गर्ने)।

महते क्षत्राय महते ज्येष्ठ्याय तर्जनीभ्यां नमः (दुवै हातको वुढीऔंलाले दुवै तर्जनीऔंलालाई स्पर्श गर्ने)।

महते जानराज्यायेन्द्रस्येन्द्रियाय मध्यमाभ्यां नमः (दुवै हातको वुढीऔंलाले दुवै मध्यमाऔंलालाई स्पर्श गर्ने)।

इमममुष्य पुत्रममुष्यै पुत्रमस्यै अनामिकाभ्यां नमः (दुवै हातको वुढीऔंलाले दुवै अनामिकाऔंलालाई स्पर्श गर्ने)।

विशऽएषवोमीराजा कनिष्ठिकाभ्यां नमः (दुवै हातको वुढीऔंलाले दुवै कनिष्ठऔंलालाई स्पर्श गर्ने)।

सोमोऽस्माकं ब्राह्मणाना गूँ राजा करतलकरपृष्ठाभ्यां नमः (हात र हातको पृष्ठभागको परस्पर स्पर्श गर्ने)।

हृदयादिन्यासः

इमन्देवाऽअसपत्न गूँ सुवध्वं हृदयाय नमः (दाहिने हातको पाँचै औंलाले हृदय स्पर्श गर्ने)।
महते क्षत्राय महते ज्येष्ठ्याय शिरसे स्वाहा (दाहिने हातको पाँचै औंलाले शिर स्पर्श गर्ने)।
समहते जानराज्यायेन्द्रस्येन्द्रियाय शिखायै वषट् (दाहिने हातको पाँचै औंलाले

शिखा स्पर्श गर्ने) ।

इममुष्य पुत्रममुष्यै पुत्रमस्यै कवचाय हुँ (दायाँ हातको औंलाले वायाँकाँध र वायाँ हातको औंलाले दायाँकाँधको स्पर्श गर्ने) ।

विशऽएष वो मीराजा नेत्रत्रयाय वौषट् (दायाँ हातको औंलाहरूको अग्रभागले दुवै नेत्र र ललाटको मध्यभागमा स्पर्श गर्ने) ।

सोमोऽस्माकं ब्राह्माणाना गूँ राजा अस्त्राय फट् (दायाँ हातलाई शिरमाथि वायाँतर्फबाट पछाडितर्फ लैजाने दाहिनेभागबाट अगाडि ल्याउने दायाँ हातको तर्जनी र मध्यभागमा औंलाले वायाँ हातको हत्केलामा ताली बजाउने) ।

चन्द्रमा जप महामन्त्र

ॐ श्राँ श्रीं श्रौं सः ॐ भूर्भुवः स्वः ॐ इमन्देवाऽअसपत्न गूँ सुवध्वम्महते
क्षत्राय महते ज्येष्ठ्याय हते जानराज्यायेन्द्रस्येन्द्रियाय ।
इममुष्य पुत्रममुष्यै पुत्रमस्यै विशऽएष वोऽमीराजा सोमोस्माकंब्राह्मणाना गूँ राजा ।
ॐ स्वः भुवः भूः ॐ सः श्रौं श्रीं श्राँ ॐ सोमाय नमः ।

जपसंख्या

यस मन्त्रको ११००० गरी सकेपछि पलासको पत्ता, शमी, पायस, तील मिश्रित चरुको जप संख्याको दशमांश हवन गर्ने विनियोग गर्ने ।

ॐ इमन्देवेति वरुण ऋषिः सोमो देवता यजुः सोमप्रीतये पिङ्गलाग्नौ आज्यहोमे पालाशसमिद्धोमे च विनियोगः ॥ ॐ इमन्देवाऽअसपत्क्न... सोमाय स्वाहा इदं सोमाय ।

भनेर ११००हवन, हवनको दशमांश ११० तर्पण, तर्पणको दशमांश ११ मार्जन र मार्जनको दशमांश १ लाई ब्राह्मण भोजन गराउनुपर्छ ।

कृत्वा ॐ महादेव जातिवल्लीपुष्पगोक्षीरपांडुर ।
सोम सौम्यो भवास्माकं सर्वदा ते नमो नमः ।

चन्द्रमन्त्र जप तान्त्रिकविधि

अथ चन्द्रमन्त्र

ॐ सों सोमाय नमः इति षडक्षरो मन्त्रः ॥ ॐ अस्य श्रीसोममन्त्रस्य भृगुर्ऋषिः,

पंक्तिश्छन्दः, सोमो देवता, सों बीजम्, नमः शक्तिः, सोमप्रीतये जपे विनियोगः ॥

तील, जौ, कुशयुक्त कर्मपात्रको पानी हातमा लिएर विनियोग गर्ने ।

ॐ भृगुऋषये नमः शिरसि (दाहिने हातको औंलाले शिर स्पर्श गर्ने) ।

ॐ पंक्तिश्छन्दसे नमः मुखे (दाहिने हातको औंलाले मुख स्पर्श गर्ने) ।

ॐ सोमदेवतायै नमो हृदि (दाहिने हातको औंलाले हृदय स्पर्श गर्ने ।

ॐ सों बीजाय नमः गुह्ययो (दाहिने हातको औंलाले गुह्ये स्पर्श गर्ने) ।

ॐ नमः शक्तये नमः पादयोः (दाहिने हातको औंलाले दुवै चरण स्पर्श गर्ने र हात धुने) ।

अथ करन्यासः

ॐ सां अङ्गुष्ठाभ्यां नमः (दुवै हातको तर्जनीऔंलाले दुवै वुढीऔंलालाई स्पर्श गर्ने) ।

ॐ सीं तर्जनीभ्यां नमः (दुवै हातको वुढीऔंलाले दुवै तर्जनीऔंलालाई स्पर्श गर्ने) ।

ॐ सूं मध्यमाभ्यां नमः (दुवै हातको वुढीऔंलाले दुवै मध्यमाऔंलालाई स्पर्श गर्ने) ।

ॐ सैं अनामिकाभ्यां नमः (दुवै हातको वुढीऔंलाले दुवै अनामिकाऔंलालाई स्पर्श गर्ने) ।

ॐ सौं कनिष्ठिकाभ्यां नमः (दुवै हातको वुढीऔंलाले दुवै कनिष्ठऔंलालाई स्पर्श गर्ने) ।

ॐ सः करतल करपृष्ठाभ्यां नमः (हात र हातको पृष्ठभागको परस्पर स्पर्श गर्ने) ।

अथ हृदयादिन्यासं

ॐ सां हृदयाय नमः (दाहिने हातको पाँचै औंलाले हृदय स्पर्श गर्ने) ।

ॐ सीं शिरसे स्वाहा (दाहिने हातको पाँचै औंलाले शिर स्पर्श गर्ने) ।

ॐ सूं शिखायै वषट् (दाहिने हातको पाँचै औंलाले शिखा स्पर्श गर्ने) ।

ॐ सैं कवचाय हुँ (दायाँ हातको औंलाले वायाँकाँध र वायाँ हातको औंलाले दायाँकाँधको स्पर्श गर्ने) ।

ॐ सौं नेत्रत्रयाय वौषट् (दायाँ हातको औंलाहरूको अग्रभागले दुवै नेत्र र ललाटको मध्यभागमा स्पर्श गर्ने) ।

ॐ सः अस्त्राय फट् (दायाँ हातलाई शिरमाथि वायाँपट्टीबाट पछाडितर्फ लैजाने । दाहिने भागबाट अगाडि ल्याउने । दायाँ हातको तर्जनी र मध्यभागमा औंलाले वायाँ हातको हत्केलामा ताली बजाउने) ।

कृत्वा ध्यायेत्- ॐ कर्पूरस्फटिकावदातमनिशं पूर्णेन्दुबिम्बाननं,

मुक्तादामविभूषितेन वपुष निर्मूलयन्तं तमः । हस्ताभ्यां कुमुदं वरञ्च दधतं नीलालकोद्भासितं, स्वीयाङ्कस्थमृगोदिताश्रयगुणं सोमं सुधाब्धि भजे ॥ १ ॥ एवं ध्यात्वा मिलितोपचारैः सम्पूज्य जपं कुर्यात् ॥ ॐ सौं सोमाय नमः । इति ।

यस मन्त्रको ४४००० गरी सकेपछि पलासको पत्ता, शमी, पायस, तील मिश्रित चरुको जप संख्याको दशमांश गर्ने विनियोग पढने ४४००हवन गर्ने, हवनको दशमांश ४४० तर्पण, तर्पणको दशमांश ४४ मार्जन, मार्जनको दशमांश ५ लाई ब्राह्मण भोजन गराउनुपर्छ ॥ श्रीचन्द्रग्रहप्रीत्यर्थे श्रीचन्द्रसूक्तं जपेत् ।

अङ्गन्यास

ॐ क्षीरपुत्राय हृदयाय नमः (दाहिने हातको पाँचै औंलाले हृदय स्पर्श गर्ने) ।

विद्महे शिरसे स्वाहा (दाहिने हातको पाँचै औंलाले शिरको स्पर्श गर्ने) ।

अमृत्तवाय शिखायै वषट् (दाहिने हातको पाँचै औंलाले शिखा स्पर्श गर्ने) ।

धीमहि कवचाय हुँ (दायाँ हातको औंलाले वायाँकाँध र वायाँहातको औंलाले दाँयाकाँधको स्पर्श गर्ने) ।

साँ नेत्रत्रयाय वौषट् (दायाँ हातको औंलाहरूको अग्रभागले दुवै नेत्र र ललाटको मध्यभागमा स्पर्श गर्ने) ।

प्रचोदयात् अस्त्राय फट् (दायाँ हातलाई शिरमाथि वायाँ पट्टीबाट पछाडितर्फ लैजाने दाहिनेभागबाट अगाडि ल्याउने दायाँ हातको तर्जनी र मध्यभागमा औंलाले वायाँ हातको हत्केलामा ताली बजाउने) ।

श्री चन्द्रगायत्री :

क्षीरपुत्राय विद्महे अमृतत्त्वाय धीमहि । तन्नश्चन्द्रः प्रचोदयात् ।

श्रीचन्द्रमन्त्रं पठेत् ।

चन्द्रको जप गर्दा माला समाप्तिमा अभिशेक गर्दै प्रार्थन गर्ने

ॐ श्रां श्रीं श्रूं श्रौंःश्रः श्रीशीतरश्मये नमः ।

ॐ मृगारूढं द्विजं शान्तमौषधीशं वरप्रदम् ।

रोहिणीसहितं ध्यायेत सर्वकाम फलप्रदम् ॥ ॐ श्रः श्रौं श्रैं श्रूं श्रीं श्रां ॥

चन्दन, अक्षता पुष्पले पूजन गरी धूप, दीप अर्पण गर्दै नमस्कार गर्ने । श्रीचन्द्रमादेवता प्रीयतां सुप्रसन्नो वरदो भवतु ॥

अन्त्यमा बुढीषडाङ्गोक्त चन्द्रसूक्तं पाठ गरेर कर्तालाई अभिशेक गर्दै चन्द्र शान्तिको कामना गर्ने ।

चन्द्रलाई बलि दिने

सोमाय- भो सोम घृतपायसाभावे एष दध्यक्षतबलिं भक्ष मम सपरिवारस्य आयुकर्ता क्षेमकर्ता शान्तिकर्ता पुष्टिकर्ता तुष्टिकर्ता वरदोभव ॐ सोमायेय नमः ।

बलिदिएर प्रार्थना गर्ने -रोहिणीशः सुधामूर्ति सुधागात्रः सुधाशनः ।
विषयमस्थानसम्भूतां पीडां हरतु ते विधुः ।

उमायै- भो उमा घृतपायसाभावे एष दध्यक्षतबलिं भक्ष मम सपरिवारस्य आयुकर्ता क्षेमकर्ता शान्तिकर्ता पुष्टिकर्ता तुष्टिकर्ता वरदोभव ॐ उमाये नमः ।

अद्भ्यः- भो अद्भ्य घृतपायसाभावे एष दध्यक्षतबलिं भक्ष मम सपरिवारस्य आयुकर्ता क्षेमकर्ता शान्तिकर्ता पुष्टिकर्ता तुष्टिकर्ता वरदोभव ॐ अद्भ्य नमः ।

चन्द्रको दान सङ्कल्प

.... चन्द्रग्रहेण सूचित सूच्यमान सूचयिष्यमाण सकलारिष्ट समनपूर्वक शुभैकादशादि शुभस्थान स्थितवत्फलप्राप्त्यर्थं श्रीचन्द्रग्रह प्रीतये धृतकलशं मृत्युञ्जयदेवतं, श्वेतवस्त्रं वृहस्पतिदैवतम्, रजतं चन्द्रदैवतं, वंशपात्र विश्वकर्मदैवतं, श्रीखण्ड काष्ठं वनस्पतिदैवतं, शङ्खं समुद्रदैवतं, भौतिकं वरुणदैवतं, कर्पूरं गन्धर्वदैवतं, तण्डुलान्प्रजापति दैवतं, दधि समुद्रदैवताम्, श्रीचन्द्रग्रह प्रीतये तन्मूल्य द्रव्यंवनस्पति दैवतम् (अमुक) गोत्राय .... दातुहम् उत्सृज भनी दान दिने ।

चन्द्रको क्षमा प्रार्थना

ॐ रोहिणीशः सुधामूर्ति सुधागात्रः सुधाशनः ।
विषयमस्थानसम्भूतां पीडां हरतु ते विधुः ॥



मङ्गल पूजाविधि

स्वात्यां भौमवारं सङ्गृह्य सप्तनक्तव्रतेषु भूमावेव भोजनं विधाय सप्तमे प्राप्ते पूर्ववत् सर्वं कृत्वा मण्डलमध्ये कलशं संस्थाप्य तदुपरि ताम्रपात्रे सुवर्णमयीं मङ्गलप्रतिमां निवेश्य रक्तच्छन्नां कुङ्कुमेनानलेपितां कृत्वा ।

स्तोत्रम्

धरणीगर्भसम्भूतं विद्युत्कान्तिसमप्रभम् । कुमारं शक्तिहस्तं तं मङ्गलं प्रणमाम्यहम् ॥

दानादि वस्तु

मुगा, गहुँ, मसूरो, रातो वृष, करवीरको फूल, रातो वस्त्र, सखर, सुन, तामा, रातो चन्दन ।

रत्न

मूँगा ८ रत्ति सुनको औंठीमा मङ्गलबार अनुराधा नक्षत्रमा लगाउने ।

मङ्गलको शान्तिका मङ्गलपूजा गर्न तयार गरिएको आसनमा वसेर कर्मपात्रको जल हातमा लिएर सङ्कल्प गर्ने

हरि : ॐ तत्सत् हरि : ॐ तत्सत् हरि : ॐ तत्सतॐ विष्णुः ॐ विष्णुः ॐ विष्णुः ....देशे .... शुभपुण्यतिथौ .... गोत्र ....मम

श्रुतिस्मृतिपुराणोक्तफलप्राप्त्यर्थं ....मम परिवारादिभिः सह जन्मराशेः सकाशात् चतुर्थाष्टमद्वादशाद्यनिष्टस्थानस्थितसूर्येणसूचितं सूचयिष्यमाणं च यत् सर्वारिष्टं तद्विनाशार्थं सर्वदा शुभस्थानस्थितवदुत्तमफलप्राप्त्यर्थं तथा दशान्तरदशोपदशा जनितक्लेशनिवृत्तिपूर्वकशरीरारोग्यार्थं परमैश्वर्य्यादिप्राप्त्यर्थं श्री भौम प्रसन्नार्थं दीप- कलश- गणेशपूजनपूर्वक भौम पूजनं करिष्ये। **इति।**

सङ्कल्प पछि दीप, कलश र गणेशको पूजन गरी नवग्रहको समेत पूजा गर्ने। प्रधान देवता मङ्गलको पूजा गर्न तामाको कलशमाथि तामाको थाली राखेर थालीको बीचमा मङ्गलपूजाका लागि सूर्यको प्रतीक प्रतिमा वा चित्राङ्कितमा मङ्गलको ध्यान मन्त्र पढ्दै ध्यान गर्ने -

भौमम्- दक्षिणदले त्रिकोणे त्र्यङ्गुले मण्डले रक्तपुष्पाक्षतैःपूजयेत्।

भौम स्वरूपम् - किरीटिनं रक्तवर्णं रक्तमाल्याम्बरधरं चतुर्भुजम्॥

भौम प्रर्थना

भौमो दक्षिणदिक् त्रिकोणयमदिक् विघ्नेश्वरो रक्तभः
स्वामी वृश्चिकमेषयोः सुरगुरुश्चार्कः शशीसौहृदः।
ज्ञोऽरिः षट्त्रिफलप्रदश्च वसुधास्कन्दौ क्रमाद्देवते
भारद्वाजकुलोद्भवः क्षितिसुतः कुर्यात् सदा मङ्गलम्॥

वैदिकमन्त्र :

ॐ स्योनापृथिविनोभवानृक्षरानिवेशनी॥ यष्छानःशर्म्मसप्रथा :॥

ॐ भूर्भुवः स्वः अवन्तीसमुद्भव! भारद्वाजगोत्र भौम! रक्त वर्ण भो भौम! इहाऽऽगच्छ इहा तिष्ठ यावत्पूजां करोमि तावत्त्वं सुस्थिरो भव, सुप्रसन्नो भव सुवरदो भव, आह्वानम् ॐ भौमाय नमः।

अथ ध्यानम्

रक्ताम्बरो रक्तवपुः किरीटी चतुर्भुजो मेषगतो गदाभृत्।
धरासुतः शक्तिधरश्च शूली सदायमस्मद्वरदः प्रसन्न॥
ॐ अग्निमूर्द्धादिवः ककुत्पतिः पृथिव्याऽअयम्।

अपा गूँ रेता गूँ सिजिन्वति ॥ ॐ भौमाय नमः ।

मङ्गललाई नम्रतापूर्वक आह्वान गर्ने अर्थात पूजा गर्नका लागी वोलाउने ।

इदं आसनं समर्पयामि भौमाय नमः (आसनमा वस्त्र निवेदन गर्ने) ।

इदं पाद्यं समर्पयामि भौमाय नमः (पाउधुनका लागी पानी चढाउने) ।

इदं अर्घ्यं समर्पयामि भौमाय नमः (अर्घ चढाउने) ।

इदं आचमनीयं समर्पयामि भौमाय नमः (आचमन (कूल्ला) गर्न पानी चढाउने) ।

इदं स्नानीयं समर्पयामि भौमाय नमः (स्नान गर्न पानी चढाउने) ।

इदं पञ्चामृत स्नानं समर्पयामि भौमाय नमः (पञ्चामृतले स्नान गराउने) ।

इदं शुद्धोदकस्नानं समर्पयामि भौमाय नमः (शुद्ध पानीले स्नान गराउने) ।

इदं वस्त्र समर्पयामि भौमाय नमः (रातो कपडा चढाउने) ।

इदं यज्ञोपवितं समर्पयामि भौमाय नमः (जनै चढाउने) ।

इदं चन्दनं समर्पयामि भौमाय नमः (रातो चन्दन चढाउने) ।

इदं अक्षतान् समर्पयामि भौमाय नमः (रातो अक्षता चढाउने) ।

इदं पुष्पाणि समर्पयामि भौमाय नमः (रातो फूल चढाउने) ।

इदं धूपम् आघ्रपयामि समर्पयामि भौमाय नमः (धूप देखाउने) ।

इदं दीपम् दर्शयामि समर्पयामि भौमाय नमः (वत्ति देखाउने) ।

इदं नैवेद्यं समर्पयामि भौमाय नमः (नैवेद्य निवेदन गर्ने) ।

इदं नैवेद्यन्ते आचमनीयं समर्पयामि भौमाय नमः (नैवेद्य भोजनपछि आचमन (कूल्ला) गर्न पानी चढाउने) ।

इदं ताम्बूलं समर्पयामि भौमाय नमः (पान सुपारी अर्पण गर्ने) ।

इदं दक्षिणम् द्रव्य समर्पयामि भौमाय नमः (दक्षिण द्रव्य अर्पण गर्ने) ।

इदं आरार्तिक्यम् समर्पयामि भौमाय नमः (आरती अर्पण गर्ने) ।

प्रदक्षिणां समर्पयामि भौमाय नमः (प्रदक्षिण गर्दै नमस्कार गर्ने) ।

यसरी पूजा गरी सकेपछि अधिदेव स्कन्द र प्रत्याधिदेव भूमिको पूजा गर्नुपर्छ ।

मङ्गलको दायाँतर्फ मङ्गलका अधिदेवता स्कन्दलाई पूजा गर्ने मन्त्र :

ॐ रुद्रतेजः समुत्पन्नं देवसेनाग्रं विभुम् ।

षण्मुखं कृत्तिकासूनुं स्कन्द आवाहयाम्यहम् ॥

ॐ भूर्भुवः स्वः स्कन्द आवाहयामि स्थापयामि पूजयामि ॥

ॐ भूर्भुवः स्वः स्कन्द ! इहागच्छ इह तिष्ठेति ॐ स्कन्दाय नमः

स्कन्द वैदिकमन्त्र :

ॐ यदक्रन्दः प्रथमञ्जायमानऽउद्यन्त्समुद्रादुतवापुरीषत् श्येनस्यपक्षाहरिणस्यबाहूऽ उपस्तुत्यम्माहिजातन्तेऽ अर्व्वन् ॥

मङ्गलको बायाँतर्फ भौममा प्रत्याधिदेवता भूमिको पूजा गर्ने

ॐ शुक्लवर्णां विशालाक्षीं विशालाक्षीं कूर्मपृष्ठो परिस्थिताम् ।
सर्वशस्याश्रयां देवीं धरामावाहयाम्यहम् नमः ॥

ॐ भूर्भुवः स्वः पृथिव्यै नमः

ॐ पृथिवीं आवाहयामि स्थापयामि पूजयामि

पृथिवीको वैदिकमन्त्र-

ॐ स्योनापृथिविनोभवान्नृक्षरानिवेशनी । षच्छानः शस्मसप्रथाः ॥

ॐ भूभुवः स्वः भूमि ! इहागच्छ इह तिष्ठ ॐ भूम्यै नमः ॥३॥

अथ भौममन्त्रको जप वैदिक विधि

अग्निमूर्द्धेति मन्त्रस्य विरूपाङ्गिरस ऋषिः, अग्निर्देवता, गायत्री छन्दः, भौमप्रीत्यर्थे जपे विनियोगः ॥ तील, जौ, कुशयुक्त कर्मपात्रको पानी हातमा लिएर विनियोग गर्ने ।

अथ देहाङ्गन्यासः

अग्निः शिरसि (दाहिने हातको औंलाले शिर स्पर्श गर्ने) ।

मूर्द्धा ललाटे (दाहिने हातको औंलाले ललाट स्पर्श गर्ने) ।

दिवः मुखे (दाहिने हातको औंलाले मुख स्पर्श गर्ने) ।

ककुत हृदये (दाहिने हातको औंलाले हृदय स्पर्श गर्ने) ।

पतिः (दाहिने हातको औंलाले उदर (पेट) स्पर्श गर्ने) ।

पृथिव्या नाभौ (दाहिने हातको औंलाले नाभि स्पर्श गर्ने) ।

अयं कट्याम् (दाहिने हातको औंलाले कटी स्पर्श गर्ने) ।

अपा गूँ जान्वोः (दाहिने हातको औंलाले घुडा स्पर्श गर्ने) ।

रेता गूँ सि गुल्फयोः (दाहिने हातको औंलाले गोलिगाँठो स्पर्श गर्ने) ।

जिन्वति पादयोः (दाहिने हातको औंलाले दुवै चरण स्पर्श गर्ने र हात धुने)।

अथ करन्यासः

अग्निर्मूर्द्धा अङ्गुष्टाभ्याम् नमः (दुवै हातको तर्जनीऔंलाले दुवै वुढीऔंलालाई स्पर्श गर्ने)।

दिवः ककुत् तर्जनीभ्यां नमः (दुवै हातको वुढीऔंलाले दुवै तर्जनीऔंलालाई स्पर्श गर्ने)।

पतिः मध्यमाभ्यां नमः (दुवै हातको वुढीऔंलाले दुवै मध्यमाऔंलालाई स्पर्श गर्ने)।

पृथिव्या अयम् अनामिकाभ्यां नमः (दुवै हातको वुढीऔंलाले दुवै अनामिकाऔंलालाई स्पर्श गर्ने)।

अपा गूँ रेता गूँ सि कनिष्ठिकाभ्यां नमः (दुवै हातको वुढीऔंलाले दुवै कनिष्ठऔंलालाई स्पर्श गर्ने)।

